# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको शीर्षक **एस.पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

श्रीप्रसाद उपाध्यायको जन्म वि.सं. २००१ साल श्रावण १५ गते काठमाडौंको सीतापाइलामा विष्णुप्रसाद घिमिरे र प्रेमकुमारीका कोखबाट भएको हो । उनको खास नाम श्रीप्रसाद उपाध्याय घिमिरे भए पनि साहित्यका क्षेत्रमा एस.पी. आसाको नामबाट चिरपरिचित बन्न पुगेका छन् । यिनको शिक्षारम्भ घरबाटै भएको पाइन्छ । घरबाटै शिक्षाको सुरुआत गरेका आसाले व्यवस्थापन तथा पत्रकारिता विषयमा स्नातक तहसम्मको अध्ययन गरेको पाइन्छ ।

२०२४ सालमा 'मेरो सर्वस्व तिमी' नामक औपचारिक साहित्यबाट अगाडि बढेका एस.पी. आसाले २०२७ सालमा 'अभाग' सामाजिक उपन्यास लेखेर सार्वजनिक बनेका हुन् । २०२७ सालदेखि साहित्य लेखनमा अग्रसर भएका आसाले हालसम्म निरन्तरता दिँदै आएका छन् । उनले सामाजिक, जासुसी, ऐतिहासिक उपन्यासका साथै कथा, नाटक, कविता, समीक्षात्मक लेख रचना, राजनीतिक, आध्यात्मिक विषयवस्तुमा थुप्रै रचनाहरू प्रकाशित गरेका छन् । उनका उन्नाइसओटा पुस्तकाकार कृतिहरू रहेका छन् । उनका सामाजिक उपन्यासमा समाजमा रहेको परम्परागत मूल्य मान्यता, नारीप्रतिको दमन, वर्गीय विभेद, प्रेम आदिलाई विषयवस्तु बनाएको पाइन्छ । उनका जासुसी उपन्यासमा सहरिया परिवेशमा बढ्दै गएको आपराधिक क्रियाकलाप, आतङ्क, नैराश्य, अवैध सम्बन्धका घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । उनका ऐतिहासिक उपन्यासमा राजनीति, समाज, संस्कृति, वर्गीय विभेद, शासन व्यवस्था आदिलाई विषयवस्तु बनाइएको छ । एस.पी. आसाले कथा विधामा पनि कलम चलाएको पाइन्छ । उनका

कथामा राजनीति र समाजलाई विषयवस्तु बनाइएको छ । कवितामा समसामयिक परिस्थिति र राजनीतिप्रति व्यङ्ग्य गरिएको छ । उनको एउटा मात्र नाटक **जनमत** पत्रिकामा प्रकाशित भएको पाइन्छ जुन नाटकमा राष्ट्रिय भावना, समसामयिक राजनीतिक, कुटनीति र वैदेशिक सहायताको चित्रण गरिएको छ । आसाले विभिन्न पत्रपत्रिकामा लेखहरू छपाउँदै आएका छन् । उनले अध्यात्म, धर्म संस्कृति, ज्ञान, विज्ञानजस्ता विषयवस्तुलाई समावेश गरेर साहित्य लेखनमा अगाडि बढेको पाइन्छ । यिनै कृतिका आधारमा उनलाई कथाकार, उपन्यासकार, नाटककार, लेखक, समीक्षक आदि व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका एक चम्किला ताराका रूपमा एस.पी. आसालाई लिन सकिन्छ । उनले साहित्यका उपन्यास, नाटक, कथा, कविता, हिन्दू धर्म दर्शनसम्बन्धी विभिन्न ग्रन्थहरू रचना गरेका छन् । साहित्यका लागि उनले दिएको योगदानले सही मूल्याङ्कन पाउन सफल भएको देखिदैन । यिनका बारेमा सामान्य परिचय र ऐतिहासिक उपन्यासको मात्र अध्ययन भएको पाइन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा अध्ययन भएको देखिदैन । तसर्थ प्रस्तुत शोधपत्रमा यिनै विषयहरूलाई मूल समस्या मानिएको छ । ती समस्याहरू हुन् :

(क) एस.पी. आसाको जीवनी के-कस्तो रहेको छ ?

(ख) आसाका व्यक्तित्वको व्यक्तित्व के-कस्ता रहेका छन् ?

(ग) एस.पी. आसाका हालसम्म प्रकाशित कृतिहरू के-कति र कस्ता खालका छन् ?

(घ) उनको साहित्यिक यात्रा र प्रवृत्ति के-कस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

माथिका समस्याहरूमा केन्द्रित रहेर साहित्यकार एस.पी. आसाको जीवनी, साहित्यिक मान्यता, साहित्य सिर्जनाका प्रेरणा आदि विविध पक्षहरूको अध्ययन गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप पहिल्याउनु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । ती उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) एस.पी. आसाको जीवनी प्रस्तुत गर्नु,

(ख) एस.पी. आसाको व्यक्तित्वलाई चिनाउनु,

(ग) उनका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्नु,

(घ) उनको साहित्यिक यात्राको अध्ययन गर्दै उनको साहित्यिक योगदानको चर्चा गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

मूलतः उपन्यासकारका रूपमा परिचित एस.पी. आसाले नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाएर नेपाली साहित्यलाई धनी तुल्याएका छन् । तैपनि आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन भएको पाइँदैन । केबल उनको जीवनी व्यक्तित्वको सामान्य परिचय गराउँदै ऐतिहासिक उपन्यासको विश्लेषण मात्र भएको पाइन्छ । उनका बारेमा आजसम्म भएको चर्चालाई सङ्क्षिप्त र कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

- एस.पी. आसाको **अभाग** (२०२७) उपन्यासको *एक दुई कुरा* शीर्षकमा सामाजिक उपन्यास परम्परामा एउटा अंश थप्न सफल भएको जानकारी गराइएको छ । अभाग उपन्यासकी नायिका अमृताले सामाजिक प्रतिष्ठा र जीवन दान दिएर यहाँको परम्परागत समाजलाई चुनौती दिन सफल भएकी छे ।

- **सिष्टर शोभा** २०२८ मा *लेखकको तर्फबाट र भूमिका* विषयवस्तु र घटना मनोविज्ञानमा आधारित भएर पनि व्यवहारिक बन्न सफल भएको छ । नारी हृदयको सूक्ष्म मनोभावना र सामाजिक बाध्यतालाई देखाउन खोजिएको चर्चा गरिएको छ ।

- एस.पी. आसाको **महासामन्त** (२०३६) उपन्यासको *प्रकाशकीय शीर्षक*मा उपन्यासको बारेमा जानकारी दिइएको छ । सो लेखमा नेपाली ऐतिहासिक उपन्यास शृङ्खलामा एउटा नयाँ आयाम एस.पी. आसाले थपेको उल्लेख गरिएको छ । त्यस्तै महासामन्त उपन्यासले लिच्छवीकालीन प्रशासन, पाञ्चाली व्यवस्थाको झलक दिएको र यो नै उक्त उपन्यासको विशेषता हो भनी उल्लेख गरिएको छ ।

- **रक्तसम्मान** २०४५ मा लेखक स्वयम्ले उपन्यासको विषयमा *केही कुरा र सानु बिन्ती* शीर्षकमा उपन्यासको परिचय दिएका छन् । उपन्यास किराँतकालीन र बुद्धकालीन समयको जीवन, राज्यव्यवस्था, किराँती राजाहरू, छिमेकी राज्यहरूका बारेमा बुझ्नका साथै त्यति बेलाको सामाजिक, धार्मिक परम्पराको झलक दिएका छन् भनी उल्लेख गरिएको छ ।

- **द्रव्य शाह** २०४५ उपन्यासको *सानु बिन्ती* शीर्षकमा उपन्यासको परिचय प्रस्तुत गरेका छन् । मतवाली राजासँग द्रव्य शाहको लडाइँका घटनालाई चर्चा गरिएको छ ।

- **यथार्थ कविता सङ्ग्रह** २०४५ को *सानु बिन्ती* शीर्षकमा यथार्थ घटनाको चित्रण गर्न खोजेको जानकारी दिएका छन् । मानव, मन-मानव असन्तोष, सम-सामयिक परिस्थिति र दर्शन लगायतका सत्यको पर्दाफास गरिएको छ ।
- राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) मा एस.पी. आसाको जन्मका साथै उनका सामाजिक, जासुसी र ऐतिहासिक उपन्यासको विवरण प्रस्तुत गरेका छन् ।
- रामप्रसाद दाहालले **सिङ्गो नेपाली भाषा र साहित्यको इतिहास र साहित्यकारहरूको परिचय** २०५४ मा एस.पी. आसाको जन्म, जन्मस्थान र वास्तविक नामको परिचय दिँदै उनका साहित्यिक कृतिको विवरण दिएका छन् ।
- घटराज भट्टराई **नेपाली लेखककोश** (२०५६) एस.पी. आसाको परिचय, जन्म, लेखनको प्रेरणा कसरी पाएका हुन् भन्ने बारेमा जानकारी गराएका छन् ।
- तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०५६) मा एस.पी. आसाका *महासामन्त र अभाग*को उल्लेख गरेका छन् ।
- **पृथ्वीनारायण शाह** (२०५७) उपन्यासको प्रकाशकका तर्फबाट *जातीय विशेषताको परिचयात्मक* कृति 'पृथ्वीनारायण शाह' शीर्षकको लेखमा शाहको परिचय, उनले एकीकरणका समयमा भोगेका घटनालाई रहस्योद्घाटन गरिएको छ । नेपाल सरकारप्रति आदर सम्मान र श्रद्धा गर्न पुगेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।
- **हामीले कसरी प्रजातन्त्र ल्यायौं** (२०५७) नामक ऐतिहासिक उपन्यासको *प्रकाशकीय र भनाइ*मा ऐतिहासिक घटनालाई साहित्यमा ढाली अत्यन्त रोचक प्रस्तुतिले बौद्धिक पाठकबाट नेपालको गीता भनी चर्चा पाएको पृथ्वीनारायण शाह उपन्यास र प्रजातन्त्रको गीता भन्न मिल्ने उपन्यासका रूपमा हामीले कसरी प्रजातन्त्र ल्यायौँ र आसाका सत्रओटा पुस्तकले पाठकलाई आकर्षण गरेका चर्चा पनि गरिएको छ ।
- **हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष** २०५८ मा *प्रकाशकको मन्तव्य र लेखकको बिन्ती बिसाई* शीर्षकमा आदर्श भनेकै धर्म संस्कृति हो । धर्मलाई जोगाएर राख्नु पर्ने, हाम्रो धर्म संस्कृतिलाई सरल सरस किसिमबाट वैज्ञानिक व्याख्या गर्न खोजिएको, सबै हिन्दूहरूमा परम्परागत जडसूत्रवाद र पाखण्डवादको अन्त्य गरी वैदिक सनातनवादी चरित्रको निर्माण गराउन खोजिएको भनी उक्त कृतिको मूल्याङ्कन गर्न खोजिएको छ ।

- लुमडी आचार्यको **केही समीक्षा केही संस्मरण** नामक पुस्तक (२०६६) ले एस.पी. आसाका कृतिहरूमा सतही विचरण शीर्षक राखेर उनको परिचय, शिक्षा, साहित्यिक कृतिहरूका बारेमा चर्चा गरेका छन् । उनका कृतिहरू संख्यात्मक र गुणात्मक दुवै किसिमले उत्कृष्ट रहेको ठहर आचार्यले उक्त लेखमा गरेका छन् ।

- योगी नरहरिनाथ तथा स्वामी प्रपन्नाचार्यले **पृथ्वीनारायण शाह** (२०५६) उपन्यासमा *शुभाकाङ्क्षा* शीर्षकमा पृथ्वीनारायण शाहको जन्मदेखि मृत्युपर्यन्तसम्मका घटनालाई आसाले औपन्यासिक ढङ्गमा लेखेका छन् जुन उपन्यास सरल शैलीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

- लेखनाथ अधिकारीले **समाचारपत्र** (२०५८) प्रकाशित *राजा त्रिभुवनले भोगेको नेपाल जुद्धशमशेरले नमानिदिँदा विशाल हुन सकेन* शीर्षकको लेखमा हामीले कसरी प्रजातन्त्र ल्यायौँ आत्मपरक शैलीमा लेखिएको रोचक उपन्यास भएको बताउँदै छरिएको हाडखोर रूपी इतिहासलाई त्रिभुवनको बोलीमा आकर्षक ढङ्गमा प्रस्तुत गरेकाले तत्कालीन समयको तथ्य बुझ्नलाई एउटा साधन बन्न पुगेको कुरा उल्लेख गरेका छन् ।

- जितेन्द्र शाहले **कान्तिपुर** २०५८ को शनिवाशरीय कोसेलीमा *राजा त्रिभुवनका उपन्यासकार* शीर्षक लेखमा एस.पी. आसाको लेखन वातावरण र ऐतिहासिक उपन्यासहरूको परिचय दिँदै ह**ामीले कसरी प्रजातन्त्र ल्यायौँ** उपन्यासको चर्चा गरेका छन् ।

- स्वागत नेपालले **समाचारपत्र** २०५९ मा प्रकाशित *इतिहासका जासुसी आसा* शीर्षकका लेखमा उपन्यासकारको घरपरिवार तथा व्यक्तिगत जीवनवृत्तका साथै ऐतिहासिक उपन्यासहरूका विवरण दिएका छन् तर ऐतिहासिक उपन्यासहरूको गहन अध्ययन हुन सकेको छैन ।

- दीना पौड्यालले **प्रणव आशिष** (२०६१) त्रैमासिक पत्रिकामा प्रकाशित *पृथ्वीनारायण शाह ऐतिहासिक उपन्यास* शीर्षकमा एक पाठकपत्र लेखेकी छन् । उपन्यासकार आसालाई भाषागत तथा शैलीगत अमिल्दा कुराहरूको सानो टिपोट गरी पत्रकै साथमा संलग्न गरिदिएको जानकारी दिँदै पृथ्वीनारायण शाहको मुखबाट धर्म, राजनीति, दर्शन तथा वेदान्त दर्शनसमेत निरन्तर प्रवाहित भइरहँदा कता कता अतिशयोक्ति लाग्ने र धेरै ठाउँमा पृथ्वीनारायण होइन आसा बोलेको स्पष्टै देखिने कुरा उल्लेख गरिएको छ ।

- एस.पी. आसा विशेष **जनमत** (२०६२) मासिक पत्रिकामा व्यक्तिवृत्त, अन्तर्वार्ता, हामीले के के गरि सक्यौं कविता, सिद्धार्थ कसरी बुद्ध भए ? को केही अंश, हाम्रो हक जिन्दावाद नाटक, अँगालो मारीमारी रोयौं कथा र हामीले कसरी प्रजातन्त्र ल्यायौँ उपन्यासको समीक्षा (हरि मञ्जुश्री) आदि प्रस्तुत गरिएको छ ।
- **कान्तिपुर दैनिकी** (२०६६ साउन ३२) *एस.पी. आसा सानो छँदा* नामक शीर्षकमा राजेश कोइरालाले उनको परिचय र बाल्यकालका बारेमा चर्चा गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधपत्र अनुसार साहित्यकार एस.पी. आसालाई नेपाली साहित्य जगतका माध्यमबाट सबैमा चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको विकासका लागि एस.पी. आसाले पुऱ्याएको मुख्य योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ । साथै एस.पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन गरिएको छ । एस.पी. आसाको लेखनप्रति उत्प्रेरित गराउनु पनि यसको महत्त्व रहेको छ । यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा यो अध्ययनको आफ्नै औचित्य रहेको छ ।

यसप्रकार एस.पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रले एस.पी. आसाका बारेमा अध्ययन गर्ने अध्येताहरूका लागि मार्गदर्शन हुनेछ । यी विविध दृष्टिकोणले गर्दा यस शोधकार्यको औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गरेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र एस.पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । उनका प्रकाशित पुस्तकाकार कृतिहरूको सामान्य विधा सिद्धान्तका आधारमा समीक्षात्मक अध्ययन गरिएको छ र फुटकर रचनाहरूको नाम मात्र उल्लेख गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रका निम्ति साहित्यकार एस.पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग सम्बन्धित, परिचित व्यक्ति, उनका परिवारसँग सम्पर्क गरी अन्तर्वार्ताद्वारा सामग्री सङ्कलन गरिएको छ । आसाका पुस्तकाकार कृतिका

अग्रभागमा रहेका लिखित भूमिका, सानो बिन्ती बिसाई, मन्तव्य र लेखकका आफ्नै भनाइलाई शोधपत्रका सहायक सामग्रीका रूपमा लिइएको छ । त्यस्तै कृतित्व पक्षका लागि आसाका प्रकाशित पुस्तकाकार कृतिको अध्ययन गरिएको छ । यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ र यसबाहेक सामान्य विधागत सैद्धान्तिक अध्ययन पनि गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

**पहिलो परिच्छेद :** शोधपरिचय

**दोस्रो परिच्छेद :** एस.पी. आसाको जीवनी

**तेस्रो परिच्छेद :** एस.पी. आसाको व्यक्तित्व

**चौथो परिच्छेद :** एस.पी. आसाको कृतित्व

**पाँचौँ परिच्छेद :** उपसंहार

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

यस शोधकार्यका क्रममा प्रयोग भएका सम्पूर्ण सामग्रीहरूको विवरण शोधपत्रको अन्तिम भागमा राखिएको छ ।

# दोस्रो परिच्छेद

# साहित्यकार एस.पी. आसाको जीवनी

## २.१ विषयप्रवेश

मानिस एक सामाजिक प्राणी हो । मानिसको जन्म समाजमा हुने गर्दछ । मानिस समाजमा जन्मेपछि मृत्युवरण गर्नु अघिसम्म उसको जीवन विभिन्न उथल-पुथल, आरोह-अवरोहका बीच सङ्घर्षपूर्ण रूपमा बितेको हुन्छ । कुनै पनि मानिसको जीवनको यथार्थ थाहा पाउनका लागि उसको जीवनको अध्ययनले ठूलो सहयोग पुऱ्याउँछ । जीवनीमा मानिसका जीवनमा घटेका घटनाहरूलाई इतिहासमा जस्तै सत्य, तथ्य र वस्तुगत आधारमा तयार पारिएको हुनु पर्दछ । जीवनीमा घटनाक्रमको समष्टि रूप प्रस्तुत गरिएको हुन्छ । यसरी कुनै पनि व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको तथ्य प्रस्तुति नै जीवनीको मूल मर्म हो ।[१] यस परिच्छेदमा 'साहित्यकार एस.पी. आसा' को जीवन भोगाइका सिलसिलामा देखापरेका घटनाहरूलाई स्पष्ट पार्न खोजिएको छ । एस.पी. आसाले सदाचार जीवन बिताउन गाह्रो हुन्छ तर कठिनाइका बावजुद पनि जीवन बिताइरहनु पर्दछ । सदाचार जीवनले अनुशासन कायम गर्दछ भन्ने मान्यता राख्दछन् ।[२] एस.पी. आसाको जीवनका विभिन्न पाटाहरूलाई निम्नलिखित शीर्षकहरूद्वारा स्पष्ट पार्न खोजिएको छ :

जन्म र जन्मस्थान, पुर्ख्यौली (पारिवारिक पृष्ठभूमि), बाल्यकाल, व्रतबन्ध, शिक्षादीक्षा, विवाह र सन्तान, पारिवारिक स्थिति र आर्थिक अवस्था, साहित्यिक क्षेत्रमा संलग्नता, स्वभाव र रुचि, जीवन दर्शन र साहित्यिक मान्यता, राजनैतिक कार्यक्षेत्र, संस्थागत कार्यक्षेत्र, सम्मान र पुरस्कार, जीवनी र साहित्यका बीचको लेखन सन्दर्भको चर्चा गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

प्रेमकुमारी घिमिरे र विष्णुप्रसाद घिमिरेको दोस्रो सन्तानका रूपमा २००१ साल श्रावण १५ गते आइतवारका दिन काठमाडौँको सीतापाइला गा.वि.स., वडा

---

१ भिक्टर प्रधान, **नेपाली जीवन र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४), पृ. २८ ।

२ शोधनायकसँग मिति २०६६/८/१५ गते उहाँकै निवास सीतापाइलामा लिएको मौखिक अन्तर्वार्ता अनुसार ।

नं. २, शरणपुरमा एस.पी. आसाको जन्म भएको हो ।[३] श्रीप्रसाद जन्मदा ज्यादै सानै भएकाले उनको शरीरभरि रौं-रौं ले ढाकेको हुनाले नराम्रो खालका देखिएको थियो भन्ने जानकारी पाइन्छ ।[४]

उनको न्वारनमा राखिएको नाम नेत्रप्रसाद घिमिरे हो र उनको नेत्रप्रसाद घिमिरे नाम सर्टिफिकेट, साहित्यिक कृतिको रचनामा कतै पनि प्रयोग भएको पाइँदैन ।[५] उनी साहित्यका क्षेत्रमा एस.पी. आसाका नामले परिचित हुन पुगेका छन् । श्रीप्रसादको घरमा हजुरआमाले राखिएको नाम 'श्रीधर' भए तापनि सबै जनाले उनलाई 'श्री' भनी बोलाउने गरेको जानकारी गराउँछन् । उनको चलनचल्तीको नाम श्रीप्रसाद घिमिरे र साहित्यका क्षेत्रमा एस.पी. आसा नाम साहित्य कृति प्रकाशनसँगै लोकप्रिय बन्न गएको जानकारी पाइन्छ ।[६]

## २.३ पारिवारिक पृष्ठभूमि

एस.पी. आसाको जन्म काठमाडौँको सीतापाइलामा भए पनि उनको पुर्ख्यौली थलो पश्चिम नेपालको पहाडी जिल्ला लमजुङ हो ।[७] उनका पुर्खाहरूले नै लमजुङको पैतृक सम्पत्ति बेचबिखन गरी काठमाडौँ आएका हुन् । यिनका हजुरबुबा तारानाथ घिमिरेको जन्म सीतापाइलामा नै भएको हो । तारानाथ घिमिरे गाउँका एक शिक्षित र सम्मानित व्यक्ति हुन् । राणा शासनकालमा देशको शासन व्यवस्था हेर्नका लागि केन्द्रीय र क्षेत्रीय स्तरका कर्मचारी नियुक्ति गर्ने प्रचलन रहेको पाइन्छ । गाउँमा मुखिया भनेका ठूला बडा मानिने गर्दथे । उनका समयमा आर्थिक अवस्था सम्पन्न हुनाका साथै सम्मान पनि प्राप्त गरेका थिए ।

एस.पी. आसाका बाबु विष्णुप्रसाद घिमिरे संस्कृत भाषाका ज्ञाता हुन् । उनको जीवन जागिर, जजमानी, खेतीपाती गरेर बितेको पाइन्छ । उनी पढेलेखेका व्यक्ति भएर पनि घरको काम पनि गर्दथे । उनले गाउँमा राम्रो इज्जत कमाएका थिए ।

एस.पी. आसाकी आमा प्रेमकुमारी अशिक्षित थिइन् त्यतिबेलाको समाजमा महिलालाई शिक्षादीक्षा दिनुको सट्टा घरको कामधन्दामा सीमित राख्ने प्रचलन थियो त्यसैले प्रेमकुमारीको जीवन घरको कामधन्दामा बितेको पाइन्छ ।

---

[३] शोधनायककी दिदी सावित्री ढुङ्ग्यालसँग २०६६/९/१० मा लिइएको मौखिक कुराकानी अनुसार ।

[४] *ऐजन* ।

[५] *ऐजन* ।

[६] *ऐजन* ।

[७] *ऐजन* ।

विष्णुप्रसाद र प्रेमकुमारीका जम्मा आठ सन्तान हुन् । तीमध्ये चारजना छोरा र चारजना छोरी हुन् । एस.पी. आसा जेठा छोरा हुन् र उनी जागिरबाट अवकाश लिएर हाल साहित्यकार जीवन बिताउँदै आइरहेका छन् ।

एस.पी. आसाका माहिला भाइ गोविन्दप्रसाद घिमिरे शाखा अधिकृतबाट सेवानिवृत्त भएर हाल विभिन्न किसिमका जजमानी कार्य गरेर जीवन बिताइरहेका छन् । उनका साँहिला भाइ शालिकराम घिमिरे क्षयरोग निवारण प्रोजेक्टबाट सेवानिवृत्त भएर घरमा बस्दछन् । एस.पी. आसाका कान्छा भाइको नाम मुकुन्दप्रसाद घिमिरे हो र उनी नेपाल राष्ट्रिय वीमा संस्थानमा जागिर गर्दै आएका छन् ।

एस.पी. आसाका एउटी दिदी र तीनजना बहिनी छन् । उनकी दिदी सावित्री घिमिरे (ढुङ्ग्याल) साक्षर मात्र छन् । उनको वैवाहिक जीवनपछिका केही वर्ष दुःखपूर्ण रहे पनि हालको अवस्था राम्रो छ । उनी अहिले आफ्ना छोरा बुहारीका साथ भक्तपुर कटुन्जेमा बस्दछिन् । यिनकी माहिली बहिनी तारा घिमिरे (पौड्याल) पनि सामान्य लेखपढ मात्र गर्दछिन् र हाल जोरपाटीमा गृहिणी जीवन बिताइरहेकी छिन् । उनकी साँहिली बहिनी रेणु घिमिरे (अर्याल) शिक्षक पेशाबाट सेवानिवृत्त भई कोटेश्वरमा गृहिणी जीवन बिताइरहेकी छिन् । यिनकी कान्छी बहिनी भवानी घिमिरे (सुवेदी) बी.ए. सम्मको अध्ययन गरेर भक्तपुर खानेपानी शाखाको छैटौँ तहमा जागिर गर्दछिन् र हाल भक्तपुर ठिमीमा आफ्नै घरमा बसोबास गर्दै आएकी छिन् ।

समग्रमा एस.पी. आसाको परिवारका सम्पूर्ण सदस्यहरूको आर्थिक अवस्था राम्रो देखिन्छ । सबैले आ-आफ्नो दक्षताअनुसार काम गरेर जीवन बिताइरहेका छन् । सबैका बीचमा राम्रो सद्भाव र समन्वय रहेको देखिन्छ । उनको परिवारमा आसाबाहेक कुनै पनि व्यक्ति साहित्य सिर्जना र राजनीतिमा संलग्न भएको पाइँदैन ।

## २.४ बाल्यावस्था

बालमस्तिष्कमा परेका छापका असर जुनसुकै व्यक्तिका अन्तिम अवस्थासम्म पनि रहेका हुन्छन् । बाल्यकाल जीवन यात्राको एक महत्त्वपूर्ण अवस्था हो जुन अवस्थालाई दुईओटा चरणबाट अध्ययन गर्न सकिन्छ । ती हुन् पूर्वबाल्यावस्था र उत्तरबाल्यावस्था । एस.पी. आसाको बाल्यावस्था आफ्नै जन्मस्थल काठमाडौँको रमणीय ठाउँ सीतापाइलामा सुखपूर्वक नै बितेको पाइन्छ । हजुरबुबा, हजुरआमा, आमा र बुबाको माया ममतामा हुर्कने अवसर पाएका आसालाई बाल्यकालमा कुनै ठूला दुःख सङ्कटका घटनाहरू आइपरेका थिएनन् ।[८] उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा आफ्नी आमाको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । आमाको शिष्टता, नम्रता, सरलताजस्ता

---

८ शोधनायकसँग मिति २०६६/९/१५ गते उनकै घरमा लिएको वार्ता अनुसार ।

व्यवहारबाट उनले बाल्यकालमा धेरै कुराको जानकारी लिएको पाइन्छ र त्यसको प्रभाव उनमा अहिलेसम्म पनि कायम रहेको छ । एस.पी. आसाको पूर्वबाल्यावस्था घरका सम्पूर्ण सदस्यहरूको माया ममतामा नै बितेको भए पनि साथीहरूसँग खेल्ने रमाउनुका साथै सङ्गीतमा जोड दिएको पाइन्छ । यिनी ७-८ वर्षको छँदा आफ्ना हजुरबुबाको हात समातेर हिँडेको घटना अहिलेसम्म सम्भेको बताउँछन् ।[९]

बाल्यकालमा उनले बाबुका गोजीबाट पैसा चोरेर मट्टितेल किन्ने र सानो नयाँ कोठमा लुकेर पाठ्यपुस्तक भन्दा नेपाली भाषाका पुस्तकहरू पढ्ने गर्दथे ।[१०] उनी बाल्यकालदेखि नै सौखिन स्वभावका थिए । बाल्यकालमा आफ्ना बाबुका ठूला जुत्तामा कागज राखी सानो पारेर लगाउने गर्दथे । उनको सौखिन स्वभाव देखेर बाबुले उनलाई जर्नेल साहेबजस्तो सौखिन बन्नु पर्ने भनी गाली गर्दथे ।[११]

बाल्यकालमा मनोरञ्जनका साथै खानामा पनि सोख राख्दथे । उनले बाल्यकालमा घरमा बनाएका चीजहरू मात्र खाने गर्दथे । बाल्यकालमा खाजाका रूपमा पुवा र चाम्रेलाई ज्यादै मन पराउँदथे ।[१२] सानैदेखि माछामासुप्रति उनको रुचि ज्यादै भएको पाइन्छ । उनी बाल्यकालमा पढाइ लेखाइमा भन्दा मनोरञ्जनमा बढी समय बिताएको जानकारी दिन्छन् । साथी भाइहरूलाई जम्मा पारेर सामाजिक सांस्कृतिक कार्यक्रममा भाग लिने गर्दथे । डण्डीबियो, कपर्दी, भकुण्डो, खोपीजस्ता खेलहरू पनि खेल्ने गर्दथे । तीज भैलोमा नाचगान गर्ने बाल्यकालमा बाबुले गरेका कार्य हेरेर खेतीपाती, बार बार्ने काम पनि सिकेका थिए । उनले जजमानी, सत्यानाराणको पूजा लगाउने, रुद्री पाठ गर्ने, गाउँमा डोरो बाँध्ने, नागको पूजा गर्ने, साउने संक्रान्ति र माघे संक्रान्तिमा संक्रान्तिफल सुनाउने काम पनि गर्दथे । उनले बाल्यकालमा अनौपचारिक शिक्षा मात्र आर्जन गरेका थिए ।

## २.५ व्रतबन्ध

हिन्दूधर्म संस्कार अनुसार कुनै पनि छोरा मान्छेको व्रतबन्ध गराई जनै लगाइदिने, गुरुमन्त्र सुनाउने परम्परा हाम्रो समाजमा रहँदै आएको छ । हिन्दू संस्कार अनुसार एस.पी. आसाको व्रतबन्ध आठ वर्षको उमेरमा वैदिक विधिअनुसार आफ्नै घरमा नै सम्पन्न भएको हो ।[१३] उनलाई उनकै हजुरबुबाले गायत्री मन्त्र सुनाएका हुन् । व्रतबन्धपछिका दिनहरूमा उनलाई हजुरआमाले ननुहाइकन खाना खान नदिने

---

[९] *ऐजन* ।

[१०] *ऐजन* ।

[११] *ऐजन* ।

[१२] *ऐजन* ।

[१३] *ऐजन* ।

जानकारी दिन्छन् । उनले व्रतबन्धपछि नुवाइधुवाइ गरेर रुद्री पाठ गर्ने, देवी देवताको पूजा पाठ गर्दै आएका छन् ।[१४]

यसरी एस.पी. आसाले बाल्यकालमा सामाजिक, सांस्कृतिक र अनौपचारिक शिक्षाका विविध विषयवस्तुका अनुभव बटुली व्यक्तित्व निर्माण गर्दै सुखपूर्वक नै आफ्नो बाल्यकाल बिताएको पाइन्छ ।

## २.६ शिक्षादीक्षा

### २.६.१ अक्षरारम्भ

एस.पी. आसा दोस्रो सन्तानका रूपमा जन्मिएका भए तापनि उनको अक्षरारम्भ घरपरिवारबाटै भएको हो । उनलाई पाँच वर्षको उमेरमा उनका बाबुले माटाको कालोपाटीबाट अक्षरारम्भ गराएका हुन् ।[१५] घरमा हजुरबुवा र बुवा संस्कृत भाषाका पण्डित भएकाले उनमा पनि पढ्नुपर्छ भन्ने भाव सानै उमेरबाट रहेको पाइन्छ । उनका बाबुले संस्कृत भाषाकै मात्र अध्ययन गर्नुपर्छ भन्ने दबाव दिने गर्दथे । उनले सात वर्षको उमेरमा 'चण्डी' मुखाग्र गरिसकेका थिए । व्रतबन्धपछि रुद्री कण्ठ गरी वेदका बीस अध्याय पनि पढिसकेका थिए । एस.पी. आसाले पढ्ने समयमा नेपाली भाषाका पुस्तकहरू प्रशस्त पाइँदैनथे । उनलाई नेपाली भाषाका पुस्तक पढ्न मन लागेमा लुकेर पढ्नु पर्दथ्यो । यिनले पाँचदेखि एघार वर्षको उमेरसम्म संस्कृत भाषाका पुस्तक मात्रै पढेर आफ्नो समय बिताएको बताउँछन् । उनले एघार वर्षसम्मको उमेरमा 'चण्डी', 'अमरकोश', 'रुद्री' र वेदका ठूला ठूला पुस्तक पढिसकेका थिए ।

### २.६.२ विद्यालय तहको शिक्षा

घरमा अनौपचारिक रूपमा धेरै पढिसकेका एस.पी. आसाको औपचारिक शिक्षाको सुरुआत एघार वर्षको उमेरमा 'भीमढुङ्गा संस्कृत पाठशाला' बाट भएको हो ।[१६] उनलाई त्यस विद्यालयमा गोविन्द पौड्यालले पढाउनु भएको हो । उनले त्यस विद्यालयमा एक वर्षमात्र अध्ययन गरेका हुन् । उनी बाह्र वर्षको उमेरमा सीतापाइलाकै हरिसिद्धीमा पढेका हुन् । उनले तेह्र वर्षको उमेरदेखि रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गर्न थालेपछि त्यस पाठशालामा पढ्न जाँदा पैदल हिँडेर जानु पर्थ्यो । उनले त्यहाँबाट २०१६ सालमा पूर्वमध्यमा, २०१८ सालमा निजामती मध्यमा पूरा गरेपछि २०१८ सालपछि मात्र अङ्ग्रेजी भाषाको अध्ययनको

---

१४ *ऐजन* ।

१५ *ऐजन* ।

१६ शोधनायकसँग मिति २०६६/१०/१५ गते उनकै घरमा लिइएको विवरणअनुसार ।

सुरुआत गरेको पाइन्छ । उनले अङ्ग्रेजी भाषाको अध्ययन दरबार हाईस्कुलमा गरेका हुन् । त्यतिबेला अङ्ग्रेजी भाषाको पठनपाठन व्यवस्थित तरिकाले भएको पाइँदैन । यिनले एस.एल.सी. 'नेपाल राष्ट्रिय विद्यापीठ' बाट २०२२ सालमा तृतीय श्रेणीमा उत्तीर्ण गरेका हुन् ।[१७] उनको एस.एल.सी. पछिको अध्ययन अनियमित खालको पाइन्छ ।

### २.६.३ उच्च शिक्षा

एस.एल.सी. पास भएपछि जागिर खाँदै उच्च शिक्षाअन्तर्गत २०२९ सालमा पत्रकारिता महाविद्यालय दिल्लीबाट पत्रकारिता विषयमा स्नातक र मथुरा साहित्य परिषद् मथुराबाट साहित्यमा विशारद गरेको देखिन्छ ।[१८] २०३३ सालमा गोरखपुर युनिभर्सिटीबाट वाणिज्य शास्त्रमा प्रवीणता तह र २०३४ सालमा सोही युनिभर्सिटीबाट वाणिज्य शास्त्रमा स्नातक तह दोस्रो श्रेणीमा उत्तीर्ण गरेका हुन् ।[१९] वाणिज्य शास्त्रमा स्नातक तहसम्म अध्ययन गरिसकेपछि जागिरको साथै इतिहास, साहित्य, दर्शन धर्मशास्त्र विषयको गहन अध्ययन गरेर लेखन कार्यमा निरन्तरता दिएको पाइन्छ । उनी नेपाली, संस्कृत, हिन्दी र अंग्रेजी भाषाका ज्ञाता मानिन्छन् ।[२०]

एस.पी. आसाले औपचारिक शिक्षाका साथै अनौपचारिक शिक्षामा पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूका कृतिको राम्रोसँग अध्ययन गरेका छन् । यसको प्रभाव उनका कृतिहरूको अध्ययनबाट थाहा पाइन्छ । उनको रुचि खोज अनुसन्धान र समीक्षात्मक पनि रहेको छ ।

## २.७ विवाह र सन्तान

एस.पी. आसाको शुभविवाह हिन्दू परम्पराअनुसार नै भएको पाइन्छ । उनको विवाह २०१३ साल माघ ७ गते धादिङ जिल्लाको सुनौलो बजार गा.वि.स. वडा नं. २ का बाबु बलभद्र खतिवडा र आमा चन्द्रप्रभा खतिवडाकी माहिली सुपुत्री सरस्वती खतिवडाका साथ सु-सम्पन्न भएको हो ।[२१] उनको विवाह त्यतिबेलाको समयानुसार आमा बाबुको इच्छा बमोजिम मागीविवाह भएको हो । विवाहको समयमा उनको उमेर तेह्र वर्ष र सरस्वतीको उमेर नौँ वर्ष भएको जानकारी पाइन्छ । विवाहपश्चात् पनि उनी साथी भाइहरूसँगै खेल्ने गर्दथे । दाम्पत्य जीवन बिताउने क्रममा श्रीमान् श्रीमतीका बीचमा दश, बाह्र वर्षसम्म कुनै सरसल्लाह नभएको बताउँछन् । उनकी

---

१७ *ऐजन* ।

१८ *ऐजन* ।

१९ *ऐजन* ।

२० *ऐजन* ।

२१ *ऐजन* ।

श्रीमती सामान्य लेखपढ गर्न मात्र जान्दछिन् । सरस्वती घिमिरेको स्वभाव सरल, मितव्ययी, अतिथिप्रति राम्रो सत्कार, कुशल गृहिणी, ममतामयी आमाजस्ता विशेषता रहेको पाइन्छ । उनको पुस्तक प्रकाशनका क्रममा पनि ठूलो योगदान रहेको छ । उनीहरूको वैवाहिक जीवन आजसम्म सुखमय रूपमा नै अगाडि बढेको छ ।

मागीविवाहपश्चात् दाम्पत्य जीवनमा बाँधिएकी सरस्वती घिमिरेका कोखबाट चार सन्तानको जन्म भएको छ । उनको पहिलो सन्तानका रूपमा छोरा उमेश घिमिरेको जन्म २०२५ सालमा भएको पाइन्छ ।[२२] उनी बी.कम. अध्ययनका क्रममा बी.कम. तेस्रो वर्षको परीक्षा नजिक आइरहेको बेलामा घरमा कुनै सरसल्लाह नगरी एउटा चिठी लेखेर छाडेका हुन् । उनले लेखेको चिठीमा ज्ञान प्राप्तिका लागि घर छोडेर बेपत्ता भएको जानकारी सरस्वती घिमिरेले दिन्छिन् ।[२३] उनका बारेमा अहिलेसम्म कतैबाट कुनै जानकारी पनि आएको छैन । सरस्वती घिमिरेका अनुसार उमेश घिमिरेले धार्मिक, दार्शनिक पुस्तकहरूको पनि अध्ययन गर्दथे ।

एस.पी. आसाकी जेठी छोरीको उमा घिमिरेको २०२८ सालमा जन्म भएको हो । उनले एम्.ए. र एक वर्ष बी.एड्. सम्मको अध्ययन पूरा गरी हाल दिव्याङ्कुरन बालविकास केन्द्रमा जागिर गर्दछिन् । उनले विवाहपछिका दिनहरू आफ्नो पतिका साथ सातदोबाटोमा बिताउँदै आएको बताउँछिन् ।[२४]

आसाकी माहिली छोरी विद्या घिमिरेको जन्म २०३१ सालमा भएको हो । यिनले बी.ए. सम्मको अध्ययन गरेर दिव्याङकुरन बालविकास केन्द्रमा नै जागिर गर्दछिन् । हाल उनी बानेश्वर आफ्नै घरमा बसोवास गर्दै आएको थाहा हुन्छ ।[२५]

यिनकी कान्छी छोरी उपमा घिमिरेको जन्म २०३४ मा भएको हो । उनले बी.ए. सम्मको अध्ययन गरेको जानकारी पाइन्छ । उनको विवाह पनि काठमाडौँ निवासीसँग भएको र अहिले आफ्नो जीवनसाथीसँगै अष्ट्रेलियाको मेलबर्नमा रहेको जानकारी पाइन्छ ।[२६] यसरी छोराबाट कुनै सन्तुष्टि प्राप्त गर्न नसके पनि ज्ञान ध्यान प्राप्तिपछि एक दिन अवश्य घर सम्झेर आउने प्रतिक्षा गरेर बसेका छन् ।

---

[२२] *ऐजन* ।

[२३] शोधनायककी श्रीमती सरस्वती घिमिरेसँग मिति २०६६/९/१५ गते लिइएको मौखिक कुराकानीबाट ।

[२४] शोधनायककी जोठी छोरी उमा घिमिरेसँगको मिति २०६६/९/१५ गते सीतापाइलामा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[२५] शोधनायककी माहिली छोरी विद्या घिमिरेसँग मिति २०६६/९/१५ गते सीतापाइलामा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[२६] *ऐजन* ।

छोरीहरूको आर्थिक अवस्था राम्रो खालको पाइन्छ । आफ्नो दक्षतानुसार जागिर खाएर आफ्नो दायित्व बहन गर्दै आएका छन् ।

एस.पी. आसाको स्थायी घर सीतापाइला नै हो । उनी त्यहीँ पुरानो घरमा श्रीमती सरस्वतीका साथ बिताइरहेका छन् । उनको विवाह बाल्यकालमा भएकाले श्रीमतीलाई सानै उमेरमा बाबु आमाको काख छाडेर ल्याएको हुनाले उनीप्रति ज्यादै माया लाग्ने बताउँछन् । विवाह भएको केही वर्षसम्म दु:ख सुख, अभाव र असन्तुष्टिपूर्ण तरिकाले जीवन व्यतित भए पनि वर्तमान जीवन सुखका साथ बिताइरहेका छन् । आफ्नो बालविवाहले मनमा केही नकारात्मक खालका भावनाहरू सिर्जना हुने गर्दछन् । उनको र श्रीमतीका बीचमा पढाइको स्तर नमिले तापनि त्यसलाई सकारात्मक रूपबाटै लिएको बताउँछन् । जीवन बिताउने सन्दर्भमा दुवैका बीचमा अहिलेसम्म कुनै अप्रिय घटनाहरू नभएको जानकारी पाइन्छ । एक अर्काको कार्यप्रति कुनै टीका टिप्पणी नगरेर अगाडि बढेका छन् । श्रीमतीले जीवनमा सक्दो सहयोग दिँदै आएको बताउँछन् ।

## २.८ पारिवारिक आर्थिक अवस्था

एस.पी. आसाको पारिवारिक पृष्ठभूमिलाई अध्ययन गर्दा आर्थिक अवस्था मध्यम स्तरको नै देखिन्छ । उनका हजुरबुवा र बाबुले सरकारी जागिर, खेतीपातीका साथ साथै जजमानी कार्य पनि गरेको पाइन्छ । जसबाट प्रशस्त आम्दानी हुने गरेको सूचना दिन्छन् । उनका बाबुका पालामा पैंतीस रोपनी जग्गा जमिन रहेको जानकारी पाइन्छ जुन जग्गा जमिनबाट प्रशस्त अन्न बाली आउने गर्दथ्यो । यिनका बाबुको मृत्युपश्चात् दाजु भाइका बीचमा अंशबण्डा लगाउँदा ८, ८ रोपनी जग्गा परेको जानकारी दिन्छन् ।[२७] आसाले विद्यालय पढ्दादेखि नै चण्डी, रुद्री, सत्यनारायणको पूजापाठ गर्न हिँडेर आफ्नो पढाइका लागि खर्च चलाएको पनि उनी बताउँदछन् ।[२८]

एस.पी. आसाले उच्च शिक्षा हासिल गर्दा विभिन्न स्थानमा जागिर गर्दै आफ्नो अध्ययन कार्यलाई अगाडि बढाएको बताउँछन् ।[२९] उनको वर्तमान अवस्था हेर्दा पनि मध्यम खालकै देखिन्छ । उनीसँग सीतापाइला र रामकोटमा गरी जम्मा बाह्र रोपनी जग्गा रहेको जानकारी पाइन्छ ।[३०] त्यस्तै गरी सीतापाइलामा एउटा घर

---

[२७] शोधनायकसँग मिति २०६६/८/१४ गते उनकै घरबाट लिइएको विवरणअनुसार ।

[२८] *ऐजन* ।

[२९] *ऐजन* ।

[३०] *ऐजन* ।

छ जुन घरबाट पनि केही आम्दानी हुने बताउँछन् । यिनको नगद सम्पत्तिका रूपमा करीब दश लाख रुपैयाँ बैङ्कमा जम्मा भएको जानकारी पाइन्छ ।[३१] उनको वर्तमान समयमा आम्दानीको मुख्य स्रोत भनेको जग्गा जमिन नै रहेको छ ।[३२] समग्रमा हेर्दा एस.पी. आसाको आर्थिक अवस्था राम्रो खालको देखिन्छ तापनि उनी हाल प्रशस्त धनसम्पत्ति जम्मा गर्ने सोच भने नभएको बताउँछन् ।

एस.पी. आसाको पारिवारिक स्थिति मध्यम खालको छ । उनका बाबु बाजेका पालाको आर्थिक अवस्था राम्रो देखिन्छ उनका बाबुले आफ्ना आठजना छोराछोरीलाई मेहनत र पौरखले पालन पोषण शिक्षादीक्षा उपलब्ध गराएका हुन् । बाबुको मृत्युपछि उनले आफ्ना भाइ बहिनीहरूलाई शिक्षादीक्षाका साथै जागिरको खोजी कार्यमा सहयोग गरेका हुन् ।

यसरी २०१३ सालमा धादिङ जिल्लाका बलभद्र खतिवडा र चन्द्रप्रभा खतिवडाकी माहिली छोरी सरस्वतीसँग वैवाहिक दाम्पत्य जीवनमा प्रवेश गरेका एस.पी. आसाका चारजना छोराछोरी छन् । छोरा उमेश घिमिरेको अहिलेसम्म कुनै जानकारी नभएका कारणले मनमा अशान्ति बोकेर बाँचेका आसा सीतापाइलास्थित आफ्नै घरमा प्रेमकुमारीकै प्रेम पाएर सिर्जनालाई मलजल दिन तल्लीन छन् । छोराबाट कुनै प्रकारको सन्तुष्टि पाउन नसके पनि छोरीहरूबाट दुःख सुखमा हेरबिचार हुँदै आएको जानकारी दिन्छन् यसरी एस.पी. आसाको पारिवारिक स्थिति र आर्थिक अवस्था सम्पन्न खालको रहेको पाइन्छ ।

## २.९ साहित्यिक क्षेत्रमा संलग्नता

### २.९.१ लेखन प्रेरणा

काठमाडौँको सुन्दर रमणीय वातावरणमा हुर्केका एस.पी. आसाको साहित्यिक लेखनमा त्यहाँका विभिन्न सामाजिक, प्राकृतिक, पारिवारिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिकजस्ता तत्त्वहरूले प्रत्यक्ष परोक्ष प्रभाव पारेको देखिन्छ । उनका घरमा हजुरबुबा र बुबाहरू शिक्षित भएकाले त्यसको प्रभाव उनमा पनि सानैदेखि परेको पाइन्छ । उनी सानैदेखि परिवारका अन्य सदस्यभन्दा बेग्लै खालका संवेदनशीलता, कल्पनाशील स्वभावका भएकाले स-साना घटनाबाट प्रभावित भएको पाइन्छ । यिनले तेह्र चौध वर्षको उमेरमा फुर्सदको समयमा मौका पाउने वित्तिकै पुस्तक किनेर पढ्ने गरेको जानकारी दिलाउँछन् । नेपाली भाषाका पुस्तकका साथै अरू भाषामा लेखिएका पुस्तकहरू पनि बाबुलाई थाहा नदिई लुकीलुकी पढ्ने गर्दथे ।

[३१] *ऐजन* ।

[३२] *ऐजन* ।

नेपाली भाषाका 'सुकबहत्तरी' 'रामायण' र 'कृष्णचरित्र' जस्ता पुस्तक पढेको जानकारी दिन्छन् । काठमाडौँको सहरिया परिवेशले उनको साहित्य सिर्जनशीलतामा थप प्रेरणा र उर्जा प्रदान गरेको पाइन्छ । उनले विद्यालय शिक्षाको अध्ययनसम्म कुनै साहित्य सिर्जना गरेको पाइँदैन ।

२०१९ सालतिर भारतीय साहित्यकार देवकीनन्दन खत्रीद्वारा लेखिएको 'चन्द्राकान्ता' उपन्यास पढेपछि उनमा पनि नेपाली भाषाका सन्दर्भलाई लिएर उपन्यास लेख्ने प्रेरणा आएको हो ।[३३] उच्च शिक्षा अध्ययनसँगै विविध विधासँग सम्बन्धित साहित्यिक कृतिहरूको स्वाध्ययनमै रमाउने आसाले लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरेका छन्दबद्ध कविता ज्यादै मन पराउँछन् । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, दौलतविक्रम विष्ट, गोपालप्रसाद रिमाल, विजय मल्ल, डायमन शमशेर राणा, रुद्रराज पाण्डेजस्तै थुप्रै नेपाली साहित्यकारहरूको बहुविध कृतिहरूको अध्ययन गरे । नेपाली साहित्यबाहेक हिन्दी साहित्यकारमा देवकीनन्दन खत्री, चतुरसेन, प्रेमचन्दका साथै रुसी, फ्रान्सेली साहित्यकारका कृतिहरूको पनि गहन अध्ययन गरेर साहित्य लेखनमा अगाडि बढेको देखिन्छ ।

### २.९.२ लेखनको सुरुआत र विस्तार

एस.पी. आसाको साहित्य लेखन शुभारम्भ अध्ययनका क्रममा नै भएको हो । विद्यार्थी कालमा उनमा साहित्यसम्बन्धी कुनै विधामा ज्ञान नभएको जानकारी दिन्छन् । उनले बीस वर्षको उमेरमा नेपाली समाजमा रहेको 'बालविवाह' को प्रचलनका बारेमा एउटा लेख लेखेका हुन् जुन लेख अहिले प्राप्त हुन सकेको छैन ।[३४] उनले २०२४ सालबाट कविता र उपन्यास विधामा कलम चलाएका हुन् । २०२४ सालमा 'मेरो सर्वस्व तिमी' नामक कविता **हस्तलिखित** पत्रिकामा छापिएको जानकारी दिन्छन् ।[३५]

एस.पी. आसाले २०२४ सालबाट उपन्यास विधामा कलम चलाए पनि २०२७ सालमा आएर सार्वजनिक बन्न सफल भएका छन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर आफ्नो बहुआयामिक व्यक्तित्वलाई चिनाउन सफल भएका छन् । उनको लेखन सुरुआतदेखि वर्तमानसम्म निरन्तर रूपमा अगाडि बढेको पाइन्छ ।

---

[३३] मोहन दुवाल, *एस.पी. आसा विशेष,* **जनमत** मासिक, (वर्ष २२, अङ्क ५, २०६२ जेष्ठ), पृ. ३० ।

[३४] शोधनायकसँग मिति २०६६/८/१० गते निजकै निवासमा लिइएको विवरण अनुसार ।

[३५] *ऐजन* ।

## २.१० स्वभाव र रुचि

### २.१०.१ स्वभाव

एस.पी. आसा बाल्यकालमा पनि चटपटे स्वभावका नभई मिलनसार, भद्र, लगनशील स्वभावका भएको जानकारी पाइन्छ । आसाकी आमा अत्यन्तै सरल, शिष्ट स्वभावकी भएका कारणले आमाको शील स्वभावको प्रभाव उनमा परेको देखिन्छ । बाल्यकालदेखि नै इमान्दार, परिश्रमी आसामा जिज्ञासु, मृदुभाषी, मिलनसार, सरल र शान्त स्वभावका रहेका छन् । अल्पभाषी र हसिलो स्वभाव भएकाले उनको जोसँग पनि चिनाजानी कुराकानी हुन्छ । उनी त्यसलाई सधैं निर्वाह गर्न चाहन्छन् । साथीभाइमा विनास्वार्थ मैत्री र सद्भाव मन पराउँछन् । आफू पनि त्यसको निर्वाह गर्न चाहन्छन् । बालकालदेखि बनेको यिनको त्यो स्वभाव हालसम्म पनि उनमा विद्यमान रहेको पाइन्छ । जोसुकैका लागि पनि आफूबाट हुन सक्ने कुनै पनि सहयोग दिन तत्पर रहन्छन् । उनले नयाँ व्यक्तिसँग अति सहज, सरल एवम् परिवारकै सदस्यहरूसँगजस्तै स्वभाविक र सहृदयी व्यवहार गर्दछन् । यसरी उनले सबैप्रति सद्भाव राख्ने र सबैमा सहज रूपले विश्वास गर्ने प्रवृत्तिले गर्दा समय-समयमा धोका पनि भएको जानकारी पाइन्छ । उनी स्वयम् स्वच्छ एवम् पवित्र विचार राख्ने सौम्य र स्वतन्त्रप्रेमी व्यक्ति भएको हुँदा झगडा गर्ने, अशिष्ट प्रदर्शन गर्ने प्रवृत्तिदेखि सधैं टाढा रहन चाहन्छन् । यिनले आफ्नो देशको संस्कृतिलाई ज्यादै माया गर्छन् । त्यस्तै उनी नराम्रो वस्तुलाई त्याग्न र राम्रो ग्रहण गर्न सक्छन् । आफ्नो साहित्य साधनाप्रति निरन्तरता दिँदै अझै धेरै वर्ष बाँचेर देशको सेवा गर्ने प्रवल इच्छा भएको जानकारी दिन्छन् ।[३६]

### २.१०.२ रुचि

एस.पी. आसाको रुचि क्षेत्र भनेको अध्ययन क्षेत्र देखिन्छ । सानै उमेरदेखि लेख्ने, पढ्ने, चिन्तन मनन गर्न मन पराउने आसाको मुख्य रुचि क्षेत्र साहित्य नै देखिन्छ ।[३७] देश विदेशका समचारमूलक पत्रपत्रिका पढ्न, नयाँ ठाउँहरूको भ्रमण गर्न रुचाउने आसा विदेशभन्दा स्वदेशकै भ्रमण गर्न मन पराउँछन् । विदेशमा गएर प्रशस्त धन कमाउन भन्दा स्वदेशका हरिया पहाड, नदीनाला, सेतो हिमाललाई छुनमा उनी रुचि राख्दछन् । आफ्नो देशको राष्ट्रियता संस्कृति झल्किने खालका वस्तुहरूको सङ्ग्रह गर्न मन पराउँछन् । उच्च शिक्षा हासिल गरेका आसाले किताबलाई ज्यादै मन पराउँछन् । आफूलाई मनपर्ने किताब किनेर नपढ्दासम्म

---

[३६] शोधनायकसँग मिति २०६६/१०/३ गते उहाँकै निवासमा लिइएको विवरण अनुसार ।

[३७] *ऐजन*।

मनमा स्थिरता नहुने बताउँछन् ।[३८] उनी साहित्यका साथै नेपाली संस्कारमा रहेका सामाजिक, सांस्कृतिक, आध्यात्मिक खोजतर्फ उन्मुख रहेको देखिन्छ । यिनले खेलकुदमा फुटबल, भलिबल आदिलाई मन पराउँछन् भने गीतमा नारायण गोपाल, किरण खरेलका भावुकतामा रमाउन पुग्दछन् र जुन गीतले नेपाली जनताका पीडा व्यथालाई समेटेको पाइन्छ ।[३९] यिनको नेपाली संस्कृतिमा सबैभन्दा बढी मनपर्ने चाड दशैं हो । दशैंमा आफूभन्दा ठूला मान्यजनका हातबाट टीका र आशीर्वाद ग्रहण गर्न पाइने हुनाले ज्यादै रमाइलो लाग्ने बताउँछन् । उनलाई चलचित्र हेर्ने सौखिन रहेको पाइन्छ । उनले नेपाली चलचित्रभन्दा बढी हिन्दी चलचित्र हेर्ने गर्दछन् ।

एस.पी. आसाले खानपिनमा सबै कुरा मन पराउँछन् ।[४०] उनले बढी मात्रामा माछामासु, चिल्लो-पिरो, अमिलोसँग खाना मनपर्ने जानकारी दिन्छन् तर अहिले आफ्नो अस्वस्थताका कारणले सात्विक खानामा नै जोड दिन्छन् । आसाले साधारण नेपाली पोशाक मन पराउँछन् । उनले सबैभन्दा मनपर्ने कपडाका रूपमा सफारीलाई लिने गरेका छन् । उनको साहित्य लेखनमा सामाजिक यथार्थको चित्रणका साथै ऐतिहासिक घटनाको खोज अनुसन्धान आदिमा बढी रुचि रहेको देखिन्छ ।

यसरी बाल्यकालदेखि भद्र, लगनशील स्वभाव भएका आसामा इमानदार, परिश्रमी, जिज्ञासु, मृदुभाषी, मिलनसारजस्ता गुणहरू रहेका छन् । घरमा श्रीमती छोरा छोरीहरू लगायत सबैसँग मित्रवत् व्यवहार गर्ने आसा सधै हँसिला र रमाइला देखिन्छन् । उनी बिहान उठेर प्रातः भ्रमण तथा पूजापाठ अध्ययन गर्नुका अतिरिक्त भेटन आउने सज्जनहरूसँग भलाकुसारी व्यवहारिक कार्यमा व्यस्त रहन्छन् । गम्भीर सहनशील धैर्यशाली व्यक्तित्वका धनी एस.पी. आसामा प्रशासनिक कार्यतर्फको रुचिभन्दा साहित्यकार सुलभ भावुक संवेदनशील गुण बढी प्रभावशाली रहेको देखिन्छ ।

## २.११ जीवनदर्शन र साहित्यिक यात्रा

कुनै पनि साहित्यकारको सिर्जनाको विश्लेषण र मूल्याङ्कन गर्नाका लागि उसको जीवन जगतप्रतिको दृष्टि र चिन्तनको अध्ययन गर्नुपर्दछ । साहित्यकारको जीवन दर्शनले उसको साहित्य सिर्जनाको धरातल निर्माण गर्दछ । कुनै पनि स्रष्टाले आफ्ना खास मान्यताका आधारमा साहित्य सिर्जना गर्दछ । चिन्तन, मनन र अनुभूतिमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने उत्प्रेरक तत्त्वहरू जीवन जगतका

---

[३८] *ऐजन* ।

[३९] *ऐजन* ।

[४०] *ऐजन* ।

विविध पक्षहरू, परम्परित र नवीन मूल्यहरूले पनि साहित्यकारको व्यक्तित्व निर्माण र साहित्य सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

एस.पी. आसा जीवनका यथार्थ घटना, मानवतावाद, आर्य संस्कृति आदिबाट प्रभावित रहेको पाइन्छ । जन्मलोक र परलोक दुवैमा विश्वास गरे तापनि जन्मलोकको विकास र उन्नतिका लागि कार्य गर्नु मानव मात्रको सर्वोत्तम कर्तव्य हो भन्ने मान्यता उनमा रहेको छ । वेद र पुराण आदि धर्म ग्रन्थहरू नैतिक सन्देश दिने पुराना सामग्री हुन र ती पुराना सामग्रीहरूको वाचन गर्ने, संरक्षण दिने काम गरी समाजलाई नैतिक पाठ सिकाउनु पर्दछ भन्ने धारणा उनमा रहेको पाइन्छ । सादा जीवन उच्च विचारका भावनालाई आत्मसात गर्ने आसा परोपकारलाई नै सबैभन्दा ठूलो कल्याणकारी मार्गका रूपमा लिने गर्छन् ।[४१] मानव मानवका बीचमा सहअस्तित्व कायम गरी सच्चा मानव भएर बाँच्नु नै जीवनको सही प्रयोजन रहेको बताउँछन् । कला, साहित्य, वस्तुगत यथार्थजगतको कलात्मक प्रतिबिम्ब हो भन्ने आसा समाजको आर्थिक, सामाजिक, ऐतिहासिक आदि पक्षलाई नै साहित्यका वास्तविक स्रोत ठान्दछन् ।

एस.पी. आसाले साहित्यलाई आफ्नै ढङ्गले परिभाषा गरेको पाइन्छ । उनका विचारमा 'साहित्य भनेको युग चित्रण गर्ने कसी हो त्यसकारण हामीले रचना गर्दा त्यस्तो कसीरूपी ऐनामा प्रष्ट हुने गरी सिर्जना गरिनुपर्दछ'[४२] भन्ने उनको दृष्टिकोण पाइन्छ ।

*आसाले साहित्यलाई समाजको तस्वीर ऐनामा देखिने बिम्ब मात्रै होइन त्यो पुनसिर्जना पनि हो । साहित्यविनाको जीवन उजाड हुन्छ । जीवनका लागि मलजल दिने काम र अचेतन मनलाई उर्जा दिने काम साहित्यले गर्दछ । कुनै पनि स्रष्टा आफ्नो व्यक्तिगत स्वार्थका लागि तत्पर नरहेर समाजको उत्तरदायित्व बहन गर्नेतिर लाग्नुपर्दछ । समाज र पाठकमा केही छाप पार्ने खालको हुनुपर्दछ ।*[४३]

उनका विचारमा राजनीति र साहित्यका बीचमा अन्तर सम्बन्ध रहेको हुन्छ । साहित्यमा राजनीतिका घटनाहरूलाई समावेश गरेर लेख्न सकिन्छ तर राजनीति र साहित्य अलग-अलग विधा हुन् । राजनीतिमा अस्थिरता बढी हुन्छ भने साहित्यमा स्थिरता रहन्छ । राजनीतिले समाजमा उथलपुथल ल्याउने काम गर्दछ भने साहित्यले ती अराजकतालाई हटाउनमा मद्दत गर्दछ ।

---

४१ *ऐजन* ।

४२ **जनमत**, पृ. ३१ ।

४३ *ऐजन*, पृ. ३०-३१ ।

यसरी कुनै पनि कलाकार, साहित्यकार र राजनीतिज्ञले जीवनजगतलाई हेर्ने दृष्टिकोण फरक फरक खालका हुन्छन् । एस.पी. आसाले समय र परिस्थिति अनुसारको साहित्य लेखनमा जोड दिनु पर्ने अवधारणा राख्दछन् । उनले साहित्यलाई युगको चित्रण गर्ने कसीका रूपमा लिएका छन् । उनले राष्ट्रवादी, मानवतावादी भावनाको साहित्य सिर्जना यात्रालाई विकसित र परिमार्जित गर्दै अगाडि बढेको देखिन्छ ।

## २.१२ संस्थागत कार्यक्षेत्र

एस.पी. आसाले आफ्नो जीवनको पूर्वार्द्धका केही वर्षहरूमा जागिर गरेको देखिन्छ भने त्यसपछिका केही वर्ष राजनीतिमा सक्रिय रूपमा लागेको पाइन्छ । २०४८ सालपछि राजनीतिलाई त्यागेर स्वतन्त्र जीवन बिताउँदै विभिन्न सामाजिक तथा धार्मिक सङ्घ संस्थाहरूमा रहेर कार्य गरेको पाइन्छ ।

### २.१२.१ जागिरे कार्यक्षेत्र

एस.पी. आसाको परिवार सम्पन्न खालको भएर पनि उनले २० वर्षको उमेरदेखि नै जागिर गरेका हुन् । विभिन्न सरकारी कार्यालयहरूका विभिन्न पदमा रही सेवा गरेका आसाले २०२० देखि २०२१ सालसम्म शाही नेपाल जङ्गी अड्डाअन्तर्गत एटी कम्पनी बालाजुमा बहिदार पदमा रहेर सेवा गरेको पाइन्छ ।[४४]

२०२१ को अन्त्यदेखि २०२३ सम्म अर्थमन्त्रालय अन्तर्गत उखडा कार्यालय भैरहवामा मुखिया पदमा रहेर आफ्नो कार्य दक्षता देखाएका छन् ।[४५] त्यसैगरी २०२४ देखि २०२६ सम्म टोखा अस्पतालमा प्रशासन प्रमुख र २०२६ सालको अन्त्यमा टोखा अस्पतालबाट सरुवा भएर केन्द्रीय उरस चिकित्सालय महाबौद्धमा लेखापाल भई जागिर गरेको जानकारी पाइन्छ ।[४६] २०३३ सालमा केन्द्रीय उरस चिकित्सालयमा लेखापालको कामकाजको सिलसिलामा हाकिमसँग राय नमिलेर जागिरबाट अवकाश लिएका हुन् । २०३३ सालपछि उनले महालेखा परीक्षक विभागबाट लेखापरीक्षणको लाइसेन्स लिएर आफ्नै नेतृत्वमा ‘लेखा परीक्षण सेवा नामक’ संस्था खोली कार्यालय प्रमुखको हैसियतले स्वतन्त्र व्यवसाय गरेको पाइन्छ । २०३३ देखि २०४६ सालसम्म त्यस संस्थामा रहेर कार्य गरेका हुन् । त्यस संस्थामा पनि विभिन्न किसिमका मनमुटाव बढ्दै जान थालेपछि २०५२ सालबाट संस्था सञ्चालनको कार्यबाट पनि विश्राम लिएको पाइन्छ ।[४७]

---

[४४] शोधनायकसँग मिति २०६६/९/१४ गते लिइएको विवरण अनुसार ।

[४५] *ऐजन* ।

[४६] *ऐजन* ।

[४७] *ऐजन* ।

### २.१२.२ राजनीतिक कार्यक्षेत्र

एस.पी. आसा सानैदेखि प्रजातान्त्रिक समाजवादबाट प्रभावित भए पनि उनको राजनीतिप्रतिको औपचारिक यात्रा उत्तरार्द्धतिर आएर मात्र अगाडि बढेको पाइन्छ । उनी २०४४ सालदेखि राजनीतिमा सक्रिय सहभागी भएका हुन् । राजनीतिमा सक्रियता देखाएपछि राजनीतिक संस्थाका विभिन्न तहमा रही नेतृत्व लिने कार्य गरेको देखिन्छ । यिनी २०४४ सालमा नेपाली कांग्रेस पश्चिम चक्रपथ क्षेत्रका संगठन विस्तारका क्रममा सदस्य बन्न सफल भएका हुन् । सदस्यका रूपमा रहेर आफ्नो उत्तरदायित्व बहन गरेको पाइन्छ । त्यतिबेला नेपालको राजनीतिमा ज्यादै अस्थिरता बढ्दै गएको हुन्छ । राजनीतिक दलहरूका बीचमा मनमुटाव बढ्नु, एकदलीय व्यवस्था र बहुदलीय व्यवस्थामध्ये कुन लागू गर्ने भन्ने अन्योलको वातावरण सिर्जना रहेको देखिन्छ । २०४६ सालको जनआन्दोलनमा उनले ठूलो योगदान गरेका छन् । बहुदलीय व्यवस्थाको स्थापनापछि आसा २०४८ सालमा नेपाली काङ्ग्रेस सीतापाइला एकाइको उपाध्यक्ष पदमा रहेर आफ्नो भूमिका निर्वाह गरेका हुन् । केही समय त्यही एकाइको अध्यक्ष पदमा रहेर आफ्नो दक्षतालाई चिनाउन सफल भएका हुन् । बहुदलीय व्यवस्थाको सुरुआतसँगै पार्टीहरूका बीचमा मनमुटाव बढ्दै गएकाले राजनीतिक अस्थिरता दिन प्रतिदिन बढ्दै जान्छ । उनले २०५२ सालपछि स्वइच्छाले राजनीति गर्न छाडिदिन्छन् ।[४८] उनको राजनीतिक कार्यक्षेत्र ज्यादै छोटो भएर पनि आफ्नो पार्टीप्रति आस्था राखेको पाइन्छ । उनको राजनीतिमा लाग्नुको उद्देश्य व्यक्तिगत स्वार्थ नभएर पार्टी, देश र जनताको हकहितका लागि अगाडि बढेको बुझिन्छ । वर्तमान समयमा यिनी कुनै पार्टीसँग संलग्न रहेको पाइँदैन र राजनीतिलाई जीवनको लक्ष्य बनाएको देखिदैन ।

### २.१२.३ सामाजिक कार्यक्षेत्र

एस.पी. आसामा सामाजिक चेतनाका भावनाहरू धेरै पाइन्छन् । एस.पी. आफ्नो जीवनकालमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज, देश र नेपाली जनताको हकहितका लागि अगाडि बढेको पाइन्छ । आसा अहिले पनि आफ्नो ठाउँबाट सामाजिक सेवामा लागिपरेर आफ्नो जीवनको अधिकांश समय साहित्य लेखन र सेवामा बिताएका छन् । यिनले सीतापाइला गा.वि.स. मा प्राथमिक विद्यालयको संस्थापक, सिलाइ बुनाइ कार्यक्रमको व्यवस्थापन, खानेपानी,

---

[४८] *ऐजन* ।

बाटोघाटोको मर्मत संहार, वृक्षारोपण कार्यक्रम, भवन निर्माण, बहुउद्देश्य सहकारी संस्थाको व्यवस्थापन मिलाउने कार्यमा सक्रियता देखाएका छन् ।[४९]

### २.१२.४ साहित्यिक तथा अन्य सङ्घ संस्थामा संलग्नता

एस.पी. आसाले विभिन्न साहित्यिक, राजनीतिक, सामाजिक र आध्यात्मिक सङ्घ संस्थामा संलग्न रहेर कार्य गर्दै आएका छन् । उनले साहित्यिक र धार्मिक क्षेत्रमा गरेका कार्यका आधारलाई निम्नानुसार देखाउन खोजिएको छ ।

| क्र.सं. | संस्था | समय | पद |
|---|---|---|---|
| १. | सीतापाइला प्राथमिक विद्यालय | २०४२ | संस्थापक |
| २. | नेपाल राष्ट्रिय अभिनन्दन समिति | २०४८ | अध्यक्ष |
| ३. | नेपाल संस्कृत समन्वय परिषद् | २०४८ | अध्यक्ष |
| ४. | हाम्रो प्राङ्गण त्रैमासिक पत्रिका | २०५२ | व्यवस्थापक |
| ५. | विश्वहिन्दू युवा सङ्घ | २०५७ | सल्लाहकार |
| ६. | अहिंसा समन्वय | २०५८ | महासचिव |
| ७. | श्रीमद्भागवत् ज्ञान महायज्ञ आयोजक समिति सीतापाइला | २०५८ | अध्यक्ष |
| ८. | राष्ट्रिय त्रिफला पुस्तकालय (झापा) | २०५९ | आजीवन सदस्य |
| ९. | योगी नरहरिनाथ ट्रष्ट | २०६० | संयोजक |
| १०. | वाणी प्रकाशन विराटनगर | २०६० | आजीवन सदस्य |
| ११. | जनमत साहित्यिक मासिक पत्रिका बनेपा काभ्रे | २०६० | मानार्थ सदस्य |
| १२. | गीता अध्ययन मण्डल स्वयम्भू | २०६० | आजीवन सदस्य |
| १३. | विश्वहिन्दू महासङ्घ राष्ट्रिय समिति | २०६१ | कोषाध्यष |
| १४. | सीतापाइला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०६२ | संयोजक |
| १५. | विश्वहिन्दू महासङ्घ राष्ट्रिय समिति | २०६२ | उपसभापति |
| १६. | वाङमय प्रतिष्ठान चाहविल | - | आजीवन सदस्य |
| १७. | नारीश्वर पत्रिका | - | आजीवन सदस्य |

### २.१२.५ धार्मिक कार्यक्षेत्र

एस.पी. आसाको जन्म ब्राह्मण परिवारमा भएकाले उनमा हिन्दू धर्मप्रति ठूलो आस्था रहेको पाइन्छ । बिहान उठेर दैनिक पूजापाठ गर्ने आसा विभिन्न धार्मिक सङ्घ संस्थासँग आबद्ध रहेर धार्मिक कार्यक्रममा सहभागी हुने गर्दछन् ।

---

[४९] *ऐजन* ।

उनले धार्मिक कार्यका सिलसिलामा नेपालका गोसाइँकुण्ड, मुक्तिक्षेत्रका साथै भारतका बद्री, केदारनाथ, गंगोतरी आदि स्थानको यात्रा गरेका छन् । काठमाडौँका पशुपति, बूठानीलकण्ठ, स्वयम्भू आदि मन्दिरहरूमा पूजापाठ लगाउनुका साथै आफ्नै घरमा लक्ष्यहोम, देवीभागवत पुराणमा आधारित चतुरामासा व्रत सम्पन्न गरेका हुन् । बूढानीलकण्ठमा आफ्नै वाचनमा सप्ताह ज्ञान महायज्ञ सम्पन्न गरेको सूचना पाइन्छ । हाल उनी बिहान उठेर पैदलयात्राका क्रममा स्वयम्भूसम्म पुग्दछन् । पैदलयात्राबाट फर्केपछि नुवाइधुवाइ गरेर आफ्नो पूजाकोठामा बसेर दिनको एक-एक अध्याय विष्णुपुराण, कुर्मपुराण, मच्छेपुराण, देवीभागवत, शिवपुराण, श्रीमद्भागवत्समेत पाठ गर्ने गर्दछन् । उनी पुरानो धार्मिक मान्यतालाई आधुनिक मान्यतामा बदलेर पालना गर्ने बताउँछन् । परम्परागत रुढ धार्मिक मान्यतालाई आधुनिक, समयसापेक्ष र व्यवहारिक बनाउनुपर्दछ भन्ने उनको मान्यता रहेको पाइन्छ । धार्मिक संलग्नतामा सनातन हिन्दूधर्म परम्परा नै उनको धार्मिक मान्यताको मूल केन्द्र हो तापनि उनी सबै धर्मप्रति सहिष्णु देखिन्छन् । यसरी उनी संस्थागत र व्यक्तिगत दुवै रूपबाट प्रत्यक्ष संलग्न रहेका छन् ।

## २.१३ भ्रमण

भ्रमण गर्नु भनेको विभिन्न स्थानसँग परिचित हुनु हो । एस.पी. आसाले जीवनकै सबैभन्दा पहिलो र लामो पैदल भ्रमणका रूपमा बाल्यकालमा आफ्ना हजुरबुबासँग गरेको बताउँछन् । आसाले तीर्थयात्रा र स्वेच्छिक भ्रमण गर्न विशेष रुचि राख्ने गर्दछन् । उनले हालसम्म स्वदेश तथा विदेशका गरी धेरै ठाउँहरूको भ्रमण गरेका छन् । स्वदेशका भ्रमण तीर्थयात्रा र जागिरका क्रममा गरेको पाइन्छ । उनी जागिरका क्रममा गुल्मी, अर्घाखाँची, पाल्पा, तौलिहवा, भैरहवा र नवलपरासी गएका हुन् ।[५०] त्यस्तै उनी चितवन, बारा, पर्सा, रौतहट, धनुषा, रामेछाप, दोलखा, काभ्रे, रसुवा, नुवाकोट, धादिङ र स्याङजाको भ्रमण लेखापरीक्षणका क्रममा गरेका हुन् ।[५१] उनी गोर्खा र लमजुङ राजपरम्परा टेलिशृङ्खलाको सुटिङका अवसरमा गएको जानकारी दिन्छन् ।[५२] उनी धार्मिक महासङ्घसँग पनि आबद्ध रहेको पाइन्छ । यिनी विश्वहिन्दू महासङ्घको कार्यक्रम सिराहा, राजविराज, मोरङ्ग र झापा जिल्ला घुमेका छन् ।[५३] उनले नेपालका धेरै जिल्लाहरू घुमेर त्यहाँका सामाजिक,

[५०] शोधनायकसँग २०६६ माघ ३ गते उनकै घरमा लिइएको जानकारी अनुसार ।

[५१] *ऐजन* ।

[५२] *ऐजन* ।

[५३] *ऐजन* ।

राजनीतिक, धार्मिक, सांस्कृतिक, भौगोलिक पक्षसँग घुलमिल भएको बुझिन्छ । यिनले तीर्थयात्राका क्रममा नेपालका गोसाइँकुण्ड र मुक्तिक्षेत्रको यात्रा गरेका छन् ।[५४]

उनले नेपाल लगायत भारतको पनि भ्रमण गरेका छन् । भारतको भ्रमण पनि दुई किसिमबाट भएको देखिन्छ । पढाइका क्रममा र तीर्थयात्राका अवसरमा गएको पाइन्छ । उनी अध्ययनका अवसरमा दिल्ली, इलाहबाद र मथुरामा घुमेका छन् भने हिमाञ्चल प्रदेश, पूर्वी बंगाल, आसाम, दार्जीलिङ, गोवाटी, मद्रास, उडिसा, द्वारका, कलकत्ता, बनारस, दिल्ली, राजस्थान, बद्री, केदारनाथ आदि क्षेत्रहरू तीर्थयात्राका क्रममा घुमेका हुन् ।[५५] यिनले आग्राको दृश्यावलोकन पनि गरेका छन् । उनले भ्रमणका क्रममा साथी भाइलाई पारिवारिक वातावरणमा राख्ने, मित्रवत् व्यवहार, सुखदुःखमा साथ दिनुका साथै सबै कुराको बन्दोवस्त मिलाउने कार्यसमेत गरेको जानकारी दिलाउँछन् ।

यसरी अन्तःदेशीय भ्रमणका रूपमा उनले मुलुकका लगभग (६०) साठी जिल्लाजतिको भ्रमण गरेका छन् । उनी टेलिशृङ्खलाको छायाङ्कनका क्रममा गोर्खा र लमजुङसम्म पुगेको पाइन्छ । अन्तरदेशीय भ्रमणका क्रममा बद्री केदारनाथ, आग्रा, गुवाटी, बनारस, दिल्ली, इलाहावाद लगायतका धेरै क्षेत्रमा पुगेको पाइन्छ । देशीय तथा अन्तरदेशीय भ्रमण, विद्यार्थी, जागिर धार्मिक दृश्यावलोकनबाट प्राप्त गरेका अनुभवहरूले उनको साहित्य लेखनमा प्रेरक तत्त्वका रूपमा काम गरेका छन् । भ्रमणका अवसरमा भएका घटनाहरूलाई कुनै न कुनै कृतिका माध्यमबाट व्यक्त गरिएको हुन्छ त्यसैले साहित्य सिर्जनामा भ्रमणले पनि ठूलो भूमिका खेलेको पाइन्छ ।

## २.१४ मानसम्मान

आफ्नो जीवनको ६५ वसन्त पार गरेका एस.पी. आसा नेपाली साहित्यको विकासमा निरन्तर लागिरहेका छन् । उनले साहित्यका क्षेत्रमा गरेका कार्यका आधारमा विभिन्न मानसम्मानद्वारा सम्मानित भएका छन् । उनलाई 'गद्दी आरोहण रजत महोत्सवद्वारा' प्रदत्त प्रशंसा पत्र (२०५२) ले सम्मान गरिएको छ ।[५६] 'हाम्रो नेपाल' नामक सामाजिक संस्थाद्वारा उनको ऐतिहासिक साहित्य लेखनले पाठक वर्गमा ज्ञान भर्नुका साथै नेपालको इतिहासका घटनालाई निरन्तरता दिएर लेखेको हुनाले उनलाई प्रदत्त अभिनन्दन पत्रका साथै "द्वैपायनकल्प" उपनामले विभूषित

[५४] *ऐजन* ।

[५५] *ऐजन* ।

[५६] *ऐजन* ।

गरिएको छ ।[५७] विश्वहिन्दू युवासङ्घले उनलाई २०५९ सालमा अभिनन्दन पत्र प्रदान गरेको पाइन्छ । उक्त अभिनन्दन पत्रमा सामाजिक सुधारका अग्रगामी पथप्रदर्शक, सिलाई बुनाइ कार्यक्रमका सञ्चालक, सीतापाइला प्राथमिक विद्यालयका संस्थापक, आद्देश्वर महादेवस्थानमा आयोजना गरिएको शिवपुराणका साथै हाल विश्वहिन्दू महासङ्घको राष्ट्रिय समितिको सहकोषाध्यक्ष पदमा रहेर आफ्नो उत्तरदायित्व बहन गरेबापत दिइएको जानकारी पाइन्छ ।[५८]

सीतापाइला बहुउद्देश्यीय सहकारी संस्थाद्वारा प्रदत्त अभिनन्दन पत्र (२०५८) सीतापाइलामा जन्मेर पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वरमा ख्याति प्राप्त गर्न सफल भएकाले प्रदान गरिएको हो । ब्रिलियन्ट कलेज चाबहिलले २०६५ सालमा राष्ट्रिय स्तरका साहित्यकारका रूपमा सम्मान गरेको छ ।[५९] इतिहास, धर्म, संस्कृति र आफ्नो परम्परालाई अहिलेको जनमानसमा साहित्यका माध्यमबाट प्रचार प्रसार गर्ने काममा लागेका हुनाले उनलाई उक्त सम्मान प्राप्त भएको जानकारी दिन्छन् ।

यीबाहेक पृथ्वीनारायण शाह नामक उपन्यास (अङ्ग्रेजी अनुवाद) विमोचन समारोहमा राष्ट्रकवि माधव घिमिरे, दिनेशराज पन्त, जनार्दन घिमिरे, डा. स्वामी प्रपन्नाचार्य लगायतका महानुभावहरूबाट हस्तलिखित प्रशंसापत्र प्राप्त गरेका छन् । उनको पृथ्वीनारायण शाह उपन्यासको चर्चा अमेरिकाको ग्रिनेल कलेजका प्राध्यापकले आफ्नो विद्यावारिधिको शोधग्रन्थमा गरेको जानकारी इमेलमार्फत् २८ फरबरी २००१ मा प्राप्त भएको छ ।

## २.१५ निष्कर्ष

एस.पी. आसाको जन्म २००१ सालमा काठमाडौँको सीतापाइला गा.वि.स., वडा नं. २, शरणपुरमा भएको हो । उनी विष्णुप्रसाद घिमिरे र प्रेमकुमारी घिमिरेका जेष्ठ सुपुत्र हुन् । यिनलाई गाउँटोल र घरमा बोलाउने नाम श्रीप्रसाद घिमिरे भए पनि साहित्यका क्षेत्रमा एस.पी. आसाका नामले परिचित बन्न पुगेका छन् । आसाको अनौपचारिक शिक्षा घरबाटै सुरु भएको बुझिन्छ । उनका पहिलो गुरु आफ्ना बाबु हुन् । आठ वर्षको उमेरमा अमरकोश, रुद्री र वेद पढेका आसाले व्यवस्थापन र पत्रकारितामा स्नातकसम्मको अध्ययन गरेका छन् ।

उनको साहित्यतर्फको अभिरुचि विद्यार्थी जीवनकालबाटै सुरु भएको पाइन्छ । विद्यार्थी जीवनमा उनले पाठ्यपुस्तकभन्दा इतर पुस्तकहरू बढी पढ्ने जानकारी

---

[५७] *ऐजन*।

[५८] *ऐजन*।

[५९] *ऐजन*।


दिन्छन् । उनको साहित्य लेखनमा आफ्नै अध्ययन चिन्तनका साथै साथी भाइको प्रेरणाले ठूलो भूमिका खेलेको देखिन्छ । २०२० सालबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका आसाको सार्वजनिक साहित्य उपन्यासबाट भएको पाइन्छ । उनका १९ वटा कृतिहरू प्रकाशित भइसकेका छन् भने केही प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ । उनी जागिरे, साहित्यकार, समाज सेवकका रूपमा परिचित बन्न पुगेका छन् । उनले गरेका कार्यका आधारमा विभिन्न क्षेत्रबाट सम्मान पनि गरिएको छ । आसा आफू पनि विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध रहेका छन् । उनले विद्यार्थी जीवन, जागिरे जीवन, व्यापार व्यवसाय, सामाजिक, धार्मिक, सांस्कृतिक सङ्घ संस्थासँग संलग्न रहेर गरेका कार्यहरूले उनको व्यक्तित्वलाई पहिचान बनाउने तत्त्वका रूपमा लिन सकिन्छ । यिनै तत्त्वका आधारमा उनको व्यक्तित्वलाई चिनाउन सकिन्छ ।

# तेस्रो परिच्छेद

# एस.पी. आसाको व्यक्तित्व

## ३.१ विषयप्रवेश

कुनै पनि व्यक्तिको उसको जीवनको आरोह अवरोह, घात प्रतिघात, क्रिया प्रतिक्रिया र जीवन भोगाइमा नै उसको समष्टि व्यक्तित्व निर्भर रहन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक पृष्ठभूमिले ठूलो भूमिका खेलेको हुन्छ । यी कुराका अतिरिक्त, शिक्षादीक्षा, रुचि, पेसा र जीवनजगतप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणका सहायक तत्त्व हुन् । एस.पी. आसाको व्यक्तित्व निर्माणमा एकातिर पारिवारिक वातावरणले मद्दत पुऱ्याएको पाइन्छ भने अर्कोतिर बाल्यकालमा बितेको काठमाडौँ रमणीय परिवेश, बौद्धिक व्यक्तित्वहरूको सत्-सङ्गत, विभिन्न ठाउँको भ्रमण, जागिरे जीवनका घटना आदिले पनि त्यत्तिकै भूमिका खेलेको देखिन्छ । एस.पी. आसा विद्यार्थी अवस्थादेखि नै साहित्यतर्फ चिन्तन, मनन र लेखनले विविध व्यक्तित्वको निर्माणतर्फ संलग्न भएको पाइन्छ भने जन्मजात प्राप्त शारीरिक व्यक्तित्व उनमा उल्लेखनीय रहेको छ । यिनै माथि उल्लेख गरिएका आधारबाट एस.पी. आसाको समष्टिगत व्यक्तित्वलाई बहुआयामिक भन्न सकिन्छ । उनको बहुआयामिक व्यक्तित्वका पाटाहरूलाई व्यावहारिक र सिर्जनात्मक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :



## ३.२ शारीरिक व्यक्तित्व

शारीरिक संरचनाका दृष्टिले एस.पी. आसाको बाह्य व्यक्तित्व गहुँगोरो वर्ण, करीब ६ फिट अग्लो र हँसिलो अनुहारमा खुलेको देखिन्छ ।[६०] उनको स्वभाविक उचाइ र मोटाइले आसालाई रूपाकृतिको बाह्य व्यक्तित्वमा आकर्षण थप्न सहयोग गरेको छ । उनी जीवनमा आइपरेका समस्यालाई सहज रूपमा नलिएर गम्भीर भएर सोच्ने र त्यसमा अगाडि पाइला चाल्ने यिनको सानैदेखिको बानी रहँदै आएको छ । कसैसँग अनावश्यक भैभगडा नगर्ने, दुःख नदिने उनको स्वभाव रहेको पाइन्छ । उनमा उच्च मनोबल, शान्त, सौम्य, धैर्य, स्वावलम्बी र आत्मनिर्भरताजस्ता गुणहरू पाइन्छन् । सरल र मिजासिलो स्वभावका कारणले सबै उमेरका व्यक्तिहरूसँग सम्बन्ध राख्न सक्ने कला उनमा रहेको छ । उनी आफन्तका व्यक्तिहरूसँग सम्पर्क, भलाकुसारी, अध्ययन लेखनबाट मानसिक सन्तुष्टि लिने गर्दछन् । कुनै पनि कार्यको सुरुआत गरेपछि त्यसलाई निरन्तरता दिनुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ ।[६१] कुनै पनि कार्य गर्दा मानव जीवनमा विभिन्न किसिमका समस्याहरू आउने गर्दछन् र ती समस्याहरूलाई समाधान गर्नका लागि धैर्य भएर लाग्नु पर्दछ भन्ने सन्देश दिने गर्दछन् । आसाको बोलीमा नम्रता, मिठास, स्पष्ट अभिव्यक्तिले गर्दा सामान्यभन्दा भिन्न व्यक्तित्वको अनुभव हुन्छ । एस.पी. आसाको अनुहारमा देखिने चम्किलोपनाले अद्यावधि शारीरिक व्यक्तित्वमा उत्कर्ष थपिरहेको देखिन्छ ।

शारीरिक व्यक्तित्वका रूपमा आसाको मूल्याङ्कन गर्दा छिट्टै मिल्न सक्ने मिलनसार, जटिल परिस्थिति आइपर्दा पनि धैर्य, विचारपूर्वक निर्णयमा पुग्ने परिपक्क, शान्त र स्वाभिमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरू रहेको देखिन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

एस.पी. आसा एक सिद्धहस्त साहित्यकार हुन् । उनको साहित्यिक व्यक्तित्वलाई साहित्य र साहित्येतर गरी विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्वअन्तर्गत स्रष्टा र द्रष्टा व्यक्तित्व पर्दछन् । स्रष्टा व्यक्तित्वअन्तर्गत कारयित्री प्रतिभा र द्रष्टा व्यक्तित्वलाई भावयित्री प्रतिभाले चिनाइएको पाइन्छ ।

### ३.३.१ स्रष्टा व्यक्तित्व

स्रष्टा व्यक्तित्वले जीवनको अवलोकनलाई आफ्नै ढङ्गले आत्मसात गरी प्रभावपूर्ण शैलीमा साहित्यको सिर्जना गर्नु नै कविको स्रष्टा व्यक्तित्व हो । साहित्य

---

[६०] २०६६/८/१० गते शोधनायकसँग उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[६१] *ऐजन* ।

सिर्जनाको कारक तत्त्वका रूपमा धेरै विद्वान्‌हरूले प्रतिभालाई मान्दै आएको पाइन्छ । कवित्वको बीज नै प्रतिभा हो । नित्य नवीन कुरा प्रकाशित हुने प्रज्ञा नै प्रतिभा हो । साहित्य सिर्जनाका लागि प्रतिभाका साथै व्युत्पत्ति र अभ्यासको पनि आवश्यकता पर्दछ भन्ने मान्यतामा धेरै विद्वान्‌हरूले सहमति जनाएको पाइन्छ ।

एस.पी. आसाका अन्तरमनबाट प्रस्फुटन भएका भावहरूलाई साहित्यका विविध विधागत अवस्थालाई साहित्य सिर्जना गर्नु नै हो । उनको स्रष्टा व्यक्तित्वअन्तर्गत उपन्यासकार, कथाकार, कवि, नाटककार आदि पर्दछन् ।

### ३.३.१.१ उपन्यासकार व्यक्तित्व

एस.पी. आसाको सबैभन्दा सबल व्यक्तित्वको रूपमा उपन्यासकार व्यक्तित्वलाई लिन सकिन्छ । उनका पुस्तकाकार कृतिहरू प्रशस्त रहेका छन् । उनले जासुसी, सामाजिक र ऐतिहासिक गरी तीन थरिका उपनयास लेखेका छन् । यिनका सामाजिक उपन्यासमा समाजमा रहेका वर्गीय भदेभाव, मिलन विछोड, स्वतन्त्र कामवासना, नेपाली समाजमा नारीले भोग्नुपरेका समस्यालाई विषयवस्तु बनाएको छ । समाजमा नारीले आफ्नो मन परेको व्यक्तिसँग विवाह गर्न नपाएका कारणले आत्महत्या गर्न बाध्य भएका कारणहरूलाई प्रस्तुत गरिएको छ ।

एस.पी. आसाका जासुसी उपन्यास **एक आँखे**, **दुई भकुण्डो** र **डाक्टर डी.** जस्ता रहेका छन् । उनका जासुसी उपन्यासमा आपराधिक क्रियाकलाप, भयानकता, आश्चर्यजनक घटनाको चित्रण गर्दै पाठक वर्गलाई मनोरञ्जन प्रदान गर्ने लक्ष्य रहेको देखिन्छ । उनका जासुसी उपन्यासमा सज्जन र ठूलो व्यक्तिले पनि अपराध गर्दछ । अपराध गरेपछि सजायको भागिदार बन्नु पर्ने अवस्थाको चित्रण गरिएको छ । एस.पी. आसाले ऐतिहासिक उपन्यास पनि लेखेका छन् । उनका **महासामन्त**, **द्रव्यशाह**, **रक्तसम्मान**, **चित्कार**, **सेरोफेरो**, **पृथ्वीनारायण शाह**, **हामीले कसरी प्रजातन्त्र ल्यायौं** र **नेपालको पहिलो कोतपर्व**मा किराँतकालीन, बुद्धकालीन, लिच्छविकालीन, शाहकालीन, राणाकालीन र राजनीतिक घटनालाई विषयवस्तु बनाएर लेखेको पाइन्छ । उनका ऐतिहासिक उपन्यासमा घटना र तिथिमिति सत्य खालका छन् र ती घटनालाई भाँचभुँच गरेर कलात्मक रूपमा प्रस्तुत गर्नु नै उनको वैशिष्ठ्य हो । उनका **पृथ्वीनारायण शाह** र **हामीले कसरी प्रजातन्त्र ल्यायौं** जस्ता उपन्यासमा आत्मपरक शैलीको प्रयोग गरिएको छ । उनको पृथ्वीनारायण शाह उपन्यास अंग्रेजी भाषामा पनि अनुवाद भएको छ । जुन उपन्यासले अन्तर्राष्ट्रिय स्तरमा पनि चर्चा पाउन सफल भएको छ । अमेरिका निवासी ग्रिनेल कलेजका प्राध्यापक जेफरी लिङ्कीले आफ्नो विद्यावारिधिको शोधग्रन्थमा डिसरेन्टन्सनको पाना

नं. २० र पाना नं. १५६ मा प्रयोग गरेको जानकारी इमेलद्वारा (२८ फेब्रुअरी २००१) मा गराएको छ ।[६२]

एस.पी. आसाको उपन्यासकार व्यक्तित्वमा विविधतामय रहेको पाइन्छ । उनका सामाजिक उपन्यासमा सामाजिक यथार्थवाद, नैतिकता र आदर्शताजस्ता प्रवृत्ति रहेका छन् । यिनका जासुसी उपन्यासमा कल्पनात्मक, कलात्मकता, आश्चर्य, भयानकताजस्ता प्रवृत्ति पाइन्छन् भने ऐतिहासिक उपन्यासमा ऐतिहासिकता, यथार्थता, द्वन्द्वात्मकता, राजाभक्तिताजस्ता विशेषता रहेको पाइन्छ । उनका उपन्यासको संरचना लघु आयामदेखि महाकाव्यात्मकसम्म रहेको देखिन्छ । यिनका उपन्यासमा व्याकरणगत त्रुटिहरू प्रशस्त रहेका छन् । गहन विषयवस्तुलाई सरस र सरल भाषाशैलीका माध्यमबाट प्रस्तुति गर्न सक्नु नै उनको महानता हो । यिनै माथिका उपन्यासका विषयवस्तु र औपन्यासिक प्रवृत्तिका आधारमा उनको उपन्यासकार व्यक्तित्वलाई पहिचान गराउन सकिन्छ ।

### ३.३.१.२ कवि व्यक्तित्व

एस.पी. आसाले अन्य साहित्यकारले जस्तै जीवनको कुनै समयमा कविता लेखेको पाइन्छ । आसाले २०२४ सालमा टोखा अस्पतालमा कार्यरत रहँदा 'मेरो सर्वस्व तिमी' नामक कविता हस्तलिखित पत्रिकामा प्रकाशित भएको जानकारी गराउँछन् ।[६३] एस.पी. आसाको २०४५ सालतिर **यथार्थ** कविता सङ्ग्रह प्रकाशित भएको छ र उनका फुटकर कविताहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी दिन्छन् ।[६४] यिनका कविताका आकार लघुस्तरका छन् । जुन कवितामा देशप्रेम, राजभक्ति, मानवता, नैतिक सन्देश, पीडाका स्वर, आदर्श, देशमा बढ्दै गएको अराजकताजस्ता विषयवस्तु प्रस्तुत गरेका छन् । सामान्य विषयवस्तुलाई रोचकताका साथ प्रस्तुत गर्न सबल भएको पाइन्छ । उनका कवितामा अन्तरानुप्रास, अन्त्यानुप्रास, झ्याउरे, सवाई अनुष्टुप छन्दहरू मिसिएका छन् । मुक्त र बद्ध दुवै लय ढाँचाका कविता पाइन्छन् । कवितामा कतै कतै व्याकरणगत त्रुटिहरू पनि रहेका छन् । नेपाली कविताका क्षेत्रमा यिनका कविताहरूले उच्च स्थान पाउन सफल भएको नपाइए तापनि देशभक्ति प्रधान, शृङ्गारप्रधान, सन्देशमूलक, भावनात्मक खालका स्वरहरूलाई गुन्जाउन सफल भएका छन् । सरल, सरस भाषाशैलीका साथै

---

[६२] एस.पी. आसा, "लेखकको आफ्नै भनाई", **हामीले कसरी प्रजातन्त्र ल्यायौं**, दो.सं. (काठमाडौं : सरस्वती घिमिरे, २०६०) ।

[६३] शोधनायकसँग मिति २०६६/९/१० मा लिइएको विवरण अनुसार ।

[६४] शोधनायकसँग मिति २०६६/९/१४ गते उनकै निवासमा लिइएको अन्तर्वार्ता अनुसार ।

बिम्ब प्रतीकको प्रयोग पनि गरिएको छ । यिनै विशेषताका आधारमा उनको कवि व्यक्तित्वलाई चिनाउन सकिन्छ ।

### ३.३.१.३ कथाकार व्यक्तित्व

एस.पी. आसाले स्कुल पढ्दादेखि नै साहित्य लेखनमा रुचि राखेको पाइन्छ । उनले कथा, कविता, उपन्यास पढ्ने गर्दथे । २०२७ सालको मासिक प्रियपत्रिकामा 'कालोकोठी' कथाको प्रकाशन गराएपछि उनको औपचारिक कथाकार व्यक्तित्वको प्रारम्भ हुन्छ ।[६५] तर उनको उक्त कथा अहिले प्राप्त भएको छैन । आसाको **अँगालो मारीमारी रोयौं** नामक कथा प्रकाशित भएको छ ।[६६]

**अँगालो मारीमारी रोयौं** कथाको संरचना लघु आकारको छ । यसमा गाउँले सहरिया वातावरण, आर्थिक समस्या, पारिवारिक नैरास्यताका साथै हिंसात्मक राजनैतिक परिवेशको पनि चित्रण पाइन्छ । यस कथामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उनका कथामा राजनीतिक, आर्थिक, सामाजिक समस्यालाई सरल र कुतूहलताका साथ प्रस्तुत गरिएको हुनाले सामाजिक यथार्थवादी धारालाई अवलम्बन गरेर कथा लेख्ने कथाकार हुन भन्न सकिन्छ ।

### ३.३.१.४ नाटककार व्यक्तित्व

एस.पी. आसा कथाकारका अतिरिक्त नाटककार पनि हुन् । आसाको हालसम्म एउटा मात्र नाटक **हाम्रो हक जिन्दावाद !** जनमत पत्रिकामा प्रकाशित भएको छ ।[६७] तथापि यिनको **रक्तमर्यादा** शीर्षकको नाटयकृति प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइन्छ । **हाम्रो हक जिन्दावाद !** नाटक चार भागमा संरचित भए पनि आकारका दृष्टिले एकाङ्की स्तरको देखिन्छ । जुन नाटकमा राष्ट्रिय भावना, समसामयिक राजनैतिक, कुटनैतिक वैदेशिक सहायताको चित्रण गरिएको छ । पुरुष र नारी दुवै खालका पात्रहरू प्रयोग गरिएको नाटकमा द्वन्द्वको प्रबलता पाइन्छ । यस नाट्यकृतिमा सरल भाषाका माध्यमबाट समानताको स्वरलाई व्यङ्ग्यार्थक रूपमा प्रस्तुत गरिएको देखिन्छ । लघु आकारकै कृतिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याजस्तो गहन विषयवस्तुलाई प्रतिबिम्बित गर्नसक्नु उनको कार्य कुशलता हो भन्न सकिन्छ । यही समसामयिक राजनैतिक समतालाई समेटिएको एकमात्र नाटयकृतिबाट आसाको नाटककार व्यक्तित्वलाई स्पष्ट पारिएको छ ।

---

[६५] *ऐजन*।

[६६] मोहन दुवाल, *एस.पी. आसा विशेष,* **जनमत**, (वर्ष २२, अङ्क ५, २०६२ जेष्ठ ३१), पृ. ३२ ।

[६७] *ऐजन,* पृ. ३३-३७ ।

### ३.३.१.५ संस्मरणकार व्यक्तित्व

एस.पी. आसा संस्मरणकारका व्यक्तित्वका रूपमा पनि देखापरेका छन् । आसाले ज्ञानगुन प्रकाशनबाट प्रकाशित ज्ञानगुनका कुरा विभिन्न भागमा नेपाली भाषा र साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूका बारेमा संस्मरणात्मक लेखहरू लेखेका छन् । 'महाकविको दुई पैसा ढ्याक', 'इतिहासका सच्चा साथी दिनेशराज पन्त' र 'नेपालको ज्योतिपुञ्ज नयराज पन्त' जस्ता लेखहरूमा महाकवि देवकोटा आर्थिक अवस्था र मनलाई देखाउन खोजिएको छ । नेपाली साहित्यका क्षेत्रमा ज्यादै चर्चित व्यक्तित्वका रूपमा दिनेशराज पन्तलाई लिन सकिन्छ । उनी संस्कृत भाषाका प्रकाण्ड विद्वान् पनि हुन् । नयराज पन्त सिद्धान्त ज्योतिषका धुरन्धर विद्वान् तथा इतिहास, साहित्य, संस्कृत, संस्कृति काव्यजस्ता विषयको समेत विशेष ज्ञाता सिद्धान्तवादी व्यक्तित्वका धनी हुन् । नेपाली भाषा र साहित्यका क्षेत्रमा उनको अविस्मरणीय स्थान रहन गएको छ । उनकै अध्ययन चिन्तनलाई अनुसरण गरेर आजका साहित्यकारहरूले साहित्य सिर्जना गरेको पाइन्छ । आसाका यिनै संस्मरणात्मक लेख रचनाले गर्दा उनलाई संस्मरणकार व्यक्तित्वका रूपमा पनि चिनाएको छ ।

### ३.३.२ द्रष्टा व्यक्तित्व

"द्रष्टाले वस्तुस्थिति र भावका अभिव्यक्ति काव्यमा रहेको रचनात्मक मूल्यलाई मूल्याङ्कन गर्ने, त्यसका विशिष्टता र नवीनतालाई समीक्षण गर्ने त्यसको महत्त्वलाई स्थापित गर्ने निर्णायक व्यक्तित्व हो ।"[६८] आलोचकहरूलाई नै द्रष्टा भनिन्छ । एस.पी. आसाको स्रष्टा र द्रष्टा व्यक्तित्वका बीच परस्पर अन्तरसम्बन्ध देखिन्छ । यी दुवै व्यक्तित्व उनका एउटै साहित्यिक व्यक्तित्वका दुई पाटा हुन् । उनले प्राप्त गरेको शिक्षादीक्षा, सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक घटनाका आधारमा उनको द्रष्टा व्यक्तित्वलाई समीक्षक र लेखक गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

### ३.३.२.१ समीक्षक व्यक्तित्व

साहित्य सिर्जनाका साथसाथै एस.पी. आसाको कलम समीक्षाका क्षेत्रमा पनि अगाडि बढेको देखिन्छ । विभिन्न पत्रपत्रिकाहरूमा उनका समालोचनात्मक लेखहरू मरुभूमिको काँडा कविताको समीक्षा गरेका छन् । 'सम्झनाहरूमा स्व. केशवराज पिंडाली' ।[६९] 'महिला अंश कति सान्दर्भिक ?' 'म.वि.वि. शाहका काव्यात्मक

---

[६८] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते.सं., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १९६ ।

[६९] शोधनायकसँग २०६६/८/१० गते उनकै निवास सीतापाइलामा लिइएको विवरण अनुसार ।

उत्तराधिकारी कवि जी. शाह' ।[७०] 'मरुभूमिको काँडा' र 'रचनाका माध्यमबाट परिचित गोमा दिदी' आदि लेखहरूमा साहित्य, साहित्यकार तथा साहित्यकारहरूको प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । 'सम्भनाहरूमा स्वर्गीय केशवराज पिंडाली' शीर्षकको लेखमा केशवराज पिंडालीसँग भएका घटनाहरूको समीक्षा गरेका छन् । उनको स्वभाव, अध्ययनशीलताको पनि प्रशंसा गरिएको छ ।

महिलाका लागि अंश कति सान्दर्भिक भन्ने लेखमा महिलाका लागि अंशभन्दा शिक्षाको आवश्यकता पर्दछ । शिक्षाले नै मानवलाई सत्मार्ग लैजाने गर्दछ । शिक्षाको प्राप्तिपछि महिलाले पनि पुरुषसरह कुनै पनि कार्यमा सक्रिय सहभागिता देखाउन सक्दछ भन्ने सन्देश दिन खोजिएको छ । महिलाको जीवन सुखमय, शान्तिमय, आदर्शमय र संवृद्धिमय बनाउने कार्यहरूको खोजी गर्नु राम्रो हुन्छ । गोमा दिदीको जीवनमा आइपरेका घटनालाई कविताका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । उनी नेपाली साहित्यका क्षेत्रमा प्रशंसाकी पात्र बन्न सफल भएकी छिन् । उनका कविता अध्याय, पद-पद, लाइन-लाइनका कुराहरूलाई राम्रोसँग प्रश्न उत्तर गरिएको छ तर कविता कुन समयमा लेखिएको हो भन्ने जानकारी नभएकाले पाठक वर्गमा अन्योल पर्न गएको देखिन्छ । **मरुभूमिको काँडा** कविता सङ्ग्रहभित्र ५६ वटा कविता संग्रहित छन् प्रत्येक शीर्षक नै कविताजस्तै लाग्ने गरी शीर्षक मिलाइएको छ । कवितामा भावनात्मक पीडादायक र व्यवहारिक भावहरूलाई व्यक्त गरिएको छ । कतै कतै कविताको प्रसङ्ग विषयवस्तुभन्दा धेरै गहिराइमा गएको जस्तो लाग्दछ । कुनै कुनै पङ्क्तिमा वेदनात्मक व्यङ्ग्य पनि पाइन्छ । नारीको जीवन भोगाइका घटना, कविताको शीर्षकलाई नारीको जीवनसँग तुलना गरेर प्रस्तुत गरिएको छ । कविताको छपाइ उच्च स्तरको भए तापनि कवयित्रीको पहिलो कविता सङ्ग्रह भएकोले भावना र प्रस्तुति फरक परेको छ । कवि म.वि.वि. शाह नेपाली साहित्यमा सर्वोच्च हैसियतका व्यक्तित्व हुन् । कवि जी. शाहका ९ वटा काव्यात्मक अभिव्यक्तिमा राष्ट्रिय भावनाको ओतप्रोत रहेको छ । माया, ममता, जीवनप्रतिको दार्शनिक भाव, प्रकृतिप्रेमी आदि विषयवस्तु राखेर काव्यात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

एस.पी. आसाले विभिन्न पत्रपत्रिकामा छापिएका लेख तथा कृतिको समीक्षा गरेका आधारमा उनले साहित्य र साहित्यकारको विषयमा प्रभावपरक समालोचना गरेको पाइन्छ । त्यसैले एस.पी. आसाको समीक्षक व्यक्तित्व पनि सबल रूपमा नै रहेको छ ।

---

[७०] *ऐजन* ।

### ३.३.२.२ लेखक व्यक्तित्व

एस.पी. आसाको साहित्य यात्राको सुरुआत लेख रचनाबाट भएको हो । यिनले विभिन्न पत्रपत्रिकामा लेखहरू छपाउँदै आएका छन् । उनका **हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष** र **लोकतन्त्र अघिको महाभारत**जस्ता लेख सङ्ग्रह पनि प्रकाशित भइसकेका छन् जुन सङ्ग्रहहरूमा आध्यात्मिक, धार्मिक, सांस्कृतिक, विज्ञान र ज्ञानजस्ता विषयवस्तुलाई समावेश गरिएको छ । आजको वैज्ञानिक युगले पनि आध्यात्मले अँगालेका विषयवस्तुलाई प्रयोग गरिएको जानकारी गराइएको छ । उनका लेखहरू आध्यात्मिक, राजभक्ति, देशभक्तिको स्वरलाई उठाउनुका साथै लोकतन्त्र ल्याउनमा नेपाली जनताहरूले देशभित्र र बाहिरबाट कसरी सहयोग गरे भन्ने यथार्थतालाई प्रस्तुत गरिएको छ । गहन विषयवस्तुलाई पनि सरल भाषाका माध्यमबाट प्रस्तुत गर्नु नै उनको विशेषता हो ।

## ३.४ साहित्येतर व्यक्तित्व

एस.पी. आसाको व्यक्तित्व साहित्यिक क्षेत्रमा मात्र नभएर साहित्येतर क्षेत्रमा पनि उत्तिकै सशक्त, प्रभावकारी र अनुकरणीय रहेको छ । व्यक्तिगत स्वार्थलाई पर सारेर राजनीतिक, सामाजिक, जागिरे जीवन, आध्यात्मिक, व्यवस्थापन, पारिवारिक उत्तरदायित्व वहनका आधारमा उनको साहित्येतर व्यक्तित्वलाई स्पष्ट पार्न सकिन्छ :

### ३.४.१ सामाजिक व्यक्तित्व

एस.पी. आसाले साहित्यका क्षेत्रमा मात्र नभएर आफूलाई समाज सेवकका रूपमा चिनाउन सफल भएका छन् । उनले २०४२ सालमा सीतापाइला गा.वि.स. मा प्राथमिक विद्यालय स्थापनाका क्रममा संस्थापकका रूपमा रहेर कार्य गरेको जानकारी दिन्छन् ।[७१] त्यसैगरी २०४२ सालमा नै घरेलु विभागबाट सहयोग लिई आफ्नै घरमा चार गा.वि.स. का महिलाहरूका लागि सिलाइ बुनाइको तालिम सञ्चालन गराएका हुन् ।[७२] रामकोट गा.वि.स. को खानेपानी उद्घाटन, हरिसिद्धिमा वृक्षारोपण कार्यक्रम, बाटोमर्मत कार्यक्रमका साथै नेपाल मासिक पत्रिकाको सल्लाहकारका रूपमा रहेर कार्य गरेका हुन् ।[७३] हाल उनी राष्ट्रिय त्रिफला पुस्तकालय र वाणीप्रकाशन विराटनगरका आजीवन सदस्य बनेर समाज सेवा

---

[७१] शोधनायकसँग २०६६/९/१४ गते निजको निवासमा लिइएको जानकारी अनुसार ।

[७२] *ऐजन* ।

[७३] *ऐजन* ।

गरिरहेका छन् ।[७४] समाजमा आइपरेका समस्या समाधानका लागि सधैं सक्रिय भएर आफ्नो नेतृत्वदायी भूमिका खेलेको देखिन्छ ।

### ३.४.२ राजनैतिक व्यक्तित्व

एस.पी. आसा सानै हुँदा आफ्ना हजुरबुबा र बुबाले राणा शासकहरूबाट पाएका दुःख वेदनाका घटनाको जानकारी पाएर अत्यन्त दुःखी भएका आसा प्रजातान्त्रिक समाजवादबाट प्रभावित भएका हुन् तर उनको औपचारिक राजनीतिक यात्रा भने २०४४ सालदेखि मात्र प्रारम्भ भएका पाइन्छ । उनले २०४४ सालमा नेपाली काङ्ग्रेसको सदस्यता प्राप्त गरेका छन् । २०४६ सालको जनआन्दोलनमा चक्रपथ क्षेत्रका संयोजक र २०४८ सालमा नेपाली काङ्ग्रेस सीतापाइला एकाइका अध्यक्ष पदमा आफ्नो भूमिका निर्वाह गरेका हुन् ।[७५] उनलाई राजनीतिमा सक्रिय सहभागिता गराउनुमा नेपाली काङ्ग्रेसका संस्थापक वि.पी. कोइरालाको उल्लेखनीय योगदान रहेको जानकारी दिन्छन् । २०४८ सालपछि प्रत्यक्ष रूपमा राजनीतिबाट अलग रहे तापनि उनको राजनीति आफ्नो व्यक्तिगत स्वार्थका लागि जनताको हकका लागि अगाडि बढेको पाइन्छ । उनका विचारमा राजनीति भनेको अस्थिर खालको हुन्छ । राजनीतिमा सधैं चलखेल भइरहन्छ । आज एउटा पार्टी सत्तामा जान्छ भने भोलि अर्को पार्टी पुग्न सफल हुन्छ । यिनले जुन पार्टी सत्तामा गए पनि जनता र देशको शान्ति सुरक्षा कायम राख्नुपर्दछ भन्ने मान्यता राख्दछन् । उनको राजनीति पदको लोभका लागि नभएर राष्ट्र र जनताको हकहितका निम्ति भएकाले उनको राजनीति व्यक्तित्व पनि सबल नै रहेछ भन्न सकिन्छ ।

### ३.४.३ जागिरे व्यक्तित्व

एस.पी. आसा मध्यम वर्गीय परिवारमा जन्मेका व्यक्ति हुन् । उनले २०२० सालदेखि जागिर गर्दै आएका हुन् । उनले बहिदार, मुखिया, लेखापाल र प्रशासन प्रमुखमा रहेर जागिर गरेका हुन् । उनले टोखा अस्पतालमा प्रशासन प्रमुख भएर बस्दा अस्पतालको प्रशासन रेखदेखका साथै बिरामीहरूको लागि औषधी, खाना खाने र बस्ने व्यवस्थाको प्रबन्ध मिलाइदिएका थिए जुन कार्यले बिरामीहरूको उपचारमा केही सहयोग पुऱ्याएको थियो । यिनले केन्द्रीय उरस चिकित्सालय महाबौद्धमा लेखापाल भई काम गर्दा हाकिमले जनताबाट केही घुस लिनु पर्दछ भन्ने दबाव दिएपछि जागिरबाट अवकाश लिएको जानकारी दिन्छन् । उनका विचारमा घुस लिनु र दिनु दुवै कार्य राष्ट्रका लागि घातक तत्त्व हुन् । हाकिमसँग राय नमिलेर

---

[७४] *ऐजन* ।

[७५] *ऐजन* ।

जागिरबाट अवकाश लिएका आसामा निस्वार्थ भावना रहेछ । त्यही निस्वार्थ भावनाका आधारमा उनको जागिरे व्यक्तित्वलाई चिनाउन सकिन्छ ।

### ३.४.४ व्यवस्थापक व्यक्तित्व

एस.पी. आसाले व्यवस्थापकका क्षेत्रमा पनि कार्य गरेको पाइन्छ । उनले २०४८ सालमा प्रकाशित 'वि.पी. स्मृति ग्रन्थ' को प्रकाशन कार्यमा व्यवस्थापकको काम गरेका हुन् ।[७६] जुन ग्रन्थमा विभिन्न साहित्यकार, राजनीतिज्ञ, समाजसेवीहरूले वि.पी. को बारेमा लेख रचनाहरू प्रकाशित गराउने कार्य गरेका हुन् । २०५२ सालमा 'हाम्रो प्राङ्गण' नामक त्रैमासिक पत्रिकाको प्रकाशनको व्यवस्थापन कार्य पनि उनैबाट भएको पाइन्छ । सत्सङ्गत भवन निर्माण समिति सीतापाइलाका अध्यक्ष पदमा रहेर कार्य गरेका हुन् ।[७७]

एस.पी. आसाले विभिन्न आध्यात्मिक संघ संस्थामा आबद्ध व्यक्तिहरूसँग सम्पर्क बढ्दै गएको पाइन्छ । उनले २०५७ सालमा ओमकार मासिक पत्रिकाको सम्पादन कार्य गरेका हुन् जुन पत्रिकामा आध्यात्मिक विषयका लेख रचनाहरूको प्रकाशन हुने गर्दथे । यिनले २०५७ सालमा सीतापाइला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको लेखा-संयोजक पदमा रहेर कार्य गर्दा **सेवाङकुरण** पत्रिकाको सम्पादन गरेका हुन् । उक्त पत्रिकामा आर्थिक कारोबारसम्बन्धी विवरणहरू प्रस्तुत गरिएको हुन्थ्यो ।

यसप्रकार एस.पी. आसाले नेपालका महामानव वि.पी. कोइरालाको जीवनवृत्तका रूपमा तयार पारिएको ग्रन्थको व्यवस्थापन, भवन निर्माण कार्य र आर्थिक कारोबारसँग सम्बन्धित सम्पादन हुने पत्रिकाका साथै आध्यात्मिक विषयक विभिन्न पत्रिकामा सक्रिय सहभागी भएर आफ्नो व्यवस्थापक व्यक्तित्वलाई चिनाउन सफल भएका छन् ।

### ३.४.५ अभिभावक व्यक्तित्व

एस.पी. आसा जागिरको सिलसिलामा लामो समयसम्म परिवारभन्दा बाहिर रहेर जीवन बिताउनु परे तापनि आफ्नो परिवारमा उचित अभिभावकत्व प्रदान गरेको देखिन्छ । एस.पी. आसा तीस वर्ष हुँदा बाबुको मृत्यु भएको हो । बाबुको मृत्युपछि नेपाली संस्कारअनुसार जेठो छोराको काँधमा घर परिवारको जिम्मेवारी पुग्दछ । आसाले आफ्ना सहोदर दाजुभाइ तथा बहिनीको शिक्षादीक्षा, आमा, श्रीमती, छोरा छोरीका इच्छा, आकाङ्क्षा पूरा गरेर आफ्नो अभिभावक व्यक्तित्वलाई वहन गर्दै आएका छन् । आसाले आफ्ना भान्जा भान्जी र आफन्तका लागि आर्थिक सहयोग

---

[७६] शोधनायकसँग मिति २०६६/९/१५ गते उनकै निवासमा लिइएको विवरण अनुसार ।

[७७] *ऐजन* ।

पनि आर्थिक सहयोग गरी आफ्नै घरमा राखेर अध्ययन गराई रोजगार दिलाइदिएको जानकारी दिन्छन् । यसरी आसाले आफ्नो परिवार र आफन्तहरूका लागि पनि उचित कार्य गरेर आफ्नो अभिभावकत्व प्रदान गर्न सक्षम भएका छन् ।

### ३.४.६ आध्यात्मिक तथा दार्शनिक व्यक्तित्व

एस.पी. आसाको जन्म ब्राह्मण परिवारमा भएको हुनाले उनमा हिन्दू धर्मप्रति ठूलो आस्था रहेको पाइन्छ । बिहान उठेर दैनिक पूजापाठ गर्न रुचाउने आसा विभिन्न धार्मिक संघ संस्थामा आबद्ध भई धार्मिक कार्यक्रममा सहभागी हुने गर्दछन् । २०५२ सालदेखि 'विश्वहिन्दू महासंघमा' आबद्ध रहेका आसा हालसम्म सक्रियता दिँदै आइरहेका छन् । 'अहिंसा समन्वयका महासचिव', गीता अध्ययन मण्डल स्वयम्भूका आजीवन सदस्य बनेका छन् ।[७८] यिनले हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष नामक पुस्तकमा हिन्दू धर्म संस्कृतिसँग सम्बन्धित घटनाहरूलाई विज्ञानका ज्ञाताहरूले पनि अनुसरण गरेको पाइन्छ । एस.पी. आसा गीता दर्शनबाट पनि प्रभावित छन् । सानैदेखि संस्कृत भाषाप्रतिको झुकाव, पुराण, गीताजस्ता हिन्दू दर्शनका पुस्तकको अध्ययनबाट अत्यधिक प्रेरित भई त्यस्तै जीवनदर्शन बनाएको पाइन्छ । यिनै विषयवस्तुका आधारमा उनको आध्यात्मिक व्यक्तित्वलाई प्रष्ट पारिएको छ ।

### ३.४.७ बहुभाषी व्यक्तित्व

एस.पी. आसाले नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी र नेवारी भाषा जानेका छन् । आसाले नेपाली भाषालाई मातृभाषाका रूपमा सिकेका हुन् । कर्मकाण्डका क्रममा संस्कृत भाषा, अंग्रेजी भाषा दरबार हाइस्कुल पढ्दाबाटै सिकेका हुन् । हिन्दी भाषा उच्च शिक्षा हासिल गर्ने क्रममा भारतको मद्रासमा रहँदा सिकेको बताउँछन् । यिनको जन्म र कर्मस्थल काठमाडौँ भएकाले नेवार सम्प्रदायको रहनसहनसँग पनि घुलमिल बन्न सफल भएका छन् । नेवारी भाषाको आंशिक ज्ञान मात्र उनमा पाइन्छ । यिनै भाषाको ज्ञान र अध्ययनका आधारमा उनमा बहुभाषी व्यक्तित्व पनि छ भन्न सकिन्छ ।

## ३.५ जीवनी, व्यक्तित्व र कृतित्व लेखनका बीच अन्तः सम्बन्ध

एस.पी. आसाले नेपाल तथा भारतका विभिन्न विद्यालय र क्याम्पसहरूमा अध्ययन अध्यापन गरी आफ्नो साढे छ दशक लामो जीवनयात्रा पूरा गरिसकेका छन् । त्यसैगरी आसा साहित्यिक र धार्मिक संघ संस्थामा आबद्ध भएर तथा व्यक्तिगत

---

[७८] *ऐजन* ।

रूपमै पनि स्वदेश र विदेशका विभिन्न स्थानहरूको भ्रमणबाट आफ्नो अनुभवलाई अझ व्यापक बनाएका छन् । यस अवधिमा उनले धेरै अनुभवहरू बटुलेर तथा अध्ययन अध्यापनमा संलग्न भएर आफूलाई बौद्धिक क्षेत्रमा एक सफल व्यक्तित्व बनाइसकेका छन् । जीवनका आरोह-अवरोह अनुरूप नै उनमा भिन्न-भिन्न किसिमको व्यक्तित्व निर्माण भएको देखिन्छ भने तिनको प्रभाव उनका कृतिहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पनि रहेको पाइन्छ । एस.पी. आसाको जीवन भोगाइले उनलाई उपन्यासकार, कवि, नाटककार, संस्मरणकार, समीक्षक, अभिभावक आदि रूपमा स्थापित गराइसकेको छ । उनले आफ्नो जीवन बिताउने सन्दर्भमा जुनजुन स्थानहरूमा पुगेर जे जस्ता अनुभवहरू बटुले उनको व्यक्तित्व पनि त्यसै अनुरूप नै फैलिदै गएको पाइन्छ । उनी जागिरको सिलसिलामा टोखा अस्पतालमा रहँदा डाक्टर र बिरामीहरूको नर्सप्रतिको आकर्षण, डाक्टरहरूको क्रियाकलापका कारणले नर्सले आफ्नो पेशाबाट अवकाश लिनु परेका घटनालाई विषयवस्तु बनाएर **सिष्टर शोभा** उपन्यास लेखेका छन् जुन उपन्यासमा उनले प्रत्यक्ष रूपमा देखेका र सुनेका घटनालाई समावेश गरेको पाइन्छ । उनले नेपाली समाजमा रहेका गरिबी, बेरोजगारी, नारीहरूप्रतिका भेदभाव, पीडा, यातनाको प्रभावजस्ता विषयवस्तुलाई समावेश गरेर सामाजिक उपन्यास लेखेका छन् । उनका ऐतिहासिक उपन्यासमा तत्कालीन समयका सामाजिक, सांस्कृतिक, राजनीतिक घटनालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । उनका ऐतिहासिक उपन्यासमा देशभक्तिपूर्ण भावनाको व्यापक अभिव्यक्ति हुनाका साथै तत्कालीन निरङ्कुश राणा शासकका बर्बरता दुराचारप्रतिको व्यङ्ग्य अप्रत्यक्ष रूपमा ठाउँ ठाउँमा व्यक्त भएको छ । उनका उपन्यासमा युद्ध, धर्म, राष्ट्रियतालाई पनि समावेश गरिएको छ । उनका जासुसी उपन्यासमा समाजमा रहेका विकृति विसङ्गति, अपराध, भय आतङ्क र सन्त्रास जस्ता घटनालाई रहस्यमय तरिकाले प्रस्तुत गरिएको छ । यसरी आफ्नो उमेर अनि तत्कालीन समय र परिस्थिति अनुसारको सोचाइ, आफूले भोगेको युगको अवस्था अनि तत्कालीन, सामाजिक सांस्कृतिक वातावरण आदिको प्रतिबिम्ब उनका साहित्यिक कृतिहरूमा देख्न सकिने भएकाले उनको जीवनी, व्यक्तित्व र कृतित्व लेखनका बीच अन्तः सम्बन्ध रहेको देखिन्छ ।

## ३.६ निष्कर्ष

छ दशकको जीवन व्यतीत गरिसकेका साहित्यकार एस.पी. आसा व्यक्तित्वका धनी छन् । यिनको व्यक्तित्वलाई शारीरिक, साहित्यिक र साहित्येतर गरेर केलाइएको छ । उनको शारीरिक व्यक्तित्व अन्तर्गत शारीरिक बनोट, धैर्य र सहनशीलताजस्ता विशेषताले चिनाउन प्रयास गरिएको छ । उनको साहित्यिक

व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजन गरिएको छ । स्रष्टाअन्तर्गत उपन्यासकार, कवि, कथाकार र नाटककार आदि व्यक्तित्व पर्दछन् भने द्रष्टाभित्र समीक्षक र लेखक व्यक्तित्व रहेका छन् । साहित्येतर व्यक्तित्वमा सामाजिक, राजनैतिक, जागिरे, व्यवस्थापक अभिभावक, बहुभाषीजस्ता विशेषता रहेको पाइन्छ । यिनले साहित्यका विविध विधामा कलम चलाएर आफ्ना बहुभाषिक व्यक्तित्व निर्माणमा ठूलो भूमिका खेलेका छन् । उनले नेपाली उपन्यास परम्परामा सामाजिक, जासुसी, ऐतिहासिक उपन्यास लेखेर आफ्नो व्यक्तित्वलाई पहिचान गराउन सफल भएका छन् । उनले विभिन्न संघ संस्थाबाट मानसम्मानका साथै कदर पत्र पनि प्राप्त गरेका छन् । उनको **पृथ्वीनारायण शाह** उपन्यास अङ्ग्रेजी भाषामा अनुवाद हुनाका साथै त्यसका केही प्रसङ्गहरू अमेरिकाको ग्रिनेल कलेजका प्राध्यापकले आफ्नो विद्यावारिधिको शोधग्रन्थमा समेत समावेश गरेका छन् । त्यसैले उनको पृथ्वीनारायण शाह उपन्यास बढी चर्चित बन्न पुगेको छ । सामाजिक सुधारका अग्रगामी पथप्रदर्शक ! आसा पुस्तकजीवी मात्र नभएर एक कुशल समाजसेवी पनि हुन् उनले विद्यालयको स्थापना, महिलामा चेतनाको विकास गराउनका लागि सिलाइ बुनाइ, धार्मिक क्षेत्रमा विश्वहिन्दू महासङ्घसँग आबद्ध भएर हालसम्म कार्य गर्दै आएका छन् । हालसम्म पनि उनको सामाजिक र उपन्यासकार व्यक्तित्वले निरन्तरता पाइरहेको देखिन्छ । समग्रमा उनका व्यक्तित्वलाई बहुआयामिक मान्न सकिन्छ ।

# चौथो परिच्छेद

# एस.पी. आसाको कृतित्व

## ४.१ विषयपरिचय

प्रस्तुत "एस.पी. आसाको कृतित्वको अध्ययन" नामक चौथो परिच्छेदमा क्रमशः आसाको साहित्यिक यात्रा, सामाजिक, जासुसी, ऐतिहासिक उपन्यासको सङ्क्षिप्त अध्ययन, **यथार्थ** कविता सङ्ग्रहको अध्ययन, **हिन्दू संस्कृतिको व्यावहारिक र वैज्ञानिक पक्ष** र **लोकतन्त्र अधिको महाभारत** लेख सँगालोको सङ्क्षिप्त अध्ययन गरिएको छ ।

## ४.२ एस.पी. आसाको साहित्यिक यात्रा

२००१ सालमा काठमाडौँको सीतापाइलामा जन्मेका एस.पी. आसाले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । साहित्यकार आसाको साहित्यिक योगदान अविस्मरणीय रहेको पाइन्छ । उनको साहित्यिक जीवनको प्रारम्भ उच्च शिक्षाको अध्ययनसँगै अगाडि बढेको देखिन्छ । २०२४ सालमा टोखा अस्पतालमा जागिर गर्दा 'मेरो सर्वस्व तिमी' नामक कविता **हस्तलिखित** पत्रिकामा प्रकाशित भए तापनि उक्त कविता अहिले प्राप्त भएको छैन । उनको साहित्यिक यात्रा २०२० सालबाटै सुरु भएको हो । त्यतिबेला उनले सर्वप्रथम विश्वका विभिन्न साहित्यिक विद्वान्हरूका कृति पढेर उनीहरूका कृतिको ज्ञानलाई मौलिकता प्रदान गर्न सफल भएका छन् । साहित्यिक जीवनको उर्वर समयको सुरुआतमा उपन्यास लेखनतर्फ झुकाव रहनुमा पनि केही कारक तत्त्व रहेको पाइन्छ । उनी उच्च शिक्षाको अध्ययनका क्रममा भारतको इलाहाबाद र मद्रासमा रहँदा हिन्दीका धेरै उपन्यास पढेका हुन्छन् । तिनै उपन्यासको अध्ययनले आफूमा पनि नेपाली भाषाका धेरै उपन्यास लेख्ने प्रेरणा जागृत भएको बताउँछन् । २०२४ सालदेखि उपन्यास विधामा कलम चलाएका आसाले २०२७ सालमा आएर मात्रै उपन्यास विधालाई प्रकाशित गर्न सफल भएका छन् । २०२७ सालमा **अभाग** उपन्याससँगै सार्वजनिक बन्न सफल भएका आसाको कलम निरन्तर रूपमा अगाडि बढिरहेको छ । जम्मा उन्नचालीस बर्से सार्वजनिक साहित्यिक यात्रामा उनले विभिन्न विधामा कलम चलाएका छन् । उनका पुस्तकाकार कृतिहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | अभाग | उपन्यास | २०२७ | |
| २. | दुई मुकुण्डो | उपन्यास | २०२७ | |
| ३. | सिष्टर शोभा | उपन्यास | २०२८ | |
| ४. | डाक्टर डी. | उपन्यास | २०२८ | |

| | | | | |
|---|---|---|---|---|
| ५. | एक आँखे | उपन्यास | २०२८ | |
| ६. | अन्तिम अभिलाषा | उपन्यास | २०२९ | |
| ७. | यमराजको सन्देश | उपन्यास | २०३१ | अप्राप्त |
| ८. | आधुनिक अपराधी | उपन्यास | २०३५ | |
| ९. | महासामन्त | उपन्यास | २०३६ | |
| १०. | रक्त सम्मान | उपन्यास | २०४५ | |
| ११. | द्रव्य शाह | उपन्यास | २०४५ | |
| १२. | यथार्थ कविता सङ्ग्रह | कविता | २०४५ | |
| १३. | चित्कार | उपन्यास | २०४६ | |
| १४. | सेरोफेरो | उपन्यास | २०५१ | |
| १५. | पृथ्वीनारायण शाह | उपन्यास | २०५६ | |
| १६. | हामीले कसरी प्रजातन्त्र ल्यायौँ | उपन्यास | २०६० | |
| १७. | हिन्दू संस्कृतिको व्यावहारिक र वैज्ञानिक पक्ष | धार्मिक पुस्तक | २०५८ | |
| १८. | लोकतन्त्र अगिको महाभारत | लेख सँगालो | २०६५ | |
| १९. | नेपालको पहिलो कोतपर्व | उपन्यास | २०६६ | |

### ४.२.१ प्रकाशित फुटकर लेख रचनाहरू

एस.पी. आसाले विभिन्न साहित्यिक तथा दैनिक पत्रपत्रिकामा थुप्रै रचनाहरू फुटकर रूपमा प्रकाशित गर्दै आएका छन् । लेखन विकासका क्रममा राष्ट्रिय, आध्यात्मिक, नैतिक सन्देशमूलक र वैयक्तिक भावनालाई व्यक्त गरेर फुटकर रचना तयार गरेका छन् ।

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन स्रोत | साल | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेरो सर्वस्व | कविता | हस्तलिखित पत्रिका (टोखा अस्पताल) | २०२४ | अप्राप्त |
| २. | कालोकोठी | कथा | प्रियपत्रिका | २०२७ | अप्राप्त |
| ३. | स्वतन्त्रताको दुरूपयोग | लेख | नयाँ मञ्च साप्ताहिक | २०५० चैत्र २३ | |
| ४. | सिर्जनाको व्यथा | लेख | नवकीरण द्वैमासिक पत्रिका | २०५३ भाद्र वर्ष २, अङ्क १ | |
| ५. | राजपरम्परा सुटिङका केही कुरा | लेख | समचार पत्र | २०५४ वैशाख २० | |
| ६. | बी.सी. मल्ललाई सम्फँदा | लेख | समाचारपत्र | २०५५ भदौ १२ | |
| ७. | प्रजातन्त्र असुरक्षित भएको आशंका | लेख | समाचारपत्र | २०५५ असोज | |
| ८. | वैदिक प्रजातन्त्र र वर्तमान व्यवस्था बीचको विभेद | लेख | समाचारपत्र | २०५५ मङ्सिर १७ | |
| ९. | सहीद पर्व मनाउँदैछौं | लेख | समाचारपत्र | २०५५ पौष १६ | |
| १०. | उहिलेका भट्टराई र अहिलेका भट्टराई | लेख | समाचारपत्र | २०५६ भदौ १३ | |
| ११. | साहित्यकारहरू राष्ट्रका गहना हुन कि राजनीतिक दलका पेच किला ? | लेख | समाचारपत्र | २०५६ असोज ९ | |
| १२. | चालिसे जीसँग बाह्र वर्ष | लेख | सुन्दरराज चालिसे स्मृतिग्रन्थ | २०५६ असोज ७ | |
| १३. | शुभकामना छ कवि अर्पित | कविता | कविता उपहार | २०५७ | अप्राप्त |
| १४. | युग प्रतिक्षाकी कवयित्री | लेख | प्रणव आशिष | २०५८ | |
| १५. | शाह वंशसँग जोडिएको 'दश' र गोरखानाथको आशीर्वाद | लेख | समाचारपत्र | २०५८ असार ९ | |
| १६. | अघोषित आपतकालको अन्त्य गरौं | लेख | समाचारपत्र | २०५८ भदौ ३० | |
| १७. | प्रजातन्त्रका प्रथम प्रवर्तक सुब्बा | लेख | समाचारपत्र | २०५८ फागुन ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | देवीप्रसाद सापकोटा | | | | |
| १८. | हृदयविदारक कारुणिक संस्मरण | लेख | नारी उद्घोष | - | |
| १९. | माओवादीहरूले सम्मानको अवसर गुमाएकै हुन् | लेख | समाचारपत्र | २०५९ जेठ ११ | |
| २०. | प्यारा राजामा शब्दार्चन | लेख | स्व. श्री ५ वीरेन्द्र स्मृतग्रिन्थ प्रकाशन समिति | २०५९ आषाढ ६ | |
| २१. | यो कस्ले सुन्न सक्छ खै | कविता | हाम्रो नेपाल | २०५९ आषाढ | |
| २२. | मरुभूमिको काँडा (मरुभूमिको काँडा बिम्ब प्रतिबिम्ब) | कविता सङ्ग्रह | प्रतिनिधि प्रकाशन काठमाडौं | २०५९ | |
| २३. | काङ्ग्रेस कम्युनिष्ट देश विकासमा केन्द्रित रहने अपेक्षा | लेख | समाचारपत्र | २०५९ फाल्गुण १७ | |
| २४. | शब्द श्रद्धाञ्जलि योगी नरहरिनाथमा | लेख | समाचारपत्र | २०५९ फाल्गुण २५ | |
| २५. | प्रत्येक सरकारका पालामा जनता मारिएकै छन् | लेख | समाचारपत्र | २०६० वैशाख २८ | |
| २६. | जातीय पहिचान कायम राख्दै एक होऔं | लेख | समाचारपत्र | - | - |
| २७. | रचनाका माध्यमबाट परिचित गोमा दिदी (गोमा : सङ्घर्षशील जीवनका पाटा) | लेख | नारी स्वावलम्बी समाज परिवार (नारीश्वर) | २०६० | |
| २८. | सु-कीर्ति फैलियोस् | कविता | दियालो | २०६० पुस | |
| २९. | वीरेन्द्र सरकारको शान्तिक्षेत्र प्रस्ताव प्रतिको देन र सम्झना | लेख | श्रद्धाका केन्द्र श्री ५ वीरेन्द्र | २०६० भाद्र | |
| ३०. | नेताहरूकै कारण राजाको शक्तिमा वृद्धि | लेख | समाचारपत्र | २०६० जेठ २६ | |
| ३१. | युद्ध होइन शान्तिको कुरा गरौं | लेख | समाचारपत्र | २०६० फाल्गुन ८ | |
| ३२. | हामीले के के गरिसक्यौं | कविता | जनमत | २०६२ जेठ ३१ | |
| ३३. | अगाँलो मारीमारी रोयौं | कथा | जनमत | २०६२ | |
| ३४. | हाम्रो हक जिन्दावाद ! | नाटक | जनमत | २०६२ | |
| ३५. | यो नयाँ वर्षले सबलाई चेतनाको बिगुल फुकोस् | कविता | प्रणय आशिष | २०६२ | |
| ३६. | दिनेशराज पन्त | लेख | ज्ञानगुनका कुरा (ज्ञानगुन प्रकाशन) | २०६३ वैशाख | |
| ३७. | नेपालको ज्योतिपुञ्ज नयनराज पन्त | लेख | ज्ञानगुनका कुरा | २०६४ श्रावण १० | |
| ३८. | भौतिक स्वरूप परिचय नभएका विद्वान् | लेख | ज्ञानगुनका कुरा | २०६४ श्रावण | |
| ३९. | धन्य छ तिम्रो चरित्र नारी | कविता | नारीस्वर (नारी स्वावलम्बी समाज परिवार) | २०६४ | |
| ४०. | महिला स्रष्टाको सबै क्षेत्रमा अग्रणि भूमिका रहोस् | लेख | नारीश्वर | २०६५ | |
| ४१. | कहिल्यै नल्याऊ | कविता | त्रिफला साहित्य सृजना (झापा) | २०६५ भाद्र | |
| ४२. | आदर्श मौलियोस् सबको आध्यात्म पत्रिका लिँदा | लेख | आध्यात्म पत्रिका एक हीमा प्रतिष्ठान | २०६५ चैत्र | |
| ४३. | अतृप्त | कथा | अष्टबक्र गीता नेपाली भाषा साहित्य लेख सँगालोमा | २०६५ चैत्र | |
| ४४. | श्यामदाइको कति सरल व्यवहार | लेख | ज्ञानगुनका कुरा | २०६६ | |
| ४५. | महाकविको दुई पैसे ढ्याक | लेख | ज्ञानगुनका कुरा | २०६६ | |
| ४६. | अत्यन्त निजी कुरा | कथा | नारीश्वर | २०६६ असार | |
| ४७. | राष्ट्रिय विभूति मोतीराम भट्टको सङ्क्षिप्त जीवनी | लेख | वैजयन्ती पत्रिका (शब्दार्थ प्रकाशन) | २०६६ भदौ-मंसिर | |
| ४८. | शाब्दिक अभ्यर्चना | लेख | ज्ञानगुनका कुरा | २०६६ श्रावण | |
| ४९. | कौडी पनि मिल्कन्छ भिल्लाका देशमा मणि | लेख | नारीश्वर | २०६६ आश्विन | |
| ५०. | उन्मत्त साँढेको कथा | लेख | प्रदीपिका (पूर्व | वर्ष ११, अङ्क १८, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सिक्किम) | जनवरी ८ | |
| ५१. | हे कृष्ण आऊ मुरली बजाऊ | भजन | प्रदीपिका (पूर्व सिक्किम) | जुलाई ६, अङ्क १६ | |

**अप्रकाशित कृतिहरू**

(१) बाघकी कान्छी मैया - ऐतिहासिक उपन्यास

(२) सिद्धार्थ कसरी बुद्ध भए ?

(३) रक्तमर्यादा - नाटक

### ४.२.२ चरणविभाजन

२०२४ सालदेखि लेख रचनाहरू प्रकाशन गर्दै आएका एस.पी. आसाको औपचारिक साहित्यिक २०२७ सालमा **अभाग** उपन्यास प्रकाशनसँगै अगाडि बढेको छ । उनका हालसम्म १९ ओटा कृति पुस्तकाकार रूपमा रहेका छन् । उनका यिनै पुस्तकाकार कृतिहरूलाई आधार मानेर उनको साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती दुई चरणलाई अनेक उपचरणमा यसप्रकार उल्लेख गर्न सकिन्छ :

(क) प्रथम चरण (२०२७ देखि २०३५ सम्म)

(ख) द्वितीय चरण (२०३६ देखि हालसम्म)

### ४.२.२.१ प्रथम चरण (२०२७ देखि २०३५ सम्म)

प्रथम चरणलाई अभ्यासकालीन र सार्वजनिक गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । २०२० सालमा लेखिएको बालविवाह लेख, २०२४ सालको 'मेरो सर्वस्व तिमी' नामक कविताका साथै २०२७ सालमा लेखिएको कालो कोठी नामक कथालाई अभ्यासकालीन चरणका प्रतिनिधि कृतिका रूपमा राख्न सकिन्छ । उनको यस चरणमा खासै महत्त्वपूर्ण र चर्चित रचना सृजना भएको पाइँदैन ।

२०२७ सालपछिका समयावधिलाई सार्वजनिक अवस्थाका रूपमा लिन सकिन्छ । त्यसपछिका पुस्तकाकार रूपमा प्रकाशित रचनाहरूको विवरण यसप्रकार छ :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | अभाग (सामाजिक) | उपन्यास | २०२७ | |
| २. | दुई मुकुण्डो (जासुसी) | उपन्यास | २०२७ | |
| ३. | सिष्टर शोभा (सामाजिक) | उपन्यास | २०२८ | |
| ४. | डाक्टर डी. (जासुसी) | उपन्यास | २०२८ | |
| ५. | एक आँखे (जासुसी) | उपन्यास | २०२८ | |
| ६. | अन्तिम अभिलाषा (सामाजिक) | उपन्यास | २०२९ | |
| ७. | यमराजको सन्देश (जासुसी) | उपन्यास | २०३१ | अप्राप्त |
| ८. | आधुनिक अपराधी (जासुसी) | उपन्यास | २०३५ | |

एस.पी. आसाको साहित्यिक यात्राको प्रथम चरणमा 'मेरो सर्वस्व तिमी', 'कालो कोठी' जस्ता कविता र कथा फुटकर रचनाका रूपमा देखापरेका छन् । उनका यस चरणमा आठओटा प्रकाशित कृति रहेका छन् जुन कृतिहरू सामाजिक र जासुसी उपन्यासका नामबाट परिचित बन्न सफल भएका छन् । उनका सामाजिक उपन्यासमा समाजमा रहेका विकृति विसङ्गति, भाग्यवादी सोँच, परम्परागत मूल्य मान्यताका कारण नारीले भोग्नु परेका समस्या, युवायुवतीका बीचमा प्रेम र धोका, असमानता, पश्चाताप, मनोभावनाका बीचमा अन्तर्द्वन्द्व, गरिबी आदि विषयवस्तुमाथि चित्रण गरिएको छ ।

यिनका जासुसी उपन्यासमा रहस्य, आश्चर्य, भयावह अवस्था, लोभ, ईर्ष्याको भावना, कूटनैतिक सोँचको चित्रण पनि पाइन्छ । उनले आफ्ना कृतिमा समाजमा घटेका र भविष्यमा घट्न सक्ने विषयवस्तुलाई यथार्थवादी ढङ्गले व्यक्त गरेका छन् । उनका जासुसी उपन्यासमा अनावश्यक तनाब, रहस्य, भयावह घटना आपराधिक क्रियाकलापमा संलग्न जोसुकै व्यक्ति पनि सजायको भागीदार बन्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ । नेपाली भाषा र साहित्यलाई स्नेह गर्दै धेरै विषयवस्तुको चित्रण सरल भाषाशैलीका माध्यमबाट गरेका छन् । यस चरणलाई सामाजिक र जासुसी उपन्यासको चरण पनि भन्न सकिन्छ ।

### ४.२.२.२ द्वितीय चरण (२०३६ देखि हालसम्म)

एस.पी. आसाको द्वितीय चरणलाई प्रथम चरणभन्दा बेग्लै खालको विषयवस्तु र शैलीलाई अपनाएर उपन्यास लेखेका छन् । यस चरणलाई ऐतिहासिक उपन्यासको नामबाट पनि चिनाउन सकिन्छ । ऐतिहासिक उपन्यासमा दर्शनको क्षेत्र पनि मिसिएको हुन्छ र केही मात्रामा कल्पनालाई पनि समावेश गरिएको छ ।

उनका २०३६ सालपछिका उपन्यासमा समाजमा घटेका सामाजिक विकृति विसङ्गतिका सट्टा नेपालको इतिहास, राज्यव्यवस्था, आर्थिक, सामाजिक सांस्कृतिक घटनालाई आधार बनाएर उपन्यास लेख्न थालेका छन् । उनको द्वितीय चरणलाई पनि राणाकालीन र शाहकालीन विषयवस्तुको प्रस्तुतिका आधारमा दुईओटा उपचरणमा विभाजन गरिएको छ ।

(क) पूर्वार्द्ध चरण (२०३६ देखि २०४५ सम्म)
(ख) उत्तरार्द्ध चरण (२०४६ देखि हालसम्म)

#### ४.२.२.२.१ पूर्वार्द्ध चरण (२०३६ देखि २०४५ सम्म)

एस.पी. आसाले दोस्रो चरणको सुरुमा ऐतिहासिक उपन्यासको साथै **यथार्थ कविता सङ्ग्रह** पनि प्रकाशित गरेका छन् । त्यसैले यस चरणलाई विधा मिश्रणको

चरण भनी नामकरण गर्न सकिन्छ । उनले यस चरणमा किराँतकालीन, बुद्धकालीन र लिच्छवीकालीन शासन व्यवस्थामा घटेका घटनालाई विषयवस्तु बनाएर उपन्यास लेखेका छन् । यिनले त्यतिबेलाका सांस्कृतिक, सामाजिक, राजनैतिक परिवेशलाई झल्काउनुका साथै घटनालाई समावेश गरिएको छ । नैतिक सन्देश दिनुका साथै आदर्शका कुरा सिकाउनु उनका उपन्यासको मुख्य उद्देश्य रहेको बुझिन्छ ।

**यथार्थ कविता सङ्ग्रह**मा नेपालको समसामयिक परिस्थितिसँग मेल खाने घटनाहरूलाई विषयवस्तु बनाइएको छ । यसमा पनि आदर्श, ज्ञान, विज्ञान, राजनीति, इच्छा, आकाङ्क्षा, रहस्य, मृत्युजस्ता विषयवस्तुलाई सरल र सरस भाषाशैलीका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । उनका कवितामा काव्यात्मकता रहेको पाइन्छ । यस चरणमा निम्न कृति पर्दछन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | महासामन्त | उपन्यास (ऐतिहासिक) | २०३६ | |
| २. | द्रव्यशाह | उपन्यास (ऐतिहासिक) | २०४५ | |
| ३. | रक्तसम्मान | उपन्यास (ऐतिहासिक) | २०४५ | |
| ४. | यथार्थ कविता सङ्ग्रह | कविता | २०४५ | |

दोस्रो चरणको सुरुआत २०३६ सालदेखि भएको हो । यस चरणमा महासामन्त, रक्तसम्मान, द्रव्य शाह र यथार्थ कविता सङ्ग्रह पर्दछन् । ऐतिहासिक विषयवस्तुलाई कल्पना र यथार्थको मिश्रणबाट रोचकता दिने कार्य भएको पाइन्छ । **महासामन्त** उपन्यासमा लिच्छविकालीन प्रशासन, पाञ्चाली व्यवस्थाको समयमा देशमा प्रचलित मानिएको कठोरता र कोमलताका दृष्टिले मध्यम खालको शासन व्यवस्थालाई जनाउँछ र त्यतिबेला नेपालको राजनीतिमा रहेको अस्थिरताको चित्रण पनि गर्न खोजिएको पाइन्छ ।

**रक्त सम्मान**मा किराँतकालीन समयमा भएका सामाजिक, राजनैतिक अस्थिरताका साथै शक्तिका लागि भएको सङ्घर्षको चित्रण गरिएको छ । धार्मिक परम्पराप्रतिको आस्था र श्रद्धालाई पनि समावेश गरेको पाइन्छ ।

**द्रव्य शाह** उपन्यासमा गोर्खा र लमजुङ राज्यमा विभिन्न रजौटाहरू हुन्छन् ती रजौटाहरू बीचमा सधैं झै-झगडा हुने, आक्रमणका लागि षडयन्त्र रच्नु र मतवाली र द्रव्य शाहका बीचमा भएको युद्धको पनि वर्णन गरिएको छ । गोर्खा राज्यलाई मजबुत बनाउनका लागि द्रव्य शाहले दिएको योगदानलाई पनि समावेश गरिएको छ ।

**यथार्थ कविता सङ्ग्रह**मा विद्याकी देवी सरस्वती, ज्ञानको भण्डारका रूपमा रहेको विद्यालय, मानवको जन्मदेखि वृद्धावस्थासम्मका घटना, नैतिक आदर्श र

राजनीतिक विषयवस्तुलाई समेटेर लेखेको देखिन्छ । यस सङ्ग्रहमा रहेका कवितामा भावको प्रधानता रहेको छ ।

यसरी एस.पी. आसाले यस चरणमा तीनओटा ऐतिहासिक उपन्यास र एउटा कविता सङ्ग्रह प्रकाशित गरेका छन् । ती कृतिमा किराँतकालीन, लिच्छवीकालीन, शाहकालीन र समसामयिक परिस्थितिसँग मिल्दाजुल्दा घटनालाई पनि कथानक बनाएर अगाडि बढेको देखिन्छ । यस चरणले उनलाई उपन्यासकार र कविका रूपमा चिनाउन सफल भएको छ ।

### ४.२.२.२.२ उत्तरार्द्ध चरण (२०४६ देखि हालसम्म)

यस चरणमा एस.पी. आसाले ऐतिहासिक उपन्यासका साथै हिन्दू संस्कृति, व्यावहारिक र वैज्ञानिक चिन्तनलाई आधार बनाएर एउटा आध्यात्मिक पुस्तक पनि प्रकाशित गरेका छन् । उनका उपन्यासमा राणाकालीन र शाहकालीन घटनालाई विषयवस्तुका रूपमा लिएको पाइन्छ । **चित्कार** उपन्यासमा राणा शासकहरूले नेपाली जनतालाई दिएको यातना र सजायलाई प्रस्तुत गरिएको छ । देशका लागि केही गर्नु पर्छ भन्ने भावना बोकेका व्यक्तिलाई सहिद बनाइएको छ ।

**सेरोफेरो** उपन्यासमा नेपालमा प्रजातन्त्रको अभ्युदयपश्चात्को राजनैतिक अस्थिरता, सत्ताका लागि सङ्घर्ष, अवसरवादीको उन्नति आदि घटनालाई विषयवस्तु बनाइएको छ ।

**पृथ्वीनारायण शाह** उपन्यासमा पृथ्वीनारायण शाहको जन्मपूर्वदेखि वृद्धावस्थासम्मका घटनालाई विषयवस्तु बनाइएको छ । नेपालको एकीकरणका लागि उनले देखाएको साहसिकतालाई पनि समावेश गरिएको छ ।

**हामीले कसरी प्रजातन्त्र ल्यायौँ**मा राणाहरूको निरङ्कुश शासन व्यवस्थाप्रति राजा त्रिभुवन र नेपाली जनताको नैराश्यता अवस्थालाई देखाइएको छ । राणा शासन व्यवस्था हटाउनका लागि स्वदेशी तथा विदेशी भूमिबाट भएको सहयोगलाई पनि देखाइएको छ । राणा शासनको अन्त्यका लागि राजा त्रिभुवनले राजगद्दी त्यागी भारत भ्रमण गएको र नेपाल फर्केपछि प्रजातन्त्रको घोषणा गरेको कुरा उल्लेख गरिएको छ ।

**हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष** भन्ने धार्मिक पुस्तकमा अध्यात्मलाई विषयवस्तु बनाइएको छ जुन विषयवस्तुलाई आजका वैज्ञानिकहरूले केही हदसम्म अनुसरण गरेको पाइन्छ । मानिसको असल चरित्र निर्माणका लागि अध्यात्मको ज्ञान आवश्यक पर्दछ भन्ने सन्देश दिइएको छ ।

**लोकतन्त्र अगिको महाभारत**मा २०६३ सालको जनआन्दोलन पूर्वार्द्ध र जनआन्दोलनका समयमा नेपाली जनताले देखाएको साहसिकता, सरकार र विद्रोही

पक्षका बीचमा भएको सङ्घर्ष, नेपाली जनताका पीडा वेदना, सरकारमा बसेकाहरूको विलासिताको प्रवृत्ति, विलासिताका कारणले जनताका अगाडि झुक्नु परेका घटनालाई प्रस्तुत गरिएको छ । लोकतन्त्र ल्याउनका लागि विदेशमा रहेका नेपालीहरूले पनि आर्थिक सहयोग गरेका छन् ।

**नेपालको पहिलो कोतपर्व** ऐतिहासिक उपन्यासमा रणबहादुर शाहको जीवन चरित्र, थापा र पाँडेका बीचमा रहेको बैमनस्यताको राजनैतिक अस्थिरताले नेपालको पहिलो कोतपर्वलाई निम्त्याउने काम गरेको छ ।

उत्तरार्द्ध चरणमा निम्नलिखित कृति रहेका छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | चित्कार | उपन्यास | २०४६ | |
| २. | सेरोफेरो | उपन्यास | २०५१ | |
| ३. | पृथ्वीनारायण शाह | उपन्यास | २०५६ | |
| ४. | हामीले कसरी प्रजातन्त्र ल्यायौं | उपन्यास | २०५७ | |
| ५. | हिन्दू संस्कृतिको व्यावहारिक र वैज्ञानिक पक्ष | धार्मिक पुस्तक | २०५८ | |
| ६. | लोकतन्त्रअगिको महाभारत | लेख सँगालो | २०६५ | |
| ७. | नेपालको पहिलो कोतपर्व | उपन्यास | २०६६ | |

यसरी एस.पी. आसाको साहित्यिक यात्रा २०२४ सालबाटै सुरु भएको छ । उनले साहित्यका विभिन्न विधामा कलम चलाउँदै अगाडि बढेका छन् । यिनले हालसम्म तेह्रओटा पुस्तकाकार कृतिका साथै सत्तरी जति फुटकर रचनालाई प्रकाशन गराउन सफल भएका छन् । यिनका कथा, कविता, नाटक, उपन्यास फुटकर लेख रचनाहरूमा सामाजिक, राजनीति, इतिहास, अध्यात्म र समसामयिक घटनालाई आधारित बनाएर लेखेका छन् । समाजमा रहेको अज्ञानतालाई हटाउनका लागि शिक्षाको आवश्यकता पर्दछ । मानिसलाई शिक्षाले सत्मार्गमा लैजान सहयोग गर्दछ र उसको भविष्य पनि उज्ज्वल बन्न सक्दछ भन्ने देखाउन खोजिएको छ ।

## ४.३ प्रवृत्तिहरू

एस.पी. आसाका साहित्यिक यात्राका क्रममा देखापरेका प्रमुख प्रवृत्तिहरू निम्नानुसार छन् :

### ४.३.१ यथार्थवादी प्रवृत्ति

यथार्थवाद स्वच्छन्दतावादको विरुद्धमा देखापरेको वाद हो । यसले मानव जीवनका कारुणिक घटनालाई प्रस्तुत गरेको हुन्छ । मानवले प्रत्यक्ष भोगेका

सार्वजनीन सत्यको खोजी गर्दछ र समाजको प्रतिबिम्ब उतारिएको हुन्छ । एस.पी. आसाका सामाजिक र ऐतिहासिक उपन्यासमा जीवनमा घटेका घटनालाई प्रस्तुत गरेका छन् । उनका सामाजिक उपन्यासमा युवायुवतीका बीचमा हुने सहज आकर्षण, धनी र गरिबका बीचमा भएको असमानता, परम्परागत मूल्य र मान्यताका विरुद्धमा आवाज उठाउने नारी पात्रले समाजमा भोग्नु परेका बाध्यता र विवशताको चित्रण गरिएको छ ।

उनका ऐतिहासिक उपन्यासमा पृथ्वीनारायण शाह, त्रिभुवन, बुद्ध, अंशुवर्माजस्ता पात्रहरूलाई ल्याएर तिनीहरूका जीवनको सामाजिक, आर्थिक, राजनैतिक विषयवस्तुलाई यथार्थ ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ४.३.२ सामाजिकता

एस.पी. आसाका उपन्यासमा समाजको चित्रण पनि गरिएको छ । उनका सामाजिक उपन्यासमा काठमाडौँका अस्पतालको वर्णन पनि गरिएको छ । २०२७ सालतिर नर्सिङ् पेशामा रहेका विकृति विसङ्गति चित्रण, अवैध सम्बन्धको चित्रण गरिएको छ । उनका ऐतिहासिक उपन्यासमा तत्कालीन समयमा भएका भाषा, संस्कृति, शासन व्यवस्थालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरी आफ्नो सामाजिक प्रवृत्तिलाई चिनाउन सफल भएका छन् ।

जासुसी उपन्यासमा रहस्यमय घटनाको सिर्जना गरी मनोरञ्जनात्मकता थपेको पाइन्छ । उनका जासुसी उपन्यासमा समाजमा अराजकता फैलाउँदै जाने पात्र को हो, कसरी आपराधिक क्रियाकलाप गर्दै अगाडि बढेको छ भन्ने कुरा अनुभवी गुप्तचरले अनुसन्धान गरेर मात्र पत्ता लगाउन सक्दछ । उनका जासुसी उपन्यासमा आतङ्क, भय र सन्त्रासको प्रस्तुतिमा जोड दिइएको छ । उनका जासुसी उपन्यासमा सज्जन पात्रले पनि मारकाट, हत्या, बलात्कार आदि कार्यमा सहभागी रहेको देखाइएको छ । उसले गरेका अमानवीय व्यवहारको कारण दण्ड सजाय भोग्नु परेको अवस्थालाई पनि चित्रण गरिएको छ ।

### ४.३.३ ऐतिहासिकता

ऐतिहासिक उपन्यासमा लेखकको जन्मभन्दा पहिलेको समयावधिका घटना र इतिहासमा वर्णन गरिएका चरित्रलाई लिएर लेखिएका हुन्छन् । यसले ऐतिहासिक घटना, पात्र र परिवेशलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ । यसमा स्वतन्त्र कल्पनाको पनि स्थान रहन्छ । एस.पी. आसाका उपन्यासमा इतिहासप्रसिद्ध घटना र पात्रहरूको विषयवस्तुलाई औपन्यासिकता प्रदान गरेको छ । उनका उपन्यासमा तत्कालीन राज्यव्यवस्था, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक पक्षका बारेमा चित्रण गरेको पाइन्छ ।

### ४.३.४ जीवनीपरकता

उनका ऐतिहासिक उपन्यासमा प्रमुख पात्रहरूको जीवनीको पनि चर्चा गरेको देखिन्छ । **पृथ्वीनारायण शाह** उपन्यासमा उनको जन्मपूर्वका घटनादेखि अन्तिम अवस्थासम्म घटनाहरूलाई प्रस्तुत गरिएको छ । उनको जन्म हुनुभन्दा अगाडि योगी बाबाले भनेका घटनालाई प्रस्तुत गरेको पाइन्छ । **हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा राजा त्रिभुवनका पालामा नेपाली जनता र राजालाई राणाहरूले पिँजडाको सुगाजस्तै बनाएका हुन्छन् । राणाहरूले राजालाई भोगविलासितामा भुलाएर देशको शासनव्यवस्थालाई आफ्नो बनाएको अवस्थालाई प्रस्तुत गरिएको छ । त्रिभुवनको देशप्रति प्रेमको भावनालाई पनि देखाइएको छ । **महासामन्त** उपन्यासमा अंशुवर्मा, द्रव्य शाहको जीवनकहानी, **नेपालको पहिलो कोतपर्व**मा रणबहादुर शाहलाई प्रमुख पात्र बनाई तिनै पात्रको जीवनका कथालाई अगाडि बढाइएको हुनाले उनमा जीवनीपरकता प्रवृत्ति पनि थियो भन्न सकिन्छ ।

### ४.३.५ राजभक्ति

उनका ऐतिहासिक उपन्यासमा राजा महाराजाहरूलाई प्रमुख पात्रका रूपमा प्रस्तुत गरेको पाइन्छ । ती पात्रहरू सधैं अविस्मरणीय बन्न पुग्दछन् र देशको उन्नति प्रगतिका लागि केही योगदान पुऱ्याएका हुन्छन् । अंशुवर्मालाई त्यागीका रूपमा, पृथ्वीनारायण शाहले राज्यमा रहेका बाइसी चौबीसी राज्यहरूका बीचमा एकता कायम राख्नका लागि एकीकरणको कार्यलाई अगाडि बढाएको देखिन्छ । एकीकरण कार्यमा लागि परेको हुनाले उनलाई एकीकरण कर्ताका रूपमा चिनिन्छ । घुस खाने र घुस दिने दुवै देशका सत्रु हुन् र यी दुवैलाई सजाय गर्नु पर्दछ भन्ने सन्देश दिएका छन् । त्रिभुवनलाई प्रजातन्त्रका संस्थापकका रूपमा चित्रण गरिएको छ । उनले देशको रक्षाका लागि गोर्खालीहरूले दिएको योगदानको चर्चा गर्दै भनेका छन् “मेरा बहादुर सिपाहीहरू हो हामीहरूले आफ्नो जीवनको बाजी लगाएर गोरखा राजवंशको श्रीवृद्धि गऱ्यौं त्यसका लागि सर्वप्रथम म तिमीहरूको जय मनाउँछु ।” “जय गोरखा !” प्रजाहरूको रगत पसिना लिएर मैले १८-१९ वर्षदेखि बडो दुःख गरेर आर्जेको यस राज्यलाई तिमीहरू सबै मिलेर रक्षा गरे । “आउ वीर विक्रम हे त्रिभुवन नै सम्झन्छ नेपाल यो । हामी अनाथ भयौं समस्त टुहुरा सौभाग्य साथ गयो ।”

### ४.३.६ मनोद्वन्द्वको सफल प्रयोग

सामाजिक यथार्थवादी चित्रणका साथै आसाले पात्रका मनोलोकको भावनालाई बुझ्ने प्रयास गरेका छन् । उनका उपन्यासमा फ्रायडीय मनोविश्लेषणलाई प्रस्तुत गर्ने मुख्य लक्ष्य नरहे तापनि सामाजिक पृष्ठभूमिमा

सिर्जना भएको पात्रको मनोवभानाको चित्रण गरेर उनले नेपाली उपन्यासमा मनोद्वन्द्वलाई सफलता साथ प्रयोग गरेको पाइन्छ । **अभाग** उपन्यासमा पश्चाताप, ईर्ष्या शङ्का, अपराधवोधजस्ता कुराको उद्घाटन गरेको छ भने **सिष्टर शोभा**मा नारी र पुरुषका बीचमा कुनै भेदभाव छैन । नारी पुरुषको सहायताविना पनि बाँच्न सक्दछ । स्वतन्त्र जीवन महत्त्वपूर्ण मान्ने पात्रलाई पछि मनोभावनाका कारणले विभिन्न पुरुष पात्रसँग अवैध सम्बन्ध राखेर आत्महत्या गरेको देखाइएको छ । समाजकै तिरस्कार र घृणाका कारणले शोभाका मनमा आउने तरङ्गलाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ ।

समाजमा रहेको वर्गीय विभेदका कारण सीताले आत्महत्या गर्न बाध्य भएकी छे । मान्छेका अन्तरमनभित्र प्रवेश गरेर त्यहाँ पाइने स्नेह, दया, माया, करुणा पश्चाताप, क्रोध शङ्का आदि आन्तरिक मनोद्वन्द्वका भावनालाई चित्रण गर्नु एस.पी. आसाको मनोवैज्ञानिक सचेतताको उपलब्धि हो ।

### ४.३.७ कारुणिक र निराशावादी प्रवृत्ति

एस.पी. आसाका सामाजिक उपन्यासमा मानव मनका गहिराइसम्म पुगेर सामाजिक जनजीवनका व्यथा र वेदनालाई व्यक्त गरिएको पाइन्छ । **सिष्टर शोभा** उपन्यासमा शोभाका साथी, डाक्टर र बिरामीले उप्रति गरेको नकारात्मक व्यवहार, त्यस अमानवीय व्यवहारका कारण शोभाले आफ्नो नर्सिङ पेसाबाट अवकास लिनु, होटेल गर्नु र अन्त्यमा आत्महत्या गरेको देखाउनु पनि कारुणिक र निराशावादी प्रवृत्तिको पहिचान हो ।

### ४.३.८ बौद्धिकता

आसाले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनले कवितामा समसामयिक विषयवस्तुप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ । कवितामा कतै आद्यानुप्रास, कतै मद्यानुप्रास र कतै अन्त्यानुप्रास योजना मिलाइएको छ । सरल र सरस भाषाशैलीको प्रयोग पाइन्छ । उनले आध्यात्मिक दर्शन र नेपालको राजनीतिलाई विषयवस्तु बनाएर प्रशस्त लेख रचना लेखेको पाइन्छ । कुनै पनि विषयका बारेमा जानकारी हुनाका लागि एकाग्र मनले ध्यान गर्नुपर्दछ । ध्यान गर्दा भिन्न किसिमका समस्याहरू आइपर्दछन् ती समस्यालाई हटाएर अगाडि बढ्नु पर्दछ अनि मात्र ज्ञान प्राप्त गर्न सकिन्छ । पूर्वीय धर्मशास्त्र अनुसार जन्म र मरण दुवै सत्य छन् । जीवनमा दुःख र सुख सधै चलिरहने प्रक्रिया हुन् । मानिसले दुवैलाई अवलम्बन गर्नु पर्दछ इतिहासका सत्य, तथ्य प्रमाणहरूको खोजी तिनीहरूमा कल्पनाको मिश्रण गरेर उपन्यासको स्वरूप दिनु पनि उनको बौद्धिकताको पहिचान

हो । उपन्यासका सुरुमा कतै बीच बीचमा, नेपाली, हिन्दी, संस्कृत भाषाका वाक्यहरू पनि आएका छन् । उनका कवितामा आदर्श नैतिक, देश प्रेम, इच्छा आकाङ्क्षाजस्ता विषयवस्तुलाई समावेश गरेका छन् । उपन्यासका बीचमा कविताका पङ्क्ति राखेर उपन्यासको कुतूहलता र रोचकता प्रदान गरेका छन् ।

उनका उपन्यासमा प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएका उपन्यास वर्णनात्मक शैलीमा अगाडि बढेको पाइन्छ भने प्रथम पुरुष दृष्टिविन्दुमा आधारित आत्मसंस्मरणात्मक शैलीको उपन्यासमा प्रमुख पात्रले आफ्नो आत्मकथालाई संस्मरणात्मक ढङ्गमा प्रस्तुत गरेको हुन्छ । उनका **सेरोफेरो**, **पृथ्वीनारायण शाह** र **हामीले कसरी प्रजातन्त्र ल्यायौँ** उपन्यासमा आत्मसंस्मरणात्मक शैलीको प्रयोग गरिएको छ ।

### ४.३.९ राजनैतिक घटनाको चित्रणमा प्रतिबद्ध

एस.पी. आसाका ऐतिहासिक उपन्यासमा राजनीतिक घटनालाई मुख्य विषयवस्तु बनाएर लेखेको पाइन्छ । राजनीतिक अस्थिरता, भारदारहरूका बीचमा बढ्दै गएको मनोबल, शासकहरूका बीचमा द्वन्द्व, प्रजातान्त्रिक शक्ति र राणाशासकका बीचमा भएको द्वन्द्वले पनि राजनैतिक घटनालाई देखाउन खोजेको छ । **सेरोफेरो** उपन्यासमा नेपालमा प्रजातन्त्रको स्थापनापछि राणा र काङ्ग्रेसका बीचमा एउटा मन्त्रीमण्डल गठन हुन्छ । काङ्ग्रेस र राणाका बीचमा मनोभावना नमिलेर राणाहरूलाई मन्त्रीमण्डलबाट हटाइन्छ । काङ्ग्रेसको मन्त्रीमण्डलमा वी.पी. र मातृकाप्रसादका बीचमा मतभेद बढ्दै जान्छ । नेपाली जनताले भोग्नु परेका सांस्कृतिक, सामाजिक, राजनैतिक घटनालाई समावेश गरेर उपन्यास लेखेको पाइन्छ ।

### ४.३.१० संरचनागत प्रवृत्ति

उनले लघु आकारदेखि महाकाव्यात्मक उचाइसम्मका कृतिहरूको रचना गरेका छन् । उनले आठ पङ्क्तिको भजनदेखि ३९० पृष्ठको **हामीले कसरी प्रजातन्त्र ल्यायौँ** महाकाव्यात्मक संज्ञा दिन मिल्ने खालको उपन्यास लेखेका छन् । उनका उपन्यासमा इतिहासका प्रसिद्ध घटना, महान् पात्र, बहुल पात्रको प्रयोग, लामो समयका शृङ्खला र कविताका प्रयोग आदि कारणले उपन्यासलाई महाकाव्यात्मक उचाइमा पुऱ्याएको पाइन्छ ।

### ४.३.११ निष्कर्ष

२०२४ सालमा ‘मेरो सर्वस्व तिमी’ नामक कविता विधाबाट साहित्यमा प्रवेश गरेका एस.पी. आसाले हालसम्म १९ ओटा पुस्तकाकार कृति र ६४ ओटा फुटकर रचना प्रकाशित गर्न सफल भएका छन् । आफ्नो लगभग चारदशक लामो साहित्यिक यात्राका विभिन्न मोड पार गर्दै लेखन कार्यलाई निरन्तरता दिएका छन् ।

उनको साहित्य लेखनले बहुआयामिक व्यक्तित्वलाई पहिचान गराउन सफल भएको छ । उनका सामाजिक उपन्यासमा समाजमा घटेका र घटन सक्ने विषयवस्तुमा वर्गीय विभेद, युवायुवतीका बीचमा स्वभाविक आकर्षण, मानव हृदयमा उठेका भावना, गरिबी, प्रेम विछोड आदि आएका छन् । सामाजिक उपन्यासका आधारमा उनका सामाजिक यथार्थवादी, मनोद्वन्द्वको सफल प्रयोक्ता, कारुणिक र निराशावादी घटनाको प्रस्तुति गर्न सक्ने क्षमता आदि प्रवृति रहेका छन् ।

उनका जासुसी उपन्यासमा रहस्य, आश्चर्य, आपराधिक क्रियाकलापजस्ता विषयवस्तुलाई समावेश गरिएको छ । घटनाको शृङ्खलाहरूलाई धेरै फैलाउन काम गरेका छन् । उपन्यासमा एउटा सज्जन पात्रलाई अपराधजन्य क्रियाकलापमा सहभागी बनाएर चलाखी गुप्तचरको अनुसन्धानपछि पक्राउमा पारेको घटनालाई देखाइएको छ । उनका जासुसी उपन्यासमा रहस्य, आश्चर्य, कुतूहलताजस्ता प्रवृत्तिका साथै अवैध कार्य गर्नु हुँदैन भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

उनका ऐतिहासिक उपन्यासमा राष्ट्रप्रतिको माया ममता, स्वतन्त्रताको चाहना, राजनैतिक अस्थिरता, द्वन्द्वको प्रबलता, कवितात्मक प्रयोग, नाटकीय प्रस्तुति, महाकाव्यात्मक उचाइ, कल्पनात्मक अभिव्यक्ति, जीवनीपरकता आदि प्रवृत्ति पाइन्छन् । उनका उपन्यासमा बुद्धकालीन, किराँतकालीन, लिच्छवीकालीन शाहवंशकालीन विषयवस्तुको प्रस्तुत गरिएको छ । उनका उपन्यासमा देशप्रेम, निरङ्कुश शासनको अन्त्यका लागि सङ्घर्ष, सत्ताका लागि सङ्घर्षजस्ता विषयवस्तु आएका छन् । यिनका कवितामा राष्ट्र, व्यक्ति, धर्म, ज्ञान, सन्देश, राजनीतिजस्ता विषयवस्तुलाई लिएर साहित्य रचना गरेको पाइन्छ ।

## ४.४ कृतिको अध्ययन

### ४.४.१ विषयपरिचय

प्रस्तुत एस.पी. आसाको कृतित्वको अध्ययन नामक परिच्छेदमा उनका पुस्तकाकार कृतिका बारेमा चर्चा गरिएको छ । उनका उपन्यासहरू सामाजिक, जासुसी र ऐतिहासिक विषयवस्तुमा आधारित रहेका छन् । यिनका **अभाग**, **दुई मुकुण्डो**, **सिष्टर शोभा**, **डाक्टर डी.**, **एक आँखे**, **अन्तिम अभिलाषा**, **आधुनिक अपराधी**, **महासामन्त**, **रक्त सम्मान**, **द्रव्य शाह**, **चित्कार**, **सेरोफेरो**, **पृथ्वीनारायण शाह**, **हामीले कसरी प्रजातन्त्र ल्यायौं**जस्ता उपन्यासलाई उपन्यास सिद्धान्तको सामान्य तत्वका आधारमा वर्णन गरिएको छ । आसाको **यथार्थ** कविता सङ्ग्रहलाई कृति परिचय, शीर्षक, विषयवस्तु, लयविधान, भाषाशैली र निष्कर्षका आधारमा चर्चा गरिएको छ । **हिन्दू संस्कृतिका व्यवहारिक र वैज्ञानिक पक्ष** नामक धार्मिक

पुस्तकको कृतिपरिचय, विषयवस्तु, उद्देश्य र निष्कर्ष गरिएको छ । **लोकतन्त्र अगिको महाभारत** नामक लेख सँगालोमा धेरै शीर्षक समावेश गरिएका कारण केही शीर्षक मात्र उल्लेख गरिएको छ ।

### ४.४.२ 'अभाग' उपन्यासको अध्ययन

#### ४.४.२.१ कृति परिचय

**अभाग** एस.पी. आसाको पहिलो प्रकाशित उपन्यास हो । यो उपन्यासलाई २०२७ सालमा लक्ष्मीदेवी मानन्धरले प्रकाशनमा ल्याएकी हुन् । यस उपन्यासमा ११ अध्याय र १५८ पृष्ठ रहेको छ । उपन्यासमा रहेका प्रत्येक अध्यायहरूको संरचना एकै किसिमको देखिन्छ । 'अभाग' शब्द अ+भाग मिलेर बनेको तत्सम शब्द हो । अभागको शाब्दिक अर्थ दुर्भाग्य हुन्छ । उपन्यासमा प्रेम नभएको अवस्था, गरिबीलाई देखाउन खोजिएको छ । **अभाग** सामाजिक यथार्थवादी उपन्यास हो । यसमा समाजमा घटेका र वर्तमान समयमा घटन सक्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ । अभागमा वर्गीय विभेदलाई देखाउन खोजिएको छ । एकातिर सतिसको गरिबी अवस्था र अर्कोतिर अमृताले प्रेममा सफलता पाउन नसक्नुको कारणले यस उपन्यासको शीर्षक अभाग सार्थक रहेको छ ।

#### ४.४.२.२ कथानक

कथानक उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । कथानकमा विभिन्न किसिमका सामान्य र जटिल घटनाहरूको योगबाट बनेको हुन्छ । घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै कथानक हो । कथानकमा घटनाका बीचमा कार्यकारण सम्बन्ध हुन्छ ।

अभाग उपन्यासको सुरुआत मैयाँसाहेबको कोठाबाट हुन्छ । मैयाँसाहेबको नाम नै अमृता हो । अमृता एउटा धनी परिवारमा जन्मेकी सचिवकी छोरी हो । धनी परिवारमा जन्मेकी हुनाले उसका लागि सम्पूर्ण कुराको सम्पन्नता रहेको छ । उसका घरमा काम गर्ने नोकर चाकर छन् । उसको घरमा काम गर्ने नोकरको नाम सतिस हो । सतिसको साहित्यिक नाम 'श्रीयूत' हो । उसले नाटक र कविता लेख्ने गर्दछ । अमृताले उसको पहिलो प्रकाशित कृति सलबलाएको हृदयलाई अत्यन्तै मन पराउँछे । उसका उपन्यासमा रहेका एक-एक शब्दहरू मिठासले भरिएका हुन्छन् । सतिसको साहित्य लेखनबाट प्रभावित भएर उसलाई पनि साहित्य लेख्न मन लाग्दछ । साहित्यको अध्ययनका क्रममा सतिस र अमृताका बीचमा स्वभाविक आकर्षण बढ्दै जान्छ । अमृता र सतिसका बीचमा प्रेमका भावना बढ्दै जान्छ । अमृताले सतिसलाई प्रत्येक दिन आफूसँग राख्न चाहन्छे । उसले सतिसलाई कहिले बालाजु, कहिले सूर्यविनायकतिर घुम्न लैजान्छे । अमृतासँग घुमाइबाट सतिसका मनमा

सन्तोष हुँदैन । उसका मनमा आफ्नै खालका पीडा र वेदना भरिएका हुन्छन् । उसले आफ्ना अतीतका घटनाहरूलाई सम्झन्छ । वीरगञ्जमा रहँदा बाबुले सबै चीजको परिपूर्ण गराएको घटनालाई सम्झन्छ तर बाबुको औषधी उपचार हुन नसकेर मृत्यु भएको हुन्छ । बाबुको मृत्युपछि गाउँका मालिक हरिबहादुरले संगीताको कुमारीत्व लुटन खोज्दछ । हरिबहादुरको अमानवीय व्यवहारलाई सहन नसकेर संगीताले विष सेवन गरेर आत्महत्या गर्दछे । संगीताले आत्महत्या गरेपछि सतिस काठमाडौं आएको हुन्छ आफ्ना अतीतका घटना र अमृताको प्रेमलाई सम्झेको हुन्छ । अमृताले सतिसबाट आफ्नो इच्छा पूरा हुन नसकेपछि सहरिया रविन्द्रमानसँग प्रेम गर्न थाल्दछे । रविन्द्रमान एउटा घमण्डी प्रवृत्तिको पात्र हो । रविन्द्रमानसँगको प्रेमपनि धेरै दिन टिक्न सक्दैन । रविन्द्रमानसँग अवैध सम्बन्धले अमृतालाई चिन्ता बढ्दै जान्छ । अमृताको निराशा देखेर सचिवले सतिससँग सम्बन्ध जोडन चाहन्छ । सतिस अमृताको घरमा नगएको धेरै महिना हुन्छ । सचिव अफिसबाट फर्केर आउँदा माली बूढासँग भेट हुन्छ । माली बूढाले सचिवसँग आर्थिक सहयोग मागेर सतिसलाई अस्पताल लैजान्छ । सतिस बिरामी परेको थाहा पाएर अमृता भेटन जान्छे । सतिसको अवस्था दिन प्रतिदिन कमजोर बन्दै जान्छ । सतिसको मृत्युपछि रूपा र अमृता उसको छातीमा घोप्टिन पुग्दछन् । रूपाको हात माली बूढाले र सचिवले अमृताको हात समातेर बाहिर ल्याउँछन् । सबैको आँखाबाट आँसुको भेल बगिरहेको हुन्छ । आँसुको भेलसँगै उपन्यासको अन्त्य भएको हुन्छ । यस उपन्यासमा समाजमा घटेका घटनालाई प्रस्तुत गरिएको हुनाले कथानक समाजसँग सम्बद्ध रहेको छ । कथानक रैखिक ढाँचामा पुगेर अन्त्य भएको छ ।

### ४.४.२.३ चरित्र

उपन्यासमा आएका घटनाहरूलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रले कथानकलाई गतिशीलता प्रदान गर्दछ । अभाग उपन्यासमा विविध पात्रहरूको प्रयोग गरिएको छ । सतिस र अमृता गतिशील र प्रमुख पात्र हुन् । विक्रम थापा, माली बूढा, रूप, रविन्द्रमान, अमात्य सहायक पात्र र बिकुली, रेषा, सविता, गीता, शान्ता शर्मा, संगीता, अन्जना, प्रितम हरिबहादुर आदि गौण पात्रका रूपमा आएका छन् ।

### ४.४.२.४ परिवेश

उपन्यासमा परिवेशको आवश्यकता पर्दछ । पात्रहरूले कार्य गर्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । परिवेशअन्तर्गत देश, काल र वातावरण पर्दछन् । उपन्यासकार आसाले यस उपन्यासमा नेपाली समाजको.

सहरिया र गाउँले दुवै ठाउँका परिवेशलाई देखाउन सफल भएका छन् । समाजमा रहेको वर्गीय विभेद, प्रेममा रहेको छलकपट, काठमाडौँको महङ्गो बजार भाउ, कृत्रिम सुन्दरताको वर्णन, वीरगञ्जको शान्त वातावरणलाई प्रस्तुत गरिएको छ । हिन्दू नारीहरू आफ्नो पतिलाई देवताबराबर मान्दछन् भन्ने प्रसङ्गमा धार्मिक परिवेशलाई देखाउन खोजेको पाइन्छ । सतिस वीरगञ्जबाट काठमाडौँका विभिन्न ठाउँमा कामको खोजीका लागि भौतारिँदै हिँडेको घटनाले सर्वसाधारण जनताको दयनीय अवस्थाको चित्रण गरेको पाइन्छ । हरिबहादुरको चरित्रबाट राणा शासकहरूमा रहेको अवैध सम्बन्ध, बिलासिता र सामन्ती प्रवृत्तिको चित्रण गरिएको छ ।

### ४.४.२.५ उद्देश्य

साहित्यकारले साहित्य सिर्जना गर्दा कुनै न कुनै उद्देश्य लिएर अगाडि बढेको हुन्छ । **अभाग** सामाजिक उपन्यास भएकाले समाजमा रहेको वर्गीय विभेद, आर्थिक अवस्था, परम्परा र आधुनिकको चित्रण गरिएको छ । यस उपन्यासमार्फत् शारीरिक प्रेम गुलाफको फूलजस्तै क्षणिक भएर पनि जीवनलाई सुखमय बनाउन सफल हुन्छ भने भावनात्मक प्रेम दीर्घकालीन भए तापनि त्यसले जीवनलाई सुखमय बनाउन सक्दैन । एउटा साहित्यकारको जीवन साधारण खालको हुन्छ तर उसको प्रतिभालाई सबैले कदर गरेका हुन्छन् । मानव भएर जन्मेपछि आफ्नो र देशको इज्जतका लागि केही गर्नु पर्दछ । सरल र सच्चा भावना लिएर अगाडि बढ्नु पर्दछ । छलकपट, ईर्ष्याले मानिसलाई अनैतिक कार्यमा संलग्न गराउँछ । सानो भूलका कारणले मानिस जीवनभर पछुताउनु पर्दछ र त्यसले मानिसको मृत्युसम्म गराउँछ भन्न खोजिएको छ ।

### ४.४.२.६ भाषाशैली

उपन्यासलाई भाषाका माध्यमबाट मूर्त रूप दिइन्छ भने भाषाकै कारण उपन्यास शक्तिशाली बन्दछ । भाषिक प्रयोगको कलालाई नै शैली भनिन्छ । भाषाशैलीका माध्यमबाट उपन्यास आकर्षक, रोचक र कलात्मक बन्न पुग्दछ । **अभाग** उपन्यासमा सरल स्वभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ । पात्रका संवादका तुलनामा लेखकै टिप्पणी र मूल्याङ्कन धेरै भए पनि ती छोटा, सरल र रोचक छन् । थोरै भए पनि संवादको प्रयोगले पाठकलाई एकोहोरो वर्णनबाट मुक्ति दिलाएको पाइन्छ । संवादको प्रयोग भएर पनि उपन्यासमा वर्णनात्मक र रैखिक ढाँचालाई अवलम्बन गरिएको छ । “रूपा चम्कीलो तारा थिई अति ती दुई बिजुलीका बत्ती जस्ता थिए । ती दुवै रेषा र अमृता थिए ।”[७९] “हेर एउटा लेखकको कति साधारण जीवन ।”[८०]

---

[७९] एस.पी. आसा, **अभाग**, (काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२७), पृ. २१ ।

[८०] *ऐजन* ।

### ४.४.२.७ निष्कर्ष

**अभाग** एस.पी. आसाको पहिलो सामाजिक उपन्यास हो जुन उपन्यास लेखनमा फ्रान्सेली र रसियाली साहित्यको प्रभाव परेको देखिन्छ । नेपाली समाजको गाउँले परिवेशमा जन्मेको व्यक्ति सुखको लालसामा आफ्नो जन्मस्थान छोडेर सहरिया वातावरणमा पुग्दछ । सहरिया वातावरणले उसलाई दुःखी बनाउँछ । उसको जीवन दुःखमा अन्त्य भएकाले गरिबको प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ । एउटा धनी परिवारमा जन्मेर पनि अमृताले सच्चा प्रेम पाउन सकेकी छैन । उसले सतिस र रविन्द्रमान दुवैबाट सच्चा प्रेम पाउन असक्षम भएर पीडादायक जीवन बिताउन बाध्य भएकी छे । एउटा सानो भूलका कारण मानिसले जीवनभर पछुताउनु पर्दछ भन्ने देखाउन खोजिएको छ ।

### ४.४.३ 'दुई मुकुण्डो' उपन्यासको अध्ययन

### ४.४.३.१ कृति परिचय

'दुई मुकुण्डो' एस.पी. आसाको पहिलो जासुसी उपन्यास हो । दुई मुकुण्डो उपन्यासलाई यती जेबी पुस्तक (प्रा.लि.) डिल्लीबजारले प्रकाशनमा ल्याएको हो । २०२७ सालमा प्रकाशित यस उपन्यासमा ११ भाग र ८७ पृष्ठ रहेको छ । उपन्यासका प्रत्येक भागका पृष्ठहरू समान खालका देखिन्छन् । उपन्यासको अन्त्यमा शीघ्र प्रकाशित हुने पुस्तकहरूका साथै यती जेबीको विज्ञापन पनि दिइएको छ । दुई मुकुण्डो शीर्षक दुई ओटा शब्दबाट बनेको छ जसको अर्थ उपन्यास अनुसार एउटा व्यक्तिको द्वोयस चरित्र हुन्छ । समाजमा देखाउने चरित्र र अपराधिक क्रियाकलाप गर्दा देखाउने चरित्र फरक फरक हुन्छ । वर्गीय विभेदले पवित्र प्रेममा बाधा पुऱ्याउन सक्दछ भन्ने देखाउन खोजिएको छ ।

### ४.४.३.२ कथानक

विक्रम एउटा साधारण परिवारमा जन्मेर पनि आई.ए. सम्म पढेको हुन्छ । उसको क्याम्पस पढ्दा देवदत्त भन्ने साथीसँग भेट हुन्छ । दुवैका बीचमा मित्रता बढ्दै जान्छ । देवदत्त विक्रमको कोठामा आउँदा मीनासँग परिचय हुन्छ । मीना विक्रमकी प्रेमिका हो ऊ अत्यन्त राम्री छ । मीनाले विक्रमको घरपरिवारको आर्थिक अवस्था थाहा पाएपछि विक्रमलाई छाडेर देवदत्तसँग विवाह गर्दछे । मीनाले देवदत्तसँग विवाह गर्नुका पछाडि आर्थिक अवस्थाको समस्या देखिन्छ । उसको आमालाई बिरामी भएर अस्पतालमा भर्ना गरिएको हुन्छ । मीनाले देवदत्तसँग विवाह गरेपछि विक्रम पागलजस्तै हुन्छ । विक्रमले आफूसँग भएका मीनाका फोटोहरूलाई लिएर पटना जान्छ । मीनाको फोटोहरूमा धेरै केटाहरूका नाङ्गै भएका तस्वीरहरू

राखेर ल्याउँछ । विक्रम समाजबाट विरक्त बन्दै जान्छ, समाजमा आपराधिक क्रियाकलाप गर्न थाल्दछ । मीनाका नाङ्गा तस्वीर, फोटो र चिठीहरूले उसको मन विभिन्न नकारात्मक क्रियाकलापहरू बढ्दै जान्छन् । विक्रमले मीनालाई आरोप प्रत्यारोप लगाउँदै जान्छ । अन्त्यमा मीनाले बाध्य भएर आफ्नो सौताको हत्या गर्छे । सौताको हत्यापछि मीना विक्रमको पञ्जामा फस्दछे ।

विक्रमले देवदत्तलाई व्यापारको सिलसिलामा नेपालगञ्ज बोलाउँछ । साथीको आग्रहलाई स्वीकार गर्दै देवदत्तले आफ्ना दुई छोरी र मीनालाई लिएर नेपालगञ्ज जान्छ । देवदत्तका छोरीहरू रेजा र नीरा हुन् । विक्रमले देवदत्तको हत्या गर्दछ । देवदत्तको हत्यापछि देवदत्तको नक्कली स्वरूपमा विक्रम देखापर्दछ । मीनालाई आफ्नी श्रीमती बनाउन सफल हुन्छ । मीनालाई आफ्नो बनाउन सफल भएको विक्रमले देवदत्तका दुई छोरीलाई पाल्ने सर्तमा मीनालाई लिएर जान्छ । मीनालाई आफ्नो बनाएपछि विक्रमले नीरा र रेजालाई अन्यत्र कतै पठाउने सोच राख्दछ । विक्रमका दुईवटा रूपहरू देखिन थाल्दछन् । एकातिर देवदत्तजस्तै अत्यन्त धनी, प्रतिष्ठित नागरिक र बाबुका रूपमा देखापर्दछ भने अर्कोतिर एउटा भयङ्कर अपराधी हुन्छ । नीरा र रेजाको उमेर बढ्दै गएपछि रेजालाई सजिलै आफ्नो अपराधिक क्रियाकलाप गर्ने संस्थामा मिलाउन सफल हुन्छ । नीराको स्वभाव रोजुको भन्दा फरक खालको भएकाले विक्रमको क्रियाकलाप मन पर्दैन । नीराले उसका बारेमा केही कुराको भेद खोली दिएमा ऊ पक्रिने सम्भावना हुन्छ । विक्रमले आफ्नो भेद पत्ता नलगाउनका लागि नीराको हत्या गर्न चाहन्छ । उसले नीराको हत्याका लागि रमझम होटेल रोज्दछ । रमझम होटेलमा काम गर्ने विरेलाई नीराको कफीमा विष हाल्न पठाउँछ । विरेले कफी साटी दिनाले रोजुको हत्या हुन्छ । नीरा जेलमा पर्दछे । नीराले सधैं कफीमा नुन हालेर खाने गर्दथी तर त्यस दिन राखेकी थिइन । नीराले नै विष मिसाएको आशंका प्रहरीले गर्दछ ।

नीरा जेलमा बन्दी भएपछि विक्रमले देवदत्तको छोरालाई अपहरण गर्दछ । छोराको अपहरणपश्चात् मीनालाई अवैध भेट गर्न थाल्छ । उसको अवैध भेटलाई मीनाले कुनै सूचना दिन्न । विक्रमले दिनेशलाई धम्की पत्र लेख्दछ । बाटामा दिनेशमाथि आक्रमण हुन्छ । रमेशमाथि पनि आक्रमण हुन्छ । रमेश र दिनेशले विक्रमले पठाएको मान्छेलाई बेहोस पारेर विक्रमसँग बदला लिन चाहन्छन् । मीनाले रमेशलाई छोराको खोजीमा व्यक्तिगत जासुस राख्ने इच्छा गरेको हुनाले बीच बीचमा टाइप प्रष्ट नभएको रसिद लिएर जान्छ । विक्रमले सही गर्दा अप्रष्ट गरेको र रमेशलाई लेखेको धम्कीपत्रका अक्षर मिल्दा जुल्दा खालका हुन्छन् । अक्षरको खोजी गरिन्छ । रमेशले विक्रमको चियो गर्दछ । विक्रमको पत्ता लागेपछि उसको

डायरी, फायल र एल्बमहरू फेला पर्दछन् । विक्रम त्रिपुरेश्वरको ठूलो घरमा बस्दछ । त्रिपुरेश्वरको रमझम होटेलमा रमेश र बिजु पुग्दा विक्रम भागिसकेको हुन्छ । उसको फायल हेर्दा गैरकानुनी व्यापार गर्ने, केटीहरू बेच्ने, मादक पदार्थको बेचबिखन, अवैध सम्बन्ध राख्ने, मूर्ति चोरी निकासी गर्ने आदि कार्यबाट प्रशस्त पैसा कमाएको हुन्छ । विक्रमका फायलहरूलाई अदालतमा पठाइन्छ । विक्रमको सहायताबाट मीनाले सौताको हत्या गरेको पत्ता लाग्दछ । मीनालाई कुनै कारवाही हुँदैन । विक्रमलाई आजीवन कैद र उसका साथीहरूलाई दश-दश वर्षको सजाय हुन्छ । सर्वोच्च अदालतबाट विक्रम प्रहरीको साथमा निस्कदा मीना ढोकामा नै हुन्छे । "मीनालाई देखेर विक्रमले अर्को जन्ममा फेरि पनि धोका नदिए"[८१] भन्दै प्रहरीसँग जान्छ । विक्रमको त्यो वाक्यले मीनालाई दुःखी बनाउँछ । मीनाले भुइँमा आँसु झारेको देखाएर उपन्यासको अन्त्य गरिएको छ ।

### ४.४.३.३ चरित्र

घटनालाई गतिशीलता प्रदान गर्ने काम चरित्रले गर्दछ । **दुई मुकुण्डो** उपन्यासमा मीना, नीरा, सरला, भावना, रोजु आदि नारी र विक्रम, देवदत्त, देवदत्तको छोरा, दिनेश, रमेश, विरे, इन्स्पेक्टर शर्मा, विजु, शिखु, सुखाराम, भानु, श्याम आदि पुरुष पात्रका रूपमा आएका छन् । मीना र विक्रम नै यस उपन्यासका प्रमुख र गतिशील पात्र हुन् । नीरा, सरला, रोजु, रमेश, दिनेश, देवदत्त सहायक पात्र हुन् भने देवदत्तको छोरो, विजु, शिखु, भावना, विरे आदि गौण पात्रका रूपमा आएका छन् ।

### ४.४.३.४ परिवेश

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ ।[८२] पर्यावरणअन्तर्गत देश, काल र वातावरण पर्दछन् । **दुई मुकुण्डो** उपन्यासमा स्थानगत परिवेशका रूपमा काठमाडौँ त्रिपुरेश्वरको पाँचतले घरको तेस्रो तल्लामा एउटा कोठाभित्र एक अर्धनग्न केटी पलङमा बसेर हाइहाई गरिरहेकी थिई[८३] भन्ने सन्दर्भमा काठमाडौँको होटलको परिवेशलाई चित्रण गरिएको छ । सहरमा बढ्दै गएको विकृति विसङ्गति, करुणा, आक्रोश, घृणा भावनाहरूले भरिएका घटनालाई समावेश गरिएको छ । विक्रमले अपराधिक क्रियाकलाप गरेको

---

[८१] एस.पी. आसा, **दुई मुकुण्डो**, (काठमाडौँ : साझा प्रकाशन, २०२७), पृ. ८२ ।

[८२] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०५८), पृ. ३६ ।

[८३] एस.पी. आसा, **दुई मुकुण्डो**, पृ. ६ ।

हुनाले आजीवन कैदको सजाय दिएको घटना, मीनाले आफ्नो सौतामाथि गरेको अनैतिक व्यवहारलाई पनि परिवेशका रूपमा लिन सकिन्छ ।

### ४.४.३.५ उद्देश्य

जुनसुकै रचनाको सृजना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रीय भावलाई उद्देश्य भनिन्छ । यस उपन्यासमा विक्रमको दोहोरो चरित्रलाई देखाउन खोजिएको पाइन्छ । कुनै पनि व्यक्तिले आफूलाई मन परेको व्यक्तिलाई पाउनका लागि अरूको हत्यासम्म पनि गर्न पछि पर्दैन भन्ने देखाइएको छ । मानिसले जीवनमा छल, कपट र अपराध गर्नु हुँदैन त्यस्ता कार्यले जीवनभर पछुताउनु पर्दछ । असत्यमाथि सत्यको विजय हुन्छ भन्ने नैतिक सन्देश दिन खोजिएको पाइन्छ ।

### ६.४.३.६ भाषाशैली

उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै माध्यमबाट शक्तिशाली बन्दछ । उपन्यासमा यथार्थको अनुसरण गरिने भएकाले यसलाई गद्य भाषामा प्रस्तुत गरिएको हुन्छ । यस उपन्यासमा तत्सम र आगन्तुक दुवै खालका भाषाको प्रयोग गरिएको छ जस्तै एक्सक्युज मि ! गुड इविनिङ सर ! संवादको प्रयोग धेरै भएकाले सुरु-सुरुमा उपन्यास पढ्दा नाटक जस्तै लाग्दछ । उपन्यासमा सरल, मिश्र र संयुक्त तीनै खालका वाक्यको प्रयोग गरिएको भए तापनि सरल वाक्यकै प्रधानता पाइन्छ, जस्तै : "तपाईँ मेरो बाटोमा नआउनोस, तपाईंको देशलाई तपाईँ जस्ताको खाँचो छ, किन तपाई आफ्नु जीवन गुमाउनु हुन्छ ? दिउसोको गोलीले तपाईको डयाटसनको पांग्रा खतम भयो ।"[८४] "रमेश र मीना दुवै उठे ।"[८५] "अब यो रमझम होटेल पनि अपराधीको सङ्गठनमा रहेछ; भन्न सकिन्छ ।"[८६] यस उपन्यासमा प्रश्नार्थक, विष्मयाधिवोधक, निपात, अल्पविरामजस्ता चिन्हहरूको प्रयोग भएको पाइन्छ ।

### ४.४.३.७ निष्कर्ष

**दुई मुकुण्डो** एस.पी. आसाको पहिलो जासुसी उपन्यास हो । यस उपन्यासमा विक्रमको अमानवीय व्यवहार र आपराधिक क्रियाकलापलाई घटनाको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । विक्रमले देवदत्तको हत्या गरेर मीनालाई आफ्नो बनाउन सफल भएको हुन्छ । मीना र विक्रमलाई हत्याको आरोप लाग्दछ ।

---

[८४] *ऐजन*, पृ. २० ।

[८५] *ऐजन*, पृ. २४ ।

[८६] *ऐजन*, पृ. २९ ।

सर्वोच्च अदालतले मीनालाई कुनै सजाय नदिएर विक्रमलाई मात्र आजीवन कैद राख्दछ । विक्रमको दोहोरो भूमिकालाई **दुई मुकुण्डो**का रूपमा देखाइएको छ । काठमाडौँका त्रिपुरेश्वर, थानकोट, थापाथली स्थानगत परिवेशका रूपमा आएका छन् । सरल, सरस भाषा र वर्णनात्मक शैलीको यो उपन्यास रैखिक ढाँचामा अगाडि बढेको छ ।

### ४.४.४ 'सिष्टर शोभा' उपन्यासको अध्ययन

#### ४.४.४.१ कृति परिचय

**सिष्टर शोभा** एस.पी. आसाको तेस्रो मनोवैज्ञानिक विषयमा आधारित सामाजिक उपन्यास हो । **सिष्टर शोभा** उपन्यासलाई लक्ष्मीकुमारी मानन्धर प्रकाशन क्षेत्रपाटीले प्रकाशनमा ल्याएको हो । २०२८ सालमा प्रकाशित यस उपन्यासमा मुखपृष्ठ, भूमिका, लेखकको तर्फबाट प्रकाशित र शीघ्र प्रकाशित हुने पुस्तकहरूको सूचीसमेत राखिएको छ । यस उपन्यासमा १० भाग र १११ पृष्ठ रहेका छन् । उपन्यासमा आएका सबै भागहरूको संरचना एकै खालको पाइन्छ । **सिष्टर शोभा** शीर्षक दुईओटा शब्दबाट बनेको छ । जसको अर्थ राम्रो वा आकर्षक हुन्छ । उपन्यासको शीर्षक नारी पात्रका नामबाट राखिएको छ ।

#### ४.४.४.२ कथानक

उपन्यास कार्य कारणको शृङ्खलाबद्ध काल्पनिक कथा हो । यसमा वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र र घटनाको चित्रण गरिएको हुन्छ । **सिष्टर शोभा** उपन्यासमा समाजमा घटेका घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । शोभाको अस्पतालमा बिरामीको हेरबिचार गर्ने कार्यबाट कथानक सुरु भएको छ । शोभा एउटी साधारण नर्स हो । ऊ असाध्यै राम्री छ । उसको रूप देखेर अस्पतालका डाक्टर र बिरामी उप्रति आकर्षित हुन्छन् । शोभाका शरीर र स्वभावलाई देखेर उसका केटी साथीहरूले खिसी गर्दछन् । उसका प्रमिला, सरला, अरुणालगायत अन्य साथीहरू डाक्टरसँग प्रेम गरेर वैवाहित बन्धनमा बाँधिएका हुन्छन् । साथीहरूका क्रियाकलाप देखेर शोभाका मनमा विवाह नगरी स्वतन्त्र जीवन बिताएर बाँच्ने आसा बढ्दै जान्छ । शोभाका क्रियाकलापबाट डाक्टर, नर्स र बिरामी पनि असन्तुष्ट बन्दै जान्छन् । अस्पतालमा उसलाई एक्लो महसुस हुन्छ । उसलाई डाक्टरहरूले बारम्बार प्रेम पत्र पठाउँछन् । डाक्टरहरूका प्रेम पत्रलाई उसले कुनै वास्ता गर्दिन ।

शोभालाई युवाहरूको मायाजालमा फसाउनका लागि अरुणाले एउटा षडयन्त्रको जाल बुन्दछे । एक दिन अरुणा शोभाका कोठामा गएर शारीरिक सम्बन्ध

राख्दछे । अरुणासँगको सम्बन्धका कारण शोभाका मनमा अनेक किसिमका इच्छा आकाङ्क्षा बढ्दै जान्छन् र उसको सम्बन्ध डाक्टरसँग हुन्छ । डाक्टरसँगको अवैध सम्बन्धका कारण उसको पेटमा गर्भ रहन्छ । पेटमा रहेको गर्भलाई फ्याँक्नका लागि उसले डाक्टरसँग सल्लाह माग्दछे । डाक्टरले औषधीबाट गर्भ निकाल्न नसक्ने सल्लाह दिएपछि अप्रेसन गरिन्छ । अप्रेसन सफल भएपछि शोभा केही दिनका लागि बिदा लिएर बस्दछे । आफ्नो स्वास्थ्यमा सुधार भएपछि अस्पतालमा काम गर्नका लागि जान्छे । अस्पतालमा डाक्टर र नर्सहरू उसलाई देखेर हाँस्दछन् । साथीहरूको अमानवीय व्यवहारलाई देखेर उसका मनमा घृणा उत्पन्न हुन्छ । आफ्नो नर्सिङ् पेसाप्रति घृणा गर्दै अवकाश लिएर स्वतन्त्र होटेल व्यवसाय गर्न पुग्दछे । होटेलमा पनि असल र खराब दुवै थरिका मानिसहरूको जमघट हुन्छ । होटेल गरेको देखेर समाजका मानिसले उसप्रति नराम्रो व्यवहार गर्दछन् । समाजबाट अपहेलित भएकी शोभाले जीवनको अन्तिम विकल्पका रूपमा विषलाई लिन पुग्दछे । विष सेवन गरेर मृत्युवरण गर्न पुग्दछे । शोभाको मृत्युसँगै उपन्यास समाप्त भएको छ ।

### ४.४.४.३ चरित्र

उपन्यासभित्र कुनै पनि विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर घटनालाई गति दिने काम पात्रले गर्दछ ।[८७] सामाजिक संरचनाको चित्त चरित्रले उतार्ने गर्दछ । **सिष्टर शोभा** उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । नारी पात्रका रूपमा सिष्टर शोभा, प्रमिला, सरला, अरुणा, राधा, ठूली आमा, आमा अनुजा, सुमित्रा रहेका छन् । रमेश, ज्ञानेन्द्र, राजेन्द्र, वार्डकुल्ली, रामबहादुर, रामचा, रेणुजस्ता पुरुष पात्रहरूको प्रयोग गरिएको छ । प्रमुख पात्रका रूपमा शोभा नै रहेकी छ । रमेश, वार्डकुल्ली, अरुणा, राधा, सरला, प्रमिला, रेणु सहायक पात्र र अन्य पात्र गौण पात्रका रूपमा देखापरेका छन् ।

### ४.४.४.४ परिवेश

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ ।[८८] उपन्यासलाई प्रभावशाली र तीव्र बनाउनमा सङ्घर्ष, क्रियाकलाप र कथोपकथनजस्तै परिवेशको पनि भूमिका रहन्छ ।[८९]

---

[८७] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०५८), पृ. ३० ।

[८८] *ऐजन*, पृ. ३६ ।

[८९] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो.सं., (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. २५ ।

पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ । काठमाडौँको सहरिया परिवेश आएको छ । यस उपन्यासले सामाजिक र यौन समस्याका घटनालाई चित्रण गरेको छ । समाजमा रहेको परम्परागत मूल्य मान्यता हटाउनका लागि बौद्धिकताको आवश्यकता पर्दछ । २०२८ सालतिर नेपाली समाजले आधुनिक नर्सिङ् पेसाप्रति कस्तो धारणा व्यक्त गर्दथ्यो भन्ने घटनालाई परिवेशका रूपमा लिइएको छ । नारीप्रति गरिने अमानवीय व्यवहारको चित्रण गरिएको छ ।

### ४.४.४.५ उद्देश्य

**सिष्टर शोभा** सामाजिक उपन्यास भएकाले तत्कालीन समयको सामाजिक वस्तुस्थितिको चित्रण गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ । नारी हृदयको सूक्ष्म मनोभावना सामाजिक बाध्यतालाई चित्रण गरिएको छ । नेपाली समाजमा नारी स्वतन्त्र रूपमा अगाडि बढ्न खोज्दा विभिन्न किसिमका बाधा र चुनौतीहरू आइपुग्दछन् । चुनौती भनेका पुराना मूल्य र मान्यता नै हुन् । पितृप्रधान समाजमा एउटा आदर्श, नैतिक, चरित्रवान नारीले झेल्नु परेका समस्याको चित्रण गरिएको छ । समाजका अगाडि शोभाले पराजय भोग्न बाध्य भएकी छ । खराब व्यक्तिले सङ्गतले मानिसको मन कसरी परिवर्तन हुन्छ र एक पटकको भूलको प्रायश्चित के हुन्छ भन्ने देखाउन खोजिएको छ । कुनै पनि व्यक्तिका बारेमा निर्णय गर्दा उसको मनस्थिति बुझेर गर्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

### ४.४.४.६ भाषाशैली

उपन्यासमा आएका घटना वा वस्तुलाई प्रस्तुत गर्ने माध्यम नै भाषा हो । भाषालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । यस उपन्यासमा तत्सम, तदभव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । वाक्य गठनको ढाँचा सरल, मिश्र र संयुक्त नै देखिन्छ । संयुक्त वाक्यलाई प्रश्नार्थक, संयोजक, अल्पविराम र विराम चिह्नले जोडिएको छ । जस्तै शोभा पुगेपछि उसले शोभाको मुखमा हेरेर सोध्य "म एक छिन कु गरुँ है ? कस्लाई थाहा छ हाम्रो पछि भेट हुने हो कि हैन" शोभालाई नरमाइलो लाग्यो र अनि उसले आफूलाई बलियो पार्दै भनी "चाडै सक्नुस; फेरि डाक्टरलाई अबेर हुन्छ" जवाफमा रामबहादुरको ओठमा फिका हाँसोको रेखा उबज्यो र तुरुन्तै बिलायो ।"[९०] कतै कतै वाक्य गठनमा पदक्रमको बेमेल पाइन्छ, जस्तै : "डे ड्युटीमा बस्दा उसलाई झन परिस्थितिको सामना गर्नु पऱ्यो त्यो थियो वार्डको व्यवस्था ।"[९१] संवादको प्रयोग पनि गरिएको छ जसले पाठकमा कुतूहलता

---

[९०] एस.पी. आसा, **सिष्टर शोभा**, (काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२८), पृ. १९-२० ।

[९१] *ऐजन*, पृ. २० ।

प्रदान गरेको पाइन्छ । उपन्यास वर्णनात्मक शैलीमा अगाडि बढेको छ । पात्र अनुसारको भाषाको प्रयोग पाइन्छ ।

**४.४.४.७ निष्कर्ष**

**सिष्टर शोभा** एस.पी. आसाको मनोवैज्ञानिक घटनालाई सामाजिक उपन्यासका रूपमा प्रस्तुत गरिएको छ । यसमा टोखा अस्पतालमा डाक्टर र नर्सका बीचमा भएका घटनालाई विषयवस्तु बनाइएको छ । शोभाको दयनीय अवस्था, पेसाप्रतिको घृणा र अन्त्यमा मृत्युवरण गरेका घटना नै प्रमुख रूपमा आएका छन् । प्रमुख पात्रका रूपमा शोभा नै आएकी छ । काठमाडौँको अस्पताल परिवेशका रूपमा आएको छ । यस उपन्यासले कुनै पनि कार्य गर्दा धैर्य र लगनशील भएर गर्नुपर्दछ भन्ने सन्देश दिन खोजेको छ ।

**४.४.५ 'डाक्टर डी.' उपन्यासको अध्ययन**

**४.४.५.१ कृति परिचय**

**डाक्टर डी.** एस.पी. आसाको जासुसी उपन्यास हो । २०२८ सालमा लक्ष्मीकुमारी मानन्धरले प्रकाशनमा ल्याएकी हुन् । यस उपन्यासमा १२७ पृष्ठ र समारोह लगायतका १२ ओटा शीर्षक रहेका छन् । यस उपन्यासको शीर्षक डाक्टर डी. दुई ओटा शब्दबाट बनेको छ र जसको अर्थ उपन्यास अनुसार अपराधिक क्रियाकलाप गर्ने व्यक्तिहरूको समूह हो । अपराध गर्ने व्यक्तिलाई पत्ता लगाएर उपन्यासको अन्त्य गरिएको हुनाले त्यसको शीर्षक **डाक्टर डी.** सार्थक रहेको छ ।

**४.४.५.१ कथानक**

**डाक्टर डी.** उपन्यासको सुरुआत १६ डिसेम्बरका दिन काठमाडौँका डाक्टरहरूको लागि एक प्रेरणादायक दिन हो, जुन दिन स्वास्थ्य विभागका प्रमुख लगायत नेपालका सम्पूर्ण डाक्टरहरू समारोहमा उपस्थित हुने गर्दछन् । समारोहमा स्वास्थ्य विभागका महानिर्देशक डा. जितेन्द्र प्रताप शाह एक दुई कुरा सुन्नका लागि सबैजना उत्सुक रहेका हुन्छन् । १६ डिसेम्बरका दिन डाक्टर तथा वैज्ञानिक दिपक खतिबडाको अपहरण गरिएको हुन्छ । दिपकको अपहरण गर्नुका साथै उसका घरमा आगलागी हुन्छ । आगलागीबाट उसका महत्त्वपूर्ण सामानहरूको नष्ट हुन्छ । डाक्टरको अपहरण कसले गऱ्यौ भनी खोजी गरिन्छ । अपहरण कार्यमा डाक्टर डी. नै संलग्न रहेको पत्ता लाग्दछ तर डाक्टर डी. को अगाडि सबैजना डराउने गर्दछन् । डाक्टर डी. ले किशोरलाई मार्नका लागि स्लो प्वाइजन दिने गर्दछ । किशोरले स्लो प्वाइजन चुरोटबाट खाने गर्दछ । फलस्वरूप किशोरको मृत्यु ६ महिना हुन्छ । किशोरको मृत्यु भएको थाहा पाएर दिपक काठमाडौँ आउँछ । काठमाडौँ आएर किशोरको बाबु अजितसँग भेट गर्दछ ।

अजितले दिपकलाई आफ्नो छोराको साथी भनेर खजानाको कुरा सुनाउँछ । खजानाको बारेमा जानकारी पाएपछि दिपकले डाक्टर डी. को नाउँबाट अजितलाई तर्साउन थाल्दछ । अजित डराएर त्यो बाकस जितेन्द्रको सहायताले कहीँ गाडेको बताउँछ । त्यतिबेला डाक्टर दिपक पनि तिनीहरूकै साथमा हुन्छ । दिपकले अजितलाई अपहरण गर्दछ । अजितका दुईओटा छोराको हत्या गर्दछ । बाकस गाड्न जाने अरूको पनि हत्या गर्दछ । ६ महिनापछि दिपकले आफ्नो घरमा आगो लगाउँछ जुन आगो एउटा बहाना मात्र हुन्छ । आगो छिट्टै दमकलद्वारा निभाइन्छ । दिपकले पछि आफ्ना सामानहरूको सुरक्षा पहिले नै गरिसकेको हुन्छ । दिपकले पछि आफ्नो मुख्य अखडा अजितको घरलाई बनाउँन पुग्दछ । दिपकले डाक्टर खिलेन्द्रको अपहरण गर्दछ । खिलेन्द्रसँग उसका लागि चाहिने महत्त्वपूर्ण सामग्री भएको जानकारी थाहा पाउँछ । दिपकले आफ्नो एउटा नोकरलाई डि.आइ.जि. रोशन थापाको घरमा राखेको हुन्छ । रोशनका घरबाटै उसले विभिन्न खबरहरू पाउने गर्दछ । रोशनले काम गर्न थालेपछि दिपकलाई धेरै अप्ठ्यारो पर्दै जान्छ । दिपकले जतिबेला पनि रोशनको पिछा गर्न लाग्दछ । सबभन्दा पहिले रोशन किशोरको घरमा जाँदा बेहोस पार्ने कोसिस गर्दछ तर रोशन त्यहाँबाट बच्न सफल हुन्छ । दिपक घरमा आगलागी हुँदा रोशनलाई पिछा गर्ने मान्छेलाई छकाएर आउँछ । दिपकले रोशनलाई आक्रमण गर्नका लागि गुप्तचरहरू पठाउँछ । दिपकका गुप्तचरहरू अमरको गोली लागेर मर्दछन् । रोशनले ती मरेका मान्छेलाई आफ्नो मेकअप गराएर बाटामा फ्याँकी दिन्छ र रोशन र अमर दुवैजना मरेको घोषित गर्दछ । जुन घटनाले रोशनलाई कार्य गर्न सजिलो हुन्छ । रोशन पछि किशोरको मेकअप गरेर प्रकट हुनुभन्दा पहिले आइ.जि. साहेबलाई आफ्नो बारेमा सूचना दिन्छ । पोष्ट मार्टमबाट लासको भेद खुल्ने डर हुँदैन । रोशन र दिपक दुवै जना किशोरका रूपमा देखा पर्दछन् । शरदले किशोरको पासपोर्ट र कागजको प्रशंसा गर्दछ । शरदले जितेन्द्रलाई निर्मला पनि दिपकको गिरोहमा काम गर्ने बताउँछ । शरदका कुरा सुनेर जितेन्द्रले निर्मलालाई सजाय दिने सल्लाह दिन्छ । छोरीप्रतिको व्यवहार, देशभक्ति भावना देखेर सबै जना दंग पर्दछन् । शरद उठेर किशोर नजिक जान्छ । उसले किशोरको रेडिमेड मेकअप निकालेर भुइँमा फ्याँकिदिन्छ । सबैले डाक्टर दिपकको मुखमा हेर्दछन् । त्यो डाक्टर जसको अपहरणमा देशले प्रत्येक वर्ष उसको सम्झनामा पार्टीको आयोजना गरेको हुन्छ त्यो नै अपराधीको रूपमा आज हतकडी लगाएर बसेको हुन्छ ।

### ४.४.५.३ चरित्र

**डाक्टर डी.** उपन्यासमा पनि नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । पुरुष पात्रका रूपमा जितेन्द्रप्रताप शाह, दिपकप्रसाद खतिवडा, रोशन थापा, खिलेन्द्रप्रताप, किशोर, अजित सिंह, डि.आइ.जि. रोशन, वुडा, रविनाथ, शरद,

अमर, मदन, हरिबहादुर, देवनाथ, इन्स्पेक्टर नारन थापा, पत्रिकाको सम्पादक रहेका छन् । नारी पात्रका रूपमा निर्मल, सविना, राधा आदि रहेका छन् । यस उपन्यासमा प्रमुख पात्रका रूपमा दिपक खतिवडा (डाक्टर डी.) र शरद रहेका छन् । अमर, डि.आइ.जि. रोशन, जितेन्द्र, पत्रिकाको सम्पादक, निर्मला, राधा सहायक पात्र र सविना, इन्स्पेक्टर, देवनाथ, हरिबहादुर बुडा, रविनाथ गौण पात्र हुन् ।

### ४.४.५.४ परिवेश

काठमाडौँका न्यूरोड, त्रिपुरेश्वर, सन्ध्या होटल, मेनका होटलका दृश्यहरूलाई प्रयोग गरिएको छ । डाक्टर जितेन्द्रको बानेश्वरको पिपलको बोटसँगै दुईतले ढलान गरेको घर थियो बैठक कोठा भुइँ तलामा थियो । धनीमानीका छोराछोरीहरू पढ्नका लागि विदेश जाने प्रचलन रहेको पाइन्छ । डाक्टर डी. को समूहले गरेका अपराधिक क्रियाकलापहरूलाई पनि परिवेशका रूपमा लिइएको छ । "कानुनले त कैले सजाय दिन्छ ... तर मेरो आत्मा आफ्नो रगत देशद्रोही भएको सुन्न सक्दैन ... कानुनभन्दा अगाडि मैले उसलाई सजाय दिनु पर्दछ ... डाक्टर जितेन्द्र अझ शान्त भएका थिएनन् ।"[९२] यस वाक्यमा जितेन्द्रको देशप्रेमको भावनालाई देखाउनुका साथै कानुन सबैका लागि बराबर हुन्छ भन्ने देखाउन खोजिएको छ ।

### ४.४.५.५ उद्देश्य

**डाक्टर डी.** उपन्यासको मुख्य उद्देश्य अपराधी को हो, उसले कसरी समाजमा अराजकता फैलाउँदै गएको छ भन्ने कौतुहलता प्रदान गर्नु हो । पाठकहरूलाई रहस्य घटनाको जानकारी गराउनु यसको अर्को उद्देश्य रहेको छ । समाजमा धनीमानी, प्रतिष्ठित र शिक्षित व्यक्तिले पनि अपराध गर्दछ । अपराध गर्नेलाई कानुनी सजाय दिइन्छ भन्ने देखाउन खोजिएको छ । कुनै पनि व्यक्तिले आफ्नो र देशका लागि केही गर्नु पर्छ भन्ने सन्देश दिन खोजिएको छ ।

### ४.४.५.६ भाषाशैली

यस उपन्यासमा पात्र अनुसार फरक-फरक भाषाशैलीको प्रयोग गरिएको छ । कतै निम्नस्तर भाषा र कतै उच्चस्तर भाषा प्रयोग गरेको पाइन्छ । "खिलेन्द्रजी हनुहुन्न ?" "जितेन्द्रले सोध ।"[९३] "खबरदार ! उठ्ने विचार नगर !"[९४] "लौ उठ ... तर, खबरदार ! चलाखी गर्न खोजिस भने तेरो हाडहरू जिउ छेडेर बाहिर आउने छ ।"[९५]

---

[९२] एस.पी. आउा, **डाक्टर डी**, (काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२८), पृ. १२७ ।

[९३] *ऐजन*, पृ. ४ ।

[९४] *ऐजन*, पृ. ७ ।

[९५] *ऐजन*, पृ. ९ ।

त्यो मान्छेले बगलीबाट सानु चिटिक्क परेको पिस्तौल निकाल्यो । प्रश्नार्थक, विष्यादिवोधक चिह्नको प्रयोग पाइन्छ । उपन्यासमा काव्यात्मक भाषाको माधुर्यता छ । कतै-कतै अलङ्कार र अनुप्रास मिलेका वाक्य आएका छन् । उपमाको प्रयोग गरिएको छ । "डाक्टर डी. एउटा फलामको मान्छेजस्तै थियो" "शरद एउटा भरखरको कमलो थियो ।" भनेर उनीहरूको प्रवृत्तिलाई देखाउन खोजिएको छ । उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ४.४.५.७ निष्कर्ष

**डाक्टर डी.** एस.पी. आसाको जासुसी उपन्यास हो । डाक्टर डी. उपन्यासमा डाक्टर दिपक अपहरणको घटनालाई लिएर अगाडि बढेको छ । दिपक एउटा डाक्टर मात्र नभएर वैज्ञानिक पनि हो जसले विभिन्न किसिमका ग्याँसहरूको आविष्कार गर्दछ । दिपक जापानबाट काठमाडौँमा आएर विभिन्न अपराधमा संलग्न हुन्छ । डाक्टरहरूको अपहरण गर्ने, अवैध सम्बन्ध राख्ने, मूर्तिहरू चोरी गर्ने कार्यमा संलग्न हुन्छ र अन्त्यमा शरदले उसलाई पक्राउ गरेर आजीवन कैदको सजाय दिइन्छ । यस उपन्यासको प्रमुख पात्रका रूपमा डाक्टर डी. नै रहेको छ । कुनै पनि व्यक्तिले नराम्रो काम गरेमा सजाय भोग्नु पर्दछ । मानिसले आफ्नो र देशको भलो हुने काम गर्नु पर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

### ४.४.६ 'एक आँखे' उपन्यासको अध्ययन

### ४.४.६.१ कृति परिचय

**एक आँखे** एस.पी. आसाको जासुसी उपन्यास हो । **एक आँखे** उपन्यास २०२८ सालमा यती जेबी पुस्तक प्रकाशनले प्रकाशनमा ल्याएको हो । यस उपन्यासमा १० भाग र १०३ पृष्ठ रहेका छन् । 'एक आँखे' दुईवटा शब्दबाट बनेको छ । एक आँखे को अर्थ नसुहाउँदो वा भिन्न भन्ने लाग्दछ ।

### ४.४.६.२ कथानक

विदुर इन्द्रचोकबाट आएर नयाँ सडकतिर लाग्दछ । त्यस सडकमा एउटी सुन्दर युवती हिँडिरहेकी हुन्छ जुन युवतीको नाम भावना हो । भावनाको सुन्दरताबाट आकर्षित भएर बदमासीहरूले उसलाई स्वयम्भूको जङ्गलमा लगेर अपहरण गर्न खोज्दछन् । त्यतिबेला भावनाको रमेशसँग भेट हुन्छ । भावनाले आफ्ना घटना रमेशलाई सुनाउँछे । भावनाका घटनाबाट रमेश दुःखी बन्दछ । उसले भावनालाई लिएर होटेलमा जान्छ । रमेशलाई बदमासी गर्ने व्यक्तिहरूले धम्कीको पत्र पठाउँछन् । काठमाडौँमा दिन प्रतिदिन बढ्दै जान्छन् । जाउलाखेल एउटा पिचाश महल बन्दै गरिरहेको हुन्छ । अनिल भन्ने व्यक्ति एउटा जासुसीको रूपमा

देखापर्दछ भने अर्कोतिर विदुरजस्तो सज्जन व्यक्तिको अभिनयमा अग्रसर भएको पाइन्छ। भावना र विदुरका बीचमा प्रेम हुन्छ। विदुर एउटा अपराधी पनि हो जसले जताततै अराजकता फैलाउँदै जान्छ। त्यस्तै घटनाका क्रममा अनुपले रिनासँग बिहे गर्ने इच्छा प्रकट गर्दछ तर रिनाले मान्दिन। भावनाको बाबु कर्नेल दिपेन्द्रले रिनाका बाबुलाई पैसा दिएर रिनाको विवाह आफ्नो छोरा (अनुप) सँग गरिदिन्छन्। रिनाको विवाह अनुपसँग भएको थाहा पाएर गोविन्दले विवाहको राती नै झ्यालबाट आएर अनुपको हत्या गरिदिन्छ। अनुपको हत्या गरेपछि आफ्नी प्रेमिका रिनालाई लिएर जान्छ। दिपेन्द्रकी जेठी छोरी, नोकर र अनुप तीनै जनाको हत्या भएको हुन्छ, जुन हत्यामा गोविन्द संलग्न रहन्छ। गोविन्दले हत्याको भेद कसैले पनि थाहा नपाउन भन्ने चाहन्छ। तिनीहरूको हत्या गोविन्दले गरेको भावनाले थाहा पाउँछे। भावनाले हत्याको विषयमा कसैलाई सुनाएमा उसको पनि हत्या हुने धम्की रघुवर (एक आँखे) ले दिन्छ। गोविन्द, रिना र रघुवर मिलेर केटीहरूको अपहरण, धनी केटीहरूलाई ब्लाकमेलका शिकार हुने र गरिब केटीहरूलाई उनीहरूकै समूहमा बसेर कार्य गर्न लगाइन्छ। गरिब केटीहरूले कार्य नगर्न नमानेमा मारेर पिचास महलमा लगेर फ्याँकिदिन्छे। काठमाडौँमा दिन प्रतिदिन हत्या, चोरी डकैतीका कार्य बढ्दै जान्छन्। कहिले किंग्सबेको ज्वेलरी पसलबाट बहुमूल्य हीरा किन्ने बहानाले चोर्ने काम रिनाले गर्दछे र उसलाई सहयोग गर्ने अनिल हुन्छ। रिना दिन प्रतिदिन नकारात्मक कार्य गर्दै जान्छे। रिनालाई बालाजुबाट फर्कदा जासुसी गर्ने व्यक्तिले आक्रमण गर्दछन् तर उसलाई दिनेशले छुटाई दिन्छ। दिनेश र रमेशका बीचमा पहिलेदेखि नै मित्रता हुन्छ। दिनेशले रमेशलाई चलाखी आत्मनिर्भर बनाउन चाहन्छ। दिनेश गुप्त रूपमा रमेशको घरमा जान्छ। रमेशको घरबाट उसका फाइल र अन्य आवश्यक सामग्रीहरूको अध्ययन गरी लिएर आउँछ। रमेशका प्रत्येक क्रियाकलाप दिनेशलाई थाहा हुन्छ। रमेश पिचास महलमा पक्डिएकै दिन दिनेशले मधुपलाई पक्रन सफल हुन्छ। मधुपको भेषमा गएर दिनेशले रमेशलाई छुटाइदिन्छ। मधुपलाई दिनेशले अनिलकै घरको एउटा कोठामा थुनिदिन्छ। अनिल मधुपलाई छुटाइदिन्छ। अनिल र मधुप दुवैजना त्यही समातिन्छन्। दिनेशको सल्लाह अनुसार तिनीहरूलाई रमेशले पक्रन्छ। अदालतको वातावरण केही शान्त बन्दछ। यसै समयमा आइ.जी.पी. ले आफ्नो स्थानबाट सोध्दछ पिजास महल अगाडि फ्याँकिएका लासहरू किन र कसरी सुतेका अवस्थामा पाइन्छन्। रमेशले जवाफ दिँदै भन्छ। रघुवर एउटा इन्जिनियर मात्रै नभएर केमिष्ट पनि हो। उसले एउटा विषयको आविष्कार गरेको हुन्छ जुन विष खानाले मानिस तुरुन्तै मर्दछ। बिरामीको हत्या हृदयघातबाट भएको जस्तो अनुभव हुन्छ। रघुवरले त्यो विष खानामा मिलाएर हत्या गरिने व्यक्तिहरूलाई दिने गर्दछ र उनीहरूको मृत्यु सुतेकै अवस्थामा नै हुन्छ। मृतकको लास पोष्टमार्टम गर्दा

यो कुरा पत्ता लगाउन सकिदैन्थ्यो । पोष्टमार्टमको रिपोट जहिले पनि 'हार्टफेल नो ट्रेस अफ प्वाइजन' भन्ने आउँछ यसरी उपन्यासको अन्त्य गरिएको छ ।

**४.४.६.३ चरित्र**

यस उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरू आएका छन् । पुरुष पात्रका रूपमा कर्नेल दिपेन्द्र, अनिल, रमेश, दिनेश, गोविन्द, विक्रम, अनुप, आइ.जी.पी., मधुप र रघुवर (एक आँखे) आएका छन् । नारी पात्रका रूपमा मीना, रन्जना, मिस भानु रिना आएका छन् ।

प्रमुख पात्रका रूपमा रघुवर र रमेश आएका छन् । दिनेश, मधुप, रिना, भावना, आइ.जी.पी., विक्रम, गोविन्द सहायक पात्र र मिस भानु गौण पात्रका रूपमा प्रसङ्गवश आएको पाइन्छ ।

**४.४.६.४ परिवेश**

सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक अवस्थालाई परिवेशका रूपमा समावेश गरिएको छ । स्थानगत परिवेशका रूपमा रत्नपार्क, न्युरोड, बालाजु, स्वयम्भूको जङ्गल, होटेलका दृश्यहरूको वर्णन गरिएको छ । जाउलाखेल नजिकैको पिचास महलको प्रसङ्गले हत्याका घटनाका प्रसङ्गलाई देखाउन खोजेको छ । अन्याय, अत्याचार, बलात्कारका घटनाहरू पनि आएका छन् ।

**४.४.५.४ भाषाशैली**

**एक आँखे** उपन्यासमा तत्सम, तदभव र आगन्तुक शब्दहरूको प्रयोग गरेको छ । जस्तै आह ! व्हाइनट व्हाइनट प्लीज बी सिटेड, ज्यानको माया भए पछाडिबाट फर्केर सरासर भागी हाल छैन भने अहिल्यै यमराजको पाहुना बनाइ दिउँला र गुड नाइट 'बस' !, कर्ता, कर्म र क्रियाको मेल नभएका वाक्यहरूको साथै विष्मयादिवोधक चिन्हको प्रयोग पनि गरिएको छ । वाक्य गठनमा एकरूपता पाइँदैन । मध्यम खालको भाषा प्रयोगले उपन्यास वर्णनात्मक शैलीतिर ढल्केको पाइन्छ ।

**४.४.६.५ उद्देश्य**

जासुसी उपन्यासको मुख्य उद्देश्य पाठकलाई रहस्यमय घटनाको जानकारी गराउँदै कुतूहलता प्रदान गर्नु हो । समाजमा ठूलाबडाले सानाप्रति गरेको अमानवीय घटनाको चित्रण गरिएको पाइन्छ । आधुनिक सामग्रीहरूको प्रयोगले मानिसमा अराजकता फैलिदै गएको छ भन्ने देखाउन खोजेको पाइन्छ ।

### ४.४.६.७ निष्कर्ष

**एक आँखे** एस.पी. आसाको जासुसी उपन्यास हो । यस उपन्यासमा रघुवर भन्ने पात्र समाजमा प्रतिष्ठित, अत्यन्त सभ्य र शालीन देखिन्छ तर भित्र-भित्र गोप्य रूपमा अपराध गर्दछ । उसको आपराधिक क्रियाकलाप पत्ता लगाउनका लागि रमेश र दिनेशजस्ता जासुस राखिएको छ । रमेशको बुद्धिले समाजसेवीको पर्दाफास गरेर जेल हालिदिन्छ । समाजका विकृति, विसङ्गतिको रहस्य नखोल्नु र पाठक वर्गलाई अल्मल्याउने खालका घटनाहरू समावेश गरेको पाइन्छ । सरल भाषाशैलीको यो उपन्यास रैखिक ढाँचामा विस्तार भएको छ ।

### ४.४.७ 'अन्तिम अभिलाषा' उपन्यासको अध्ययन

### ४.४.७.१ कृति परिचय

**अन्तिम अभिलाषा** एस.पी. आसाको तेस्रो सामाजिक उपन्यास हो । यस उपन्यासलाई लक्ष्मीकुमारी मानन्धरले २०२९ सालमा प्रकाशनमा ल्याएकी हुन् र यसमा भूमिका, क-ख, पृष्ठ १३३ तथा १२ भाग रहेका छन् । उपन्यासको शीर्षक दुईओटा शब्दबाट राखिएको छ । अन्तिम अभिलाषाको अर्थ पछिल्लो चाहना भन्ने हुन्छ । यस उपन्यासमा प्रमुख पात्रका रूपमा रहेकी सीता आफ्नो इच्छा पूरा नभएको कारणले बिरामी हुन्छे र अन्त्यमा उसको मृत्युसँगै उपन्यासको अन्त्य भएकाले यस उपन्यासको शीर्षक **अन्तिम अभिलाषा** उपयुक्त नै रहेको छ ।

### ४.४.७.२ कथानक

पुस महिनाको चिसो बिहान सीताले स्टोभमा चिया पकाएर आफ्नो बाबुको कोठामा लिएर जान्छे । चिया लिएर जाँदा बाबुले विवाहको कुरा चलाउँछन् । उसको विवाह जाउलाखेलमा बस्ने धनी परिवारको सदस्य मानबहादुरसँग हुने निर्णय गरिन्छ । विवाह हुने घटना थाहा पाएपछि सीताका मनमा अनेक मनोभावना खेल्दै जान्छन् । मानबहादुरसँग विवाह नगरेर बरु आत्महत्या गर्ने अठोट गर्दछे । सीता घरबाट निस्केर बज्रवाराहीको मन्दिर नजिकैको जङ्गलमा जान्छे र सारीको पासो लगाउँछे । सारीको पासोमा बाँधिएकी सीतालाई योगेसले देख्दछ । आफ्नो मनपर्ने साथीलाई सारीको पासोमा देखेर योगेस दुःखी हुन्छ । उसले सीताको घाँटीमा लागेको पासो काटेर अस्पताल लैजान्छ । अस्पतालमा पुऱ्याउँदा सीताको अवस्था चिन्ताजनक हुन्छ । डाक्टरले अप्रेसनबाट उसको स्वास्थ्य ठीक पार्छ । सीतालाई बचाइदिएकोमा सीताका बाबु आमाले उसलाई धन्यवाद दिन्छन् । सीतालाई घरमा लिएर गएपछि योगेस आफ्नो घरमा जान्छ । सीता र योगेसका बीचमा नजिकको मित्रता बढ्दै जान्छ । सीताले आफूलाई योगेसको जिम्मा लगाउन चाहन्छे तर उसको चाहना पूरा हुन

सक्दैन । योगेस जोगी बनेर हरिद्वारको आश्रममा जान्छ । योगेस हरिद्वारमा बस्न थालेपछि सीतालाई चिन्ता पर्दछ । लामो समयपछि योगेस हरिद्वारबाट काठमाडौँ प्रवचन सुनाउनका लागि आउँछ । काठमाडौँको चारैतिर जोगीको प्रवचनको प्रशंसा गरिन्छ । जोगीको प्रशंसा सुनेर सीतालाई पनि जान मन लाग्दछ । जोगीले लामा-लामा दाह्री जुँगा पालेको हुन्छ । सीताले जोगीलाई चिनेजस्तो मान्दछे र उससँग भेट गर्न जान्छे । वास्तवमा त्यो नै योगेस हुन्छ । सीताले योगेससँग विवाहको प्रस्ताव राख्दछे । योगेसले आफू आजीवन ब्रह्मचारी नै बस्ने सल्लाह दिन्छ । योगेसले आफूलाई अस्वीकार गरेपछि सीता बिरामी हुन्छे । उसलाई लामो समयसम्म ज्वरो आउँछ । औषधीले कुनै काम नगरेपछि अन्त्यमा मृत्यु हुन्छ । सीताको मृत्युसँगै उपन्यासको कथानकलाई टुङ्ग्याइएको छ ।

### ४.४.७.३ चरित्र

उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिनका लागि चरित्रको महत्त्वपूर्ण भूमिका रहन्छ । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनसित आबद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ ।[९६] **अन्तिम अभिलाषा** उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । नारी पात्रका रूपमा सीता, धाइआमा, आमा, नीरा र रेणु रहेका छन् । पुरुष पात्रका रूपमा गगनबहादुर (सीताको बाबु), मानबहादुर, खडगबहादुर, हरिबहादुर, सन्तोष, राजेन्द्र, दिनेश र योगेस छन् । सीता नै **अन्तिम अभिलाषा** उपन्यासकी प्रमुख पात्र हो । योगेस र मानबहादुर, गगनबहादुर सहायक पात्र र हरिबहादुर, खडगबहादुर, सन्तोष, राजेन्द्र लगायत अन्य पात्र गौण पात्रका रूपमा आएका छन् ।

### ४.४.७.४ परिवेश

परिवेशअन्तर्गत जीवनका कथा रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधारजस्ता तत्त्वहरू पर्दछन् । अन्तिम अभिलाषा उपन्यासमा २००७ सालपछि देशमा बढ्दै गएको शिक्षाको विकृति विसङ्गतिका घटना, काठमाडौँ, बालाजु, सातदोबाटो, बज्रवाराही मन्दिर नजिकको जङ्गल, झापाबाट काठमाडौँ बसाइँ सराइका घटना, प्रेमको विभेद आदि परिवेशगत रूपमा छन् । बालाजुको मनमोहक वातावरण, शीतल हावा, निर्मल स्वच्छ पानी, फूलहरूको मगमगाहट, सूर्य डुब्न लागेका बेलाको अति सुन्दर वातावरणको वर्णनले प्राकृतिक परिवेशलाई बुझाउँछ ।

---

[९६] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, चौ.सं., (काठमाडौँ : साझा प्रकाशन, २०६१), पृ. ८ ।

### ४.४.७.५ उद्देश्य

उपन्यासको केन्द्रीय भाव नै उद्देश्य हो । **अन्तिम अभिलाषा** उपन्यासमा मानिसको सानो भूलले जीवनमा कतिसम्म दुःख पीडा र तल्लोस्तरमा पुऱ्याउँछ भन्ने देखाउन खोजिएको छ । आधुनिक शिक्षाले हिन्दू धर्म, आर्य संस्कृतिलाई र परम्परागत मूल्य मान्यतालाई त्याग्दै गएको घटनालाई प्रस्तुत गरिएको छ । पितृप्रधान समाजमा नारीले भेल्नु परेका समस्याको चित्रण सीताको चरित्रबाट स्पष्ट पारिएको छ । परम्परागत मूल्य मान्यताका विरुद्धमा आवाज उठाएकी नारी पात्रले समाजका अगाडि हार स्वीकार गर्नु परेको छ । कुनै पनि कार्य गर्दा निरन्तर रूपमा अगाडि बढ्नु पर्दछ र कार्य गर्दा आएका चुनौतीलाई हटाएर अगाडि बढ्नु पर्दछ भन्ने सन्देश दिन खोजेको छ ।

### ४.४.७.६ भाषाशैली

प्रस्तुत उपन्यासमा समाजका घटेका घटनालाई सरल र सरस भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिएको छ । बीच-बीचमा संवादको प्रयोगले कुतूहलता प्रदान गरेको पाइन्छ । उपन्यासमा कतै ज्यादै छोटा वाक्य र कतै ज्यादै लामा वाक्यहरूको प्रयोग भएको छ । ‘ई हेर्नोस्न यो प्रतिमा प्रताप मल्लको बूढानीलकण्ठको नक्कल गरेको रे’ भन्ने वाक्यमा धर्मप्रति आस्थालाई देखाइएको छ । उसले नारायणको ढुङ्गाको मूर्ति देखाएर भनी योगेसले एक चोटी पुलुक्क सीताको मुखमा हेऱ्यो र सीताले भन्न खोजेको कुरा बुझ्ने असफल प्रयास गऱ्यो । संवाद, प्रश्नार्थक, विष्मयादिवोधक चिह्नको प्रयोग भए तापनि वाक्य गठनमा सरल वाक्यकै प्रधानता पाइन्छ ।

### ४.४.७.७ निष्कर्ष

**अन्तिम अभिलाषा** सामाजिक उपन्यास हो जसमा समाजमा घटेका घटनालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । समाजमा रहेको परम्परागत मूल्य मान्यताप्रति आस्था राख्ने आध्यात्मिक चिन्तनको प्रतीकका रूपमा योगेसलाई समावेश गरिएको छ । आधुनिक समाजमा नारीले स्वतन्त्र रूपमा आफ्नो जीवन बिताउन र जीवन साथी रोज्न पाउनु पर्दछ भन्ने भावनालाई सीताका माध्यमबाट प्रस्तुत गरिएको छ । सीताले आफ्नो इच्छा पूरा गर्नका लागि प्रयत्नशील रहँदा रहँदै पनि अन्त्यमा पराजित बन्न पुग्दछे । यस उपन्यासमा घटनाको प्रधानता भएकाले वर्णनात्मक शैलीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## ४.४.८ 'आधुनिक अपराधी' उपन्यासको अध्ययन

### ४.४.८.१ कृति परिचय

**आधुनिक अपराधी** जासुसी उपन्यास हो । २०३५ सालमा ठहिटी काठमाडौँबाट प्रकाशित उक्त उपन्यासको प्रकाशकका रूपमा सुस श्रेष्ठ रहेका छन् । यो उपन्यास १४४ पृष्ठ र १० भागको रहेको छ । **आधुनिक अपराधी** उपन्यास शीर्षक दुईवटा शब्दबाट बनेको पाइन्छ । आधुनिक अपराधी उपन्यासमा श्यामू भन्ने पात्रले एउटा ग्याँसको प्रयोग गरेर मरेको मान्छेलाई जीवित तुल्याउने काम गर्दछ । श्यामू नै आधुनिक अपराधीका रूपमा चिनिएर उपन्यासको अन्त्य भएकाले यसको शीर्षक **आधुनिक अपराधी** सार्थक रहेको देखिन्छ ।

### ४.४.८.२ कथानक

**आधुनिक अपराधी** उपन्यासमा श्यामू एउटा अपराधी हुन्छ । एक दिन उसले न्युरोडको पिपलबोट नजिकैको घरमा गएर आफ्नो कार रोक्दछ । कारलाई सडकमा राखेर भित्र जान्छ र भित्र उसका लागि बियर राखिएको हुन्छ । बियर खाएर एउटा बन्द कोठामा प्रवेश गर्दछ जुन कोठामा एउटा युवती अचेतन अवस्थामा सुतिरहेकी हुन्छे । उसको नाम अनिता हो । श्यामू र अनिताका बीचमा शारीरिक सम्बन्ध हुन्छ । उनीहरूका बीचको शारीरिक सम्बन्धको घटनालाई लिएर न्युरोडमा मानिसहरूको भीड लाग्दछ । त्यति बेलामा प्रहरी, डाक्टर, फोटोग्राफर पनि आएका हुन्छन् । रमेश र दिनेश चलाख जासुसीका रूपमा देखापरेका छन् । उनीहरू पनि भित्र पसेर लासको निरीक्षण गर्न थाल्दछन् । जुन लास श्यामूको हुन्छ । उसको लास पलङ्गबाट एक हात पर लडेको हुन्छ । उसको हात र ढाडमा गोली लागेको हुन्छ । श्यामू मारिएको केही समयमा अनिता पनि मर्दछे । श्यामू र अनिता मारिए पनि काठमाडौँमा दिन प्रतिदिन अपहरण, मोटरको चोरीजस्ता क्रियाकलाप बढ्दै जान्छन् । दिवाकर भन्ने व्यक्तिको हत्या गरेर उससँगै भएको ब्याग लिएर जान्छ त्यो ब्यागमा एउटा ग्याँस राखिएको हुन्छ जुन ग्याँसबाट बेहोस भएको मान्छे तुरुन्तै होसमा आएर मोटर साइकल हाँक्न सक्दछ । अपराधजन्य क्रियाकलाप काठमाडौँमा मात्र नभएर भारतका विभिन्न ठाउँहरूमा गएर केटीहरूलाई बेचबिखन गर्ने, केटीहरूलाई आफ्नो खेलौनाका रूपमा पनि प्रयोग गर्दछ । रमेश र भावनाका बीचका भएका प्रेमका घटना, प्रोफेसर वि.के. ले ज्यादै सुन्दर युवती निर्मलालाई आफ्नो बनाउनका लागि आफ्नो मान पदवीको ख्याल नगरेको घटनालाई देखाइएको छ । प्रोफेसर वि.के. ले नै श्यामूका नामबाट समाजमा विभिन्न आपराधिक क्रियाकलाप गरेर आफ्नो अस्तित्व गुमाउन पुगेको घटनाको चित्रण गरिएको छ ।

### ४.४.८.३ पात्र

**आधुनिक अपराधी** उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । पुरुष पात्रका रूपमा दिपेन्द्र, रमेश, दिनेश, श्याम्, किशोर, शिव, वि.के. प्रधान रहेका छन् । नारी पात्रका रूपमा अनिता, निर्मला, भावना, रूपा आएका छन् । प्रमुख पात्रका रूपमा श्याम् (वि.के. प्रधान) रहेको छ जसले घटनालाई गतिशीलतातर्फ लैजानका लागि ठूलो भूमिका खेलेको छ । रमेश, दिनेश, भावना, निर्मला यसका सहायक पात्र हुन् भने दिपेन्द्र, शिव, रूपा गौण पात्र हुन् ।

### ४.४.८.४ परिवेश

काठमाडौँका विभिन्न स्थानहरू परिवेशगत रूपमा आएका छन् । काठमाडौँका न्युरोड, थानकोट, त्रिभुवन राजपथ, न्युरोडका होटेलहरूको वर्णन गरिएकाले ती नै परिवेशका रूपमा आएका छन् । समाजमा ठूला बडाहरूको रवाफ, प्रेमविवाहका प्रसङ्ग, पुरुषले नारीप्रति गरेको अमानवीय क्रियाकलापको वर्णन गरिएको छ । सहरिया परिवेशमा बढ्दै गएका विकृति र विसङ्गति पनि समावेश गरिएको छ ।

### ४.४.८.५ उद्देश्य

सहरिया वातावरणमा बढ्दै गएका विकृति र विसङ्गतिलाई हटाउनका लागि नैतिक शिक्षाको आवश्यकता पर्दछ भन्ने देखाउन खोजिएको छ । समाजमा प्रतिष्ठित व्यक्तिले पनि नराम्रा क्रियाकलाप गरेर आफ्नो अस्तित्व गुमाउन खोजिरहेको घटनाको चित्रण गरिएको छ । कुनै पनि मानिस आफ्नो कार्यप्रति इमान्दार र धैर्यताका साथ लाग्नुपर्दछ । त्यसको परिणाम पनि राम्रो हुन्छ भन्न खोजेको छ । रहस्यमय घटनालाई प्रस्तुत गरेर पाठक वर्गलाई कुतूहलता प्रदान गर्नु यसको अर्को लक्ष्य रहेको देखिन्छ ।

### ४.४.८.६ भाषाशैली

**आधुनिक अपराधी** उपन्यासमा तत्सम, तद्भव र आगन्तुक तीनै खालका शब्दहरूको प्रयोग गरिएको पाइन्छ । ती शब्दहरूको प्रयोगलाई हेर्दा आगन्तुक शब्दकै प्रधानता रहेको देखिन्छ । संवाद, प्रश्नार्थक, विष्मयादिवोधक चिन्हहरूको प्रयोग पनि गरेका छन् । वाक्यगठन प्रक्रिया कतै ज्यादा लामो र कतै ज्यादै छोटो खालका पाइन्छन् । कतै कतै गाम्य भाषाका शब्दलाई समावेश गर्न पुगेका छन् ।

### ४.४.८.७ निष्कर्ष

**आधुनिक अपराधी** जासुसी उपन्यास हो । यसमा समाजमा बढ्दै गएका अपराधजन्य क्रियाकलाप, अपहरण, चोरी डकैतीजस्ता विषयवस्तुलाई समावेश

गरिएको छ । अपराध गर्ने व्यक्ति को हो, कसरी अपराध गरिरहेको छ भन्ने घटना नै रहस्यमय तरिकाले अगाडि बढेको पाइन्छ र अन्त्यमा चलाख जासुसी पात्रले त्यस घटनाको पत्ता लगाउन सफल भएर उपन्यासको अन्त्य गरिएको छ । नारी र पुरुष दुवै खालका पात्रको प्रयोग गरिए तापनि उपन्यास रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ । रहस्मय घटनालाई प्रस्तुत गरेर पाठक वर्गलाई कौतुहल प्रदान गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ४.४.९ 'महासामन्त' उपन्यासको अध्ययन

#### ४.४.९.१ कृति परिचय

एस.पी. आसाको सबैभन्दा पहिलो ऐतिहासिक उपन्यासका रूपमा **महासामन्त** देखापरेको हो । **महासामन्त** उपन्यास २०३६ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो जसमा ११ अध्याय तथा १७६ पृष्ठ रहेको छ । यो उपन्यासको शीर्षक **महासामन्त** तत्सम शब्द हो । महा र सामन्त शब्द मिलेर बनेको छ । महा शब्दको अर्थ विशाल वा उच्च हुन्छ भने सामन्त शब्दको अर्थ शोषक, जमिन्दार, मध्ययुगका ठूला राजाका अधीनमा रहेका राजा रजौटाका भारदार भन्ने हुन्छ ।[९७] महासामन्तको अर्थ प्रधानमन्त्रीजस्तै भनेर उपन्यासका ग्रन्थमा प्रयोग भएका शब्दबाट जानकारी गराइएको छ । उपन्यासमा लिच्छवीकालीन शासन व्यवस्थामा नेपालको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था कस्तो थियो भन्ने जानकारी गराउन खोजिएको छ । विदेशी राष्ट्रसँगको व्यापार सम्बन्धलाई पनि वर्णन गरिएको छ ।

#### ४.४.९.२ कथानक

**महासामन्त** उपन्यासको सुरुआत किराँती राजकूल शुंकाको परिचयबाट भएको छ । किराँतकालीन शासन व्यवस्थामा किराँती र लिच्छवीहरूका बीचमा युद्ध हुन्छ । युद्धमा लिच्छवी शासकहरूले कोलीग्राम राज्य (काठमाडौँ) लाई आफ्नो बनाउन सफल हुन्छन् । कोलीग्राम लिच्छवीहरूको हातबाट फिर्ता लिनका लागि किराँतीहरूले पटक पटक आक्रमण गर्दछन् तर किराँतीहरूको हार हुन्छ । त्यतिबेलाका लिच्छवी शासक शिवदेव प्रथम आफू निःसन्तान भएकाले आफ्ना भाइका ज्वाइँ अंशुवर्मालाई शासनभार सुम्पेका हुन्छन् । अंशुवर्मालाई शासनभार दिएकाले भित्र भित्र लिच्छवीकालीन भारदार रुष्ट बन्दै जान्छन् । अंशुवर्मालाई शिवदेवले महासामन्तको पदमा प्रतिष्ठापित गर्दछन् । महासामन्त पदमा रहेपछि

---

[९७] हेमाङ्गराज अधिकारी र वद्रीविशाल पौड्याल, **प्रयोगात्मक नेपाली शब्दकोश**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ७९१ ।

उनले शासन व्यवस्थामा सुधार गर्दै जान्छन् । मानदेवले बनाएको भन्दा ठूलो कैलासकुट भवन निर्माण गर्न लगाउँछन् जुन भवननिर्माण कार्यले अंशुवर्माको बौद्ध धर्मप्रतिको आस्था रहेको जानकारी हुन्छ । नेपालमा अंशुवर्माको शासन व्यवस्था रहेका बेला भोटमा रिदन गम्पोले शासन सञ्चालन गरेका हुन्छन् । त्यतिबेला भोटमा नरबलिसम्मको प्रचलन रहेको हुन्छ । मानिस र समाजमा कुनै विकास भएको पाइँदैन । मानिसहरूले जङ्गली अवस्था बिताइरहेका हुन्छन् । जनताहरूलाई प्रदेश, धर्म, शिक्षा भन्ने कुनै कुराको जानकारी हुँदैन । रिदन गम्पोको शासन व्यवस्थापछि राज्यको उत्तराधिकारीका रूपमा श्रनचन गम्पो रहन्छन् । श्रनचन गम्पोको नेपाल भ्रमणलाई अंशुवर्माले स्वीकार गर्दछन् । श्रनचन गम्पो र भृकुटीका बीचमा वैवाहिक सम्बन्ध कायम हुन्छ जुन सम्बन्धले नेपाल भोटका बीचमा कुटनीतिक सम्बन्ध कायम रहन्छ । अंशुवर्मा नेपालको प्रशासनिक, सामाजिक र आर्थिक विकास कार्यतर्फ उन्मुख रहन्छन् । लिच्छवी वंशका उदयदेवलाई राज्यसत्ता दिन अंशुवर्मा सफल बन्दछन् । उदयदेवका पालामा पनि किराँतकालीन भारदार शुंका र लिच्छवी भारदारहरूका बीचमा युद्ध हुन्छ । शुंकाले लिच्छवीहरूलाई बन्दी बनाएको हुन्छ त्यही बन्दीको समयमा लिच्छवी सेनाहरूले चारैतर्फबाट आक्रमण गरी किराँतीहरूलाई हराउन सफल हुन्छन् र शुंकालाई लिएर आउँछन् । शुंकालाई अंशुवर्माले पूर्वतिर राज्यविस्तार गर्ने सर्तमा पठाउँछन् । यसबाट किराँती र लिच्छवीहरूका बीचमा मैत्रीपूर्ण सम्बन्ध कायम हुन्छ । यसरी 'महासामन्त' उपन्यासको कथानक रैखिक ढाँचामा गएर अन्त्य भएको छ ।

### ४.४.९.३ चरित्र

प्रस्तुत उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुष पात्रका रूपमा अंशुवर्मा, शुंका, शिवदेव प्रथम, विश्वदेव, यलम्बर, सुरपाक, श्रनचन गम्पो, रिदन गम्पो, उदयदेव, यनोहर विकट वर्मा, तार्चुगापा, वसुमित्र, शुममित्र, सापुङ्ग, सुन्ताङ्ग, ताबुत, हरिवर्मा, बासुदेव, भिक्षु आनन्द, चित्रकार, रूपसिंह, गुरु लकुलीश, मानदेव र हरिस्वामी आदि रहेका छन् ।

भृकुटी, छान्ते, हाचुवीन, गीता, शुभलक्ष्मी, चम्पाकली, राज्यावती, शुंकाकी आमा सावित्री आदि नारी पात्र हुन् । यीबाहेक दासदासीहरू, दण्डनायक, अमात्य, कुमारामात्य, दूतक, बलाध्यक्ष, सेनानी, सार्थबाहु, भारदार, राजकर्मचारी, गूढपुरुष (गुप्त पुरुष) भट र सहस्र भटजस्ता पात्रहरू पनि उपन्यासमा समावेश गरिएकाले उपन्यासलाई बहुपात्रीय उपन्यास भन्न सकिन्छ । शुंका र अंशुवर्मा नै महासामन्त उपन्यासका प्रमुख पात्र हुन् । भृकुटी, उदयदेव, रिदन गम्पो, श्रनचन गम्पो, शिवदेव प्रथम, वसुमित्र, शुभमित्र, हरि वासुदेव, हरिस्वामी सहायक पात्र हुन् भने दासदासी,

दण्डनायक, अमात्य, कुमारमात्य, बलाध्यक्ष, राज्यवती, सेनानी, सार्थवाहु आदि गौण पात्रका रूपमा रहेका छन् ।

### ४.४.९.४ परिवेश

उपन्यासमा मानव जीवनको एउटा खण्ड विशेषको सम्पूर्ण चित्र हुन्छ । त्यस चित्रमा मानिसको सुख दुःख, इच्छा आकाङ्क्षा, उदवेग-अन्तर्वेग आदि प्रतिबिम्बित हुन्छ र जुन प्रतिबिम्ब सामाजिक हुन्छ । वातावरणको सफल प्रस्तुतिले उपन्यासमा सहजता, स्वभाविकता र यथार्थताको सन्निवेश हुन्छ । 'महासामन्त' उपन्यासको मुख्य घटना स्थलका रूपमा कोलीग्रामको परिवेशलाई लिइएको छ । स्वयम्भू, नागार्जुन, दक्षिणकाली, च्यौपाटन, लगनखेल, जमल, वाग्मती आदि स्थानगत परिवेशका रूपमा प्रस्तुत उपन्यासमा रहेका छन् । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छाड्ने प्रभावलाई वातावरण भनिन्छ । श्रनचन गम्पो र अंशुवर्मा सदाकालका लागि आपसी मित्रताको बलियो बन्धनमा बाँधिए । "महाराज अंशुवर्माले छोरीलाई र ज्वाइँलाई आर्शीवाद दिए"[९८] भन्ने उद्धरणबाट दुई देश बीचको कुटनैतिक सम्बन्ध बलियो भएको पाइन्छ । तत्कालीन समयमा पुनर्विवाह प्रचलन रहेको बुझिन्छ । कुनै पनि महिलाले विधवा विवाह नगरेमा सम्पत्ति दिने प्रचलन रहेको देखिन्छ । धार्मिक परम्परा अनुसार नेपाली समाजमा पतिलाई ईश्वर सम्झी आफ्नो कुलधर्म मर्यादाको पालना गर्नुपर्ने परिवेशलाई देखाइएको छ । बौद्ध धर्मप्रतिको आस्थाका कारणले मन्दिरमा कुनै पनि बलि चढाउन नपाइने व्यवस्था गरिएको छ । त्यतिबेला राजपरिवारको विवाहका लागि जनताले चामल, तेल, एक दुई हात कपडा, दाउरा आदि पठाउनु पर्ने बाध्यता सामन्ती व्यवस्थाको झलक प्रस्तुत गरेको पाइन्छ । लिच्छवीकालीन समयमा कर प्रणालीको व्यवस्था पनि रहेको बुझिन्छ ।

### ४.४.९.५ उद्देश्य

विना उद्देश्य कुनै पनि साहित्यकारले साहित्य सिर्जना गरेको हुँदैन । यस उपन्यासमा आसाले लिच्छवीकालीन अवस्थाको राजनीतिक, सामाजिक, सांस्कृतिक वस्तुस्थितिको चित्रण गर्नु नै मुख्य उद्देश्य राखेको पाइन्छ । अंशुवर्मा र भृकुटीजस्ता देशप्रेमीको जीवनलाई पाठकसमक्ष प्रस्तुत गर्नु अर्को लक्ष्य रहेको छ । अंशुवर्माले आफ्नो देशको अस्तित्व बचाउनका लागि भृकुटीको विवाह श्रनचन गम्पोसँग गरिदिएका छन् । देशको राष्ट्रियता जोगाउनका लागि युद्ध, वैमनस्यताभन्दा समझदारी र मेलमिलापको आवश्यकता पर्दछ भन्ने सन्देश दिन खोजेको छ ।

---

[९८] एस.पी. आसा, **महासामन्त**, (काठमाडौँ : साझा प्रकाशन, २०३६), पृ. १०५ ।

"गीता ! देश मेरो प्राणभन्दा पनि प्यारो छ देशको कार्यभन्दा ठूलो अन्य कुनै महत्त्वपूर्ण कार्य नै हुँदैन तिम्रो र मेरो कुरा व्यक्तिगत हो । देशघातक मेरो ठूलो शत्रु हो जो देशघातक छ त्यसको शिर म यही खडगले छेदन गर्छु ।"[९९]

### ४.४.९.६ भाषाशैली

प्रस्तुत उपन्यासमा समसामयिक र लिच्छवीकालीन समयका भाषाको प्रयोग गरिएको छ । "मल्लयुद्धगोष्ठी सपेला-पाञ्चाली, अधशाला-पाञ्चाली र ग्रामप्रदेशका ग्रामपिता मनोरञ्जनस्थलको राम्रो व्यवस्था गर्नमा व्यस्त थिए । अरू सबको भन्दा बढी जिम्मेवारी ग्रामपिताको थियो ।"[१००] "कस्तो शठ (मूर्ख) रहेछ ! गो (साँढे) को बल तेरो जत्तिकै हुन्छ र ?"[१०१] यस उपन्यासमा संस्कृतका श्लोकका दुई पङ्क्तिलाई पनि समावेश गरिएको छ । "आरोग्य परमा लामा सन्तोष परमं धनम् । विश्वास परमायाती निर्वाण परमा सुखम् ।"[१०२] मानिसले आफ्नो जीवनलाई सुखदायी बनाउन लागि हिंसा नगर्नु, झुटा नबोल्नु, मद्यपान नगर्नु । नदिएको नलिने र ब्रहाचर्यमा बस्ने गर्नु पर्दछ । यसमा काव्यात्मकता प्रदान गर्नाका लागि अन्त्यानुप्रास मिलाइएको छ । उपन्यासमा प्रश्नार्थक, विष्मयादिवोधक चिह्न, संवाद, अनुकरणात्मक शब्दको पनि प्रयोग गरिएको छ । पात्रअनुसार फरक फरक संवादहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा घटनाको बढी प्रयोग गरिएकाले वर्णनात्मक शैली नै उपयुक्त देखिन्छ ।

### ४.४.९.७ निष्कर्ष

**महासामन्त** एस.पी. आसाको पहिलो ऐतिहासिक उपन्यास हो । यो उपन्यासमा लिच्छवीकालीन सामाजिक, सांस्कृतिक, राजनैतिक तथा नेपाल र भोटका बीचमा भएको मैत्रीपूर्ण सम्बन्धका बारेमा चर्चा गरिएको छ । अंशुवर्मा र भृकुटीको राष्ट्रप्रतिको भावना र ममतालाई स्पष्ट पारिएको छ । परिवेशका रूपमा नेपाल, भारत र भोटका विभिन्न ठाउँहरू आएका छन् । बौद्ध सम्प्रदाय, राजनीति, युद्ध, विवाह आदि सामाजिक परिवेशको झलकका रूपमा आएका छन् । कुनै पनि कार्यमा सफलता प्राप्त गर्नका लागि मिहिनेतको आवश्यकता पर्दछ र मिहिनेतको फल मीठो हुन्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

---

[९९] *ऐजन,* पृ. १५५ ।
[१००] *ऐजन,* पृ. ४९ ।
[१०१] *ऐजन,* पृ. ५० ।
[१०२] *ऐजन,* पृ. ७६ ।

### ४.४.१० 'रक्त सम्मान' उपन्यासको अध्ययन

#### ४.४.१०.१ कृति परिचय

प्रस्तुत उपन्यास किराँतकालीन र बुद्धकालीन घटनालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । यो उपन्यास २०४५ सालमा प्रकाशित भएको हो र जसको प्रकाशक सरस्वती घिमिरे हुन् । उक्त उपन्यासमा २ भाग, १३० पृष्ठ सानु बिन्ती, उपन्यासको विषयमा केही कुरा र पछाडिपट्टि शब्द र अर्थलाई अ-आ, क ख ग गरी दिइएको छ । उपन्यासको संरचनामा आएका दुई भागको अङ्क र भाग एकै किसिमको पाइँदैन । उपन्यासको शीर्षक रक्त र सम्मान दुई शब्दबाट रहेको छ । उपन्यासमा पुर्खाको, स्वदेशीको र स्वजातिको सम्मान प्रतिष्ठालाई देखाउन खोजिएको हुनाले यसको शीर्षक रक्त सम्मान उपयुक्त रहेको छ ।

#### ४.४.१०.२ कथानक

कथानकको सुरुआत नाच हेर्न जाने उद्देश्यले तुर्के नामक युवकले मोवाङ नामक युवतीलाई बोलाएको घटनाबाट हुन्छ । तुर्के मोवाङलाई मन पराउँछ र मोवाङलाई आफ्नो जीवन साथी बनाउन चाहान्छ । उसले मोवाङलाई विभिन्न प्रलोभन देखाउँछ । तुर्केको वैवाहिक सम्बन्ध अस्वीकार गर्दै राष्ट्रको सेवा गरेर बस्ने सल्लाह दिन्छे । मोवाङलाई आफ्नो बाबुले राष्ट्रको सेवा गर्नका लागि विष कन्या बनाएको हुन्छ । आफ्नो बाबुको इच्छा र देशको ममता पूरा गर्नका लागि तत्पर रहन्छे । त्यति बेला काठमाडौंका विभिन्न राज्यहरू स्वतन्त्र रहेका छन् । ती राज्यका युवकहरू राम्री युवतीहरूलाई राज्यकोषबाट सुरक्षा, बसोवास र सुविधाको प्रबन्धसहित नगरसुन्दरी बनाएर राष्ट्रको सम्पत्तिका रूपमा राख्ने गर्दछन् । पाटन, भक्तपुर, बनेपा छुट्टाछुट्टै राज्यका रूपमा रहेका छन् । तीमध्ये पाटन ज्यादै झगडालु राज्यका रूपमा चिनिँदै आएको छ । त्यस राज्यमा जितदेबस्कीको ठूलो हात रहेको छ । जितदेबस्की पाटनमा मोवाङलाई पठाउँछन् । मोवाङ पाटन गएपछि उनले बनेपामाथि पटक पटक आक्रमण गर्दछन् । बनेपामा हार खाएर जितदेबस्की भारतका विभिन्न राज्यहरूको वस्तुस्थिति बुझ्नका लागि गोप्य रूपमा दूतहरू पठाएका हुन्छन् । वस्कुले मगधका युवराज अजातशत्रुलाई महामात्य वर्षाकारको सहायता लिएर आफ्नै बाबु महाराज बिम्बसागरलाई कैद गरी राज्य आफ्नो कब्जामा लिएका हुन्छन् । उदयन र वस्कुले बुद्ध सम्प्रदायमा दीक्षित (तन्त्रमन्त्र) मा निपुण हुनाका लागि मगध प्रस्थान गरेर एक समूहका आइमाईहरूसँग भेट हुन्छ ती आइमाईमध्ये एक महिला कपिलवस्तु निवासी गौतमी हुन्छिन् । गौतमीले बुद्धको बाल्यकालका घटनाका बारेमा जानकारी दिन्छिन् । गौतमीले बुद्ध सानैदेखि

विषयवासनामा माया मोह नभएकाले उनका पिता शुद्धोधनले गौतमी लगायतका दसजनाको समूहलाई विषयवासनामा लगाउनका लागि जिम्मा दिएका छन् । उक्त कार्यमा गौतमीहरू सफल बन्न सक्दैनन् ।

वस्कु मगद्यबाट वैशाली पुग्दछन् वैशाली राज्य ज्यादै सुन्दर र भव्य खालको छ जुन राज्यले वस्कुको मनलाई आकर्षित गर्दछ । त्यतिबेला वैशाली राज्यमा आम्बापालीले शासन सञ्चालन गर्दै आएकी थिइन् । आम्बापालीलाई भेट गर्नका लागि धेरै अनुरोध गर्नु पर्दछ । आम्बापालीले उदयन र वस्कुलाई राम्रो सम्मान गर्दछिन् । आम्बापाली नगरसुन्दरी पदमा रहेकी हुन्छिन् । आम्बापालीको नृत्यको निपुणता, वत्सराज उदयनमा सङ्गीतको निपुणता पाइन्छ । वत्सराज आम्बापालीको नृत्य हेरेर त्यहाँबाट फर्कन्छन् । वस्कुलाई वैशाली राज्यमा कुनै गुप्तचरको कार्य नगरी भ्रमण मात्र गर्ने सर्तमा वैशाली राज्यमा बस्ने अनुमति दिइन्छ । वस्कुलाई एउटी बृद्धाले आफ्ना घरमा लगरे मृत्युशैयामा रहेको छोराको श्रीमतीसँग सहवास गर्न लगाएर बुहारी गर्भवती भएपछि उसलाई बिदा दिन्छिन् । त्यतिबेलासम्म वैशाली राज्यमा दुई तीनओटा भयानक घटना घटिसकेका हुन्छन् । भगवानले कोसल सेनापति बन्धुल्ल मल्लकी पत्नी मल्लिकाको सन्तान नभएकाले कुसीनरा पठाएका हुन्छन् तर बाटामा बुद्धसँग भेट हुन्छ । बुद्धले चाँडै नै जुम्ल्याहा बच्चा हुने सल्लाह दिएर मल्लिकालाई फर्काउँछन् । मल्लिकाले लिच्छवीहरूको अभिषेक पुस्करिनीमा आफूले स्नान गरेमा दुईओटा बच्चा जन्मिने र लिच्छवीजस्तै पराक्रमी हुन्छ भन्ने आफ्नो विश्वास रहेको बताउँछिन् । सेनापति बन्धुलले पुस्करिनी रक्षकहरूसँग युद्ध गरी हजारौं लिच्छवीहरूलाई मारेर मल्लिकालाई स्नान गराएका कुरा वस्कुलाई पनि थाहा हुन्छ । लिच्छवीहरूको नैराश्यताले गर्दा वस्कुलाई त्यहाँ बस्न मन हुँदैन वस्कु वैशालीबाट फेरि मगद प्रस्थान गर्दछन् । मगध राज्यमा अजातशत्रु र वर्षाकारका बीच मनमुटाव बढ्दै जान्छ । अजातशत्रुले वैशालीमाथि आक्रमण गर्न प्रस्ताव राख्दछन् तर वर्षाकारले आक्रमण गर्नु भनेको आफ्नै लागि खतरनाक आक्रमण गर्नुभन्दा बरु तीर्थाटन जानु र अजातशत्रु जङ्गल पस्ने कुरा गर्दछन् । ती दुवैका बीचमा मेल गराउने काम वस्कुले गर्दछ । अजातशत्रुले वर्षाकारसँग देवदत्तको बारेमा जानकारी भए नभएको सोध्दछन् । वर्षाकारले वर्षाकारले आफूलाई देवदत्तका बारेमा केही जानकारी नभएको बताएपछि देवदत्त भगवान बुद्धलाई ईर्ष्या गर्ने, पहाडको टाकुराबाट ढुङ्गा पल्टाएर मार्न खोजेको तथा बुद्धका उपासकहरूले देवदत्तलाई खाल्डोमा हाली मारेर देवदत्तको मुक्ति प्राप्त गरेको कुरा अजातशत्रुले बताउँछन् । शुद्धोधनले आफ्नो छोरा बुद्ध बनेको थाहा पाएर कपिलवस्तु ल्याउन आग्रह गर्दछन् तर सबैजना भिक्षु बनेपछि काल उदयले बुद्धलाई लिएर कपिलवस्तु

आउँछन् । कपिलवस्तुमा बुद्धको प्रवेशपछि श्रीमती यशोधरा र छोरालाई (राहुल) पनि बौद्ध बन्न लगाउँछन् । कपिलवस्तुका अन्य व्यक्तिहरू पनि बुद्धसँगै जान्छन् । बुद्ध धर्मको प्रचार प्रसार चारैतिर फैलिँदै जान्छ । बुद्ध धर्मको प्रचारसँगै यस उपन्यासको कथानकको अन्त्य भएको छ ।

#### ४.४.१०.३ चरित्र

उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ ।[१०३] **रक्त सम्मान** उपन्यासमा पनि नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । पुरुष पात्रका रूपमा तुर्के, जितदेबस्की, गौतम बुद्ध, आचार्य सुसुम्बा, महाराज, विम्बीसागर, वस्कु, महाराज, उदयन, अजातशत्रु, वर्षाकार, सेनापति, बन्धुल, देवदत्त, शतुक, अनिरुद्र, महानाम, खुवाचाङ, श्रवणकुनक, शुद्धोधन, राहुल, कालउदय, जेतराजकुमार, पिण्डोल भारद्वाज, प्रसेनजीत, राजकुमार, विडयूम आदि छन् । मोवाङ, आम्बापाली, गौतमी, यशोधरा, मल्लिका, वृद्धा, वृद्धाकी बुहारी आदि नारी पात्रका रूपमा आएका छन् ।

यस उपन्यासमा बुद्ध नै प्रमुख पात्र हुन् । वस्कु, मोवाङ, तुर्के, जितदेवस्की, वर्षाकार, अजातशत्रु, उदयन सहायक पात्र हुन् भने गौतमी, यशोधरा, राहुल, शुद्धोधन, बन्धुल, देवदत्त, शंतुक, प्रसेनजीत, श्रवणकुनक, राजकुमार, विडयूम आदि गौण पात्र हुन् ।

#### ४.४.१०.४ परिवेश

प्रस्तुत उपन्यासमा घटना घटेका स्थलहरूमा कपिलवस्तु, कोसल, मगध, वैशाली, स्वयम्भू, आदेश्वर, विष्णुमति, बनेपा, काठमाडौँ, पाटन, नागार्जुन आदि आएका छन् । उपन्यासको सुरुमा नै किराँतकालीन र बुद्धकालीन उपन्यास भनिएको हुनाले मुख्य परिवेशका रूपमा तत्कालीन समयको राजनैतिक अस्थिरता, काठमाडौँको आलोक प्रेमका प्रसङ्ग, राष्ट्रियताको परिवेश, मृत्युदण्डको सजाय, बहुविवाहको प्रचलन, आफ्नो सम्पत्ति रक्षा र सन्तान प्राप्तिका लागि परपुरुषसँगको सहवास आदि परिवेशका रूपमा आएका छन् । नारीलाई राष्ट्रको सम्पत्तिका रूपमा लिने प्रचलनले परम्परागत सामाजिक, सांस्कृतिक परिवेशको प्रतिनिधित्व गरेको छ । “त्यसताका युवकहरू सबभन्दा राम्री तरुणीलाई राष्ट्रको सम्पत्तिका रूपमा राख्दथे”[१०४] त्यतिबेला ज्योतिष विधामा विश्वास राखेको पाइन्छ । “कालउदयले

---

[१०३] कृष्णहरि बराल र नेत्र एटम, *पूर्ववत्*, पृ. ३० ।

[१०४] एस.पी. आसा, **रक्त सम्मान**, (काठमाडौँ : सरस्वती घिमिरे, २०४५), पृ. १ ।

बुद्धलाई भिच्छु हुने भविष्यवाणी सानैमा गरेको थियो जातक कथाहरूमा देवदत्त जमीन फाटेर त्यहि खसि मरेको भनेको छ ।"[१०५]

### ४.४.१०.५ उद्देश्य

सारवस्तुको कलात्मक प्रस्तुति नै उपन्यासको उद्देश्य हो । आजकलका उपन्यासमा यथार्थको सूक्ष्म निरीक्षण गर्नु नै सारवस्तु रहेको हुन्छ भने त्यसको कलात्मक प्रस्तुतीकरण नै उद्देश्यका रूपमा व्यक्त हुन्छ ।[१०६] प्रस्तुत उपन्यासमा बुद्ध धर्मको प्रभावले व्यक्तिगत स्वार्थभन्दा राष्ट्रियताको भावनालाई अगाडि बढाउन खोजेको पाइन्छ । बुद्धको समयमा सामाजिक, सांस्कृतिक, राजनीतिक अवस्था कस्तो थियो र त्यसको प्रभाव अहिले कस्तो छ भन्ने खोज्नु यस उपन्यासको उद्देश्य रहेको छ । हामी सधै कर्मशील भएर अगाडि बढ्नुपर्दछ भन्ने सन्देश दिन खोजेको छ । यसैगरी उपन्यासले भौतिक विलासिताभन्दा आध्यात्मिक मार्ग नै उचित मार्ग हो भन्ने सन्देश नै यसको लक्ष्य रहेको देखिन्छ । प्रस्तुत उपन्यासमा यिनै उद्देश्यहरूलाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ४.४.१०.६ भाषाशैली

अन्य उपन्यासमा जस्तै **रक्त सम्मान** उपन्यासमा पनि तत्कालीन समयमा प्रयोग भएका शब्दहरूको प्रयोग बढी भएको पाइन्छ । उपन्यासलाई कौतुहलमय बनाउनका लागि कतै काव्यात्मक भाषाको प्रयोग गरेको पाइन्छ । "चाँदी जस्तो चम्केको घाम वनका हरियालीले शोभा दिएको थियो ।"[१०७] चाँदीलाई उपमा र घामलाई उपमेयका रूपमा हेरिएको छ । सरल, मिश्र र संयुक्त तीनै खालका वाक्यहरूको प्रयोग गरिएको भए तापनि सरल वाक्यकै प्रधानता पाइन्छ । "महाराज जितेदबस्कीको राज्यमा एक नगर सुन्दरीको साँच्चै आवश्यक थियो ।"[१०८] उपन्यासमा उच्च स्तरीय मानक भाषाका साथै संवादको प्रयोग पाइन्छ । उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ४.४.१०.७ निष्कर्ष

**रक्त सम्मान** उपन्यासमा बुद्ध धर्मको प्रभाव नै प्रमुख घटनाका रूपमा आएको छ । बुद्ध धर्मको प्रचार प्रसारका समयमा सामाजिक, सांस्कृतिक, राजनीतिक घटनालाई विषयवस्तुका रूपमा समावेश गरेको पाइन्छ । यसमा बहुलपात्रहरूको

---

[१०५] *ऐजन*, पृ. ६७ ।

[१०६] कृष्णहरि बराल र नेत्र एटम, *पूर्ववत्*, पृ. ४२ ।

[१०७] आसा, *पूर्ववत्*, पृ. १८ ।

[१०८] *ऐजन*, पृ. २१ ।

प्रयोग गरिएको छ । राजनैतिक अस्थिरता, नारीप्रतिको सम्मान, मृत्युदण्डको सजाय आदि परिवेशका रूपमा आएका छन् । यस उपन्यासले भौतिक सामग्रीभन्दा ज्ञान मार्ग नै ठूलो हो भन्ने सन्देश दिन खोजेको छ । संवादको प्रयोग, काव्यात्मकता र सरल भाषाशैलीका कारणले उपन्यास उत्कृष्ट बन्न पुगेको छ ।

### ४.४.११ 'द्रव्य शाह' उपन्यासको अध्ययन

#### ४.४.११.१ कृति परिचय

**द्रव्य शाह** शाहकालीन ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास हो । यो उपन्यास लमजुङ राज्यका राजा यशोब्रहम शाहका छोरा नरहरि शाह र द्रव्य शाहका बीचमा भएको वैचारिक द्वन्द्वको घटनालाई विषयवस्तु बनाइएको छ । उक्त उपन्यासमा १३ अध्याय र १९६ पृष्ठको आयामविस्तार रहेको छ । द्रव्य शाह उपन्यासलाई २०४५ सालमा प्रकाशक सरस्वती घिमिरेले प्रकाशनमा ल्याएकी हुन् । उपन्यासमा सानु बिन्ती र पछाडि सन्दर्भग्रन्थ सूचीलाई समावेश गरिएको छ । द्रव्य शाह उपन्यासको शीर्षक दुईओटा शब्दबाट बनेको छ र उपन्यास अनुसार द्रव्य शाहको अर्थ एउटा कुशल शासक भन्ने हुन्छ । द्रव्य शाहले लमजुङ राज्यको शासन व्यवस्थालाई समोचित बनाउन सफल भएकाले यस उपन्यासको शीर्षक उपयुक्त रहेको छ ।

#### ४.४.११.२ कथानक

**द्रव्य शाह** उपन्यासको कथानक इतिहासका घटनामा आधारित रहेको छ । लमजुङ राज्यका राजा यशोब्रहम शाहका छोरा नरहरि शाह र द्रव्य शाहका बीचमा भएको वैचारिक द्वन्द्वको घटनाबाट कथानकको सुरुआत भएको छ । नरहरि शाह यशोब्रहम शाहका जेठा छोरा हुन् र जेठा छोरा भएकाले राजगद्दीको हकदार आफू नै हुँ भन्ने भावना देखाउँछन् । यशोब्रहम शाह भने नरहरि शाहको जिद्दी र रिसाहपनबाट अत्यन्त दुःखी हुन्छन् । राजगद्दीको विषयलाई लिएर दुई दाजुभाइका बीचमा भनाभन हुन्छ । दाजुको वचन वाणलाई सहन नसकेर द्रव्य शाह लमजुङबाट भागेर केही पर रूखमुनि गएर बसिरहेका हुन्छन् । त्यतिबेला द्रव्य शाहका राजदरबारमा काम गर्ने भारदार वीरजंग हुन्छ । वीरजङ्गले आफ्नी बहिनी श्यामालाई द्रव्य शाहलाई बोलाउन पठाउँछन् । श्यामाको कुरालाई स्वीकार गर्दै द्रव्य शाह वीरजङ्गलाई भेटन जान्छन् । वीरजङ्गले द्रव्य शाहलाई लमजुङभन्दा पर लिगलिग कोट राज्य रहेछ जुन राज्यमा वर्षैपिच्छे दौड प्रतियोगिता गराएर राजा बनाउने प्रचलन रहेको जानकारी दिन्छ । द्रव्य शाहले त्यस दौड प्रतियोगितामा भाग लिएर राजा बन्न सफल हुन्छन् । उनी राजा भइसकेपछि मतवाली राज्य, नोबू गाउँ, तार्कू गाउँ, गुरुङ गाउँ र खडका राज्यहरूलाई आफ्नो बनाउन सक्षम हुन्छन् ।

लमजुङका राज्यहरूलाई आफ्नो कब्जामा पारेपछि गोर्खामाथि आक्रमण गर्दछन् तर गोर्खालीका अगाडि उनले पराजय भोग्नु पर्दछ । उता नरहरि शाह द्रव्य शाहको राज्यविस्तारको कार्य देखेर भित्र भित्र असन्तुष्ट बन्दै जान्छन् । द्रव्य शाहलाई मार्ने षडयन्त्रको जाल रच्दछन् । नरहरि शाहले उनलाई धतुरो खुवाएर मार्ने योजना बनाएको खबर श्यामामार्फत् मुमामहारानी थाहा पाउँछिन् । आफ्नो जेठा छोराको योजनालाई विफल पार्नका लागि द्रव्य शाहलाई चेपे नदीको किनारमा बोलाइन्छ । द्रव्य शाह आफ्ना बाबुको श्राद्ध कार्यका लागि चेपे नदीमा आउँछन् । आफ्ना भारदारहरूका साथमा आएका द्रव्य शाहलाई वारि नै बस्न पठाइन्छ । आमाको आज्ञालाई मनन गरेर दुवै राजा आ-आफ्ना स्थानमा बस्दछन् । त्यही समयमा मुमामहारानीले दुवै दाजुभाइका बीचमा अंशबण्डा गरिदिन्छिन् । चेपे नदीलाई बीच पारेर वारि र पारिको राज्य छुट्याइदिन्छिन् । यदि एउटा राज्यले अर्को राज्यमाथि आक्रमण गरेमा मातृत्वको अपमान हुने जानकारी दिन्छिन् । मुमामहारानीको कुराले नरहरि शाहलाई ज्यादै दुःखी बनाउँछ र आँखाबाट आँसु झार्दछन् । मुमामहारानीले आफ्ना मनका पीडालाई चेपे नदीको किनारमा छाड्दै शान्त भएर फर्किन्छिन् । यसरी **द्रव्य शाह** उपन्यासको कथानकलाई अन्त्य गरिएको छ ।

### ४.४.११.३ चरित्र

प्रस्तुत उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । पुरुष पात्रका रूपमा यशोब्रहम शाह, नरहरि शाह, द्रव्य शाह, कुलमण्डल शाह, वीरजंग, हितवीर, चन्द्र रोकाया, लोके खवास, पूर्णबर्मा, नारन बाजे, हरिप्रसाद अर्ज्याल, विष्णु घिमिरे, महेश खड्का, कालु तामाङ, रामहरि पाण्डे, नरपति शाह, कालु शाह, माधव राना, श्रतुसेन, क्षेमराज सेन, चन्द्रराज सेन, दिग्बन्धन बानिया, विजया बर्मा, शिव महादेव, गोरखनाथ बाबा, गणेश पाण्डे, माइला खडका, कृष्ण घिमिरे, आसा, राम कुँवर, विष्णु बर्मा, सेते तामाङ, मोहन कुँवर, कैले सार्की, तल्ला घरे कामी, कपुर बाँनिया, भागीरथ पन्थ, राजगुरु, राजपुरोहित, केशव बोहरा, कुजु जैसी, क्षेमादत्त पन्थ, कालु तामाङ, गंगाराम आदि छन् ।

नारी पात्रका रूपमा श्यामा, मुमामहारानी, धाईआमा, रुमा, दयावती, शुभद्रावती, कौशल्यावती, तारा क्षेमराजकी रानी, रूपा, रत्ना गुरुङ, किशोरी बगाले छन् । यस उपन्यासमा द्रव्य शाह र नरहरि शाह प्रमुख पात्र हुन् । मुमामहारानी, श्यामा, वीरजंग, नारायण अर्याल आदि सहायक पात्र हुन् । दिग्बन्धन बानिया, विजय वर्मा, कृष्ण घिमिरे, आसा, राम कुँवर, विसुन बर्मा, सेते तामाङ, माहन कुँवर, कैले सार्की, तल्ला घरे कामी, कपुर बानिया, क्षेमादत्त पन्थ, कालु तामाङ, गंगाराम राना आदि गौण पात्रका रूपमा रहेका छन् । यो बहुपात्रीय उपन्यास हो ।

### ४.४.११.४ परिवेश

यस उपन्यासमा लिगलिग, लमजुङ, चेपे नदीको किनार, बटौली, नोबू गाउँ, तार्कू गाउँ, तनहुँ, तानसेन, खडका राज्य स्थानगत परिवेशका रूपमा आएका छन् । शाहवंशको पूर्वार्द्धतिर समय कालगत परिवेशका रूपमा देखापरेको छ । लिगलिगको शासन व्यवस्थामा रहेको अस्थिरता, लमजुङ राज्यमा जेठो छोरा राजा हुने प्रचलन, वैचारिक द्वन्द्वले राजनीतिक परिवेश देखाउँछ । "यो राज्यमा मेल रहेन छ । नरहरि द्रव्य शाहको रीष गर्दा रहेछन् र उनिले गरेको प्रगति नरहरि खोस्न चाहँदा रहेछन् ।"[१०९] मुमामहारानीले द्रव्य शाह र नरहरि शाहबीचको द्वन्द्व समाधान गर्ने सन्दर्भमा चेपे नदीको परिवेश आएको छ । यशोब्रहम शाहको मृत्युपछि मुमामहारानी सति नगएर छोरा र राज्यको हेरविचार गरेकी छिन् । उपन्यासमा "उनी सती भइनन्"[११०] भन्ने प्रसङ्गबाट त्यतिबेला सती प्रथा कायम थियो तर मुमामहारानी सती गइनन् भन्ने झलक दिन खोजिएको छ । बहुविवाह, कर प्रणाली, ज्योतिषप्रति विश्वास आदि सांस्कृतिक परिवेशका प्रशस्त झलक पाइन्छन् ।

### ४.४.११.५ उद्देश्य

**द्रव्य शाह** ऐतिहासिक उपन्यास भएकाले त्यतिबेलाको राजनीतिक, सामाजिक र सांस्कृतिक अवस्थाको चित्रण गर्नु नै यसको उद्देश्य रहेको पाइन्छ । द्रव्य शाहको जीवनको झलक प्रस्तुत गर्नु पनि यस उपन्यासको लक्ष्य रहेको छ । दाजु भाइका बीचमा मेलमिलाप हुनुपर्दछ । दाजुभाइका बीचमा रिस, ईर्ष्या, डाह, वैमनस्यता भएमा 'भाइ फुटे गवाँर लुटे' जस्तै हुन्छ । एक राज्यले अर्को राज्यलाई सहयोग गर्नु पर्दछ । सदभाव र निरन्तरताले मानिसलाई उच्च बनाउन सहयोग गर्दछ भन्ने देखाउन खोजिएको छ ।

### ४.४.११.६ भाषाशैली

उपन्यासलाई मूर्तता दिने काम भाषाले गर्दछ । द्रव्य शाह उपन्यासमा तत्कालीन शाहवंशीय लिगलिग कोट, लमजुङतिरको स्थानीय भाषाको अधिक प्रयोग पाइन्छ । "अलग नभएका दाजुभाइहरूले आर्ज्याको सम्पत्ति एकै परिवारमा गासिन्छ भन्ने अर्थ लगाई त्यसो भनेका होलान की ? तर उनीहरूले राज्य भन्याको सम्पत्ति जस्तो होइन भनेर बुझ्या रहेनछन् कि क्या ?"[१११] जस्ता प्रश्नार्थक वाक्य पनि उपन्यासमा आएका छन् । उपन्यासमा कतै कतै उखान टुक्काको प्रयोग पनि

---

[१०९] एस.पी. आसा, **द्रव्य शाह**, (काठमाडौँ : श्रीमती सरस्वती घिमिरे, २०४५), पृ. ५०-५१ ।

[११०] *ऐजन*, पृ. ७० ।

[१११] *ऐजन*, पृ. ५७ ।

गरिएको छ, जस्तै : “यस्तै हो दुध दिने गाईको लात खानुपर्छ ।”[११२] “घर न घाटको भयौं ।”[११३] यस उपन्यासमा अहा ! हा जस्ता शब्दको आवृत्ति भएको पाइन्छ । यसैगरी उपन्यासमा सि.आई.डी., ग्रुप, डफ्फा, मालुम, जाँड, मनासिव, दरवारजस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग छ । “कुन कुराको ?” “कहाँबाट आयाका ?” जस्ता प्रश्नार्थक अपूर्ण वाक्य पनि आएका छन् । समग्रमा सरल र सरस भाषाशैलीको प्रयोगले यो उपन्यास सम्प्रेष्य बनेको छ ।

### ४.४.११.७ निष्कर्ष

**द्रव्य शाह** ऐतिहासिक घटनामा आधारित उपन्यास हो । यो उपन्यासमा नेपालको एकीकरणभन्दा पहिलेका स-साना राज्य रजौटाका बीचमा शासन सञ्चालनमा रहेको अस्थिरतालाई हटाउनका लागि मुमामहारानीले खेलेको भूमिका अविस्मरणीय रहेको छ । तत्कालीन समयमा भएका सामाजिक, सांस्कृतिक, राजनीतिक विषयलाई समावेश गरेको छ । उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको छ र प्रमुख पात्रका घटनामा आधारित विषयवस्तु नै केन्द्रीय घटना बन्न पुगेको छ । दाजुभाइका बीचमा वैमनस्यता नभएर एकता हुनु पर्दछ भन्ने सन्देश दिन खोजेको छ । घटनाप्रधान उपन्यास भएकाले वर्णनात्मक शैलीमा अगाडि बढेको पाइन्छ ।

### ४.४.१२ ‘यथार्थ’ कविता सङ्ग्रह

### ४.४.१२.१ कृति परिचय

एस.पी. आसाले उपन्यासबाहेक साहित्यका अन्य विधामा पनि कलम चलाएको पाइन्छ । उनको हालसम्म एउटा मात्र कविता सङ्ग्रह प्रकाशित भएको जुन कविता सङ्ग्रहको नाम **यथार्थ कविता सङ्ग्रह** राखिएको छ । २०४५ सालमा प्रकाशित यस कविता सङ्ग्रहलाई सरस्वती घिमिरेले प्रकाशनमा ल्याएकी हुन् । उनका कवितामा राष्ट्रप्रेमको भावना, आदर्श नैतिक चरित्र, विधा, विद्यालय आदि विषयवस्तु रहेको पाइन्छ । यस कविता सङ्ग्रहमा ३४ वटा कविता रहेका छन् । प्रत्येक कवितालाई ४, ४ पङ्क्तिमा विभाजन गरिएको छ । यसमा लेखकको सानु बिन्ती र ४८ पृष्ठ रहेको छ । कविताको संरचनागत आकार फरक फरक पाइन्छ । यथार्थ कविता सङ्ग्रहमा सङ्गृहीत कवितालाई निम्नानुसारका शीर्षकहरूका आधारबाट स्पष्ट पार्न खोजिएको छ ।

---

[११२] *ऐजन,* पृ. ५८ ।

[११३] *ऐजन,* पृ. १३६ ।

### ४.४.१२.२ शीर्षक

एस.पी. आसाको २०४५ सालमा प्रकाशित कविता सङ्ग्रहको नामकरण यथार्थ घटनालाई विषयवस्तु बनाइएको हुनाले त्यसैका आधारबाट राखिएको छ । यस कविता सङ्ग्रहमा जीवनमा घटेका र घटन सक्ने विषयवस्तुलाई समावेश गरिएको छ । कविताको शीर्षकले अभिधा अर्थलाई बोकेको भए तापनि भावमा व्यङ्ग्य पाइन्छ । उनका कवितामा 'सरस्वती वन्दना', 'प्रस्तावना', 'सत्य', 'विद्यालय', 'विधा', 'मानव र मन' लगायत ३४ शीर्षक रहेका छन् ।

### ४.४.१२.३ विषयवस्तु

'सरस्वती वन्दना' शीर्षकमा मानव मनमा रहेका अन्धकारलाई हटाएर उज्यालो ज्ञानको ज्योति फैलाइदिने ज्ञानकी देवी भनी पुकार गरिएको छ । 'मानव र मन' शीर्षकमा मानव एउटा अस्थिर प्राणी हो जसका मनमा विभिन्न किसिमका इच्छा, आकाङ्क्षाले जाल बुनिरहेका हुन्छन् र ती इच्छा पूरा गर्नका लागि मानिसले सङ्घर्ष गरिरहेको हुन्छ । सङ्घर्ष गरेर पनि सबै इच्छा पूरा हुन सक्दैनन् । कुनै इच्छा त्यत्तिकै विलीन भएर जान्छन् । 'भोक' शीर्षकको कवितामा एउटा सम्पन्न मानिससँग आधुनिक खालका सामग्री प्रशस्त रहेका हुन्छन् तर भोक लागेका बेला ती सामग्रीभन्दा खाने कुरा नै ठूलो बन्न पुग्दछ । भोक मेटाएपछि ऊ खुल्ला मैदानमा पनि मस्तसँग निदाउन सक्दछ । 'धनको तागत' शीर्षकमा धन सम्पत्ति कमाउनका लागि मानिसले आफ्नो नातागोता र इज्जत सबै कुरालाई बिर्सन पुग्दछ । धनले साना बच्चादेखि वृद्धावस्थामा पुगेका सबैको मनलाई लोभ्याउने गर्दछ । 'होड' कवितामा आधुनिकताले विकास र विनाश दुवै कार्य गर्दछ । विश्वमा नयाँ-नयाँ वैज्ञानिक उपकरणहरूको विकास, अन्तरिक्षमा नयाँ बस्ती बसाउनेजस्ता राम्रा काम गरेको पाइन्छ भने अर्कोतिर एउटा राष्ट्रमाथि अर्को राष्ट्रले गोली बारुद प्रहार गरेर विनासका काम पनि भइरहेका हुन्छन् । बदलाको भावना, ईर्ष्या, रिस दिन प्रतिदिन बढ्दै गएको पाइन्छ । 'विद्यालय' शीर्षकको कवितामा विद्यालय भनेको पवित्र स्थल र ज्ञानको भण्डार हो जुन स्थलले साना बालबालिकालाई सतमार्गमा लैजाने र भविष्य उज्ज्वल बनाउन सहयोग पुऱ्याउँछ । आदर्श, चारित्रिक विकास र देशको उन्नतिमा शिक्षाको ठूलो भूमिका रहेको छ ।

उनका कवितामा राजनीतिक विषयवस्तुलाई पनि समावेश गरेको देखिन्छ जसको शीर्षक 'विचरा नेता' राखिएको छ । नेताहरू चुनावका समयमा गाउँ-गाउँमा गएर घरदैलो कार्यक्रम गरेर भोट माग्दछन् । जनताका माझमा विभिन्न किसिमका प्रलोभन देखाएका हुन्छन् । चुनाव जितेर पदमा पुगेपछि आफ्नो र आफ्ना नातेदारको

भविष्य सफल बनाउने काममा मात्र लाग्दछन् । अज्ञानी नेता पनि पदमा पुगेपछि ज्ञानी बन्दछ र देशमा जताततै उसैको हैकम चल्ने गर्दछ ।

### ४.४.१२.४ लयविधान

लयविधान भनेको कविताको अस्तित्व निर्माण गर्ने र अन्य विधाबाट छुट्याउने माध्यम हो । लयलाई कविताको आत्मा मान्न सकिन्छ जसले कवितालाई गेयात्मक, सङ्गीतात्मक, श्रुतिमाधुर्य प्रदान गर्दछ । एस.पी. आसाका कवितामा मीठो लयात्मकता पाउन सकिन्छ । गद्यमा लेखिए पनि सरल, सरस तथा सुललित शब्द तथा माधुर्य शैली र आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले कविता सङ्गीतात्मक, लयात्मक, गेयात्मक र श्रुतिमोहक बनेका छन् । दृष्टान्तका रूपमा यस कवितांशलाई लिन सकिन्छ :

"सर्वव्यापी सर्व भोगी सर्व भक्षी नेता तिमी
जति खाए पनि पची अर्जिण नहुने तिमी
चाकडी चाप्लुशी गर्न गराउन निपूण तिमी
विकासको अर्थ बुझेर व्यक्ति विकासका धनी ।"[११४]

### ४.४.१२.५ भाषाशैली

स्वच्छन्दतावादी कवि भएकाले मुक्त लयमा कविता सिर्जना गरेका छन् । छन्दविहीन मुक्त लयमा उनका कविता लेखिएको पाइन्छ । कविताले कला पक्षको पहिचान दिने काम गर्दछ । उनका कवितामा सरल र वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । मुक्तक आकार भएर पनि काव्यात्मकता लयात्मकता पाउन सकिन्छ । आदि, मध्य र अन्त्यानुप्रास, उपमा, उपमेय, सादृश्यवाचक शब्दहरूको प्रयोग पनि गरिएको छ । शब्दहरूको पुनरावृत्ति, आवृत्ति र छन्दविहीन कविताका कारणले उनका कविता फितला खालका बन्न पुगेका छन् ।

### ४.४.१२.६ निष्कर्ष

एस.पी. आसाको यथार्थ कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा यथार्थको चित्रण पाइन्छ । मानव मनमा उत्पन्न हुने इच्छा, आकाङ्क्षा, असन्तोष, घृणा, समसामयिक परिस्थिति, दर्शन, सत्य आदिको उल्लेख गरेको पाइन्छ । यसमा लघु र मझौला आकारका कवितालाई समावेश गरेको पाइन्छ । उनका कवितामा भावगत गाम्भीर्यता, काव्यात्मकता, लयात्मकता, स्वतःफूर्तताजस्ता प्रवृत्ति रहेका छन् । उपमा, उपमेयको प्रयोग भएर पनि सरल र सरस भाषाशैलीकै प्रधानता पाइन्छ ।

---

[११४] एस.पी. आसा, **यथार्थ कविता सङ्ग्रह**, (काठमाडौं : सरस्वती घिमिरे, २०४५), पृ. २८ ।

आधुनिक कविता लेखनका क्षेत्रमा उनका कवितामा छन्दको प्रयोग नभएकाले फितलोपन भएजस्तो बन्न पुगेको छ ।

### ४.४.१३ 'चित्कार' उपन्यासको अध्ययन

### ४.४.१३.१ कृति परिचय

**चित्कार** राणाकालीन घटनामा आधारित ऐतिहासिक उपन्यास हो । यो उपन्यास २०४६ सालमा आसा प्रकाशनबाट प्रकाशित भएको हो र यसमा ११ भाग र ९८ पृष्ठ रहेका छन् । उपन्यासको शीर्षक **चित्कार** राणा शासनकालमा भएका अन्याय अत्याचारलाई हटाउन खोज्ने नेपाली जनतामाथि शासकहरूले गरेको दमन अत्याचारलाई मुख्य विषयवस्तु बनाइएको छ । उपन्यास अनुसार चित्कारको अर्थ दुःख पीडाका बेलामा निस्कने चर्को आवाज भएकाले यस शीर्षक सार्थक बन्न गएको छ । देश र जनताका लागि केही गर्नु पर्छ भन्ने भावना बोकेका युवा पिँढीलाई मृत्युदण्डको सजाय दिन पनि पछि हटेका छैनन् त्यस्तो दयनीय अवस्थामा नेपाली जनता बाँच्न बाध्य भएका छन् । त्यतिबेला पीडाबाट उत्पन्न भएको आवाजले चित्कारलाई बुझाउँछ ।

### ४.४.१३.२ कथानक

राणाहरूले नेपाली जनतालाई जति ठूलो सजाय दिए पनि तिनीहरूको अगाडि कहिल्यै नझुक्ने रगत र ज्यान दिन तयार हुन्छौं भन्ने भावना बोकेको एउटा चार पङ्क्तिको कविताबाट उपन्यास सुरु भएको छ । प्रजातन्त्रको स्थापनाका लागि अगाडि बढेका दशरथ चन्द, धर्मभक्त, शुक्रराज शास्त्री, गंगालाल, रामहरि, टंकप्रसाद आदिलाई जुद्धशमशेर र मोहन शमशेरजस्ता राणा शासकहरूले आफ्नो कब्जामा राखेर आत्मसमर्पण गर्न पठाउँछन् तर ती युवाहरूले राणाहरूका अगाडि आत्मसमर्पण गर्दैनन् । ती युवाहरूले आत्मसमर्पण नगरेपछि जुद्धशमशेरले हतियार देखाएर बाध्य बनाई राजा त्रिभुवनलाई प्रजातन्त्र प्रेमीलाई मृत्युदण्ड दिन बनाइएको कागजमा सही गर्दछन् जुन कागजमा शुक्रराज र धर्मभक्तलाई सिफलमा झुण्ड्याउने, दशरथ र गंगालालाई पाचाखुसीमा गोली हान्ने र रामहरि शर्मा र टंकप्रसाद आचार्यलाई बाहुन भएकाले नमारीकन चारपाटे मुडी सुँगुरको पाठो बोकाई बेइज्जत गरी सहर घुमाउँदै डाँडो कटाउने कुरा लेखिएको हुन्छ । पञ्जापत्र गरिसकेपछि राजा त्रिभुवन आँसु पुछ्दै दरबारमा फर्कन्छन् । काजीले मृत्युदण्डको फैसला सुनाएपछि सबैजना चुपचाप बस्दछन् तर छ जना प्रजातन्त्रप्रेमी क्रान्तिकारीले गीत गाउँदछन् । राणाहरूले चार जनालाई मृत्युदण्ड दिएकाले उनीहरूका कार्यकर्तामा आत्मबल बढ्दै जान्छ जनताहरूलाई स-साना कुरामा दुःख

दिने, जिल्ला जिल्लामा आफ्ना मनपर्ने व्यक्तिलाई बडाहाकिम पदमा नियुक्ति दिने काम गर्दछन् । गाउँका चेलीबेटीहरूलाई ल्याएर राणाहरूले दरबारमा भित्रिनी रानी बनाउँछन् । जनताका लागि केही गर्नु पर्दछ भन्ने भावना बोकेका व्यक्तिमाथि अन्याय अत्याचारसम्मका अपराध गर्दछन् ।

त्यतिबेला भारतमा महात्मा गान्धी र जवाहरलाल नेहरुले स्वतन्त्रताका लागि अगाडि बढिरहेका हुन्छन् । अङ्ग्रेजहरूले तिनीहरूका अगाडि पराजित बन्न पुग्दछ । भारतको स्वतन्त्रताको आन्दोलनको नेपालमा पनि प्रभाव पारेको पाइन्छ । नेपालका वी.पी., गणेशमान लगायतका युवाहरूले आन्दोलनमा सक्रिय भूमिका देखाएका हुन्छन् । युवाशक्तिको साहसिक कार्यले जुद्धशमशेरमा अशान्ति बढ्दै जान्छ । जुद्धशमशेरका कार्यप्रति मोहनशमशेर पनि असन्तुष्ट हुन्छन् । आफ्नै परिवारका सदस्यबाट पनि सहयोग नपाएपछि जुद्धशमशेरले भाइलाई शासनभार सुम्पेर रिडीतिर प्रस्थान गर्दछन् र बाँकी जीवन रिडीमा नै बिताउने बाचासहित जान्छन् । यसरी उपन्यासको घटना शृङ्खला टुङ्ग्याइएको छ ।

### ४.४.१३.३ चरित्र

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोप गरिएको पाइन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरू फेरिन पुग्दछन् । **चित्कार** उपन्यासमा नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुष पात्रका रूपमा जुद्धशमशेर, मोहनशमशेर, बबरशमशेर, धर्मभक्त, दशरथचन्द, गंगालाल, शुक्रराज, टंकप्रसाद, रामहरि शर्मा, गणेशमान, वी.पी., चन्द्रमान, कटकबहादुर, मरीचमान, जीवनराज शर्मा, हरिकृष्ण, श्री ५ त्रिभुवन, गेहेन्द्रशमशेर, भीमशमशेर, खडगबहादुर, उमेशविक्रम, भरतबहादुर विष्ट, गणेशकुमार पन्थी, रामेश्वर फुयाल, हरिप्रसाद फुयाल, रमेश, रामप्रसाद, अरुण, धर्मप्रसाद, दुर्गाप्रसाद, राममोहन, जवारलाल नेहरु, महात्मा गान्धी, पूर्णप्रसाद ब्राह्मण, कृष्णविक्रम थापा र खडगमान सिंह आएका छन् ।

बेलौती मैया, माला, माया कुर्मी, पार्वती, अलैची मैयाँ, उत्तमकुमारी, जुद्धशमशेरकी भित्रिनी रानी आदि नारी पात्रका रूपमा आएका छन् । यीबाहेक सैनिक, नोकर, चौकीदार, जर्नेल, कम्पाउण्डर जस्ता पात्र पनि आएका छन् ।

जुद्धशमशेर, मोहनशमशेर र त्रिभुवन प्रमुख पात्रका रूपमा आएका छन् । रामप्रसाद, भरतबहादुर विष्ट, गणेशकुमारी पन्थी सहायक पात्र र गौण पात्रका रूपमा बेलौती मैया, गेहेन्द्रशमशेर, भीमशमशेर कुन्दन प्रमोद, रामेश्वर फुयाल, महावीर शमशेर, उत्तमहरि, केशवहरि वीरे, पदमशमशेर आदि रहेका छन् ।

### ४.४.१३.४ परिवेश

परिवेशले देश, काल, र वातावरणलाई जनाउँछ । **चित्कार** उपन्यासमा यी तीनै तत्त्वहरूको समावेश भएको छ । यस उपन्यासमा घटनास्थानका रूपमा काठमाडौँका सिंहदरबार, लैनचौर, टुँडिखेल, गोकर्ण लगायत तौलिहवा, रिडी, पाल्पा पनि आएका छन् । टुँडिखेलमा धेरै मानिसहरू थिए, टुँडिखेल पुग्दासम्ममा फौजी, अफिसरहरू, सुब्बाहरू, जनरलहरू, लाठ साहेबहरू सबै टुँडिखेलतिर लागिसकेका थिए । जमिनन्दारलाई आश्चर्य लाग्यो[११५] भनेर टुँडिखेलको परिवेश आएको छ । सिंहदरबारको परिवेशमा सामाजिक रहनसहनका साथै चार सहिदहरूलाई मृत्युदण्ड दिइएको हुनाले मृत्युदण्डको परिवेश पनि आएको छ । राजनैतिक घटनामा आधारित उपन्यास भएकाले राजनीतिक परिवेश पनि आएको छ । ब्राह्मणलाई मार्दा पाप लाग्दछ भन्ने जनविश्वास पनि प्रस्तुत उपन्यासमा पाइन्छ । राणाशासक तथा जमिनन्दारले दासदासी राख्ने, बहुविवाहको प्रचलन र समाजमा आतङ्क फैलाउने घटनाका कारण यस उपन्यासको वातावरण त्रासपूर्ण नै देखिन्छ ।

### ४.४.१३.५ भाषाशैली

प्रस्तुत उपन्यासमा नेपाली भाषाका साथै हिन्दी भाषाका वाक्य पनि आएका छन् "सरकार ! आज रात पाँच आदमी गौना वा" "इ सब किसने बताया" "सरकार ! हम लुट गया भाइ बाप हमको बचाइए ।"[११६] "तपाई के अपराधमा जेल पर्नु भयो ?" उपन्यासमा उखानको पनि प्रयोग गरिएको छ "जो चोर उसको ठूलो स्वर"[११७] पात्र अनुकूलको भाषाको प्रयोग पाइन्छ । उपन्यासमा विधामिश्रण गरेर काव्यात्मकता प्रदान गरेको पाइन्छ । ऊ त पूर्ण चन्द्रजस्ती छ भन्ने वाक्यमा उलाई उपमेय र चन्द्रमालाई उपमाका रूपमा प्रयोग गरिएको पाइन्छ । यसैगरी उपन्यासमा उच्च स्तरीय र निम्न स्तरीय दुवै खालका भाषाको प्रयोग गरिएको छ । "बुबा ढुक्क भइबक्से हुन्छ"[११८] "सरकार यी देशका लागी हामीहरूको वंश विनाश गर्ने अभियानमा लागेका सालेहरू यिनीहरूको अपराध प्रमाणित भै सकेको छ ।"[११९] समग्रमा परिवेश अनुसारकै भाषाको प्रयोग गरिएको छ ।

---

[११५] एस.पी. आसा, **चित्कार**, (काठमाडौँ : आसा प्रकाशन, २०४६), पृ. ९७ ।

[११६] *ऐजन*, पृ. ३६ ।

[११७] *ऐजन*, पृ. ३६ ।

[११८] *ऐजन*, पृ. १४ ।

[११९] *ऐजन*, पृ. ७ ।

### ४.४.१३.६ उद्देश्य

प्रत्येक साहित्यकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कृतिमा केही न केही भनेको हुन्छ त्यसलाई नै उद्देश्य भनिन्छ । उद्देश्य नै उपन्यासको केन्द्रीय भाव हो यसैलाई सार्थक पार्न उपन्यासकारले आफ्नो उपन्यासको सिर्जना गरेको हुन्छ । प्रस्तुत उपन्यासमा नेपाली जनताले भोग्नु परेका समस्या, अपराध र यातनाका बारेमा पाठकहरूलाई जानकारी गराउनु नै यसको मुख्य उद्देश्य रहेको छ । यो उपन्यास इतिहासका घटनामा आधारित भएकाले त्यतिबेलाको राजनीतिक, सामाजिक र सांस्कृतिक सन्दर्भलाई प्रस्तुत गर्नु पनि यसको अर्को उद्देश्य रहेको पाइन्छ । सरकार र जनताका बीचमा भएको वैमनस्यतालाई देखाइएको छ । 'स्वार्थ र लोभले मानिसलाई पतित बनाउँछ ।'[१२०] कुनै पनि कार्य गर्दा लगनशील र धैर्य भएर अगाडि बढेमा सफल भइन्छ भन्ने सन्देश दिन खोजेको छ । उपन्यासको अन्त्यमा जुद्धशमशेरले शासनसत्ता छोड्नु, बडाहाकिमलाई असत्यमाथि सत्यकै विजय हुन्छ भन्ने नैतिक सन्देश दिन खोजेको पाइन्छ ।

### ४.४.१३.७ निष्कर्ष

**चित्कार** एस.पी. आसाको ऐतिहासिक उपन्यास हो । राणाकालीन शासन सत्तामा नेपाली जनताले भोग्नु परेका बाध्यता र विवशतालाई मुख्य विषयवस्तु बनाएर उक्त उपन्यास लेखिएको छ । जुद्धशमशेर, मोहनशमशेरले एक्लौटी रूपमा शासन सञ्चालन गर्ने, आफूलाई मनपर्ने कर्मचारीको नियुक्ति गर्नेजस्ता अनैतिक कार्यले पदत्याग गर्नुपरेको देखाइएको छ । परिवेशका रूपमा काठमाडौँ, तौलिहवा, रिडी, पाल्पाजस्ता स्थान आएका छन् । यस उपन्यासमार्फत् कुनै पनि कार्य गर्दा परिश्रम र धैर्य भएर गर्नु पर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

### ४.४.१४ 'सेरोफेरो' उपन्यासको अध्ययन

### ४.४.१४.१ कृति परिचय

**सेरोफेरो** एस.पी. आसाको राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो । यो उपन्यासलाई २०५१ सालमा सरस्वती घिमिरेले प्रकाशनमा ल्याएकी हुन् । सेरोफेरोमा १९५ पृष्ठ र २२ अध्याय रहेका छन् । सेरोफेरो दुईओटा शब्दबाट बनेको हो जसको अर्थ उपन्यास अनुसार २०१० सालपछिको राजनीतिक अस्थिरतालाई देखाउन खोजिएको हुनाले यसको शीर्षक सार्थक नै रहेको देखिन्छ ।

---

[१२०] *ऐजन*, पृ. ३९ ।

**४.४.१४.२ कथानक**

उपन्यासको सुरुआत गाउँको एउटा गरिब परिवारमा जन्मेको व्यक्ति 'म' जिम्बावाल बाको घरमा नोकरका रूपमा रहेर काम गर्दछ । जिम्बावाल बाको घरमा बसेर भैंसी चराउने, वनमा गएर स्याउला ल्याउने काम गर्दछ । उसको कार्य देखेर जिम्बावालका दम्पत्तीले मीठो खाने कुरा, कपडा र जुत्ता पनि दिने गर्दछन् । जिम्बावालको छोरा रमेश बनारसमा पढ्न गएका हुन्छन् । बनारसमा रमेशको भेट काङ्ग्रेसका कार्यकर्ता बी.पी., भट्टराई, केदारमानसँग हुन्छ । काङ्ग्रेसका कार्यकर्ताहरूले बनारसमा बसेर काठमाडौँका राजनीतिक गतिविधिको जानकारी पाएका हुन्छन् । तिनीहरू बनारसबाट काठमाडौँ आउनका लागि सिन्धुली जिल्ला हुँदै अगाडि बढ्दछन् । तिनीहरू काठमाडौँ आउनुको मुख्य लक्ष्य भनेकै राणा शासनको अन्त्य गर्ने, नेपालको राजनीतिक अस्थिरतालाई हटाउने रहेको हुन्छ । बनारसबाट काठमाडौँ आएर उनीहरूले राणाविरोधी क्रियाकलापहरू गर्दछन् । काङ्ग्रेसका कार्यकर्ताहरूले सङ्गठन विस्तार गरेको थाहा पाएर राणातर्फका कर्मचारीहरूले रमेशलाई पक्राउ गर्नुका साथै जिम्बावाल बाको सर्वस्वहरण हुन्छ । २००७ सालभन्दा अगाडि जिम्बावाल एउटा सम्पन्न परिवारका रूपमा रहेका हुन्छन् । २००७ सालको प्रजातन्त्रपछि नेपाली जनताले सुख सुविधा पाउने आशा राखेका हुन्छन् तर एउटा पार्टी र अर्को पार्टीका बीचमा बेमेल हुन्छ । गोरखा परिषद्को उद्देश्य काङ्ग्रेसलाई जसरी भए पनि पतन गराउने र पहिलेकै सरकारको समर्थन गर्ने रहेको हुन्छ । गोरखा परिषद्ले ठाउँ ठाउँमा काङ्ग्रेसका सभा विथोल्ने, अशान्ति फैलाउने कार्य गर्दछन् । राजनीतिक अस्थिरताले प्रधानमन्त्रीहरूको फेरबदल भइरहन्छ ।

२०१७ सालको पञ्चायती व्यवस्थाले देशमा झन अस्थिरता ल्याउने काम गर्दछ । पञ्चायती व्यवस्थाका समर्थकहरूले अन्य कार्यकर्ताहरूलाई खोजी खोजी थुन्ने काम गर्दछन् । नेपालका प्राय:जसो जिल्लामा चोरी डकैतीका घटनाहरू बढ्दै जान्छन् त्यतिबेला काङ्ग्रेसका कार्यकर्ताहरूले पटनामा गएर एउटा सम्मेलनको आयोजना गर्दछन् । जुन सम्मेलन नेपालका महत्त्वपूर्ण घटना बन्न पुग्दछ । नेपाली काङ्ग्रेसका नेताहरूले आन्दोलन अहिलेसम्म समाप्त भएको छैन । नेपाली जनताले जहिलेसम्म शान्त भएर बस्न पाउँदैन त्यतिबेलासम्म आफ्नो उद्देश्य पूरा नभएको घोषणा गर्दछ । नेपाली जनताले पाएको दु:ख र रगतमा सबैको अधिकार छ । आज मोजमस्ती गरेर बस्नेहरू एक दिन जनताका अगाडि झुक्नु पर्दछ । नेपालको राजनीतिमा काङ्ग्रेसका कार्यकर्ताले देखाएको वीरताको चित्रण गरिएको छ ।

### ४.४.१४.३ चरित्र

आधुनिक उपन्यासमा चरित्रले महत्त्वपूर्ण स्थान राखेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा चरित्रकै माध्यमद्वारा आफूले जे भन्न वा देखाउन खोजेको छ त्यसलाई पुष्टि गर्ने काम चरित्रले नै गर्दछ । व्यक्तिका गुण दोष प्रकट गर्ने मूलतत्त्व नै चरित्र हो । **सेरोफेरो** उपन्यासमा पनि अरू उपन्यासमा जस्तै नारी र पुरुष पात्रको प्रयोग भएको पाइन्छ । म, जिम्बावाल बा, रमेश, वी.पी., केदारमान जी, मोहनशमशेर, लप्टन साहेब, कर्नेल, टंकप्रसाद, भरतशमशेर, डिल्लीरमण, मनमोहन, पुष्पलाल, डा. के.आई. सिंह, डा. तुलसी गिरी, एस.पी. मानबहादुर, तोरणशमशेर, केदारबहादुर खत्री, हरिहरशमशेर, राजा महेन्द्र, पी.ए., सूर्यप्रसाद, नीरशमशेर, भद्रकाली मिश्र, नैनबहादुर, स्यामरपा लामा, दीपकराज, बालकृष्ण आदि पुरुष पात्र र पार्वती, कान्छी लप्टन्नी, जिम्मावाल्नी बजै, मैयाँ साहेब, मनमाया, सरीता, साहिली बुहारी, मालती मैया, सानी कान्छी, ठूली मैया साहेब आदि नारी पात्रका रूपमा आएका छन् ।

'म' प्रमुख र गतिशील पात्रका रूपमा देखापरेको छ । वी.पी., रमेश, जिम्मावाल बा, भट्टराई, के.आई. सिंह, राजा महेन्द्र सहायक पात्र र हरिशमशेर, एस.पी. मानबहादुर, कासी महतो, डिल्लीरमण रेग्मी, नैनबहादुर, स्यामरपा लामा, दीपकराज लगायत अन्य पात्र गौण पात्रका रूपमा आएका छन् ।

### ४.४.१४.४ परिवेश

यस उपन्यासमा स्थानगत परिवेशका रूपमा गाउँ र सहर आएका छन् । गाउँमा घाँस, स्याउला गरेको, भैंसी चराउने मोही र मकैको ढिडो खानेजस्ता घटनाले गाउँको गरिबी र आर्थिक अवस्थाको झलक प्रस्तुत गरेको पाइन्छ । बहुविवाह प्रचलन, राजनैतिक अस्थिरता, छलकपटको समय, राणा परिवारमा रहेको अहम भावनाले स्वार्थी प्रवृत्तिको चित्रण गरेको पाइन्छ । तराई र पहाडमा नेपाली पैसा प्रचलन नभएकाले साना तथा ठूला व्यापारीहरूले भारतीय नोट नै प्रयोग गर्दछन् । मानिसले आफ्नो पदको सुरक्षाका लागि शासकहरूलाई खुसी पार्ने काम गर्दथे जसले चाकडी र अवसरवादी प्रवृत्तिको झलक प्रस्तुत गरेको पाइन्छ ।

### ४.४.१४.५ उद्देश्य

**सेरोफेरो** उपन्यासमा राजनीतिक घटनालाई विषयवस्तु बनाइएको हुनाले २००७ सालपछिको नेपालको राजनीतिक अवस्थालाई पाठकसमक्ष प्रस्तुत गर्नु नै यसको प्रमुख उद्देश्य हो । मानिसले समय र परिस्थितिलाई बुझेर अगाडि बढ्न सक्नु पर्दछ । राजनीतिले मानिसलाई कहिले अगाडि जान मद्दत गर्दछ त कहिले पराजय

भोग्न पनि बाध्य बनाउँछ । राजनीतिमा स्थिरता हुँदैन भन्ने देखाउन खोजिएको छ । अरूको कुभलो सोच्दा आफै परिन्छ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

### ४.४.१४.६ निष्कर्ष

**सेरोफेरो** राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो । नेपालमा प्रजातन्त्रको स्थापनापछि नेपाली जनताले भोग्नु परेका समस्या, पार्टीका बीचमा भएका मतभेदहरूलाई विषयवस्तुका रूपमा समावेश गरिएको छ । म पात्र आफ्नो बुद्धि र चलाखीपनले मात्र देशका खुराफाती मानिसका अगाडि टिक्न सकेको छ । एउटा गरिब परिवारमा जन्मेर पछि धनी र सम्पन्न बन्न सफल भएको छ । म पात्रका माध्यमबाट आजको राजनीतिमा आएका विकृति र विसङ्गतिका घटनालाई प्रस्तुत गरिएको छ । **सेरोफेरो**मा गाउँ र सहर दुवै खालका परिवेश आएका छन् । यस उपन्यासले अरूको कुभलो सोच्दा आफै परिन्छ भन्ने नैतिक सन्देश दिन खोजेको छ ।

### ४.४.१५ 'पृथ्वीनारायण शाह' उपन्यासको अध्ययन

### ४.४.१५.१ कृति परिचय

**पृथ्वीनारायण शाह** शाहकालीन विषयवस्तुमा आधारित ऐतिहासिक उपन्यास हो । यस उपन्यासलाई २०५७ सालमा एकता बुक्सले प्रकाशनमा ल्याएको हो र जसका सम्पादक केशव सुवेदी हुन् । पृथ्वीनारायण शाह उपन्यासमा ३७६ पृष्ठ, आमाले सूर्य निल्नु भयो, हजुरबाको आत्महत्या, मलाई योगीबाट प्राप्त भएको आशीर्वाद लगायतका १०९ ओटा शीर्षक राखिएको छ । उक्त उपन्यासमा प्रकाशकका तर्फबाट, जातीय विशेषताको परिचयात्मक कृति पृथ्वीनारायण शाह र अन्त्यमा सन्दर्भग्रन्थ सूची राखिएको छ । उपन्यासमा पृथ्वीनारायण शाहको जन्मपूर्वका घटनादेखि उनको जीवनका अन्तिम अवस्थासम्मलाई विषयवस्तु बनाइएको हुनाले यसको शीर्षक पृथ्वीनारायण शाह उपयुक्त रहेको छ ।

### ४.४.१५.२ कथानक

पृथ्वीनारायण शाहलाई आफू पाँच वर्षको हुँदादेखिका मुख्य-मुख्य घटनाहरूको सम्झना भएको भन्दै म पात्रबाट उपन्यासको सुरुआत भएको छ । पृथ्वीनारायण शाहको जन्म कौशल्यावतीबाट भए पनि हुर्काउने बढाउने कार्य जेठी मुमा चन्द्रप्रभावतीले गरेकी हुन् । पृथ्वीनारायण शाह सानै हुँदा उनका हजुरबुबा रणशार्दुल शाहले आत्महत्या गरेका हुन्छन् र तिनैको श्राद्धका दिन जोगीले पृथ्वीनारायण शाहलाई भविष्यमा राजा भई सत्रुहरूसँग सामना गर्नका लागि आशीर्वाद दिन्छन् । केही समयपछि उनले एक रात बाघमाथि चढेर टाकुरामा पुगी ठूलीमुमालाई भेटेको सपना देख्दछन् जुन सपना थाहा पाएर चन्द्रप्रभावती खुसी हुन्छिन् । बाल्यकाल दरबारिया

परिवेशमा सुखसयलमा नै बितेको पाइन्छ । बाल्यावस्थादेखि नै उनी क्रमशः राजकीय बैठकहरूमा सहभागी हुँदै शासन सत्तासम्बन्धी जानकारी लिँदै जान्छन् ।

एक दिन बाबाले उनलाई दही खान दिन्छन् जुन दही उनको खुट्टामा पोखिन्छ । त्यसपछि म पात्रले टेकेको ठाउँ आफ्नो हुने र मेहनत खेर नजाने कुरा बाबाले बताउँछन् । नरभूपाल शाहले नुवाकोटमाथि आक्रमण गरी पराजय भोग्दछन् । नुवाकोटमाथि पराजय भएपछि नरभूपाल शाहलाई मानसिक चिन्ता पर्दछ । बाबुको स्वास्थ्यमा असर परेपछि पृथ्वीनारायण शाहले गोर्खालीहरूको व्यवहार बुझ्नका लागि गोर्खाको वस्तुस्थिति थाहा पाउँछन् । गोर्खालीहरूले नरभूपाल शाहप्रति कुनै नकरात्मक प्रतिक्रिया जनाएका हुँदैनन् । पृथ्वीनारायण शाहले नुवाकोटमाथि आक्रमण गरेर विजय प्राप्त गर्दछन् । नुवाकोटलाई आफ्नो बनाउन सफल भएपछि उनले बाह्र वर्षको उमेरमा भक्तपुरका राजा रणजीत मल्लका छोरा वीरनरसिंहसँग मितेरी सम्बन्ध कायम गर्दछन् । त्यतिबेला पृथ्वीनारायण शाहको विवाहका प्रसङ्गहरू चलिरहेका हुन्छन् । मकवानपुरकी कन्या इन्द्रकुमारीसँग उनको विवाहको टुङ्गो हुन्छ तर मकवानपुरेले दुलहीसहित डोला पठाउन नमिल्ने जानकारी दिन्छन् । विवाहको प्रसङ्गलाई लिएर गोरखा दरबारमा ठूलो बहस चल्छ । गोर्खालीले आफूहरूमाथि मकवानपुरेले ठूलो अपमान गरेको सम्झन्छन् । मकवानपुरेले दुलही नपठाएपछि पृथ्वीनारायण शाहले गोरखपुरकी राजकुमारी नरेन्द्रलक्ष्मीसँग विवाह गर्दछन् । नरेन्द्रलक्ष्मीसँगको विवाहपश्चात् म पात्र फेरि मकवानपुरमा दुलही लिन जान्छन् । सुरुमा मकवानपुरेले उनलाई राम्रो सत्कार गरे पनि पछि दाइजोको विवादका कारण गोर्खाली र मकवानपुरेका बीचमा भनाभन हुन्छ । मकवानपुरबाट फर्केर आउँदा म पात्रले कान्तिपुर र ललितपुरको भ्रमण गर्दछन् । कान्तिपुरको भ्रमणबाट उनले कान्तिपुरबासीहरू शासकबाट असन्तुष्टि रहेको थाहा पाउँछन् । नरेन्द्रलक्ष्मीको सल्लाह, जनताको सहयोग र म पात्रको कार्यदक्षताले राजकाजमा सफलता मिल्दै जान्छ । उनले जनताको इच्छा, चाहना र सहयोगले राज्य प्राप्त गर्दै जान्छन् । उनले उपत्यकाबासीहरूलाई विभिन्न प्रलोभन देखाएर आफ्नो बनाउन सफल हुन्छन् । नुवाकोटमाथि आक्रमणको विजयले उनलाई साहस बढाउँदै जान्छ । पृथ्वीनारायण शाहले कीर्तिपुर पहिलो र दोस्रो आक्रमणमा हार खानुका साथै आफ्ना दक्ष सैनिक कालु पाँडेलाई गुमाउनु पर्दछ । केही समयपछि उनले कीर्तिपुरमाथि तेस्रो आक्रमण गर्दछन् । उनले कान्तिपुरका पुजारीलाई केही प्रलोभन र आशा देखाएर आफ्नो पक्षमा मिलाउन सफल हुन्छन् । इन्द्रजात्राको दिन रातको समय पारेर यिनले कान्तिपुरमाथि आक्रमण गर्दछन् र त्यस आक्रमणमा उनी सफल हुन्छन् ।

कान्तिपुरलाई आफ्नो बनाएपछि कान्तिपुरबासीका इच्छा आकाङ्क्षा पूरा गर्नेतिर लाग्दछन् र जयप्रकाश मल्ल भक्तपुरमा शरण लिन पुग्दछन् । काठमाडौँपछि पृथ्वीनारायण शाहले पाटनमाथि आफ्नो कब्जा जमाउन सफल हुन्छन् त्यहाँका राजा तेजनरसिंह मल्ल पनि भक्तपुरमा शरण लिन पुग्दछन् । भक्तपुरमा आफ्ना मीतबाबुको शासन व्यवस्था रहेकाले जयप्रकाश मल्ल र तेजनरसिंहलाई आफ्नो कब्जामा लिन चाहन्छन् तर रणजीत मल्लले शरण लिन आएकालाई मरण गर्नु हुँदैन भन्ने भावना व्यक्त गरेपछि उनले भक्तपुरमाथि आक्रमण गर्दछन् । भक्तपुरलाई पनि उनले आफ्नो बनाउन सफल हुन्छन् । यिनले रणजीत मल्ललाई काशी पठाउँछन् । जयप्रकाश मल्लले आफूलाई राज्य मोह नभएकाले छाता र जुत्ताको माग गर्दछन् । गोर्खालीहरूले पूर्वको सीमा सिक्किमसम्म पुऱ्याउँछन् त्यतिबेला म पात्रको अन्तिम अवस्था हुन्छ । म पात्रको अन्तिम अवस्था भएकाले परिवारका सदस्य लगायत नजिकका मानिसहरूमा रुवाबासी चल्दछ । म पात्रले देवीघाटमा आफ्नो अन्त्येष्टि गर्न भन्दछन् । उनको शक्ति कमजोर हुँदै जान्छ र पर कतै शङ्खध्वनि सुनिन्छ र कानमा हरे राम, हरे कृष्णको ध्वनि गुन्जिरहन्छ यसरी उक्त उपन्यासको घटनाशृङ्खला टुङ्गिन्छ ।

**४.४.१५.३ पात्र**

यस उपन्यासमा उल्लेख भएका पात्रहरूमा पृथ्वीनारायण शाह, पृथ्वीपति शाह, रणशार्दूल, उद्योत शाह, दिग्बन्धन सेन, वृन्दकेशर शाह, गौरेश्वर पन्त, रामेश्वर पन्त, यशोब्रहम शाह, द्रव्य शाह, नरहरि शाह, विक्रमजित राना, जयप्रकाश मल्ल, महेश्वर पन्त, जयन्त राना, जसवीर थापा, भीमेश्वर पाण्डे, विराज बखेती, रणजित मल्ल, चन्द्ररूप, विष्णु मल्ल, जगतजय मल्ल, केशव राना, भूमिदत्त, गोरखबाबा, नन्दमिश्र, जयभद्र अर्याल, नारायण अर्याल, गंगा राना, केशव बोहोरा, गणेश पाण्डे, सर्वेश्वर खनाल, कुलानन्द ढकाल, प्रताप मल्ल, वीरनरसिंह, काजीरोहित, शिल्पकार, काशीराम मल्ल, माधव राना, कालु पाण्डे, अभिमानसिंह बस्नेत, सुखराम, कालीदास, बहादुर शाह, वंशराज पाण्डे, तेजनरसिंह मल्ल, वाणीप्रकाश आदि पुरुष पात्रका रूपमा आएका छन् ।

कौशल्यावती, चन्द्रप्रभावती, बुद्धिमती, पार्वती, इन्द्रकुमारी, नरेन्द्रलक्ष्मी, मल्लिकावती, पदमकुमारी, चन्नि, कुन्तामगर, मायावती, विजुली, खवास्नी, विशाल बदना, दयावती, विलासकुमारी आदि नारी पात्रका रूपमा रहेका छन् । पृथ्वीनारायण शाहको जीवनकथामा आधारित घटना भएकाले नै उनी प्रमुख पात्रका रूपमा आएका छन् । चन्द्र प्रभावती, कौशल्यावती, कालु पाण्डे, नरभूपाल शाह, नरेन्द्रलक्ष्मी, इन्द्रकुमारी, रणजित मल्ल, जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल सहायक पात्रका रूपमा आएका छन् । यशोब्रह्म शाह, द्रव्य शाह, नरहरि शाह,

जगतजय मल्ल, भीमेश्वर पाण्डे, विराज बखेती, गोरखबाबा, गणेश पाण्डे लगायतका अन्य पात्रहरू प्रसङ्गवश आएका हुनाले गौण पात्र हुन् ।

### ४.४.१५.४ परिवेश

प्रस्तुत उपन्यासमा घटना घटेका स्थलका रूपमा गोर्खा, तनहुँ, पाल्पा, रसुवा, कान्तिपुर, मकवानपुर, काशी, धादिङ, पाटनका विभिन्न ठाउँहरू, देवीघाट आदि आएका छन् । काठमाडौँको व्यापार नुवाकोट हुँदै ल्हासा र ल्हासाबाट उनका सामानहरू भारतमा पैठारी हुनाले नेपालको व्यापारिक सम्बन्ध भारत र ल्हासासम्म रहेको थियो र जसले व्यापारको परिवेशलाई प्रस्तुत गरेको बुझिन्छ । पृथ्वीनारायण शाहको जीवनकथामा आधारित उपन्यास भएकाले शाहकालीन परिवेश आएको छ । “मेरा बाजे पृथ्वीपति शाहकै समयको कुरा हो उहाँको विवाहिता नै छ वटी रानी हजुरमुमाहरू हुनुहुदोरहेछ”[१२१] भनिएकाले बहुविवाहको प्रचलन रहेको जानकारी पाइन्छ । त्यतिबेला धामी झाँक्रीमा विश्वास, सतीप्रथा, दरबारमा रखौटी राख्ने प्रचलन, दाइजो प्रथाको प्रचलन रहेको पाइन्छ । एउटा राज्य र अर्को राज्यका बीचमा भएको युद्धले राजनीतिमा अस्थिरता र कलहको भावनालाई व्यक्त गरेको हुनाले राजनीतिक परिवेशको झलकलाई प्रस्तुत गरेको मानिन्छ ।

### ४.४.१५.५ उद्देश्य

‘पृथ्वीनारायण शाह’ उपन्यासको मुख्य उद्देश्यका रूपमा पृथ्वीनारायण शाहको चरित्रका माध्यमबाट अरूलाई पनि चरित्रमा सुधार गर्दै नैतिक र आदर्शका कुरा सिकाउन खोजिएको छ । शाह वंशीय शासनकालको राजनीतिक, सामाजिक, सांस्कृतिक वस्तुस्थितिको चत्रिण गर्नु यसको अर्को उद्देश्य रहेको देखिन्छ । “कर्म गरेपछि फल अवश्य पाइन्छ त्यसकारण हाम्रो अभियानलाई सफल पार्न भविष्यको होइन लगनशीलता, साहस र कर्मको जरुरत छ ?”[१२२] भन्ने प्रसङ्गले कुनै पनि कार्यमा सफलता प्राप्तिका लागि मेहनत र कर्मको आवश्यकता पर्दछ भन्ने सन्देश दिन खोजेको पाइन्छ । त्यसैगरी उनलाई “रिसाउनु हुँदैन युवराज ? आफूभन्दा ठूलाबडाले भनेको कुरा अर्ती हो । अर्ती र बुद्धि भनेको साना-साना मानिससँग पनि लिनुपर्छ”[१२३] भन्ने प्रसङ्गले प्रजाहरूको मन जितेर मात्रै शासक जनताको प्यारो हुन सक्दछ र अर्ती बुद्धि जोसँग पनि लिन सकिन्छ भन्ने जनचेतना दिन खोजेको छ । बुझ्यौ काजी हो यी घुस लिने र दिने दुवै देशका शत्रु हुन् । त्यसकारण त्यस्ता

---

[१२१] एस.पी. आसा, **पृथ्वीनारायण शाह**, (काठमाडौँ : एकता प्रकाशन, २०५७), पृ. २० ।

[१२२] *ऐजन*, पृ. १२१ ।

[१२३] *ऐजन*, पृ. ५८ ।

खराब मानिस दुवैलाई देश निकाला गरिदिनु पर्छ । मानिसले आफ्नो कामप्रति बफादार रहनु पर्दछ भन्ने व्यावहारिक शिक्षा दिन खोजेको छ ।

### ४.४.१५.६ भाषाशैली

'पृथ्वीनारायण शाह' उपन्यासमा शाहकालीन परिवेश आए पनि भाषा भने आधुनिक नै देखिन्छ । "मलाई कालु पाण्डेसँग केही कुरा गर्नु थियो"[१२४] भन्ने वाक्यमा म पात्रको भनाइमा प्राचीन भाषाको प्रयोग नभई आधुनिक भाषाको प्रयोग भएको देखिन्छ । प्रस्तुत उपन्यासमा कतै-कतै रूपक अलङ्कारको प्रयोग गरिएको छ "लमजुङ भनेको गरुड हो, गोरखा भनेको सर्प, गरुडले जहिले पनि सर्प खाने दाउ गर्छ त्यसकारण लमजुङसँग सधै बाँच्नु पर्दछ"[१२५] वाक्य गठन प्रक्रियाका क्रममा उपन्यासमा प्रश्नार्थक, अल्पविराम र विष्मयादिबोधक चिह्नहरू पनि आएका छन् जसका कारणले वाक्य लामा र जटिल खालका बनेको पाइन्छ । "त्यसको त्यत्रो हिम्मत ? राजा पृथ्वीनारायण शाहकी भित्रिनीको डोला बिसाउन लगाएर जबरजस्ती गरी पर्दा उघारेर अनुहार हेर्ने ! यसलाई सजाय नदिई भएन; यसको सेखी झार्नु नै पर्‍यो भन्ने लाग्यो ।"[१२६] उपन्यासमा संस्कृतका श्लोकहरूलाई पनि समावेश गरेको देखिन्छ । "पुत्रीति जाता महतीति चिन्ता कस्मै प्रदेयेति महान् वितर्कः । दत्वा सुखम् प्राप्स्यति वा नवेति कन्या पितृत्वं सलुनाम कष्टम् ॥"[१२७] उक्त श्लोकमा छोरी जन्मदेखि नै ठूलो चिन्ता हुन्छ, छोरी कस्तालाई दिने भन्ने समस्या पर्छ कन्यादान गरेर पठाएपछि पनि पतिको घरमा दुःख पाउली कि नपाउली भन्ने चिन्ता हुन्छ । त्यसैले छोरकिो बाबु हुनु साँच्चै नै कष्टदायक हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । "विनाशकाले विपरित बुद्धि, भुलिन्छ सवथोक रहदैन सुद्धि ।"[१२८] समग्रमा परिवेश अनुसारको भाषाशैलीको प्रयोग नभए तापनि उपन्यासलाई रोचकता प्रदान गर्नका लागि प्रश्नार्थक, संवाद र काव्यात्मकताको प्रयोगले सरल र सहज बन्न पुगेको छ ।

### ४.४.१५.७ निष्कर्ष

**पृथ्वीनारायण शाह** उपन्यास शाहकालीन घटनालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासमा पृथ्वीनारायण शाहका जन्मपूर्वदेखि अन्तिम अवस्थासम्मका घटनाहरूलाई वर्णन गरिएको छ । यसमा बहुल पात्रको प्रयोग गरिए तापनि प्रमुख पात्रका रूपमा पृथ्वीनारायण शाह नै आएका छन् ।

---

[१२४] *ऐजन,* पृ. २५१ ।

[१२५] *ऐजन,* पृ. २१७ ।

[१२६] *ऐजन,* पृ. २४६ ।

[१२७] *ऐजन,* पृ. २५२ ।

[१२८] *ऐजन,* पृ. २६० ।

तत्कालीन समयका सामाजिक, सांस्कृतिक, राजनीतिक वस्तुस्थिति परिवेशका रूपमा आएका छन् । मानिसले आफ्नो परम्परा र संस्कृति संरक्षण गर्नुपर्दछ । अर्ती र बुद्धि भनेको साना सानाबाट लिनु पर्दछ भन्ने शिक्षा दिन खोजेको पाइन्छ ।

### ४.४.१६ 'हामीले कसरी प्रजातन्त्र ल्यायौं' उपन्यासको अध्ययन

#### ४.४.१६.१ कृति परिचय

**हामीले कसरी प्रजातन्त्र ल्यायौं** राजा त्रिभुवनको समयमा घटेका घटनालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । यो उपन्यासकी प्रकाशक सरस्वती घिमिरे हुन् । २०६० सालमा दोस्रो संस्करणका रूपमा प्रकाशित उक्त उपन्यासमा प्रकाशकीय, लेखकको आफ्नै भनाइ, यस पुस्तकभित्र उद्‌गारहरू, चन्द्रशमशेरको शासनकालदेखि २००७ सालसम्म भएका जनमुक्ति सेनामा भाग लिनेहरूको नामावली, सन्दर्भग्रन्थ र भूलसुधारजस्ता सामग्रीहरूलाई पनि समावेश गरिएको छ । ३९० पृष्ठ र १५ अध्यायको आयामविस्तार भएको प्रस्तुत उपन्यासमा राजा त्रिभुवनको पालामा राणाहरूबाट भएका अन्याय, अत्याचार र प्रजातन्त्र प्राप्तिका लागि भएका सङ्घर्षका घटनालाई विषयवस्तु बनाएर लेखिएको छ । प्रजातन्त्रको स्थापनाका लागि राजा त्रिभुवनले दिएको योगदानलाई नै मुख्य घटना बनाएर लेखिएको हुनाले यसको शीर्षक **हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपयुक्त बन्न पुगेको देखिन्छ ।

#### ४.४.१६.२ कथानक

**हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा राजा त्रिभुवनको जीवन कथामा आधारित घटनाहरूलाई समावेश गरिएको छ । त्रिभुवनका कथा कसरी सुरु गर्ने भन्ने कुराबाट यस उपन्यासको कथानक अगाडि बढेको छ । राणाहरूले राजा त्रिभुवनलाई राजगद्दीमा राखेर भौतिक आनन्दमा रमाउने व्यवस्था मिलाइदिएका हुन्छन् । जनताका लागि केही गर्नुपर्छ भन्ने भावना बोकेका व्यक्तिहरूलाई चन्द्रशमशेरले जेल पठाउने र कसैलाई देश निकाला गर्दछन् । राजा त्रिभुवनलाई देशका जनताको अवस्था कस्तो छ, कस्तो अवस्थामा बाँचिरहेका छन् भन्नेसमेत जानकारी हुँदैन । राजालाई दरबार र स्वदेश भ्रमणमा मात्र सीमित राखिन्छ । राणाहरूका क्रियाकलापबाट त्रिभुवन पनि असन्तुष्ट बन्दै जान्छन् ।

भीमशमशेर अरू राणाहरूभन्दा बेग्लै विचारधाराका हुन्छन् उनले देशमा केही गर्नु पर्दछ भन्ने भावनाले चर्खा प्रचारको स्थापना गराउँछन् जुन चर्खा प्रचारको नेतृत्व तुलसी मेहरले गरेका हुन्छन् । राणाहरूले तुलसी मेहरलाई चर्खा प्रचारको मुद्दा लगाउँछन् । नेपालमा त्यतिबेला भूकम्प जान्छ जुन भूकम्पमा धेरै जनधनको क्षति हुन्छ । राणाहरूले भूकम्प पीडितका निम्ति सहयोगमा लागिपरेका हुन्छन् ।

अर्कोतिर राजा त्रिभुवन र महेन्द्रका बीचमा नेपालको राजनीतिका विषयलाई लिएर ठूलो बहस हुन्छ । त्यसैबेला नेपाली युवाहरूले पनि क्रान्तिका लागि भित्र भित्र सङ्गठनहरू स्थापना गरेका हुन्छन् । प्रजापरिषद्को स्थापनाले राणाहरूका विरुद्धमा प्रचार प्रसार गर्दै हिँड्छन् । प्रचार प्रसारकै क्रममा केही नेपाली युवाहरू भारत प्रस्थान गर्दछन् भने कोहीले नेपालमै बसी कार्यक्रममा सक्रिय सहभागिता देखाएको पाइन्छ । नेपाली जनताको आन्दोलनलाई सफल पार्नका लागि राजा त्रिभुवन रानीको स्वास्थ्य उपचारको बहाना पारेर भारततर्फ प्रस्थान गर्दछन् । त्रिभुवन र क्रान्तिकारीका बीचमा भारतको दिल्लीमा एउटा सम्झौता हुन्छ । राजा सम्झौता पछि नेपाल फर्केर प्रजातन्त्रको घोषणा गर्दछन् ।

प्रजातन्त्रको स्थापनापछि राणा शासक र राजनीतिक दलहरूका बीचमा वैमनस्यता बढ्दै जान्छ । राजनीतिमा अस्थिरताको वातावरण सिर्जना हुन्छ । काङ्ग्रेस र राणा समर्थकका बीचमा मन्त्रीमण्डल गठन हुन्छ । त्यस मन्त्रीमण्डलमा प्रधानमन्त्रीका रूपमा मोहनशमशेरलाई राखेका हुन्छन् । मोहनशमशेरको कार्यबाट असन्तुष्ट भएर वी.पी., मातृकाप्रसाद आदिले उनलाई हटाउँछन् । काङ्ग्रेसबाट रुष्ट भएका राणाहरूले वी.पी. लाई मार्ने षडयन्त्र गरेपछि राजाले उनलाई नारायणहिटी दरबारमा नै रहने व्यवस्था गरिदिन्छन् । वी.पी. र मातृकाप्रसादका बीच वेमेल भएर पछि मातृकाले पदत्याग गर्दछन् । देशमा दिन प्रतिदिन अशान्ति बढ्दै जान्छ । देशको अशान्ति र आफ्नो स्वास्थ्यको उपचारका लागि राजा स्वीजरल्याण्ड जान्छन् । स्वीजरल्याण्डमा केही समय बसेर स्वास्थ्य उपचार गराउँदा उनलाई निको हुँदैन । राजाले स्वीजरल्याण्डबाटै महेन्द्रलाई शाही अधिकार सुम्पेर सबै मिलेर देश बनाऔं भन्ने भावको सन्देश पठाउँछन् । त्यतिबेला म पात्रलाई मृत्यु महसुस भइरहेको हुन्छ तर उनको राष्ट्रप्रतिको माया ममता रहिरहन्छ यसरी उक्त उपन्यासको घटना अन्त्य हुन्छ ।

### ४.४.१६.३ पात्र

व्यक्तिका गुण दोष प्रकट गर्ने मूल तत्त्वका रूपमा चरित्र नै रहन्छ । त्यसैले चरित्रद्वारा बाह्य र आन्तरिक पक्षलाई उद्घाटन गर्न सकिने भएकाले चरित्रको महत्त्वलाई प्रायः उपन्यासकारहरूले स्वीकार गरेका हुन्छन् । उपन्यासलाई जाँच्ने मुख्य कडी भनेकै चरित्र हो । त्यसैले चरित्रको विशेष महत्त्व रहन गएको हुन्छ ।

प्रस्तुत उपन्यासमा अरू उपन्यासमा जस्तै नारी र पुरुष दुवै खालका पात्रको प्रयोग गरेको पाइन्छ । उपन्यासमा उल्लेख भएका पुरुष पात्रहरूमा त्रिभुवन, महेन्द्र, त्रैलोक्य, पृथ्वीवीरविक्रम, राममणि आ.दी., जङ्गबहादुर, वीरशमशेर, खडगशमशेर, सुरेन्द्रविक्रम, चन्द्रशमशेर, नरेन्द्रवीरविक्रम, भोजराज विष्ट, सागरसिंह विष्ट,

केशरविष्ट, फौदासिंह गुरुङ, शिवप्रसाद अर्याल, दीपकविक्रम, धीरशमशेर, दयानन्द सरस्वती, मरीचमान, नरेन्द्रशमशेर, शुक्रराज शास्त्री, गेहेन्द्रशमशेर, लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, धर्मभक्त, बालकृष्ण सम, भीमशमशेर, वी.पी., तुलसी मेहर आदि छन् ।

नारी पात्रका रूपमा त्रैलोक्यराज्यलक्ष्मी, ताराकुमारी, धाई आमा, कान्तिराज्य लक्ष्मी, ईश्वरराज्यलक्ष्मी, दुर्गादिव्यश्वरी, जुहारकुमारी, रमाराज्यदिव्यश्वरी, उत्तमकुमारी, विमली मगर, श्वेतीरमण, राज्यलक्ष्मी, रत्नराज्य, सुशीला कोइराला, भेलवा, लीरा लुरावेल, हेलेन एरिका र प्रिन्सेप आएका छन् । यी बाहेक दासदासी, जनरल र सुसारेजस्ता पात्रहरू पनि आएका छन् । त्यसैले यो उपन्यासलाई बहुपात्रीय उपन्यासका रूपमा लिन सकिन्छ । श्री ५ त्रिभुवन नै प्रमुख पात्र हुन् । चन्द्रशमशेर, जुद्धशमशेर, मोहनशमशेर, वी.पी., मातृकाप्रसाद सहायक पात्रका रूपमा देखापरेका छन् भने अन्य पात्रहरू घटनाको वर्णन गर्ने क्रममा प्रसङ्गवश चर्चा र नाम मात्र उल्लेख भएकाले गौण पात्र हुन् ।

### ४.४.१६.४ परिवेश

उपन्यासकार प्रायः आफ्नै देश, काल, जाति, रीति, नीति र समाजमा हुर्कने भएकाले उसले ग्रहण गर्ने वातावरण पनि त्यसै समाजको हुन्छ । त्यसैले ऊ आफ्ना कृतिमा त्यही देश, काल, वातावरणलाई उतार्न चाहन्छ । देश, काल, वातावरणलाई यथार्थ रूपमा समातेर प्रस्तुत गरेका उपन्यासहरू निकै रोचक बनेका हुन्छन् ।

प्रस्तुत उपन्यासमा घटनास्थलका रूपमा काठमाडौँका विभिन्न स्थान आएका छन् ती हुन् नारायणहिटी दरबार, सिंहदरबार, ताहाचल, कालगत परिवेशका रूपमा राजा त्रिभुवनको समय स्पष्ट हुन्छ । तत्कालीन समयमा दरबारमा दासदासी, नोकरचाकर राख्ने चलनको वर्णन गरिएको हुनाले सामन्ती शासन व्यवस्थाको झलक आएको पाइन्छ । "क्रान्तिबाट बगेका रगतमा ताल पारिपारी हिँडेको छु । कोलाहलपूर्ण वातावरणमा नारा लगाएको छु"[१२९] भन्ने सन्दर्भमा क्रान्तिको परिवेश आएको छ । "मेरा दुइटी रानीहरू मभन्दा एक दुई वर्ष मात्र कान्छा थिए"[१३०] भन्ने वाक्यले बहुविवाहको चलनलाई देखाएको छ । राज्याभिषेकका समयमा वैदिकमन्त्र पढ्ने प्रचलनले धार्मिक परम्परामा जोड दिएको छ । राजनीति, मृत्युदण्ड, सतीप्रथा, वीभत्स र करुणका घटनाहरूलाई पनि परिवेशका रूपमा समावेश गरिएको पाइन्छ ।

---

[१२९] एस.पी. आसा, **हामीले कसरी प्रजातन्त्र ल्यायौं**, दो.सं., (काठमाडौँ : सरस्वती घिमिरे, २०६०), पृ. १ ।

[१३०] *ऐजन,* पृ. ३ ।

### ४.४.१६.५ उद्देश्य

कुनै पनि कार्यका पछिल्तिर केही न केही उद्देश्य रहेकै हुन्छ त्यस्तै **हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा राजा त्रिभुवनको जीवनी झलक, विचार, बाध्यतालाई पाठकसामु उपस्थिति गराउनु यसको उद्देश्य रहेको छ । "मानिसहरूको विनास खराब कर्मको कारण हुन्छ"[१३१] भनेर उपन्यासमा भनिएकोले नकरात्मक कार्यको फल नराम्रो हुन्छ त्यसैले मानिसले आफ्नो मनलाई असल कार्यतर्फ उन्मुख गराउनु पर्दछ भन्ने नैतिक सन्देश दिन खोजेको पाइन्छ । कुनै पनि कार्य गर्दा अरूले गरेको कार्यमा चिन्ता लिनु हुँदैन । वीरपुरुषले वीरत्वपूर्वक सामना गर्नुपर्दछ । चिन्ताले पिल्सिएर सुकेर बस्नु बुद्धिमानीहरूको काम होइन भन्ने निर्देशन दिन खोजेको छ । हामीले सर्वाङ्गीण विकासका लागि दास भएर होइन मुक्तिको बाटो रोज्नु पर्दछ भन्ने भाव व्यक्त गरेको पाइन्छ ।

### ४.४.१६.६ भाषाशैली

भाषाशैलीलाई उपन्यासको प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ । भाषाशैलीविनाको उपन्यास सम्पूर्ण चीज पूरा गरेर पकाइएको तरकारीमा नुन छुटेर खल्लो अनुभूति भएझैं सबै तत्त्वहरू भएर पनि शैली अव्यवस्थित भएमा उपन्यास पढ्न योग्य र महत्त्वपूर्ण बन्न सक्दैन । **हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा नेपाली, हिन्दी र अङ्ग्रेजी तिनै खालका भाषाको प्रयोग पाइन्छ । "पास्ट इज पास्ट फ्युचर इज अनसरटेन एण्ड डार्क प्रेजेष्ट टाइम इज द मस्ट इर्म्पोटेण्ट टाइम"[१३२] भनिएको छ यो उद्धरणले भूतकाल बितिसकेको समय हो । भविष्य अनिश्चित र अन्धकार छ, वर्तमान समयमा नै विचार गरेर काम गर्नु पर्दछ । "तुम लोग तो जिए हो दोस्त काम करो । हमतो चलेहि जाएगें लेकिन फिर भी भूत बनकर यिन लोगोको सताएंगे"[१३३] भनेर हिन्दी भाषाको प्रयोग गरिएको पाइन्छ । उपन्यासका बीच बीचमा कविताका पङ्क्तिहरू राखेर काव्यात्मकता प्रदान गरेको छ । प्रस्तुत उपन्यासमा उच्च स्तरीय र निम्न स्तरीय दुवै खालका वाक्यहरूको प्रयोग गरिएको छ । प्रश्नार्थक, पदक्रम नमिलेका वाक्य कतै कतै आएका छन् । यस उपन्यासमा आत्मस्मरण र वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ४.४.१६.७ निष्कर्ष

**हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा राजा त्रिभुवनको जीवन कथामा आधारित घटनालाई विषयवस्तु बनाइएको छ । राणाकालीन शासन व्यवस्थामा

---

१३१ *ऐजन,* पृ. ११७ ।

१३२ *ऐजन,* पृ. २२३-२२४ ।

१३३ *ऐजन,* पृ. ७३ ।

शासकहरूले राजा र जनतालाई दिएका पीडा वेदनाका भावलाई अभिव्यक्त गरिएको छ । प्रजातन्त्र स्थापनाका लागि राजा त्रिभुवनले राजगद्दी त्यागेर भारत प्रस्थान गरेर नेपाली युवासँगको सम्झौतापछि नेपाल फर्केर प्रजातन्त्रको घोषणा गरेको जानकारी गराइएको छ । राजनीतिक अस्थिरता, पदका लागि सङ्घर्ष आदि सहायक विषयवस्तुकका रूपमा रहेका छन् । राजा त्रिभुवनले प्रमुख 'म' पात्रको भूमिका निर्वाह गरेका छन् परिवेशका रूपमा काठमाडौँका विभिन्न स्थानहरू आएका छन् । काम अनुसार फल पाइन्छ भन्न खोजिएको छ । सरल र वर्णनात्मक शैलीको प्रयोगले उपन्यास अगाडि बढेको छ ।

### ४.४.१७ 'हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष' पुस्तकको अध्ययन

### ४.४.१७.१ कृति परिचय

**हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष**का लेखक एस.पी. आसा हुन् । यो पुस्तकलाई सुरेशप्रसाद पराजुलीले प्रकाशनमा ल्याएका हुन् । २०५८ सालमा प्रकाशित उक्त पुस्तकमा प्रकाशकको मन्तव्य, लेखकको बिन्ती बिसाई, विषयसूची र सन्दर्भसूचीलाई समावेश गरिएको छ । यस पुस्तकमा १७४ पृष्ठ र कमाएको सम्पत्तिको विधान के छ ?, हामीलाई किन हिन्दू भनिएको होला ? लगातका २९ ओटा शीर्षकका पनि उपशीर्षक रहेका छन् । सबैले थाहा पाउनुपर्ने कुराहरू यसका अन्तः वस्तु हुन् । समग्रमा हिन्दू दर्शनभित्रका व्यावहारिक र वैज्ञानिक दुवै पक्षको सरल र बोधगम्य रोचक प्रस्तुतिको सँगालो पनि हो । यस पुस्तकमा धेरै शीर्षकहरू समावेश गरिएकाले हामीलाई किन हिन्दू भनिएको होला ? यज्ञ महायज्ञहरूमा विश्वास राख्नु, टीका किन लगाउने हिन्दू संस्कृतिमा चारको अत्यन्त महत्त्व छ र युग निर्माणको अभियानको विषयमा मात्र चर्चा गरिएको छ ।

### ४.४.१७.२ विषयवस्तु हामीलाई किन हिन्दू भनिएको होला ?

वास्तवमा हिन्दू भनेको कुनै जातजाति बुझाउने पर्यायवाची शब्द नभएर त्यसअन्तर्गत विभिन्न जातजाति समावेश भएका हुन्छन् । इतिहासकारका अनुसार हिन्दूहरूलाई सिन्धु सभ्यताको नाउँबाट अपभ्रंस भएर आएको मान्यता राख्दछन् । यसलाई पाश्चात्य साहित्यमा समाजशास्त्रीहरूले अझ गहन अध्ययन गरेका छन् । ॐ कारलाई मूलमन्त्र मान्ने, पुनर्जन्ममा विश्वास राख्ने, गाईको भक्ति राख्ने, हिंसाको निन्दा गर्ने, गुरुलाई मान्ने भारत वर्ष र भरत खण्डको मानिसलाई हिन्दू मानिएको छ । यी प्रसङ्गलाई अध्ययन गरेपछि हिन्दू शब्द कुनै जाति सम्प्रदाय र सीमित भूखण्डको आधारहीन संस्कृति भनेर होच्याउन खोज्ने सामाजिक सद्भाव र संस्कृतिलाई हचुवा दृष्टिले हेर्न खोज्ने मानसिकतालाई सकारात्मक मार्गनिर्देश हुन पुग्दछ ।

**यज्ञ महायज्ञमा विश्वास राख्नु**

यस शीर्षकमा यज्ञको वर्गीकरण, महत्त्व र उपयोगिताबारे शास्त्रीय र वैज्ञानिक दृष्टिकोण पनि समावेश गरिएको छ । एकातिर सप्ताहदेखि ठूला ठूला धान्याचल यज्ञसम्म धार्मिक कार्यहरू देशका विभिन्न स्थानमा हुँदै आएका छन् भने अर्कोतिर धर्मको परिभाषा आफ्नो स्वार्थ जसरी पूरा हुन्छ त्यसै अनुसार गर्दै हिँड्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यज्ञले सांसारिक संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको छ । वैज्ञानिकहरू पनि यज्ञमा प्रयोग गरिने घिउ तेल जौं आदिबाट निस्कने धूवाँले वातावरण शुद्ध बनाउँछ । मानव जीवनलाई अत्यन्त विनास गर्ने, दुषित वातावरणीय अवस्थालाई यो धूवाँको समिश्रणबाट अक्सिजन उत्पन्न गराएर वातावरण तथा जीवहरूको रक्षा हुन्छ भन्ने धारणा रहेको वैज्ञानिकहरूले व्यक्त गरेका छन् ।

**टीका किन लगाउने ?**

टीकाको प्रयोग प्रायःजसो महिलाहरूले शृङ्गारका क्रममा र अन्त्यमा देव कार्य र पितृकार्य सम्पन्न गरिसकेपछि प्रसादका रूपमा लगाउने प्रचलन पाइन्छ । वर्तमान समयमा पूजा गर्ने शैली मानिस अनुसार फरक फरक हुने गर्दछन् । युवा वर्गहरूले निधारमा टीका लगाएर हिँड्ने काम पण्डित, पुरेत र पुजारीमा सीमित राखेको पाइन्छ । टीकाको प्रत्यक्ष सम्बन्ध निधारमा हुन्छ । निधार हाम्रो शरीरको उच्च स्थानमा रहन्छ जुन स्थानलाई शरीरको राज्य पनि भनेको पाइन्छ । निधारबाट शरीरमा आइपर्ने कुराको जानकारी प्राप्त हुन्छ यहीं नै वैज्ञानिक आधारको पिटुयटरी ग्रन्थी हुन्छ । यहीँबाट निस्केको हरमोनको कारणले स्मरण शक्ति बढ्ने आँखाको तेज बढ्ने, सुन्ने शक्ति आउने र सम्बेदनशील भइनेजस्ता असंख्य उपयोगी गुणहरूको विकास हुन्छ । यस पुस्तकमार्फत् आसाले टीका लगाउने बुर्जुवा संस्कतिको एउटा अंश हो भन्ने भ्रम पाल्दै दायित्व भुलेर आफै असभ्य बनिरहेको भेउ नै नभएको पुस्तालाई टीका लगाउनुका विविध उपयोगितालाई जानकारी दिँदै आफ्नो सामाजिक दायित्व पूरा गरेका छन् ।

**हिन्दू संस्कृतिमा 'चार' को अत्यन्तै महत्त्व छ**

शरीर सबैको पञ्च तत्त्वबाट बनेको हुन्छ भने चार अङ्कचाहिँ आध्यात्मक दर्शनमा महत्त्व राख्दछ । युगलाई चार भागमा बाडिएको छ । ब्रह्माजीको चारओटा मुख मानिएको छ जसबाट चारओटा वेदको उत्पत्ति भएको पाइन्छ । जात पनि चार प्रकारकै हुन्छन् ब्राह्मण, क्षेत्रिय, वैश्य र शुद्र । दिशालाई पनि चारै मानेका छन ती हुन् पूर्व, पश्चिम, उत्तर र दक्षिण । वेदमा यो ब्रह्माणमा रहेका सम्पूर्ण प्राणी, वनस्पति, झारपात, कीरा इत्यादिलाई पनि चार भागमा विभाजन गरेका छन् । सबै चीजहरूलाई चार भागमा विभाजन गरिएकाले यसको अत्यन्त महत्त्व रहेको छ ।

**युग निर्माणको अभियान**

वर्तमान समयमा नेपालको अवस्था चिन्ताजनक बन्दै गएको छ । बृद्धाहरू निराश, प्रौढहरू हतास, युवाहरूमा रहेको वेरोजगारीका समस्याले अत्यन्त दुःखी भइरहेका छन् । आपसी हिंसा, असुरक्षा, अशान्तिले देशमा अस्थिरता ल्याइरहेको छ । गरिबी, भोक, रोगले देशको आर्थिक अवस्था कमजोर बन्दै गएको छ । हाम्रो परम्परागत मूल्य मान्यतालाई हटाउनका लागि युरोप अमेरिका लगायतका पश्चिमी मुलुकहरूले आर्थिक सहयोग गरिरहेका छन् । देशको विकृति विसङ्गति हटाउनका लागि राजनीतिक दलहरूले सोच्नुपर्ने अवस्थाको सिर्जना भएको छ । यदि समयमै समाजका प्रत्येक सचेत नागरिकहरूले समुचित कार्यहरू नगरेमा देशको अस्तित्व नै समाप्त भएर जान सक्ने अवस्था सिर्जना भएको छ । हाम्रो भविष्य बनाउने जिम्मेवारी हाम्रै काँधमा आएको छ । अब हामीले युगान्तकारी परिवर्तन ल्याउनु पर्दछ । युगान्तकारी परिवर्तनका लागि नयाँ शक्तिले विचार विमर्श, छलफल र अन्तर्क्रियापछि मात्र नवीन समाजको सिर्जना गर्न सक्दछ ।

नैतिक धरातलको अनुशासित, धार्मिक प्रवृत्ति, राजनीतिक नेतृत्वले मात्र देशका विद्यमान विकृति, विसङ्गति, भ्रष्टाचार, गरिबी, वेरोजगारी, रोग भोक अशान्ति र असुरक्षा आदि समस्यालाई हटाएर नेपालको सर्वाङ्गीण विकास हुन सक्दछ समाजलाई रामराज्य बनाउनका लागि इमान्दार मानिसको सहयोग आवश्यक रहेको महसुस गरिएको छ ।

**४.४.१६.३ उद्देश्य**

हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्षको मुख्य लक्ष्यका रूपमा धर्म, संस्कृतिको रक्षा गर्नु, नैतिक चरित्रवान, महङ्गी र बेरोजगारी हटाउनका लागि नैतिक धरातलको आवश्यकता पर्दछ । समाजको विकासमा मानिसकै इमान्दारिताको आवश्यक रहेको हुन्छ । “अँध्यारो जतिसुकै गाढा किन नहोस्, आगोको एक फिलिङ्गो नै त्यसलाई परास्त गर्न सक्षम छ ।”[१३४] यस पङ्क्तिले असत्यमाथि सत्यको नै विजय हुन्छ । मानिस जहिले पनि सकारात्मक धारणालाई लिएर अगाडि बढ्नु पर्दछ भन्ने सन्देश दिन खोजेको पाइन्छ ।

**४.४.१७.४ निष्कर्ष**

**हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष**मा नैतिक, आध्यात्मिक, धार्मिक विषयवस्तुमा आधारित पुस्तक हो । यसमा परम्परागत धार्मिक सांस्कृतिक पक्षलाई

---

[१३४] एस.पी. आसा, **हिन्दू संस्कृतिको व्यावहारिक र वैज्ञान्तिक पक्ष**, (काठमाडौँ : सुरेश पराजुली, २०५८), पृ. १७२ ।

मानिसले अवलम्बन गरेर अगाडि बढ्नुपर्दछ । यसले मानिसलाई बौद्धिक, चेतनशील आदर्शवादी बनाउन सहयोग पुऱ्याउँछ । पहिलेका धार्मिक मान्यतालाई आधुनिक युगका वैज्ञानिकहरूले पनि स्वीकार गर्दै आएका घटनालाई पनि प्रस्तुत गरिएकाले उक्त पुस्तक पठनयोग्य रहेको छ । यसमा रोचक प्रसङ्गलाई सरल भाषाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.४.१८ 'लोकतन्त्र अगिको महाभारत' उपन्यासको अध्ययन

#### ४.४.१८.१ कृति परिचय

**लोकतन्त्र अगिको महाभारत** एस.पी. आसाको लेखहरूको सङ्गालोको रूपमा रहेको देखिन्छ । यो पुस्तक २०६५ सालमा प्रकाशित भएको हो जसको प्रकाशकका रूपमा लेखकका छोरीहरू क्रमशः उमा घिमिरे, विधा घिमिरे र उपमा घिमिरे रहेका छन् । उक्त सङ्गालोमा पुस्तक किन लेखियो भन्ने लेखकको बन्ती बिसाइ, विषयसूची, उजुरीहरूको आधारमा बेपत्ता भनिएकाहरूको नामावली, ठाउँ-ठाउँमा आएका नामहरू र सन्दर्भ सामग्री पनि समावेश गरिएको छ । लोकतन्त्रअगिको **महाभारत**मा २०६३ सालको जनआन्दोलनपूर्वका घटना र जनआन्दोलनका समयमा भएका घटनाहरूलाई विषयवस्तु बनाएर लेखिएको छ । उक्त सङ्गालोमा २८१ पृष्ठ र 'त्रस्त र ध्वस्त अवस्थाको नेपाल', 'राजाले कसैको कुरा पनि सुनेनन्' लगायतका ५३ ओटा शीर्षकहरू रहेका छन् ।

**त्रस्त र ध्वस्त अवस्थाको नेपाल नामक** शीर्षकमा नेपालको राजनीतिमा आएको अराजकता र अस्थिरतालाई देखाउन खोजिएको छ । शासनसत्ता र राजनीतिका विषयलाई लिएर पार्टी पार्टीका बीचमा मतभेद रहेको छ । कुनै पार्टीले राजाको समर्थन गर्दछन् भने कसैले राजाको विरोधमा आन्दोलन गर्दै हिँड्दछन् । २०६३ सालको जनआन्दोलन हुनुभन्दा पहिलेदेखि जताततै राजाकै विषयमा कुराकानी गरेको सुनिन्छ । राजाका दिन भ्रमण गरेर बितेका हुन्छन् । सरकारले भ्रष्टाचार गर्नेलाई समातेर कारवाही गरेको हुन्छ । राजाको भ्रमणका क्रममा गरेका भाषण सुन्नका लागि लाखौँ जनता भेला भएका घटनाहरूलाई समावेश गरेको पाइन्छ ।

अर्कोतिर राजनीतिका लागि हातहतियार बोकेकाहरूले राजनैतिक स्वतन्त्रताको दुरूपयोग गरिरहेका हुन्छन् । उनीहरूको व्यवहारबाट सर्वसाधारण जनता पीर मर्कामा परेका हुन्छन् । नेपालको राजनीतिमा रहेको अस्थिरतालाई हटाउनका लागि काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला लगायत अन्य दलका नेताहरूका बीचमा सहमति हुन्छ । दलहरूका बीचमा भएको सहमतिले नेपाली जनताका मनमा केही आशा बढ्दै जान्छ । जताततै प्रजातन्त्र, स्वतन्त्रता,

लोकतन्त्रजस्ता चर्का चर्का नारा लगाएर सपना बाँडेका पार्टीहरूले २०४६ सालमा आएर नै दुर्नाम कमाउँछन् । राजनैतिक कार्यकर्ताले पार्टीको नै बदनाम गराएका हुन्छन् । त्यसको असर अहिलेसम्म पनि कायमै रहेको पाइन्छ । २०६३ सालको जनआन्दोलनले जनताका लागि केही सहज भए पनि राजनीतिमा अस्थिरता नै रहेको छ । सरकार र दलका बीचमा भएका बेमेलका घटनालाई त्रस्त र ध्वस्त शीर्षकमार्फत् प्रस्तुत गरिएको छ ।

लोकतन्त्र ल्याउनका लागि नेपाली जनताले स्वदेश तथा विदेशबाट पनि सहयोग गरेका छन् । त्यतिबेला सडकमा नारा जुलुस मात्र नभएर साहित्यकारहरूका लोकतान्त्रिक घटनालाई विषयवस्तु बनाएर कविता, नाटक, गजल प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत शीर्षकमा २०६३ सालको जनआन्दोलन भन्दा अगाडि लेखिएका कवितामा स्वतन्त्रताको चाहना अभिव्यक्त गरिएको छ भने जनआन्दोलनका समयमा लेखिएका कवितामा राजालाई एउटा कविका रूपमा राखेर उसले गणतन्त्रको स्थापनालाई जोड दिएको छ । अरूले बोल्न, भन्न नसकेका कुरा पनि साहित्यकारले साहित्यका माध्यमबाट व्यक्त गर्ने हुनाले उनीहरूको विशेष योगदान रहेको देखिन्छ । जनआन्दोलनपूर्व र जनआन्दोलनका समयमा लेखिएका कविता निरङ्कुशताको विरुद्ध र लोकतन्त्रको आगमनका आवाजलाई सडकमा फैलिएका हुन्छन् जुन आवाजले नेपाली जनताका भावनालाई अगाडि बढाउने प्रेरक तत्त्व बन्न पुग्दछन् । यस लेख सङ्गालोमा राज परिवारका सदस्यका नाममा रहेको सम्पत्तिको विवरण, आन्दोलनका समयमा मारिएका, वेपत्ता पारिएकाको अवस्था, सरकार जनताका अगाडि झुक्नु परेका घटनाहरूलाई देखाउँदै यस पुस्तकको अन्त्य भएको छ ।

**लोकतन्त्र अगिको महाभारत**मा नेपाली जनताले भोग्नु परेका समस्याका साथै त्यतिबेलाको सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक अवस्थाको चित्रण गर्नु नै यसको मुख्य उद्देश्य रहेको पाइन्छ । जनआन्दोलनका समयमा नेपाली जनताले देखाएको साहसले नवीन कार्यका लागि निरन्तरता र धैर्यताको आवश्यकता पर्दछ भन्ने देखाउन खोजेको छ । ठूलाबडाले पनि नकारात्मक कार्य गरेपछि पराजय भोग्नु पर्दछ भन्ने देखाएको पाइन्छ ।

लोकतन्त्र अगिको महाभारतमा राजनीतिक विषयवस्तुलाई सरल र सरस भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा प्रश्नार्थक, विष्मयादिबोधक, निपातजस्ता चिह्नहरूको प्रयोग गरेर वाक्य गठन गरेको देखिन्छ । उदाहरणका लागि "ल ठीक छ चाँडो भन्दा चाँडो तिनीहरूको खोजी गर ! 'हस' सरकार ! सबैले

सलाम गरे ।"[१३५] अत्यन्त कठिनाइबाट आएका ठूलो भेलालाई सम्बोधन गरेर गिरिजाप्रसाद कोइरालाले भने "म ८३ वर्षको मानिसले राजालाई आफू को हो कसरी आएँ र हिजो म के थिएँ भनेर विचार गर्नुपऱ्यो"[१३६] भन्नेजस्तो संयुक्त वाक्य प्रयोग पनि पाइन्छ । "चिलले चल्ला गायब पारेझैं र स्यालले कुखुरा चोरेझैं गायब पारेका छन्"[१३७] भनेर उखानटुक्काको प्रयोग गरिएको छ । सरल र संयुक्त वाक्यको प्रयोग भए तापनि सरल वाक्यकै प्रधानता रहेको देखिन्छ ।

### ४.४.१८.२ निष्कर्ष

'लोकतन्त्र अगिको महाभारत' राजनीतिक घटनामा आधारित लेख सङ्गालो हो । यसमा २०६३ सालको जनआन्दोलनपूर्व र जनआन्दोलनका समयमा भएका घटनालाई विषयवस्तु बनाएर लेखिएको छ । जनआन्दोलनका समयमा सरकार र राजनीतिक दलका बीचमा भएको सङ्घर्ष, जनताले देखाएको उत्साह र त्यसको परिणामका रूपमा आएको लोकतन्त्र नै यसको प्रमुख विषय रहेको छ । नवआगन्तुक पुस्ताका लागि लोकतन्त्र अगिको महाभारत ऐतिहासिक पुस्तक बन्न सफल रहने देखिन्छ । राजपरिवारका सदस्यले नकारात्मक कार्य गरेर जनताका अगाडि झुक्नु परेको छ । असत्यमाथि सत्यको विजय हुन्छ भन्ने नैतिक सन्देश दिन खोजेको छ ।

## ४.४.१९ 'नेपालको पहिलो कोतपर्व' उपन्यासको अध्ययन

### ४.४.१९.१ कृति परिचय

एस.पी. आसाको सबैभन्दा पछिल्लो कृतिका रूपमा **नेपालको पहिलो कोतपर्व** रहेको छ । यस उपन्यास २०६६ सालमा शब्दार्थ प्रकाशनले प्रकाशनमा ल्याएको हो । यो उपन्यासमा १४८ पृष्ठ र १२ ओटा खण्ड रहेका छन् । उपन्यासको संरचनामा आएका खण्डहरूको पृष्ठ एकै नासको देखिदैन । उक्त उपन्यासमा प्रकाशकीय विचार पनि प्रस्तुत गरिएको छ । नेपालको पहिलो कोतपर्वमा शाहकालीन पूर्वार्द्ध समयमा भएका राजनैतिक घटनालाई विषयवस्तु बनाएर लेखिएको छ । यसमा रणबहादुर शाहका पालामा शासन सत्ताका लागि थापा र पाँडेका बीचमा भएको वैमनस्यतालाई चित्रण गरिएको छ । त्यसैगरी उपन्यासको अन्त्यमा एकैचोटि ९३

---

१३५ एस.पी. आसा, **लोकतन्त्र अगिको महाभारत**, (काठमाडौँ : उमा, विधा र उपमा घिमिरे, २०६५), पृ. ७३ ।

१३६ *ऐजन*, पृ. १९ ।

१३७ *ऐजन*, पृ. २२ ।

जनाको नरसंहार भएको देखाइएकाले यसको शीर्षक **नेपालको पहिलो कोतपर्व** सार्थक रहन गएको छ ।

### ४.४.१९.२ कथानक

रणबहादुर शाहको जीवनकथामा आधारित विषयवस्तुलाई प्रमुख घटनाका रूपमा लिइएको छ । उनी नाबालक अवस्थामा नेपालका राजा हुन्छन् । रणबहादुर शाह राजा हुँदा भारदारका रूपमा अमरसिंह थापाका छोरा भीमसेन थापा हुन्छन् । रणबहादुर शाहको समय अपरिपक्व भएकाले उनी खाली विलासिताको जीवन बिताउन चाहन्छन् । उनका इच्छा पूरा गराउनका लागि भीमसेन थापा निरन्तर लागि परिरहेका हुन्छन् । राजाले बहुविवाह गरेका हुन्छन् । उनकी माहिली पत्नी कान्तिवती हुन् । उनलाई राजाले ज्यादै मन पराउँछन् । गीर्वाणयुद्ध शाहको जन्म भएको केही समयपछि कान्तिवतीको महामारी रोगले मृत्यु हुन्छ । रानीको मृत्युले राजा पागलजस्तै हुन्छन् । रानीको शोकमा डुबेका राजालाई नेपालमा बस्न मन नलागेर काशी जाने विचार गर्दछन् । राजा भीमसेनसहित काशी जान्छन् । रणबहादुर शाह बनारस गएपछि जेठी महारानी सूवर्णप्रभावतीले आफ्नो छोरालाई राजा बनाउनका लागि दामोदर पाँडेसँग सरसल्लाह गर्दछिन् । रणबहादुर शाहलाई बनारसमै राख्नका लागि जेठी महारानीले अङ्ग्रेजसँग सम्झौता गर्छिन् । त्यतिबेला रणबहादुरलाई बनारसमा राखेर आफूले शासनसत्ता चलाउने अठोट गर्दछिन् । सूवर्णप्रभावतीको आफूप्रतिको व्यवहार थाहा पाएर रणबहादुर आक्रोसित बन्दै जान्छन् । उनी नेपाल फर्कन्छन् । नेपाल फर्केपछि भीमसेन थापाले नेपालको आर्थिक अवस्थालाई मजबुत बनाउनका लागि ठाउँ ठाउँमा करहरू जम्मा गर्न थाल्दछन् जुन करबाट देशको आर्थिक अवस्था मजबुत बन्दै जान्छ । त्यतिबेला भीमसेन थापाका अगाडि दुईओटा समस्या देखापरेका हुन्छन् । एकातिर रणबहादुर शाहको जिद्दी स्वभाव र अर्कोतिर देशको राजनीतिमा रहेको अस्थिरता । राजनीतिको विषयलाई लिएर रणबहादुर शाह र उनका भाइ शेरबहादुर शाहका बीचमा राम्रो सम्बन्ध हुँदैन । शेरबहादुर शाहले रणबहादुरको हत्या गर्दछन् । रणबहादुर शाहको हत्या भएको थाहा पाएर भीमसेन थापा राजदरबारमा आइपुग्दछन् । उनी आउँदा राजदरबारमा रगतको खोलो बगेको हुन्छ । शेरबहादुरलाई बालनरसिंह कुँवरले घाँटीको किलकिलेमा खुकुरी प्रहार गरेर हत्या गर्दछन् । भीमसेन थापा त्यतिबेला रिसको आक्रोसमा भारदारहरूलाई जम्मा पारेर हत्या गराउने योजना बनाउँछन् । सबै भारदारहरूलाई एउटा भण्डारमा जम्मा गरेर हत्या गर्न लगाउँछन् जुन हत्याबाट रगतको खोलो बग्दछ । रानी राजेश्वरी हेलुम्बुबाट नौ दिनपछि रुँदै कराउँदै काठमाडौँ आइपुग्छिन् । उनलाई सती जान बाध्य बनाइन्छ । राजेश्वरीसँगै आएका १५ जनालाई सालीनदीमा

चिता बनाएर सामूहिक हत्या गरिन्छ । यसरी यो सामूहिक नरसंहार घटनामा १६ जना आइमाई, ७७ जना पुरुषसमेत गरी जम्मा ९३ जनाको हत्या हुन्छ । त्यस हत्याबाट कतिले भागेर ज्यान बचाउन सफल हुन्छन् भने कतिको सर्वस्वहरणसमेत गरिएको हुन्छ । नरसंहारपछि भीमसेन थापाले नाबालक राजा गीर्वायुद्धविक्रम शाह र ललितत्रिपुरा सुन्दरीको साथ लिई नेपालको शासन चलाउँछन् । यसरी प्रस्तुत उपन्यासको कथानक अन्त्य हुन्छ ।

### ४.४.१९.३ पात्र

**नेपालको पहिलो कोतपर्व** उपन्यासमा पनि नारी र पुरुष दुवै खालका पात्रहरूको प्रयोग गरिएको छ । रणबहादुर शाह, पृथ्वीनारायण शाह, भीमसेन थापा, बहादुर शाह, बम शाह, शेरबहादुर शाह, अमरसिंह थापा, प्रतापसिंह शाह, जीतबहादुर, अमरबहादुर, केशर बस्नेत, दामोदर पाण्डे, रणबम पाण्डे, दयावीर शाह, रणकेशर गुरुङ, एकादेव वैद्य, कछुसिं, स्वरूपसिंह, केशव भँडेल, गीर्वाणयुद्ध विक्रम, बलभद्र, रणबम पाण्डे, युद्धवीर, कीर्तिमानसिंह, राज्यप्रकाश मल्ल, प्रबल राना, देवदत्त थापा, रणजीत पाण्डे, रंगनाथ पौड्याल, दिग्बन्धन सेन, भक्ति थापा, उद्योत शाह, द्वारिकादास, रामेजस्ता पुरुष पात्रहरू रहेका छन् ।

नारी पात्रका रूपमा सूवर्णप्रभावती, राजराजेश्वरी, कान्तिवती, ललित त्रिपुरासुन्दरी, राजेन्द्रलक्ष्मी, चन्द्रप्रभावती, गणेशकुमारी, काली सुसारे, नैनसिंह थापा, चम्पा, चमेली, भगवती धाई, विदुर शाहकी आमा मैजु महारानी, महारानी धनकुमारी, मनकुमारी प्रधान, रेवन्तकुमारी, परमावती युवराज्ञी, पद्मावती आएका छन् ।

रणबहादुर शाह यस उपन्यासका प्रमुख पात्र हुन् । भीमसेन थापा, दामोदर पाँडे, सूवर्णप्रभावती, राजराजेश्वरी सहायक पात्रका रूपमा आएका छन् भने पृथ्वीनारायण शाह, बहादुर शाह, प्रतापसिंह, राजेन्द्रलक्ष्मी, काली सुसारे, रामे, अमरसिंह आदि गौण पात्रका रूपमा देखापरेका छन् ती पात्रहरू घटनाहरूको वर्णन गर्ने क्रममा प्रसङ्गवश नाम मात्र आएका हुन् ।

### ४.४.१९.४ परिवेश

ऐतिहासिक उपन्यासका घटना तथ्यपूर्ण र कथ्य नै सत्य हुन्छ भन्ने विचारलाई उपन्यासकारले देखाउन खोजेको हुन्छ । ऐतिहासिक उपन्यासमा स्थानीय जनजीवन र त्यसको प्रभावलाई राम्ररी चित्रण गरिएको हुन्छ । घटनास्थलका रूपमा कान्तिपुर, पाल्पा, गुल्मी, अर्घाखाँची, गढवाल, सिक्किम, बनारस, द्यौपाटन, हेलम्बु, गोरखा, पाटन, नुवाकोट र दरबारभित्रका विभिन्न परिवेशहरू आएका छन् । "राजदरबारमा बहादुर शाह र रणबहादुर शाह बीचको मनोमालिन्य पनि छ । धामी

झाँक्री बोलाएर टूना-मोहनी लगाएको भन्ने कुरामा भएको थियो"[१३८] "विरामी परेको अवस्थामा कान्तिवतीको उपचार गर्ने वैद्य कविराजहरूलाई विष्टा खुवाइ मारिदिनु, कसैलाई देश निकाला गरिदिनु, कसैको सर्वस्वहरण गर्नु, देवी देवताको स्थानमा विष्टा हालिदिनु, मूर्तिहरू उखेलिदिनु पूजाआजा बन्द गराइदिनु यस्ता कयौं अमानवीय कार्यहरू भएका थिए । राजाको अगाडि कसैले पनि प्रश्न गर्ने आँट गर्दैन थियो"[१३९] भन्ने प्रसङ्गले रणबहादुरको जिद्दी र रिसाहा प्रवृत्तिका साथै त्यतिबेलाको कठोर यातना परिवेशलाई देखाउँछ । त्यतिबेला जादू टुनामुना गर्ने प्रचलन पनि रहेछ भन्ने उल्लेख गरिएको छ । धार्मिक आस्थाको परिवेश पनि आएको छ । बहुविवाह, भित्रिनी रखौटी राख्ने प्रचलन पनि रहेको पाइन्छ ।

### ४.४.१९.५ उद्देश्य

प्रस्तुत उपन्यास ऐतिहासिक घटनामा आधारित भएकाले तत्कालीन समयको राजनैतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाका बारेमा पाठक समक्ष पुऱ्याउनु नै यसको लक्ष्य रहेको छ । रणबहादुर शाहको जिद्दी र रिसाहा प्रवृत्तिका कारणले अरूले हत्या गरेको देखाइएको छ । भीमसेन थापाजस्ता देशभक्तिको चरित्रलाई प्रस्तुत गरेर अरूलाई पनि त्यस्तै अनुसरण गरेर अगाडि बढ्ने सन्देश दिन खोजेको पाइन्छ । दाजुभाइका बीचमा भएको बेमेलले कोतपर्वलाई निम्त्याएको हो । दाजुभाइका बीचमा सुमधुर सम्बन्ध हुनु पर्दछ भन्न खोजिएको छ ।

### ४.४.१९.६ भाषाशैली

उपन्यास भाषाद्वारा मूर्तरूपमा प्रकट हुने साहित्यिक कला हो । भाषालाई प्रस्तुत गर्ने तरिका नै शैली हो । भाषाकै माध्यमबाट उपन्यास शक्तिशाली बन्दछ । प्रस्तुत उपन्यासमा दरबारिया र गाम्य भाषाको प्रयोग पाइन्छ । पात्र अनुसारको भाषाले उदाहरणका लागि "के कुरा गऱ्या हजुरले देउतालाई पनि हामीले सजायँ दिन सकिन्छ र ? कालसँग कसको के लाग्छ ? हजुरले चित्त बुझाउनु पर्छ"[१४०] "हजुरले के गऱ्या, यस्तो गरेर देश चल्छ ?" यी प्रसङ्गमा तत्कालीन समयको स्थानीय भाषाको प्रयोग गरेको पाइन्छ । कतै कतै शब्दहरूको पुनरावृत्ति पनि भएको छ । त्यसताका कोही देउताको स्थानमा जान लाग्या देखे पनि राजा कराएर रोक्थे "ए देउताको स्थान न जा, त्यहाँ देउता छैन, देउता भएको भए मेरो कान्तिवती मर्दिनथी... विचरी कान्तिवती, कहाँ गइहोली ? उसलाई के भयो होला ?" राजा रुन

---

[१३८] एस.पी. आसा, **नेपालको पहिलो कोतपर्व**, (काठमाडौँ : शब्दार्थ प्रकाशन, २०६६), पृ. ५ ।

[१३९] *ऐजन*, पृ. ५ ।

[१४०] *ऐजन*, पृ. १९ ।

थाल्थे र भन्थे "ए कान्तिवती ! कान्तिवती !"[१४१] मा अल्पविराम, प्रश्नार्थक र विष्मयादिबोधक चिन्हको प्रयोग गरिएको छ । उपन्यासलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.४.१९.७ निष्कर्ष

**नेपालको पहिलो कोतपर्व** शाहकालीन पूर्वार्द्ध समयमा भएका राजनैतिक घटना र रणबहादुर शाहको जीवनकथालाई आधार बनाएर लेखिएको ऐतिहासिक उपन्यास हो । राजनीतिमा रहेको अस्थिरताले इतिहासमा नरसंहार भएको उल्लेख गरिएको छ जहाँ त्रियानब्बे जना मानिसको एकै ठाउँमा हत्या भएको छ । रणबहादुर शाह नै यस उपन्यासका प्रमुख पात्र हुन् । परिवेशका रूपमा काठमाडौं लगायतका अन्य स्थानहरू पनि आएका छन् । यस उपन्यासमा तत्कालीन समयको सामाजिक, सांस्कृतिक, राजनीतिक अवस्थालाई पाठक समक्ष पुऱ्याउने कोसिस गरिएको छ । एस.पी. आसा इतिहासका घटनालाई काल्पनिकताका माध्यमबाट सरल र सहज बनाउन सबल भएका छन् ।

## ४.५ समग्र निष्कर्ष

**अभाग** एस.पी. आसाको पहिलो सामाजिक उपन्यास हो । उपन्यासमा नेपाली गाउँले परिवेशमा जन्मेको सतिस पात्र सुख सयलका लागि आफ्नो जन्मस्थान छोडेर सहरिया वातावरणमा पुग्दछ । सहरको वातावरणले उसलाई दुःखी बनाउँछ र उसको जीवन दुःखमा पुगेर अन्त्य हुन्छ । सतिसले यस उपन्यासमा गरिबको प्रतिनिधित्व गरेको छ । धनी परिवारमा जन्मेर पनि अमृताले सच्चा प्रेम पाउन सकेकी छैन । उसले सच्चा प्रेम पाउन नसकेर पीडादायक जीवन बिताउन बाध्य भएकी छे । मानिसको सानो भूलका कारण जीवनभर दुःख पाउन सक्दछ भन्ने नैतिक शिक्षा दिन खोजेको छ ।

**दुई मुकुण्डो** एस.पी. आसाको जासुसी उपन्यास हो । प्रस्तुत उपन्यासमा विक्रमको अमानवीय व्यवहार र अपराधजन्य घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । विक्रमले गरेका अनैतिक क्रियाकलापका कारणले आजीवन कैद बस्नुपर्दछ । विक्रमको दोहोरो भूमिकालाई दुई मुकुण्डोका रूपमा देखाइएको छ ।

**सिष्टर शोभा** उपन्यासमा आसाले मनोवैज्ञानिक घटनालाई सामाजिक उपन्यासका रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा टोखा अस्पतालमा डाक्टर र नर्सका बीचमा भएका घटनालाई विषयवस्तु बनाइएको छ । शोभाका जीवनमा

---

१४१ *ऐजन*, पृ. २२ ।

घटेका दयनीय अवस्था, पेसाप्रतिको घृणा र मृत्युवरणलाई मुख्य घटनाका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले कुनै पनि कार्य गर्दा धैर्य र लगनशील भएर गर्नुपर्दछ भन्ने सन्देश दिन खोजेको छ ।

**डाक्टर डी.** उपन्यासमा डाक्टर दिपकको अपहरणका घटनालाई विषयवस्तु बनाएर अगाडि बढेको छ । डाक्टर तथा वैज्ञानिकका रूपमा परिचित दिपकले विभिन्न किसिमका ग्याँसहरूको आविष्कार गर्दछ तर उसले भित्र भित्र अपहरण, अवैध सम्बन्ध राख्ने, मूर्ति चोरी गर्नेजस्ता कार्य गरेको हुन्छ । उसका नकरात्मक क्रियाकलाप थाहा पाएर आजीवन कैदको सजाय दिइन्छ । कुनै पनि व्यक्तिले नराम्रो काम गरेमा सजाय भोग्नु पर्दछ भन्ने देखाउन खोजिएको छ ।

**आधुनिक अपराधी** उपन्यासमा समाजमा बढ्दै गएका अपराधजन्य क्रियाकलाप, चोरी डकैतीजस्ता विषयवस्तुलाई समावेश गरिएको छ । यस उपन्यासमा रहस्यमय घटनालाई प्रस्तुत गरेर पाठक वर्गलाई कौतुहल प्रदान गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ ।

**महासामन्त** एस.पी. आसाको पहिलो ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा लिच्छवीकालीन सामाजिक, सांस्कृतिक, राजनैतिक र वैदेशिक सम्बन्धका घटनालाई चर्चा गरिएको छ । कुनै पनि कार्यमा सफलता प्राप्त गर्नका लागि मिहिनेतको आवश्यकता पर्दछ र मिहिनेतको फल मिठो हुन्छ भन्ने सन्देश दिन खोजेको छ ।

**रक्त सम्मान** उपन्यासमा बुद्ध धर्मको प्रभावलाई प्रमुख घटनाका रूपमा प्रस्तुत गरिएको छ । बुद्ध धर्मको प्रचारका साथै त्यतिबेलाको सामाजिक, सांस्कृतिक, राजनीतिक घटनालाई विषयवस्तुका रूपमा समावेश गरेको पाइन्छ । यस उपन्यासमा भौतिक सामग्रीभन्दा आध्यात्मिक मार्ग नै ठूलो हो भन्ने देखाउन खोजेको देखिन्छ ।

**द्रव्य शाह** उपन्यासमा नेपालको एकीकरणभन्दा पहिले स-साना राज्य रजौटाका बीचमा शासन सञ्चालनमा रहेको अस्थिरतालाई घटउनका लागि मुमामहारानीले खेलेको भूमिकालाई प्रस्तुत गरिएको छ । द्रव्य शाह र नरहरि शाहका बीचमा भएको वैचारिक द्वन्द्वलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । दाजुभाइका बीचमा वैमनस्यता नभएर एकता हुनुपर्दछ भन्ने सन्देश दिन खोजेको छ ।

एस.पी. आसाको **यथार्थ** कविता सङ्ग्रह नामक कृतिमा यथार्थ घटनाको चित्रण पाइन्छ । जसमा मानव मनमा उत्पन्न हुने इच्छा, आकाङ्क्षा, असन्तोष, घृणा, समसामयिक परिस्थिति, दर्शन र सत्यजस्ता विषयवस्तुलाई समावेश गरेको

पाइन्छ । उनका कवितामा भावगत गाम्भीर्यता, काव्यात्मकता, लयात्मकता स्वतःफूर्तताजस्ता प्रवृत्ति रहेका छन् । आधुनिक कविता लेखनका क्षेत्रमा उनका छन्दविहीन कविता फितला खालका रहेका छन् ।

**चित्कार** उपन्यासमा राणाकालीन शासन व्यवस्थामा नेपाली जनताले भोग्नु परेका बाध्यता र विवशतालाई मुख्य विषयवस्तु बनाएर लेखिएको छ । राणाकालीन शासन व्यवस्थाका समयमा नेपाली जनताले भोगेका बाध्यताको चित्रण गरिएको छ । यस उपन्यासमार्फत् कुनै पनि कार्य गर्दा परिश्रम र धैर्य भएर गर्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

**सेरोफेरो** राजनीतिक विषयवस्तुमा आधारित उपन्यास हो । नेपालमा प्रजातन्त्रको स्थापनापछि नेपाली जनताले भोग्नुपरेका समस्या, पार्टीका बीचमा देखापरेका मतेभदेलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । 'म' पात्र आफ्नो बुद्धि र चलाखीपनले मात्र देशका खुराफाती मानिसका अगाडि टिक्न सकेको छ । म पात्रका माध्यमबाट आजको राजनीतिमा आएका विकृति र विसङ्गतिका घटनालाई देखाउन खोजिएको छ । अरूको कुभलो सोच्दा आफै परिन्छ भन्ने नैतिक सन्देश दिन खोजेको छ ।

**पृथ्वीनारायण शाह** उपन्यासमा पृथ्वीनारायण शाहका जन्मपूर्वदेखि अन्तिम अवस्थासम्मका घटनालाई वर्णन गरिएको छ । त्यतिबेलाको सामाजिक, सांस्कृतिक, राजनीतिक घटनालाई समावेश गरेको पाइन्छ । अर्ती र बुद्धि भनेको आफूभन्दा साना सानाबाट पनि लिनुपर्दछ भन्ने शिक्षा दिन खोजेको देखिन्छ ।

**हामीले कसरी प्रजातन्त्र ल्यायौं** उपन्यासमा राजा त्रिभुवनको समयमा घटेका घटनालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । राणाशासनकालमा नेपाली जनताले भोग्नुपरेका घटनालाई पनि समावेश गरिएको छ । प्रजातन्त्र स्थापनाका लागि राजा त्रिभुवनले राजगद्दी त्यागेर भारत प्रस्थान गर्दछन् । भारतमा नेपाली जनतासँगको सहमतिपश्चात् नेपाल आएर प्रजातन्त्रको घोषणा गर्दछन् । नकरात्मक कार्यको फल नराम्रो हुन्छ त्यसैले मानिसले आफ्नो मनलाई असल कार्यतर्फ उन्मुख गराउनु पर्दछ भन्ने नैतिक शिक्षा दिन खोजिएको छ ।

**हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष** नामक पुस्तकमा नैतिक, आध्यात्मिक, धार्मिक विषयवस्तुलाई समावेश गरिएको छ । आधुनिक युगमा पनि परम्परागत मूल्य र मान्यतालाई अवलम्बन गरेर अगाडि बढ्नु पर्दछ । परम्परागत मूल्य मान्यताले मानिसलाई बौद्धिक चेतनाका साथै आदर्शवादी बनाउन सहयोग पुऱ्याउँछ भन्ने देखाउन खोजिएको छ ।

**लोकतन्त्र अगिको महाभारत** नामक लेख सङ्गालोमा २०६३ सालको जनआन्दोलनपूर्व र जनआन्दोलनका समयमा भएका घटनालाई विषयवस्तु बनाएर लेखिएको हो । आन्दोलनका समयमा नेपाली जनताले देखाएको साहसिकता चर्चा गर्नुका साथै उक्त पुस्तक नवआगन्तुक पुस्ताका लागि ऐतिहासिक पुस्तक बन्न सफल रहने देखिन्छ । असत्यमाथि सत्यको विजय हुन्छ भन्ने नैतिक सन्देश दिन खोजेको पाइन्छ ।

**नेपालको पहिलो कोतपर्व** उपन्यासमा शाहकालीन पूर्वार्द्ध समयमा भएका राजनैतिक घटना र रणबहादुर शाहको जीवनकथालाई आधार बनाएर लेखिएको ऐतिहासिक उपन्यास हो । उक्त उपन्यासमा राजनीतिमा रहेको अस्थिरताका कारणले त्रियानब्बे जनाको नरसंहार हुन पुगेको छ । यस उपन्यासमा तत्कालीन समयको सामाजिक, सांस्कृतिक, राजनीतिक अवस्थालाई पाठक समक्ष पुऱ्याउने प्रयास गरिएको छ ।

# पाँचौँ परिच्छेद

## उपसंहार

२००१ श्रावण १५ गते काठमाडौँको सीतापाइला २ शरणपुरमा जन्मेका एस.पी. आसाको वास्तविक नाम श्रीप्रसाद घिमिरे हो । आर्थिक दृष्टिले मध्यम वर्गको घर परिवारमा जन्मेका आसाको बाल्यकाल सुखद रूपमा बितेको पाइन्छ । अनौपचारिक शिक्षा घरबाटै सुरु गरेका आसाले दस वर्षको उमेरसम्ममा संस्कृत भाषाका 'चण्डी, रुद्री, अमरकोश र वेदका' पुस्तकहरू पढन सक्ने भएका थिए । उनको औपचारिक शिक्षाको सुरुआत एघार वर्षको उमेरमा 'भीमढुङ्गा' संस्कृत पाठशालाबाट भएको हो । यिनले व्यवस्थापन र पत्रकारिता विषयबाट स्नातक तहसम्मको अध्ययन गरेका छन् । एस.पी. आसाले प्रवेशिका परीक्षा उत्तीर्ण पास गरेपछि जागिरे जीवनको सुरुआत गरेको देखिन्छ । जागिरे जीवन र साहित्य लेखन सँगसँगै प्रारम्भ गरेका आसाले आफ्नो जीवनको पूर्वार्द्धमा लामो समयसम्म विभिन्न पदमा रहेर जागिरका साथै साहित्यतर्फको अभिरुचि विद्यार्थी जीवनकालबाटै सुरु भएको देखिन्छ । उनले विद्यार्थी जीवनकालमा पाठ्यपुस्तकभन्दा इतरका पुस्तकहरू बढी पढ्ने गरेको जानकारी गराउँछन् । उनको साहित्य लेखनमा आफ्नै अध्ययन चिन्तनका साथै साथी भाइहरूको प्रेरणाले ठूलो भूमिका खेलेको छ । २०२४ सालमा 'मेरो सर्वस्व तिमी' नामक कविताबाट औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका आसा २०२७ मा **अभाग** उपन्यासको प्रकाशनसँगै सार्वजनिक बन्न पुगेका छन् । २०२७ देखि हालसम्म निरन्तर रूपमा साहित्यिक रचना प्रकाशित गर्दै आएका आसाले क्रमशः उपन्यास, कविता, कथा र नाटक विधाका साथै साहित्येतर विधामा पनि लेख रचनाहरू प्रकाशित गर्दै आइरहेका छन् । हालसम्म जम्माजम्मी १९ ओटा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका आसाका केही कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेको बुझिन्छ ।

एस.पी. आसाको व्यक्तित्वलाई शारीरिक, साहित्यिक र साहित्येतर गरी तीन भागमा विभाजन गरिएको छ । स्वभाविक उचाइ र मोटाइको रूपाकृतिमा गहुँगोरो वर्ण, हँसिलो अनुहारका साथै मिलनसार धैर्यधारण गर्न सक्ने क्षमता, शान्त र स्वाभिमानी शारीरिक व्यक्तित्व आसामा रहेको छ । उनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजन गरिएको छ । स्रष्टा व्यक्तित्वअन्तर्गत उपन्यासकार, कथाकार, कवि, नाटककार आदि व्यक्तित्वको पहिचान गरिएको छ । उनको जीवनको सबैभन्दा सबल व्यक्तित्वका रूपमा उपन्यासकार व्यक्तित्व रहेको छ । सामाजिक, जासुसी र ऐतिहासिकजस्ता विषयवस्तुमा आधारित उपन्यास

लेखेका छन् । जीवनको सबैभन्दा लामो समयसम्म उपन्यास लेखनमा समय खर्चदै आएका आसाले सामाजिक उपन्यासमा समाजमा नारीले भोग्नु परेका समस्या, वर्गीय विभेद, प्रेमप्रतिको स्वभाविक आकर्षणजस्ता विषयवस्तुलाई समावेश गरेका छन् । त्यस्तैगरी जासुसी उपन्यासमा आपराधिक क्रियाकलाप, आतङ्क, भय र सन्त्रासका प्रसङ्गहरूलाई रहस्यमय तरिकाले प्रस्तुत गरिएको छ । उनका ऐतिहासिक उपन्यासमा नेपालको विभिन्न समयका कालखण्डमा घटित महत्वपूर्ण घटनालाई समावेश गर्दै उपन्यासको सिर्जना गरिएको छ । नेपाली साहित्यका कविता विधामा पनि आफ्नो उपस्थिति जनाएका एस.पी. आसाका कविताहरू समसामयिक विषयवस्तुमा आधारित छन् । सानै उमेरदेखि कथा विधामा रुचि भए तापनि आसाको अहिलेसम्म एउटा मात्र कथा प्रकाशित भएको छ । उनले लेखेको कथामा गाउँले, सहरिया वातावरण, आर्थिक समस्या, पारिवारिक नैराश्यका साथै हिंसात्मक राजनीतिक परिवेशको चित्रण गरिएको छ । आकारका दृष्टिले एकाङ्की स्तरको नाटक लेखेका आसाले राष्ट्रिय भावना, समसामयिक राजनैतिक, कूटनैतिक वैदेशिक सहायताको चित्रण गरेका छन् । संस्मरणकारका रूपमा समेत परिचित आसाले नेपाली भाषाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूका बारेमा संस्मरणात्मक लेखहरू लेखेर आफ्नो व्यक्तित्वलाई फैलाएका छन् । द्रष्टा व्यक्तित्व अन्तर्गत समीक्षक र लेखक व्यक्तित्वमा आफ्नो पहिचान दिन सफल आसाले **मरुभूमिको काँडा** कविता सङ्ग्रहको समीक्षा गर्नुका साथै विभिन्न पत्रपत्रिकामा समीक्षात्मक लेखहरू प्रकाशन गरेका छन् । साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक, राजनैतिक, जागिरे, अभिभावक, व्यवस्थापक, आध्यात्मिक तथा दार्शनिक बहुभाषी आदि रहेका छन् ।

साहित्य लेखनको पूर्वार्द्ध चरणमा पुस्तकाकार कृति 'अभाग' उपन्यासबाट आसाको सार्वजनिक यात्राको सुरुआत भएको हो । उपन्यास लेखनका क्रममा सामाजिक, जासुसी र ऐतिहासिक विषयवस्तु समावेश गरेका आसाले धेरैजसो ऐतिहासिक उपन्यास लेखेका छन् । **अभाग** (२०२७), **सिष्टर शोभा** (२०२८) र **अन्तिम अभिलाषा** (२०२९) उनका सामाजिक उपन्यास हुन् । नारीले भेल्नुपरेका समस्याका साथै समाजमा देखापरेका वर्गीय विभेद पुरानो पुस्ता र नयाँ पुस्ताका बीचमा मतभेदले उत्पन्न समस्यालाई उनका सामाजिक उपन्यासमा प्रस्तुत गरिएको छ । **दुई मुकुण्डो** (२०२७), **डाक्टर डी.** (२०२८), **एक आँखे** (२०२८), **यमराजको सन्देश** (२०३१) र **आधुनिक अपराधी** (२०३५) जस्ता जासुसी उपन्यास रहेका छन् । उनका जासुसी उपन्यासमा समाजमा प्रतिष्ठित व्यक्तिहरूले आपराधिक क्रियाकलाप, अवैध सम्बन्ध, चोरी डकैतीजस्ता क्रियाकलापमा संलग्न रहेका

घटनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । **महासामन्त** (२०३६), **द्रव्य शाह** (२०४५), **यथार्थ कविता सङ्ग्रह** (२०४५), **चित्कार** (२०४६), **सेरोफेरो** (२०५१), **पृथ्वीनारायण शाह** (२०५६), **हामीले कसरी प्रजातन्त्र ल्यायौं** (२०५७) र **नेपालको पहिलो कोतपर्व** (२०६६) जस्ता ऐतिहासिक उपन्यास रहेका छन् । उनका उपन्यासमध्ये उत्कृष्ट उपन्यास **पृथ्वीनारायण शाह** हो । उनका उपन्यासमध्ये **पृथ्वीनारायण शाह** अङ्ग्रेजी भाषामा समेत अनुवाद भएकोले सबैभन्दा उत्कृष्ट बन्न सफल भएको छ । उनका ऐतिहासिक उपन्यासमा किरातकालीन, बुद्धकालीन, राणाकालीन, शाहकालीन इतिहासका घटनालाई विषयवस्तु बनाउनुका साथै तत्कालीन समयको सांस्कृतिक, सामाजिक र राजनीतिक पक्षका बारेमा पहिचान गराइएको छ । उनका उपन्यासका आधारमा उनलाई सामाजिक यथार्थवादी र ऐतिहासिक उपन्यासकारका रूपमा चिनाउन सकिन्छ । उपन्यासका आधारमा उनमा सामाजिक चेत, नारी सचेतना, जीवनीपरक, आत्मसंस्मरणात्मक शैली, राजभक्ति, निराशा, करुणाको चित्रण, ऐतिहासिक आदि प्रवृत्तिहरू रहेका छन् । उपन्यास लेखनका क्रममा एस.पी. आसाले काठमाडौँ र अन्य केही ठाउँलाई स्थानगत परिवेशका रूपमा देखाएका छन् । उनका सबै जसो उपन्यासमा काठमाडौँको परिवेश आएकाले आफ्नो जन्मस्थानमा देखे भोगेका दृश्यहरूलाई समावेश गर्न सफल भएका छन् । यिनका प्रायःजसो उपन्यासले नैतिक सन्देश दिलाएको पाइन्छ । उनका उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दका साथै संवाद, प्रश्नार्थक, विष्मयादिबोधक चिह्नहरूको प्रयोग देखिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने काठमाडौँलाई जन्मथलो बनाएर नेपाली भाषा र साहित्यको विकास र उन्नति गर्ने साहित्यकारका रूपमा एस.पी. आसालाई लिन सकिन्छ । जहाँसम्म कमजोरी पक्षलाई केलाउँदा कविता कृतिमा साहित्यिक कलात्मकताको केही कमी देखिनुका साथै नाटक विधामा कम कलम चलाएको देख्न सकिन्छ । एस.पी. आसाले आफ्नो साहित्यिक यात्राको पहिलो चरणलाई अभ्यासकालीन अवस्थामा मात्र नराखेर सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाउन सफल भएका छन् भने दोस्रो चरणमा उत्कृष्ट खालका ऐतिहासिक उपन्यास लेखेर अरू ऐतिहासिक उपन्यासकारसँगै अगाडि बढेका छन् । उनका पहिलो चरणका उपन्यासभन्दा दोस्रो चरणका उपन्यास नै उत्कृष्ट रहेको पाइन्छ । त्यसैले समग्रमा भन्नुपर्दा एस.पी. आसा नेपाली भाषा र साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन् यिनी उपन्यास विधामा बढी क्रियाशील रहेका हुनाले सामाजिक यथार्थवादी र ऐतिहासिक उपन्यासकारका रूपमा चिरपरिचित बन्न सफल भएका छन् ।

# सन्दर्भसामग्रीसूची

**(क) पुस्तकाकार ग्रन्थ**


अधिकारी, हेमाङ्गराज तथा बद्रीविशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, द्वि.सं., काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ ।

अवस्थी, महादेव, **लक्ष्मीप्रसाद देवकोटाको जीवनी व्यक्तित्व र कृतित्वको अन्तः सम्बन्ध**, काठमाडौँ : एकता प्रकाशन, २०५८ ।

आसा, एस.पी., **अभाग**, काठमाडौँ : लक्ष्मीदेवी मानन्धर, २०२७ ।

------------, **दुइमुकुण्डो**, काठमाडौँ : यती जेवी पुस्तक, २०२७ ।

------------, **डाक्टर डी.**, काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२८ ।

------------, **सिष्टर शोभा**, काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२८ ।

------------, **अन्तिम अभिलाषा**, काठमाडौँ : लक्ष्मीकुमारी मानन्धर, २०२९ ।

------------, **यमराजको सन्देश**, काठमाडौँ : वि.के., २०३१ ।

------------, **आधुनिक अपराधी**, काठमाडौँ : सुस श्रेष्ठ, २०३५ ।

------------, **महासामन्त**, काठमाडौँ : साझा प्रकाशन, २०३६ ।

------------, **द्रव्य शाह**, काठमाडौँ : सरस्वती घिमिरे, २०४५ ।

------------, **यथार्थ कविता सङ्ग्रह**, काठमाडौँ : सरस्वती घिमिरे, २०४५ ।

------------, **रक्तसम्मान**, काठमाडौँ : सरस्वती घिमिरे, २०४५ ।

------------, **चित्कार**, काठमाडौँ : आसा प्रकाशन, २०४६ ।

------------, **सेरोफेरो**, काठमाडौँ : सरस्वती घिमिरे, २०५१ ।

------------, **पृथ्वीनारायण शाह**, काठमाडौँ : सुरबहादुर श्रेष्ठ, २०५६ ।

------------, **हिन्दू संस्कृतिका व्यावहारिक र वैज्ञानिक पक्ष**, काठमाडौँ : सुरेशप्रसाद पराजुली, २०५८ ।

------------, **हामीले कसरी प्रजातन्त्र ल्यायौं**, काठमाडौँ : सरस्वती घिमिरे, २०६० ।

------------, **लोकतन्त्र अगिको महाभारत**, काठमाडौँ : उमा घिमिरे, विद्या घिमिरे र उपमा घिमिरे, २०६५ ।

------------, **नेपालको पहिलो कोतपर्व**, काठमाडौँ : शब्दार्थ प्रकाशन, २०६६ ।

थापा, हिमांशु, **साहित्य परिचय**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०४२ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४ ।

बराल, कृष्णहरि तथा एटम नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, दो.सं., काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

------------, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०६४ ।

**(ख) अप्रकाशित शोधपत्रहरू**

गुरुङ, तिलबहादुर, **एस.पी. आसाको ऐतिहासिक उपन्यासहरूको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र क्याम्पस, काठमाडौँ, २०६३ ।

गौतम, तुलसीराम, **टुकराज मिश्रको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०५४ ।

न्यौपाने, पदम, **कमला न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६५ ।

सापकोटा, मीना, **मुकुन्द ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६५ ।

**(ग) पत्रिका**

अधिकारी, लेखनाथ, *राजा त्रिभुवनले भोगेको नेपाल जुद्ध शमशेरले नमानिदिँदा विशाल हुन सकेन,* **समाचारपत्र**, (वैशाख २२, शनिवार २०५८), पृ. १ ।

कोइराला, राजेश, *एस.पी. आसा सानो छँदा,* **कोपिला**, (२०६६ साउन ३२ गते, आइतबार) ।

दुबाल, मोहन, *एस.पी. आसा विशेष,* **जनमत**, (वर्ष २२, अङ्क ५, साहित्यिक अङ्क १०२, २०६२), पृ. २९-४१ ।

नेपाल स्वागत, *इतिहासका जासुसी आसा,* **समाचारपत्र**, (२०५९ मंसिर ९), पृ. ५ ।

शाह, जितेन्द्र, *राजा त्रिभुवनका उपन्यासकार,* **कान्तिपुर**, (साउन १३, शनिवारीय, कोसेली २०५८), पृ. क ।